महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन

आर्थिक वर्ष २०६९/०७०

DO NOT COPY
Property of OAG

महान्यायाधिवक्ताको कार्यालय
नेपाल
रामशाहपथ, काठमाडौं

DO NOT COPY
Property of OAG

सम्माननीय राष्ट्रपति डा. श्री रामबरण यादवज्यूको समुपस्थितिमा सम्माननीय कायम मुकायम प्रधान न्यायाधीश श्री दामोदरप्रसाद शर्माज्यू समक्ष शपथ ग्रहण गर्दै महान्यायाधिवक्ता श्री द्रोणराज रेग्मी ।

सम्माननीय राष्ट्रपति डा. श्री रामवरण यादव

समक्ष

महान्यायाधिवक्ता

श्री द्रोणराज रेग्मीले

पेश गरेको

आर्थिक वर्ष २०६९/०७० को

वार्षिक प्रतिवेदन

DO NOT COPY
Property of OAG

महान्यायाधिवक्ताको कार्यालय

रामशाहपथ, काठमाडौं

नेपाल

महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन

आर्थिक वर्ष २०६९/०७०

प्रकाशन संख्या :	८०० (आठ सय) प्रति
प्रकाशन मिति :	२०७० पौष
संकलन :	योजना, अनुसन्धान, अनुगमन तथा मानव अधिकार विभाग
सम्पादन :	नायब महान्यायाधिवक्ता श्री महेशकुमार थापा सहन्यायाधिवक्ता श्री रेवतीराज त्रिपाठी सहन्यायाधिवक्ता श्री गोपालप्रसाद रिजाल सहन्यायाधिवक्ता श्री संजीवराज रेग्मी उपन्यायाधिवक्ता श्री मदनबहादुर धामी उपन्यायाधिवक्ता श्री उद्धवप्रसाद पुडासैनी लेखा (उपसचिव) श्री कर्णबहादुर सिंह शाखा अधिकृत श्री सोमकान्त भण्डारी
प्रकाशक/सर्वाधिकार :	महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ, काठमाडौं, नेपाल
फोन :	४२६२३९४
फ्याक्स :	४२६२५८२
वेभ साइट :	www.attorneygeneral.gov.np
मुद्रण :	सनराइज प्रिन्टिङ्ग अपसेट प्रेस, अनामनगर, काठमाडौं

DO NOT COPY Property of OAG

महान्यायाधिवक्ता तथा नायब महान्यायाधिवक्ताहरू

महान्यायाधिवक्ता श्री द्रोणराज रेग्मी

२०६९/१२/११ देखि

नायब महान्यायाधिवक्ता श्री राजनारायण पाठक

२०६६/०७/०६ देखि

नायब महान्यायाधिवक्ता श्री ठोकप्रसाद शिवाकोटी

२०७०/०३/२० देखि

नायब महान्यायाधिवक्ता श्री दुर्गाबन्धु पोखरेल

२०७०/०३/२० देखि

नायब महान्यायाधिवक्ता श्री महेशकुमार थापा

२०७०/०९/०४ देखि

DO NOT COPY
Property of OAG

DO NOT COPY
Property of OAG

महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(..... शाखा)

पत्र संख्या :-

चलानी नं. :-

रामशाहपथ काठमाडौं

मिति :-
२०७०/०९/२९

सम्माननीय राष्ट्रपतिज्यू
राष्ट्रपतिको कार्यालय,
राष्ट्रपति भवन,
शीतलनिवास, काठमाण्डौं ।

विषय: आर्थिक वर्ष २०६९/०७० को वार्षिक प्रतिवेदन ।

नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम नेपाल राज्यको महान्यायाधिवक्ताको पदमा मिति २०६९/१२/११ मा नियुक्त भई चैत्र १२ गते पदको शपथ लिई कार्यभार सम्हालेको छु । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३६ को उपधारा (१) मा महान्यायाधिवक्ताले प्रत्येक वर्ष यो संविधान र अन्य कानून बमोजिम आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन तयार गरी राष्ट्रपति समक्ष पेश गर्नु पर्ने व्यवस्था रहेको र नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३६ को उपधारा (२) मा यसरी पेश गरिने प्रतिवेदनमा वर्षभरीमा संवैधानिक एवं कानूनी विषयमा दिएको राय सल्लाहको संख्या, सरकार वादी भई चलेका मुद्दा सम्बन्धी विवरण, नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा प्रतिरक्षा गरेको विवरण, अपराध सम्बन्धी विवरण तथा सरकार वादी भई चल्ने मुद्दामा भविष्यमा गरिनु पर्ने सुधारको विवरण उल्लेख गर्नु पर्ने व्यवस्था रहेको र सरकारी वकील सम्बन्धी नियमावली, २०५५ को नियम ९ को उपनियम (६) मा महान्यायाधिवक्ताले पेश गर्ने वार्षिक प्रतिवेदनमा वर्ष भरीमा मुलुकीभत्र भए घटेका अपराधको प्रकृति तथा अपराध र जनसङ्ख्याको तुलनात्मक स्थिति, नेपाल सरकारलाई सरोकार पर्ने मुद्दाको सफलता वा असफलताको स्थिति, महान्यायाधिवक्ताको कार्यालयलाई प्राप्त विनियोजित बजेट र साधनको व्यवस्था, सरकार वादी भई चल्ने मुद्दामा देखिएका समस्या समावेश गर्नु पर्ने संवैधानिक र कानूनी व्यवस्था रहेको छ ।

नेपालको अन्तरिम संविधान, २०६३ ले महान्यायाधिवक्तालाई संवैधानिक एवं कानूनी विषयमा नेपाल सरकार र नेपाल सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह प्रदान गर्ने, नेपाल सरकारको हक हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा मातहत अधिवक्ताबाट सरकारको प्रतिनिधित्व गर्ने, कुनै अदालत वा न्यायिक निकाय वा अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार प्रदान गरेको छ । त्यसैगरी महान्यायाधिवक्तालाई नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा नेपाल सरकारको तर्फबाट प्रतिरक्षा गर्ने, मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने गराउने र हिरासतमा रहेको व्यक्तिलाई संविधानको अधीनमा रही मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा छानबिन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई निर्देशन दिने तथा व्यवस्थापिका-संसद, संविधान सभा वा त्यसको कुनै समितिको बैठकमा उपस्थित भई कुनै कानूनी प्रश्नको सम्बन्धमा राय व्यक्त गर्न पाउने समेतको काम कर्तव्य र अधिकारको व्यवस्था गरेको छ । सरकारी वकील सम्बन्धी नियमावली, २०५५ को नियम १० ले सर्वोच्च अदालतमा संविधानको व्याख्या सम्बन्धी वा अन्य कुनै जटिल कानूनी प्रश्न समावेश भएको वा सार्वजनिक महत्वको प्रश्न निहित रहेको मुद्दामा उपस्थित भै बहस पैरवी गर्ने, अदालतबाट भएको फैसला वा आदेशको प्रभावकारी कार्यान्वयन गर्न गराउन सम्बन्धित निकायमा ध्यानाकर्षण गराउने, नेपाल सरकार वादी हुने मुद्दाको अनुसन्धानमा कुनै खास तरिका वा विधि

DO NOT COPY
Property of OAG

☎: ४-२६२३९४, ४-२६२२९५, ४-२४०२१०, ४-२१२०४७, फ्याक्स :- ४-२६२५८२, ४-२१८०५१
एक्सचेन्ज :- ४-२१८०२७, ४-२१८०१९, ४-२६२४९४, ४-२६२५०६
इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np

महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(.....शाखा)

पत्र संख्या :-

रामशाहपथ काठमाडौं

चलानी नं. :-

मिति :-.....

अपनाउन निर्देशन दिने, कारागारमा रहेका कैदीको मानवअधिकारको अवस्थाबारे अनुगमन गरी सम्बन्धित निकायलाई निर्देशन दिने, कुनै न्यायिक वा अर्धन्यायिक निकायबाट भएको निर्णय वा आदेशबाट नेपाल सरकारको हकहित वा सार्वजनिक हितमा असर पर्ने रहेछ भने त्यस्तो निर्णय वा आदेश विरुद्ध मुद्दा दायर गर्ने, पुनरावेदन गर्ने, पुनरावलोकन निवेदन दिन कानूनले कुनै अधिकारी तोकेको भए महान्यायाधिवक्ता आफैले वा निजले तोकेको सरकारी वकीलले सम्बन्धित निकायमा उजुर गर्न सक्ने समेतका काम कर्तव्य र अधिकार महान्यायाधिवक्तालाई रहने व्यवस्था गरेको छ।

संविधान तथा कानूनद्वारा महान्यायाधिवक्तालाई तोकिएको जिम्मेवारी महान्यायाधिवक्ता तथा मातहतका सरकारी वकील कार्यालयहरूमा कार्यरत सरकारी वकीलहरूबाट सम्पादन गर्ने संवैधानिक तथा कानूनी व्यवस्था रहेको छ। सार्वजनिक निकायबाट सम्पादन हुने कार्यहरु जनताप्रति उत्तरदायी र पारदर्शी हुनुपर्ने आवश्यकता अनुरुप सरकारी वकीलबाट सम्पादित कार्य पनि जनताप्रति उत्तरदायी र पारदर्शी हुनुपर्ने आवश्यकता एकातिर छ भने अर्कोतर्फ अभियुक्त तथा पीडितका मानव अधिकारको सम्मान र संरक्षण गर्ने जिम्मेवारी पनि महान्यायाधिवक्ता र मातहतका सरकारी वकीलमा रहेको छ। सरकारी वकीलहरूबाट सम्पादन गर्ने कार्यहरुमा अनुसन्धान अधिकारीलाई आवश्यक निर्देशन दिने, सरकार वादी मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने, मुद्दामा बहस पैरवी तथा प्रतिरक्षा गर्ने,साक्षी परीक्षण गर्ने तथा सरकारी निकायलाई संवैधानिक एवं कानूनी विषयमा राय सल्लाह प्रदान गर्ने लगायतका कार्यहरू पर्दछन्। यी कार्यहरु निष्पक्ष तथा स्वतन्त्र रुपमा सम्पादन गर्न व्यावसायिक ज्ञान, अनुभव, क्षमता आदिको आवश्यकता पर्दछ। सरकारी वकीलबाट सम्पादन हुने कार्यहरू व्यावसायिक प्रकृतिको भएको हुँदा सो कार्यलाई व्यावसायिक रुपमा मान्यता दिई तदअनुरुपको व्यवहार गरिनु अनिवार्य छ। सरकारी वकीलको पेशालाई मर्यादित र आकर्षक तुल्याउन र अन्य सेवा समूहमा जाने मनोवृत्तिलाई निरुत्साहित गर्न छुट्टै सेवा शर्त सम्बन्धी कानूनी व्यवस्था हुनुपर्ने देखिन्छ।

स्वतन्त्र र सक्षम फौजदारी न्याय प्रशासन कायम गरी कानूनी राज्यको अवधारणालाई साकार पार्ने, दण्डहीनतालाई निरुत्साहित गर्न आपराधिक गतिविधिमा संलग्न व्यक्तिहरू उपर कानूनी कारवाही चलाउने, पीडितलाई न्याय प्रदान गरी समाजमा शान्ति र न्यायको प्रत्याभूति दिने, नागरिकहरूका मौलिक अधिकारहरूको संरक्षण गर्ने, राज्यको काम कारवाहीका सन्दर्भमा उत्पन्न हुन सक्ने कानूनी अठोनाई वा द्विविधालाई हटाउन सरकारका निकायलाई कानूनी राय उपलब्ध गराउने, न्यायिक निकायमा उपस्थित भई सरकारको तर्फबाट प्रतिनिधित्व गर्ने कार्य सरकारी वकीलले निर्वाह गर्ने महत्वपूर्ण कार्य हुन। सरकारी वकीलले सम्पादन गर्ने यस्तो कार्यमा उचित महत्व प्रदान गरी प्रस्तुत प्रतिवेदनमा औल्याइएका चुनौती, जटिलता र समस्याहरूलाई समयमै सम्बोधन गरी सरकारी वकील कार्यालयहरुको मानव संशाधन विकास, संस्थागत सुदृढीकरण तथा पेशागत व्यावसायिकता कायम गर्न सकिएमा संविधान तथा कानूनले सुम्पेको महत्वपूर्ण जिम्मेवारी सक्षम र सबल रुपमा सरकारी वकीलहरूबाट सम्पन्न गर्न सहयोग मिल्ने आशा राखेको छु। कानूनी शासन, मानव अधिकार, स्वतन्त्र न्यायपालिका र कानूनका मान्य सिद्धान्तलाई संस्थागत गर्ने प्रकृयामा महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरु दृढ रहेको व्यहोरा सम्माननीय राष्ट्रपतिज्यू समक्ष सादर निवेदन गर्दछु।

२०७० पौष

(द्रोणराज रेग्मी)
महान्यायाधिवक्ता

DO NOT COPY
Property of OAG

☎: ४-२६२३९४, ४-२६२६२५, ४-२४०२१०, ४-२१२०४७, फ्याक्स :- ४-२६२५८२, ४-२१८०५१
एक्सचेन्ज :- ४-२१८०२७, ४-२१८०१९, ४-२६२४१४, ४-२६२५०६
इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np

प्राक्कथन

कानूनको शासन कायम राखी न्यायपूर्ण समाजको स्थापना गर्नु राज्यको प्रमुख कार्य हो । यसका लागि राज्यले आवश्यक कानून, कानून कार्यान्वयन गर्ने निकाय र जनशक्तिको व्यवस्था गरेको हुन्छ । नेपालको अन्तरिम संविधान, २०६३ ले संविधानको सर्वोच्चता, मौलिक हक तथा मानव अधिकारको संरक्षण, कानूनको शासन, स्वतन्त्र न्यायपालिका लगायतका मूल्य मान्यतालाई अङ्गिकार गरेको छ । नेपाल सरकार वादी हुने मुद्दामा सरकारको तर्फबाट अभियोजन गर्ने नगर्ने निर्णय गर्ने, सरकारको तर्फबाट बहस पैरवी र प्रतिरक्षा गर्ने लगायतका जिम्मेवारी महान्यायाधिवक्तालाई सुम्पेको छ । यसैगरी नेपाल सरकारको मुख्य कानूनी सल्लाहकारको रुपमा संविधान तथा कानूनी विषयमा राय प्रदान गर्ने, व्यवस्थापिका-संसद, संविधान सभा वा त्यसको कुनै समितिको बैठकमा उपस्थित भई कुनै कानूनी प्रश्नमा राय व्यक्त गर्ने, मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए नभएको अनुगमन गर्ने, हिरासतमा रहेको व्यक्तिलाई मानवोचित व्यवहार नगरेको वा भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा सो उजुरी छानविन गरी आवश्यक निर्देशन दिन सक्ने समेतको अधिकार महान्यायाधिवक्तालाई रहेको छ । यस कार्यका लागि महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरुको स्थापना भएको छ ।

महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरूको गठन अदालतको संरचना अनुसार गरिएको छ । सोही बमोजिम केन्द्रमा महान्यायाधिवक्ताको कार्यालय, पुनरावेदन अदालत रहेका स्थानमा पुनरावेदन सरकारी वकील कार्यालय तथा जिल्ला अदालत रहेका स्थानमा जिल्ला सरकारी वकील कार्यालयहरूको स्थापना गरिएको छ । साथै नेपाल सरकार वादी हुने भ्रष्टाचार लगायतका विशेष प्रकृतिका मुद्दाहरुमा बहस पैरवी र प्रतिरक्षा समेतको कार्य गर्न छुट्टै विशेष सरकारी वकील कार्यालयको स्थापना गरी सो कार्यालयमा आवश्यक दरबन्दी समेत स्वीकृत गर्ने महान्यायाधिवक्ताको कार्यालयको अनुरोध बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयबाट हालै सो कार्यालयको स्थापना भएको छ ।

आफ्नो र सार्वजनिक सरोकारको विषयमा सुसूचित हुन पाउनु सम्पूर्ण नागरिकको अधिकार हो । आफ्नो कार्य सम्पादनको जानकारी प्रदान गरी यस सम्बन्धमा सरोकारवाला र नागरिकलाई सुसूचित गराउनु सार्वजनिक निकायको कर्तव्य हो । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३६ को उपधारा (१) बमोजिम महान्यायाधिवक्ताबाट राष्ट्रपति समक्ष प्रत्येक वर्ष यो संविधान र अन्य कानून बमोजिम आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन पेश गर्नु पर्ने र यसरी पेश गरिने प्रतिवेदनमा अन्य कुराको अतिरिक्त महान्यायाधिवक्ताले वर्षभरीमा संवैधानिक एवं कानूनी विषयमा दिएको राय सल्लाहको संख्या, सरकार वादी भई चलेका मुद्दा सम्बन्धी विवरण, नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा प्रतिरक्षा गरेको विवरण, अपराध सम्बन्धी विवरण तथा सरकार वादी भई चल्ने मुद्दामा भविष्यमा गरिनु पर्ने सुधारको विवरण उल्लेख गर्नु पर्ने व्यवस्था गरेको छ । सोही अनुरूप आर्थिक वर्ष २०६९/०७० मा महान्यायाधिवक्ता र मातहतका कार्यालयहरूबाट सम्पादन भएका काम कारबाहीको विवरण समेत समावेश गरी प्रस्तुत वार्षिक प्रतिवेदन तयार गरिएको छ ।

प्रस्तुत प्रतिवेदनमा महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरूको संगठनात्मक संरचना, प्रदान गरेको कानूनी राय, विभिन्न अदालत एवं अर्धन्यायिक निकायमा सरकारको तर्फबाट अभियोजन गरेका मुद्दा मामिलाहरूको विवरण, त्यस्ता मुद्दामा सरकारी वकीलहरूबाट गरिएको बहस पैरवी र प्रतिरक्षाको विवरण, विषयगत अपराधको विवरण तथा कार्यालयको भौतिक संरचना र यस आर्थिक वर्षमा गरिएका क्रियाकलापहरू तथा सरकार वादी मुद्दाको प्रभावकारी अभियोजन तथा बहस पैरवी र प्रतिरक्षाका सम्बन्धमा रहेका समस्या र गरिनुपर्ने सुधारलाई समेत प्रस्तुत गरिएको छ । प्रस्तुत प्रतिवेदनलाई बढी सूचनामूलक र बोधगम्य बनाउन तथ्याङ्कको तालिकीकरण गरी विश्लेषण समेत गरिएको छ । मुद्रण वा गणितीय भूलवस तथ्याङ्क र विश्लेषणमा व्यहोरा फरक पर्न गएमा आगामी वर्षहरूमा सुधार गर्दै लग्ने प्रतिबद्धता व्यक्त गर्दै यस प्रतिवेदन तयार गर्न आवश्यक तथ्याङ्क, विवरण उपलब्ध गराउनु हुने सरकारी वकील, कर्मचारीहरू र प्रहरी प्रधान कार्यालय लगायत सबैलाई हार्दिक धन्यवाद दिन चाहान्छौं । साथै विशेष सरकारी वकील कार्यालयको आवश्यकतालाई तत्काल संबोधन गरी सो कार्यालयको स्थापना गर्ने नेपाल सरकारबाट निर्णय भएकोमा नेपाल सरकार (मन्त्रिपरिषद्) प्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

महान्यायाधिवक्ताको कार्यालय

DO NOT COPY
Property of OAG

संक्षिप्त झलक

आ.व. २०६९/०७०

१. मुद्दा, रिट तथा निवेदनहरुको लगत, फछ्यौंट र बांकीको विवरण

कार्यालय	बहस पैरवी/प्रतिरक्षा		लगत			फछ्यौंट				बाँकी	रिट खारेज, कसूर ठहर प्रतिशत
			गतवर्ष	यसवर्ष	जम्मा	रिट खारेज, कसूर ठहर	रिट जारी, कसूरमा सफाई	मुल्तवी, तामेली, अन्य	जम्मा		
म.न्या.का.	मुद्दामा		१४००	६१३	२०१३	८८	१२२	८	२१८	१७९५	४०.३७
	विशेष अदालततर्फ		१४९	११८	२६७	१०१	२२	६	१२९	१३८	७८.२९
	प्रशासकीय अदालततर्फ		६	१७	२३	१६	४	०	२०	३	८०.००
	मुद्दाको जम्मा		**१५५५**	**७४८**	**२३०३**	**२०५**	**१४८**	**१४**	**३६७**	**१९३६**	**५५.८६**
	रिट निवेदनमा प्रतिरक्षा		२६६६	१४३१	४०९७	४९७	२५२	१७४	९२३	३१७४	५३.८५
	अन्य निवेदनहरु		६३४	९५८	१५९२	५०	२०९	२	२६१	१३३१	१९.१६
म.न्या.का.को जम्मा			**४८५५**	**३१३७**	**७९९२**	**७५२**	**६०९**	**१९०**	**१५५१**	**६४४१**	**४८.४८**
पु.स.व.का.	मुद्दामा बहस पैरवी		३३६८	४९८४	८३५२	१८०४	२२२७	१२	४०४३	४३०९	४४.६२
	रिट निवेदनमा प्रतिरक्षा		५६५	२६१९	३१८४	१३१६	८१३	२४५	२३७४	८१०	५५.४३
	अन्य निवेदनहरु		१४४	१३८६	१५३०	८६४	३९९	०	१२६३	२६७	६८.४१
पु.स.व.का.को जम्मा			४०७७	८९८९	१३०६६	३९८४	३४३९	२५७	७६८०	५३८६	**५१.८८**
जि.स.व.का.	जिल्ला अदालतमा बहस पैरवी	फौजदारी मुद्दा	६०५८	८८८६	१४९४४	४८३१	२०३२	१०७	६९७०	७९७४	६९.३१
		प्रतिरक्षा	६६६	७५४	१४२०	८७७	५२	१	९३०	४९०	९४.३०
		देवानी	६	३	९	८	१	०	९	०	८८.८९
	अदालत तर्फको जम्मा		**६७३०**	**९६४३**	**१६३७३**	**५७१६**	**२०८५**	**१०८**	**७९०९**	**८४६४**	**७२.२७**
	जिल्ला प्रशासनमा बहस पैरवी		६१२९	७९०३	१४०३२	६१३४	१२९	१०	६२७३	७७५९	९७.७८
	अन्य निकायहरुतर्फ		८८२	७५७	१६३९	३१९	२६	०	३४५	१२९४	९२.४६
	रिट निवेदनमा प्रतिरक्षा		१३२	३८४	५१६	२६७	१३	१	२८१	२३५	९५.०२
जि.स.व.का.को जम्मा			**१३८७३**	**१८६८७**	**३२५६०**	**१२४३६**	**२२५३**	**११९**	**१४८०८**	**१७७५२**	**८३.९८**
कुल जम्मा	मुद्दा		**१८६६४**	**२४०३५**	**४२६९९**	**१४१७८**	**४६१५**	**१४४**	**१८९३७**	**२३७६२**	**७४.८७**
	रिट		**३३६३**	**४४३४**	**७७९७**	**२०८०**	**१०७८**	**४२०**	**३५७८**	**४२१९**	**५८.१३**
	निवेदन		**७७८**	**२३४४**	**३१२२**	**९१४**	**६०८**	**२**	**१५२४**	**१५९८**	**५९.९७**
	कुल जम्मा		**२२८०५**	**३०८१३**	**५३६१८**	**१७१७२**	**६३०१**	**५६६**	**२४०३९**	**२९५७९**	**७१.४३**

२. जग्गा तथा भवनको विवरण

कार्यालय	जग्गा		भवन		आवास		कम्पाउण्डवाल			कैफियत
	भएको	नभएको	भएको	नभएको	भएको	नभएको	भएको	आंशिक	नभएको	
म.न्या.का.	१	०	१	०	०	१	१	०	०	
पु.स.व.का.	१६	०	१५	१	४	१२	११	१	५	१ वटा निर्माणाधीन
जि.स.व.का.	६३	१२	५०	१८	४	७१	२८	१३	३४	७ वटा निर्माणाधीन
जम्मा	८०	१२	६६	१९	८	८४	४०	१४	३९	

३. सवारी साधन, सूचना तथा विद्युतीय सामग्रीको विवरण

कार्यालय	सवारी साधन संख्या			ल्यापटप संख्या	कम्प्यूटर संख्या	प्रिन्टर संख्या	फोटोकपि संख्या	फोन संख्या	फ्याक्स संख्या	टेलिभिजन संख्या *	इन्भटर संख्या
	कार	जिप	मोटरसाइकल								
म.न्या.का.	१४	३	१२	४८	४४	२५	७	१८	४	७	
पू.स.व.का.	१२	३	२१		७४	३८	२१	२३	१६	०	१६
जि.स.व.का.	१२	४	५७		१६७	१०८	३१	७८	७५	०	२६
जम्मा	३८	१०	९०	४८	२८५	१७१	५९	११९	९५	७	४२

* सर्वोच्च अदालतको दैनिक मुद्दा सुनुवाइको स्थिति जानकारी प्राप्त गर्ने प्रयोजनका लागि विभिन्न स्थानमा राखिएको ।

DO NOT COPY
Property of OAG

४. सरकारी वकीलहरुको कुल दरबन्दी र पदपूर्तिको अवस्था

सि.नं.	पद	श्रेणी	दरवन्दी	पदपूर्ति	रिक्त	कैफियत
१	महान्यायाधिवक्ता	संवैधानिक	१	१	०	
२	नायब महान्यायाधिवक्ता	राजपत्राङ्कित विशिष्ठ श्रेणी	४	४	०	
३	सह-न्यायाधिवक्ता	राजपत्राङ्कित प्रथम	३१	२३	८	
४	जिल्ला न्यायाधिवक्ता/उप-न्यायाधिवक्ता	राजपत्राङ्कित द्वितीय	१३८	११२	२६	
५	सहायक जिल्ला न्यायाधिवक्ता/शाखा अधिकृत	राजपत्राङ्कित तृतीय	२०१	१०२	९९	
		जम्मा	**३७५**	**२४२**	**१३३**	

५. महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरु र अन्य निकाय एवं कार्यालयहरुमा रहेको दरबन्दी विवरण

कार्यालय	संवैधानिक पद	नेपाल सरकारका निजामती कर्मचारीहरु									
		राजपत्राङ्कित				राजपत्र अनङ्कित			श्रेणी विहिन		
		विशिष्ट	प्रथम	द्वितीय	तृतीय	प्रथम	द्वितीय	क.अ.,टे.अ., टा., स.क.अ.	ह.स.चा.	का.स.	जम्मा
महान्यायाधिवक्ताको कार्यालय	१	४	९	११	२२	२४	६	१०	२	१८	**१०७**
पुनरावेदन सरकारी वकील कार्यालयहरु			१६	३१	३५	५९	४५	३३	१६	७२	**३०७**
विशेष सरकारी वकील कार्यालय *			१	९	६	८	०	१	०	०	**२५**
जिल्ला सरकारी वकील कार्यालयहरु				७५	१०३	११०	१०१	९९	१	२४८	**७३७**
अख्तियार दुरुपयोग अनुसन्धान आयोग			५	८	१५						**२८**
निर्वाचन आयोग				१	१						**२**
आन्तरिक राजश्व विभाग				१	१						**२**
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग					१						**१**
राजश्व अनुसन्धान विभाग					१	४					**५**
सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग				१	२	१					**४**
अध्यागमन विभाग					१						**१**
वैदेशिक रोजगार विभाग				१	२	३					**६**
जिल्ला प्रशासन कार्यालयहरू **					१२						**१२**
ठूला करदाता कार्यालय					१						**१**
जम्मा	**१**	**४**	**३१**	**१३८**	**२०३**	**२०९**	**१५२**	**१४३**	**१९**	**३३८**	**१२३८**

* मिति २०७०।०७।२५ को नेपाल सरकारको निर्णयले स्थापना भएको ।

** जिल्ला प्रशासन कार्यालयहरु कैलाली, बाँके, दाङ, रुपन्देही, कास्की, चितवन, पर्सा, धनुषा, मोरङ, झापामा १/१ जना र जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा २ जना ।

६. विनियोजन, निकासा र खर्चको विवरण

कार्यालयको नाम		म.न्या.का.	पु.स.व.का.	जि.स.व.का.	जम्मा
विनियोजन	चालु	४८०३३०००.००	७४७९२५००.००	१५३०३६४२५.००	२७५८६१९२५.००
	पुँजिगत	२०५९०००.००	२८९३१०००.००	३४३४४०००.००	६५३३४०००.००
	सं.सृ.चालु	१४०१०००.००			१४०१०००.००
	जम्मा	**५१४९३०००.००**	**१०३७२३५००.००**	**१८७३८०४२५.००**	**३४२५९६९२५.००**
निकासा	चालु	४७९४१७८२.१५	६८९५०३०१.९०	१४३७७९८११.८५	२६०६७१८९५.९०
	पुँजिगत	१९७७०७९.३२	२३७०२३६१.६६	३२८३४९२२.०६	५८५१४३६३.०४
	सं.सृ.चालु	१३३२५९३.९३			१३३२५९३.९३
	जम्मा	**४९९१८८६१.४७**	**९२६५२६६३.५६**	**१७६६१४७३३.९१**	**३१९१८६२५८.९४**
खर्च	चालु	४७९४१७८२.१५	६८९५०३०१.९०	१४३७७९८११.८५	२६०६७१८९५.९०
	पुँजिगत	१९७७०७९.३२	२३७०२३६१.६६	३२८३४९२२.०६	५८५१४३६३.०४
	सं.सृ.चालु	१३३२५९३.९३			१३३२५९३.९३
	जम्मा	**४९९१८८६१.४७**	**९२६५२६६३.५६**	**१७६६१४७३३.९१**	**३१९१८६२५८.९४**

द्रष्टव्य: म.न्या.का. ले महान्यायाधिवक्ताको कार्यालय, पु.स.व.का ले पुनरावेदन सरकारी वकील कार्यालय र जि.स.व.का. ले जिल्ला सरकारी वकील कार्यालयलाई बुझाउँछ ।
रिट खारेज र जारीको हकमा रिट निवेदन प्रतिरक्षा महलमा हेर्ने ।

DO NOT COPY Property of OAG

७. महान्यायाधिवक्ताको कार्यालय तथा पुनरावेदन सरकारी वकील कार्यालयहरुमा रहेका मुद्दाहरुको विषयगत विवरण

सि.नं.	मुद्दाको नाम	महान्यायाधिवक्ताको कार्यालय						पुनरावेदन सरकारी वकील कार्यालय					
		लगत	फछ्यौंट				बाँकी	लगत	फछ्यौंट				बाँकी
			कसुर कायम	सफाई	अन्य	जम्मा			कसुर कायम	सफाई	अन्य	जम्मा	
१	अपहरण	२४	०	०	०	०	२४	२८८	४७	९४	१	१४२	१४६
२	अंगभंग												
	क) कुटपिट अंगभंग	१४	१	१	०	२	१२	८९	१३	३४	०	४७	४२
	ख) सवारीवाट अंगभंग	४	०		०	०	४	३६	९	११	०	२०	१६
३	आगलागी	११	०	०	०	०	११	८१	१७	३६	०	५३	२८
४	आर्थिक												
	क) खोटा चलन	६		०		०	६	२७	५	८	०	१३	१४
	ख) चन्दा	०	०	०	०	०	०	२४	५	१०	०	१५	९
	ग) चिठ्ठा	१	०	०	०	०	१	०	०	०	०	०	०
	घ) ठगी	५७	३	५	०	८	४९	३३५	५४	९२	०	१४६	१८९
	ङ)बैंकिङ्ग कसुरसम्बन्धी	३८	०	०	०	०	३८	३२४	१२३	२३	०	१४६	१७८
	ङ)भ्रष्टाचार	१२९	९	७	३	१९	११०	०	०	०	०	०	०
	च)विदेशी मुद्रासम्बन्धी	२	०	०	०	०	२	११	३	४	०	७	४
	छ) अन्य(राजश्व समेत	१२०	११	३	४	१८	१०२	७३	३५	३	०	३८	३५
५	करणी												
	जबर्जस्ती करणी	१३६	७	१२	०	१९	११७	५१७	१०९	१३७	०	२४६	२७१
	जबर्जस्ती करणी उद्योग	७	०	०	०	०	७	११५	१६	५९	०	७५	४०
६	किर्ते	३९	३	४	०	७	३२	१५७	४३	४०	०	८३	७४
७	चोरी												
	क) साधारण चोरी	१०	०	०	०	०	१०	४३२	१४०	९५	०	२३५	१९७
	ख) नकबजनी	१४	२	४	०	६	८	३७३	६२	१०६	०	१६८	२०५
	ग) जबर्जस्ती चोरी	२२	०	१	०	१	२१	१२७	२७	४४	०	७१	५६
	घ) रहजनी	३	०	१	०	१	३	६५	१०	१९	०	२९	३६
	ङ) डाँका	७५	०	६		६	६९	३१०	४८	१०५	०	१५३	१५७
८	ज्यान												
	क) आवेश प्रेरित हत्या	०	०	०	०	०	०	३	०	०	०	१	२
	ख) कर्तव्य ज्यान	४६९	१२	४१	०	५३	४१६	९३७	२१२	२६५	१	४७८	४५९
	ग) गर्भपतन	१	०	१	०	१	०	२५	५	११	०	१६	९
	घ) ज्यान मार्ने उद्योग	५९	१	१	०	२	५७	७००	७८	२८७	२	३६७	३३३
	ङ) भवितव्य ज्यान	०	०	०	०	०	०	१३	४	५	०	९	४
	च) सवारी ज्यान	४४	१	२	०	३	४१	२५०	६२	७३	२	१३७	११३
९	देवानी												
	क)अदलको २,३ नं.	०	०	०	०	०	०	०	०	०	०	०	०
	ख) जग्गा सम्बन्धी	११८	२	०	०	२	११६	९४	२१	८	०	२९	६५
	ग) क्षतिपूर्ति	५	०	०	०	०	५	९	२	४	०	६	३
	घ) अन्य	०	०	०	०	०	०	११	३	१	०	४	७
१०	नागरिकता/राहदानी	३२	२	४	०	६	२६	६५	१७	२२	०	३९	२६
११	प्रतिलिपि अधिकार	५	०	०	०	०	५	७	१	१	०	२	५
१२	प्रविधि सम्बन्धी												
	क) दूर संचारसम्बन्धी	२	०	०	०	०	२	२६	२	३	०	५	२१
	ख) विद्युतीय कारोवार	१	०	०	०	०	१	८	२	२	०	४	४
	ग) अन्य	०	०	०	०	०	०	०	०	०	०	०	०
१३	वैदेशिक रोजगार	६३	१	२	०	३	६०	९	६	१	०	७	२
१४	मानव बेचविखन	७८	४	८	०	१२	६६	२०८	४८	५८	२	१०८	१००
१५	लागू औषध	१०८	२	८	०	१०	९८	९५५	२५५	२१०	०	४६५	४९०
१६	वन	४६	४	३	०	७	३९	२४३	४८	५८	०	१०६	१३७
१७	विवाह												
	बहु विवाह	२६	१	१		२	२४	२२७	४८	६१	०	१०९	११८
	बाल विवाह	०	०	०	०	०	०	६	१	३	०	४	२
१८	सार्वजनिक अपराध	८	१	०	०	१	७	१८५	२३	५२	०	७५	११०
१९	हात हतियार	४३	२	४	०	६	३७	२१६	५३	४९	१	१०३	११३
२०	विविध												
	क) कालो बजार	२	०	०	०	०	२	१५	७	३	०	१०	५
	ख) गोवध	१	०	०	०	०	१	३५	८	११	०	१९	१६
	ग) छुवाछुत	३	०	१	०	१	२	६	१	१	०	२	४
	घ) जुवा	०	०	०	०	०	०	४०	११	१३	०	२४	१६
	ङ) धर्म सम्बन्धी	०	०	०	०	०	०	०	०	०	०	०	०
	च) पुरातात्विक वस्तु	१	०	०	०	०	१	३	१	०	०	१	२
	छ)राज्य विरुद्धको अपराध	०	०	०	०	०	०	१	०	१	०	१	०
	ज) विष्फोटक पदार्थ	१	०	०	०	०	१	२४	६	३	०	९	१५
	झ) शिक्षा सम्बन्धी	१	०	०	०	०	१	११	३	२	०	५	६
	ञ) अन्य	१८४	१९	२	१	२२	१६२	६३६	११०	९८	३	२११	४२५
कुल जम्मा		२०१३	८८	१२२	८	२१८	१७९५	८३५२	१८०४	२२२७	१२	४०४३	४३०९

DO NOT COPY
Property of OAG

८. जिल्ला सरकारी वकील कार्यालयहरुमा रहेका मुद्दाहरुको विषयगत विवरण

क सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसची भित्रका मुद्दाहरुको विषयगत वर्गीकरण

मुद्दाको विषयगत विवरण		यस आर्थिक वर्षको अभियोजन				लगत संख्या		फछ्यौंट संख्या						जम्मा		बाँकी	
		मुद्दा चलाउने		मुद्दा नचलाउने		जम्मा लगत संख्या		कसुर		सफाई		फिर्ता,मुल्तवी,					
		मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी
अपहरण		१५६	६०६	१	२	४०२	१४४६	५९	१७७	८०	२९०	२	१९	१४१	४८६	२६१	९६०
कुटपिट अंगभंग		७०	२८९	१	१	१३१	५६२	२१	६२	३२	१३६	०	०	५३	१९८	७८	३६४
आगलागी		५२	१५१	०	०	१२७	४८०	२२	४९	४०	१७५	२	१७	६४	२४१	६३	२३९
आर्थिक	क) खोटा चलन	३४	६३	०	०	५४	९७	१६	२४	४	९	०	०	२०	३३	३४	६४
	ख) चन्दा	११	२५	०	०	२५	६७	५	९	८	२१	०	०	१३	३०	१२	३७
	ग) चिठ्ठा	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	घ) ठगी	४२७	७७६	४	७	७०९	१६२९	६८	१५६	८३	१६६	४	६४	१५५	३८६	५५४	१२४३
	ङ) बैंकिङ्ग कसूरसम्बन्धी	१५३	२०९	०	०	२६०	५१९	२	९७	१	१	०	०	३	९८	२५७	४२१
	च) नेपाल राष्ट्र बैंक सम्बन्धी	८	११	०	०	१४	१९	१०	१३	०	०	०	०	१०	१३	४	६
	छ) अन्य	२	२	०	०	६	३३	१	१	०	०	०	०	१	१	५	३२
करणी	जबर्जस्ती करणी	७०९	८८३	१	१	१२१०	१६२०	३११	३८९	२०१	२८९	३३	५१	५४५	७२९	६६५	८९१
	जबर्जस्ती करणी उद्योग	२२६	२६२	०	०	३३१	३८८	५७	६७	८४	९२	७	७	१४८	१६६	१८३	२२२
	अप्राकृतिक मैथुन	१३	१४	१	१	१७	१८	२	२	१	१	१	१	४	४	१३	१४
	अन्य	९०	१७०	०	०	९०	१७०	३२	६४	४०	७०	०	०	७२	१३४	१८	३६
किर्ते (सरकारी छाप,दस्तखत)		१४०	३२१	०	०	२७४	८०४	३९	१२०	२७	८८	०	३	६६	२११	२०८	५९३
चोरी	क) साधारण चोरी	४८०	७२७	०	०	८२१	१४३३	२०६	३६५	११६	२२२	२	९	३२४	५९६	४९७	८३७
	ख) नकवजनी	३७०	७२८	०	०	५८०	१३०८	१८७	४११	८०	१९४	३	१२	२७०	६१७	३१०	६९१
	ग) जबर्जस्ती चोरी	११३	१७६	०	०	१७६	३२३	३६	७२	२६	५७	३	१४	६८	१४३	१०८	१८०
	घ) रहजनी	५७	१०३	०	०	१०५	२४३	३३	८५	२३	६३	०	१	५५	१४९	५०	९४
	ङ) डाँका	२४९	१०४८	०	०	५२७	२५५९	९२	३८३	११४	५७३	१७	८२	२२३	१०३८	३०४	१५२१
	च) अन्य	३	९	०	०	६	१६	२	४	०	०	०	०	२	४	४	१२
ज्यान	क) आवेश प्रेरित हत्या	१४	४०	०	०	२८	६४	१४	२१	३	९	०	०	१७	३०	११	३४
	ख) कर्तव्य ज्यान	६९२	१९५२	४	७	१४०६	४५३२	३८०	९१४	२४८	८६९	१५	११४	६४३	१८९७	७६३	२६३५
	ग) गर्भपतन	३४	८५	०	०	४८	१३४	३	३	१८	४७	१	७	२२	५७	२६	७७
	घ) ज्यान मार्ने उद्योग	६३२	२०३४	८	३५	५१९९	४२३७	८९	२३३	३५०	१२५०	७	८२	४४६	१५२५	७५३	२७१२
	ङ) भविष्यत ज्यान	३५	४७	०	०	४९	९५	१६	२०	६	२४	०	०	२२	४४	२७	४७
देवानी	क)अदलको २,३ नं.	०	०	०	०	९	९	१	७	०	०	०	२	१	९	०	०
	ख) जग्गा सम्बन्धी	२४	३४	०	०	११८	२२५	५०	७८	३	६	०	०	५३	८४	६५	१३७
	ग) अन्य	८	१७	०	०	४४	७६	१३	२०	१२	३९	०	०	२५	५१	१९	२५
नागरिकता		१११	४५२	०	०	१८३	६५०	३३	१०६	५३	४६	०	१	४५	१५३	१३८	४९७
प्रतिलिपि अधिकार		७	१२	०	०	९	२२	५	११	१	४	०	०	६	१५	३	७
प्रविधि सम्बन्धी	क) दूर संचारसम्बन्धी	२२	५८	०	०	५२	१४३	१५	६२	३	९	०	०	१८	७१	३४	७२
	ख) विद्युतीय कारोवार	१९	३३	०	०	३२	५५	५	९	७	५	०	०	६	१४	२६	४१
	ग) अन्य	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
मानव बेचबिखन	क) मानव किनबेच	१३८	३१९	१	२	२४२	६०४	४४	९३	३९	८९	१	११	८४	१९३	१५८	४११
	ख) मानव ओसारपसार	२६	५६	०	०	६९	१६२	१३	२६	१७	४५	०	१२	३०	७९	३९	८३
	ग) मानव अंग झिक्ने, बेच्ने	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	घ) वेश्यागमन	९	१	०	०	१	९	४	१	०	०	०	०	१	१	०	०
	ङ) वेश्यावृत्ति	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
राहदानी		२९	५१	०	०	२९	५१	०	०	०	०	०	०	०	०	२९	५१
लागू औषध		१७५७	३१८९	०	०	२७८	५६३९	१२११	२२१०	१८२	४८९	२	३१	१३९५	२७३०	१३३३	२९०९
विवाह	क) बहु विवाह	३३९	६९०	१	२	५३१	१०९३	१४९	२७४	६६	१५६	३	११	२१८	४४१	३१३	६५१
	ख) बाल विवाह	१७	५९	०	०	२९	८९	८	२१	५	१९	०	०	१३	४०	१६	४९
सवारी ज्यान	क) सवारीबाट अंगभंग	५९	६८	०	०	९२	१०६	१८	१८	१२	१४	०	०	३०	३२	६२	७४
	ख) सवारीबाट कर्तव्य ज्यान	३७०	३८९	०	०	५११	५४२	२८५	२९०	१०	१६	०	०	२९५	३०६	२१६	२३६
	ग) लापरवाही	३४३	३५७	१	१	४७५	५००	३०३	३१७	३	४	१	१	३०७	३२२	१६८	१७८
	घ) भविष्यत	६६४	६८१	२	३	८१०	८३२	६५४	६६४	८	८	२	२	६६४	६७४	१४६	१५८
	ङ) क्षतिपूर्ति	३९१	१०३१	०	०	७६७	१८९७	२७०	७३९	८	८	०	०	२७८	७४७	४८९	११५०
सार्वजनिक अपराध		६८८२	१९६८५	०	०	११९१०	३११४४	५५५२	१७२६९	११३	२७८	५	१४	५६७०	१७५६५	६२४०	१३५८३
हात हतियार तथा खरखजाना		२७३	७००	२	४	९१४	२२२४	३२३	७०७	१६	६९	०	४	३३९	७८०	५७५	१४४४
विविध	क) अंग प्रत्यारोपण	२	४	०	०	२	४	०	०	०	०	०	०	०	०	२	४
	ख) आवश्यक वस्तु संरक्षण	४	५	०	०	१३	३२	४	१५	०	०	०	०	४	१५	९	१७
	ग) कालो बजार	४४	१०३	०	०	७२	१६५	३५	८७	१	५	०	०	३६	९२	३६	७३
	घ) गोवध	३२	७४	१	२	६५	१६३	१४	२७	१९	४९	०	१	३३	७७	३२	८६
	ङ) छुवाछुत	१४	८०	०	०	२२	११४	६	२०	२	१२	०	०	८	३२	१४	८२
	च) जुवा	१८२	१२०३	०	०	२२८	१५३५	९७	७४३	१३	४८	०	०	११०	७९१	११८	७४४
	झ) धर्म सम्बन्धी	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	ञ) प्राचीन स्मारक सम्बन्धी	१६	२४	१	३	२१	४०	१	२	०	०	०	०	१	२	२०	३८
	ट) राज्य विरुद्धको अपराध	२	६०	०	०	२	६०	२	६०	०	०	०	०	२	६०	०	०
	ठ) विष्फोटक पदार्थ	२४	८५	०	०	७०	२५०	१८	६०	१९	७६	०	०	३७	१३६	३३	११४
	ण) शिक्षा ऐनको दफा १(ञ)क)	३०	६२	१	५	९६	२३३	३३	७५	६	१८	०	०	३९	९३	५७	१४०
	त) स्वास्थ्यकर्मी/संस्थाको सुरक्षा	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	थ) अन्य	४०	१५८	०	०	७१	२९५	२७	९५	५	२९	०	०	३२	१२४	३९	१७१
जम्मा		१६६३६	४०४२७	३०	७२	२८८०४	७१७४२	१०८९३	२७८४७	२५६३	६१३५	१११	५७३	१३१६७	३४५५५	१५६३७	३७८७

DO NOT COPY
Property of OAG

ख सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसची बाहिरका मुद्दाहरुको विषयगत वर्गीकरण

अध्यागमन	२८३	२०९	०	०	५२६	५७०	५०४	५१०	०	०	०	०	५०४	५१०	२२	६०
उपभोक्ता संरक्षण ऐन	६	१०	०	०	७	११	४	६	०	०	०	०	४	६	३	५
औषधि ऐन	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
खाद्य ऐन अन्तर्गतका	११४	११६	०	०	१५९	१६३	७१	७३	०	०	५	५	७६	७८	८३	८५
गुणस्तर (प्रमाण चिन्ह)	४६	५२	०	०	५७	६५	११	११	०	०	०	०	११	११	४६	५४
नाप तौल सम्बन्धी	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
निर्वाचन सम्बन्धी	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
वैदेशिक रोजगार	२०३	२३७	०	०	४६५	५१०	५	५	४	५	०	०	९	१०	४५६	५००
राजश्व चुहावट	०	०	०	०	२	२०	०	०	०	०	०	०	०	०	२	२०
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु	१४७	४६५	०	०	२२३	७५५	६३	१९३	०	०	०	०	६३	१९३	१६०	५६२
विदेशी विनिमय	४४	५९	०	०	६७	१००	२५	३२	०	०	०	०	२५	३२	४२	६८
वन	७७९	२७०२	१	१	१६०८	५६५८	५५८	१८४५	७१	३४४	१	२७	६३०	२२१६	९७८	३४४२
विद्युत चोरी	१	१	०	०	१	१	०	०	०	०	०	०	०	०	१	१
शिक्षा ऐन दफा १७१)	२	३	०	०	५	८	१	२	०	०	१	१	२	३	३	५
सम्पत्ति शुद्धीकरण	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
सामाजिक सुधार ऐन	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
स्वास्थ्य व्यवसायी परिषद्	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
अन्य	४२	६६	०	०	१२०	१७३	३४	५४	२	२	०	०	३६	५६	८४	११७
जम्मा	१६६७	३९५६	१	१	३२४०	८०३४	१२७६	२७३१	७७	३५१	७	३३	१३६०	३५१५	१८८०	४९१९
कुल जम्मा	१८३०३	४४३४३	३१	७३	३२०४४	७९७७६	१२१६९	३०५७८	२२४०	६४८६	११८	६०६	१४५२७	३७६७०	१७५१७	४२१०६

९. **महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरुमा रहेका रिट र निवेदनहरुको विषयगत विवरण**

		महान्यायाधिवक्ताको कार्यालय						पुनरावेदन सरकारी वकील कार्यालय						जिल्ला सरकारी वकील कार्यालय					
सि.नं.	रिटको नाम	लगत	फछ्यौंट				बाँकी	लगत	फछ्यौंट				बाँकी	लगत	फछ्यौंट				बाँकी
			रिट खारेज	रिट जारी	अन्य	जम्मा			रिट खारेज	रिट जारी	अन्य	जम्मा			रिट खारेज	रिट जारी	अन्य	जम्मा	
१	बन्दीप्रत्यक्षीकरण	९७	४९	१९	१३	८१	१६	२३६	१८२	२८	१०	२२०	१६	५२	३७	१	०	३८	१४
२	उत्प्रेषण	३७३७	४३०	२२१	१५८	८०९	२९२८	७००	२०५	३०१	२९	५३५	१६५					०	०
३	परमादेश	१८६	१२	९	१	२२	१६४	१०	४	१	१	६	४					०	०
४	प्रतिषेध	१६	१	२	२	५	११	१	०	१	०	१	०					०	०
५	अधिकारपृच्छा	१				०	१	३७७	१६९	७५	२२	२६६	१११					०	०
६	निषेधाज्ञा	२३	०	०	०	०	२३	१३६५	५९३	२९४	१५३	१०४०	३२५	४६४	२३०	१२	१	२४३	२२१
७	निषेधाज्ञा/परमादेश	३७	५	१		६	३१	४९५	१६३	११३	३०	३०६	१८९					०	०
	जम्मा	४०९७	४९७	२५२	१७४	९२३	३१७४	३५८४	१३१६	८१३	२४५	२३७४	८१०	५१६	२६७	१३	१	२८१	२३५

१० **महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरुबाट संवैधानिक तथा कानूनी विषयमा प्रदान गरिएको राय सल्लाहको विवरण**

सि.नं.	कार्यालयहरु	राय सल्लाह माग भएको संख्या	राय सल्लाह दिएको संख्या	बाँकी संख्या	कैफियत
१	महान्यायाधिवक्ताको कार्यालय	४६	४६	०	
२	पुनरावेदन सरकारी वकील कार्यालय	४१	४१	०	
३	जिल्ला सरकारी वकील कार्यालय	९२	९२	०	
	जम्मा	१७९	१७९	०	

DO NOT COPY
Property of OAG

विषय सूची

परिच्छेद - एक

सामान्य परिचय

सि.नं.	विषय	पेज नं.
१.	परिचय	१
२.	संगठनात्मक स्वरुप	४
३.	व्यवस्थापन तथा प्रशासनिक संरचना	४
	३.१ सरकारी वकील तथा अन्य कर्मचारीहरूको दरबन्दीको अवस्था	४
	३.२ कार्यालय भवन तथा भौतिक स्रोत साधनको वर्तमान अवस्था	७
	३.३ महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरुको बजेट वितरण	७
	३.४ सरकारी वकीलहरुको वार्षिक कार्य समीक्षा तथा अनुशिक्षण, अध्ययन, भ्रमण तथा तालिमको विवरण	९
४.	सम्पादित कार्यहरुको विवरण	१५
	४.१ संवैधानिक तथा कानूनी विषयमा दिएको राय सल्लाहको संख्या	१५
	४.२ सरकार वादी भई चलेका मुद्दा सम्बन्धी विवरण	१५
	४.३ नेपाल सरकार वादी भई दायर भएका मुद्दा मामिलामा प्रतिरक्षा गरेको विवरण	१६
	४.४ नेपाल सरकार प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा प्रतिरक्षा गरेको विवरण	१७
	४.५ अपराध सम्बन्धी विवरण	१७
	४.६ महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरुबाट बहस पैरबी र प्रतिरक्षा गरिएका मुद्दा, रिट तथा निवेदनहरुको विवरण	१९
	४.७ महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरुबाट सम्पादित मुद्दा तथा अन्य कार्यहरुको एकमुष्ठ विवरण	२१
५.	महान्यायाधिवक्ताको कार्यालयबाट संस्थागत सुदृढीकरणको लागि भएका कार्यहरु	२४
	५.१ महान्यायाधिवक्ताको कार्यालयको पञ्चवर्षीय रणनीतिक योजना, २०६८/०६९-२०७२/०७३	२४
	५.२ अन्य गतिविधि	२६
	५.३ अध्ययन प्रतिवेदन	२७
६.	समन्वय समितिको गतिविधि	२९

परिच्छेद - दुई

महान्यायाधिवक्ताको कार्यालय

१.	गठन	३०
२.	महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार	३०

DO NOT COPY
Property of OAG

३.	महान्यायाधिवक्ताको भूमिका	३२
४.	महान्यायाधिवक्ताको कार्यालय अन्तर्गतका विभाग, महाशाखा तथा शाखाहरूको गठन र कार्य विभाजन	३३
५.	महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादित कामको विवरण	३५
	५.१ मुद्दा सम्बन्धी कार्य	३६
	५.२ संवैधानिक एवं कानूनी विषयमा दिएको राय सल्लाह	४७
	५.३ निरीक्षण, निर्देशन सम्बन्धी कार्य	४७
	५.४ प्रशासनिक रेखदेख तथा नियन्त्रण सम्बन्धी कार्य	४७
६.	महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादित मुद्दा तथा अन्य कार्यहरुको एकमुष्ट लगत फछ्यौंट विवरण	४८
७.	महान्यायाधिवक्ताको कार्यालयमा रहेका सरकारी वकीलको कार्यबोझ तथा प्रति मुद्दा व्ययभार	४९
८.	सर्वोच्च अदालतवाट भएका फैसला अनुगमन सम्वन्धी कार्यहरू	५०
९.	हिरासतमा रहेका व्यक्तिलाई मानवोचित व्यवहार गरे नगरेको अनुगमन सम्बन्धी कार्यहरु	५०

परिच्छेद – तीन

पुनरावेदन सरकारी वकील कार्यालय

१.	गठन	५२
२.	पुनरावेदन सरकारी वकील कार्यालयमा कार्यरत सरकारी वकीलहरूको काम, कर्तव्य र अधिकार	५२
३.	पुनरावेदन सरकारी वकील कार्यालयबाट सम्पादित कामको विवरण	५३
	३.१ मुद्दा, रिट तथा निवेदन सम्बन्धी कार्य	५५
	३.२ प्रतिवादी नखुलेका मुद्दामा निकासा दिने कार्य	६१
	३.३ कानूनी राय सम्बन्धी कार्य	६२
	३.४ मुद्दा नचलाउने निर्णय भई अन्तिम निकासाको लागि पठाइएका मुद्दाहरुको विवरण	६२
	३.५ पुनरावेदन सरकारी वकील कार्यालयहरूबाट सम्पादित समग्र काम कारवाहीको विवरण	६२
	३.६ पुनरावेदन सरकारी वकील कार्यालयहरुबाट पेश भएका प्रस्तावको विवरण	६३
४.	पुनरावेदन सरकारी वकील कार्यालयमा रहेका सरकारी वकीलको कार्यबोझ तथा प्रति मुद्दा व्ययभार	६३

परिच्छेद – चार

जिल्ला सरकारी वकील कार्यालय

१.	गठन	६५
२.	जिल्ला न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार	६५

DO NOT COPY
Property of OAG

३. जिल्ला सरकारी वकील कार्यालयबाट सम्पादित कामको विवरण ६५

३.१ मुद्दा सम्बन्धी कार्य ६६

३.२ जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दाको कारबाही विवरण ७१

३.३ मुद्दाहरुको क्षेत्रगत विभाजन र लगतको स्थिति ८०

३.४ अनुसूची भित्र/बाहिरका मुद्दाहरुमा पक्राउ तथा फरार रहेका प्रतिवादी र थुनछेक सम्बन्धी विवरण ८४

३.५ कानूनी राय सम्बन्धी कार्य ८५

३.६ जिल्ला सरकारी वकील कार्यालयहरूबाट मुद्दा नचलाउने निर्णय भई निकासाको लागि पठाइएका वारदातको विवरण ८५

३.७ जिल्ला सरकारी वकील कार्यालयहरूमा कार्यरत सरकारी वकीलहरूबाट सम्पादित कार्यको समष्टिगत विवरण ८६

३.८ जिल्ला सरकारी वकील कार्यालयहरूमा रहेका दुई वर्ष नाघेका मुद्दाहरूको विवरण ८६

३.९ महिला तथा बालबालिकाहरू पीडित एवं प्रतिवादी भएका अनुसूची भित्रका मुद्दाको विवरण ८६

४. जिल्ला सरकारी वकील कार्यालयमा रहेका सरकारी वकीलको कार्यबोझ तथा प्रति मुद्दा व्ययभार ८७

परिच्छेद – पाँच

सरकार वादी भई चल्ने मुद्दामा भविष्यमा गरिनु पर्ने सुधारहरू ८९

अनुसूचीहरु

१. **महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयहरुको संगठनात्मक स्वरूप**

२. **महान्यायाधिवक्ताको कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा भएका मुद्दा, रिट तथा निवेदनको विवरण**

३. **बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दाहरूको विषयगत वर्गीकरण**

४. **महान्यायाधिवक्ताको कार्यालयबाट पुनरावेदन, दोहोऱ्याई पाउने र १७ नं. निवेदन सम्बन्धमा भएको कारबाही विवरण**

५. महान्यायाधिवक्ताको कार्यालयबाट निकासा गरिएका मुद्दाहरूको विवरण

६. कानूनी राय सम्बन्धी विवरण

७. मातहत कार्यालयमा भएको निरीक्षण विवरण

८. महान्यायाधिवक्ताको कार्यालयको भौतिक विवरण

९. महान्यायाधिवक्ताको कार्यालयको जनशक्ति विवरण

१०. सरकारी वकीलहरुको कुल दरवन्दी र पदपूर्तिको विवरण

११. महान्यायाधिवक्ताको कार्यालय/मातहत कार्यालय/अन्य कार्यालयहरुमा रहेका सरकारी वकीलहरुको दरवन्दी विवरण

DO NOT COPY Property of OAG

१२. पुनरावेदन सरकारी वकील कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा भएका मुद्दा, रिट तथा निवेदनको विवरण
१३. पुनरावेदन सरकारी वकील कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा भएका मुद्दाहरुको विषयगत वर्गीकरण र कारबाही विवरण
१४. पुनरावेदन सरकारी वकील कार्यालयबाट सम्पादित समग्र काम कारवाहीको विवरण
१५. पुनरावेदन सरकारी वकील कार्यालयबाट महान्यायाधिवक्ताको कार्यालयमा पेश भएका प्रस्तावको विवरण
१६. मुद्दा नचलाउने निर्णय भई निकासाको लागि पठाइएका वारदातको विवरण
१७. कानूनी राय सम्बन्धी विवरण
१८. पुनरावेदन सरकारी वकील कार्यालयबाट मातहत कार्यालयमा भएको निरीक्षण विवरण
१९. पुनरावेदन सरकारी वकील कार्यालयहरुको भौतिक विवरण
२०. पुनरावेदन सरकारी वकील कार्यालयहरुको जनशक्ति विवरण
२१. जिल्ला सरकारी वकील कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिएका अनुसूची भित्र/बाहिरका मुद्दा तथा निवेदनहरुको कारबाही विवरण
२२. जिल्ला सरकारी वकील कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिएका अनुसूची भित्र/बाहिरका मुद्दाहरुको विषयगत वर्गीकरण र कारबाही विवरण
२३. जिल्ला सरकारी वकील कार्यालयबाट भएको कार्य सम्पादन विवरण
२४. पक्राउ, फरार तथा थुनछेक सम्बन्धी विवरण
२५. मुद्दा नचलाउने निर्णय भई निकासाको लागि पठाइएका वारदातको विवरण
२६. कानूनी राय सम्बन्धी विवरण
२७. जिल्ला सरकारी वकील कार्यालयहरुको भौतिक विवरण
२८. महिला तथा बालबालिका पीडित वा प्रतिवादी भएका मुद्दाको विवरण
२९. जिल्ला सरकारी वकील कार्यालयहरुको जनशक्ति विवरण
३०. सरकारी वकील र अधिकृत कर्मचारीहरुको नामावली

DO NOT COPY
Property of OAG

परिच्छेद - एक

सामान्य परिचय

१. परिचय

नेपालको प्रथम संवैधानिक अभिलेखको रूपमा रहेको तत्कालीन नेपाल सरकार वैधानिक कानून, २००४ को धारा १२ को खण्ड (क) मा कानूनको विषयमा समय-समयमा सरकारलाई आवश्यक परेको राय सल्लाह पेश गर्न एउटा प्रधान कानूनी सल्लाहकार श्री ३ बाट नियुक्त हुने भन्ने व्यवस्था गरी सरकारको कानूनी सल्लाहकार सम्बन्धी अवधारणाको परिकल्पना गरिएको थियो । तर उक्त वैधानिक कानून लागू नभएकोले प्रधान कानूनी सल्लाहकार सम्बन्धी व्यवस्था व्यवहारमा लागू हुन पाएन ।

विक्रम सम्बत् २००७ सालमा प्रजातन्त्रका लागि भएको जन आन्दोलन पश्चात जारी भएको तत्कालीन नेपाल अन्तरिम शासन विधान, २००७ मा महान्यायाधिवक्ता सम्बन्धी कुनै व्यवस्था नभए पनि सरकारको लागि कानूनी सल्लाहकारको आवश्यकता महसुस गरी कार्यकारिणी आदेशबाटै वि.सं. २००८ साल पौष ८ गते कालीप्रसाद उपाध्यायलाई नेपालको पहिलो महान्यायाधिवक्ताको रूपमा नियुक्ति गरियो । तत्पश्चात तत्कालीन प्रधान न्यायालय ऐन, २००८ मा भएको प्रथम संशोधन (२००९ साल आश्विन ३१ गते जारी भएको) को दफा ४१ को उपदफा (१) ले महान्यायाधिवक्ताको सेवाका शर्तहरू, काम, कर्तव्य र अधिकार निर्धारण गऱ्यो । उक्त दफामा प्रधान न्यायालयको न्यायाधीश हुन लायक व्यक्तिलाई महान्यायाधिवक्ताको रूपमा नियुक्त गर्न सक्ने व्यवस्था गरिएको थियो ।

प्रधान न्यायालय ऐन, २००८ लाई प्रतिस्थापन गरी जारी भएको तत्कालीन सर्वोच्च अदालत ऐन, २०१३ मा पनि महान्यायाधिवक्ता सम्बन्धमा व्यवस्था थिएन । सर्वोच्च अदालत खडा भएको केही समय पछि अदालतमा महत्वपूर्ण संवैधानिक विवाद पर्न आएको र सरकारको तर्फबाट बहस एवं प्रतिरक्षा गर्नुपर्ने भएकोले सर्वोच्च अदालत ऐन, २०१३ को दफा २१ ले प्रदान गरेको अधिकार प्रयोग गरी गृह मन्त्रालयबाट २०१३ साल श्रावण १ गतेको राजपत्रमा प्रकाशित सूचनाबाट सरकारलाई सरोकार पर्ने मुद्दा मामिलामा आवश्यकतानुसार गभर्मेण्ट एडभोकेटले सर्वोच्च अदालत लगायत नेपालको जुनसुकै अड्डा अदालतमा हाजिर भई सरकारको तर्फबाट बहस पैरवी गर्ने कानूनी व्यवस्था गरियो । सोही कानूनी व्यवस्था अनुसार शम्भुप्रसाद ज्ञवालीलाई २०१३ श्रावणमा गभर्मेण्ट एडभोकेटको पदमा नियुक्त गरियो । तत्कालीन नेपाल अधिराज्यको संविधान, २०१५ मा पनि महान्यायाधिवक्ता सम्बन्धी व्यवस्था नभएकोले २०१६ साल भाद्र २२ को राजपत्रमा प्रकाशित २०१६ साल भाद्र ९ गतेको कार्यकारिणी निर्णय बमोजिम पुनः शम्भुप्रसाद ज्ञवालीलाई महान्यायाधिवक्ताको पदमा नियुक्त गरियो ।

२०१७ साल अगाडि नेपालमा आफ्नै मौलिक प्रकारको अनुसन्धानात्मक गुण भएको फौजदारी न्याय प्रणाली प्रचलनमा रहेकोमा तत्कालीन सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ प्रारम्भ भए पछि अभियोजनात्मक पद्धतिको अनुशरण गरियो । वि. सं. २०१८ साल वैशाख देखि लागू भएको यो ऐनले सरकार वादी हुने मुद्दाको अनुसन्धान, जाँचबुझ, मुद्दा दायर गर्ने कार्य प्रहरी र सरकारी वकीलबाट संयुक्त रूपमा हुने तथा सरकार वा सरकारी काम कारबाहीमा सरकारी कर्मचारीको तर्फबाट प्रतिरक्षा गर्ने कार्य एवं सरकारलाई कानूनी राय प्रदान गर्ने काम, कर्तव्य, अधिकार सरकारी वकीलको हुने व्यवस्था गऱ्यो । यस ऐन बमोजिम सरकारी मुद्दा सम्बन्धी नियमावली, २०१८ र सरकारी वकील सम्बन्धी नियमावली, २०२८ लागू गरिएको थियो । तत्कालीन सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ को दफा २ को खण्ड (क) ले सरकारी वकीलको परिभाषा भित्र महान्यायाधिवक्तालाई समावेश गरी महान्यायाधिवक्ताको कार्यालयलाई संगठनको स्वरूप प्रदान गऱ्यो ।

तत्कालीन नेपालको संविधान, २०१९ ले सर्वप्रथम महान्यायाधिवक्ताको पदलाई संवैधानिक पदको रूपमा स्थापित गऱ्यो । वि.सं. २०२० सालसम्म सरकारी वकीलको प्रशासन महान्यायाधिवक्ताको कार्यालयबाट भएकोमा २०२० सालदेखि २०२७ सालसम्म सरकारी वकील कार्यालयलाई कहिले अञ्चलाधीश कार्यालय र जिल्ला कार्यालयमा गाभ्नुका साथै सरकारी वकीलहरूको प्रशासनको काम कानून तथा न्याय मन्त्रालयले गरेको थियो । वि.सं. २०२७ सालमा सरकारी वकीलको प्रशासन पुनः

DO NOT COPY Property of OAG

महान्यायाधिवक्ताको कार्यालय मातहतमा रहने र कार्यालय पनि छुट्टै रहने व्यवस्था भयो । सोही बमोजिम वि.सं. २०२७ सालमा महान्यायाधिवक्ताको कार्यालय भवन निर्माण कार्य प्रारम्भ भई २०२९ साल वैशाख २ गते उद्घाटन भयो । यसपछि मात्र महान्यायाधिवक्ताको कार्यालयको सांगठनिक स्वरूपले स्थायित्व प्राप्त गरेको पाइन्छ ।

बहुदलीय प्रजातन्त्र र कानूनी शासनलाई आधारभूत संरचनाको रूपमा आत्मसात गरेको तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ ले कानूनी राज्यको स्थापनार्थ व्यवस्था गरेका विभिन्न संवैधानिक अंगहरूमा महान्यायाधिवक्ताको स्थान महत्वपूर्ण रह्यो । नेपाल अधिराज्यको संविधान, २०४७ ले महान्यायाधिवक्तालाई सरकारको मुख्य कानूनी सल्लाहकारको साथै प्रमुख अभियोजनकर्ताको रूपमा स्थापित गर्दै कुनै अदालत वा न्यायिक अधिकारी समक्ष सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार समेत प्रदान गऱ्यो ।

उक्त संवैधानिक व्यवस्थालाई व्यबहारमा कार्यान्वयन गर्न सरकारी मुद्दा सम्बन्धी ऐनमा परिमार्जन आवश्यक भएकोले सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ जारी गरियो । मुद्दाको अनुसन्धानको सिलसिलामा सरकारी वकीलले मुद्दा अनुसन्धान गर्ने प्रहरीलाई आवश्यक निर्देशन दिन सक्ने व्यवस्था सरकारी मुद्दा सम्बन्धी ऐनको दफा ६ को उपदफा (२) मा गरिएको छ । यसबाट अनुसन्धान र अभियोजनको कार्यलाई अलग गरी अनुसन्धान, तहकिकातको जिम्मेवारी प्रहरीलाई र अभियोजन तथा बहस पैरवी एवं प्रतिरक्षाको जिम्मेवारी सरकारी वकीललाई सुम्पियो । यसैगरी सो संविधानले महान्यायाधिवक्तालाई संसदको कुनै पनि सदन वा त्यसको कुनै समितिको बैठकमा वा संसदको संयुक्त अधिवेशनमा उपस्थित भई कुनै कानूनी प्रश्नको सम्बन्धमा राय व्यक्त गर्ने अधिकार समेत प्रदान गरेको थियो ।

वि.सं. २०६३ सालको राजनीतिक परिवर्तन पश्चात जारी भएको नेपालको अन्तरिम संविधान, २०६३ (यसपछि संविधान भनिएको) को प्रस्तावनामा प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, वालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र न्यायपालिका तथा कानूनी राज्यको अवधारणा लगायत लोकतान्त्रिक मूल्य र मान्यताप्रति पूर्ण प्रतिबद्धता व्यक्त गरिएको छ । कानूनी राज्यको सिद्धान्तमा आधारित लोकतान्त्रिक शासन व्यवस्थामा सरकार तथा सरकार मातहतका सबै निकाय तथा पदाधिकारीहरूको कार्य विधिसम्मत, विवेकपूर्ण, न्यायिक र पारदर्शी हुनु आवश्यक मानिन्छ । नागरिकहरूको हक अधिकार तथा स्वतन्त्रताको गैर-कानूनी ढंगबाट अपहरण हुन नदिन, समाजको शान्ति सुरक्षामा खलल पार्ने आपराधिक गतिविधिहरू नियन्त्रण गरी त्यस्ता गतिविधिमा संलग्न व्यक्तिहरू उपर कानून बमोजिम न्यायिक कारबाही चलाई समाजमा शान्ति र न्याय व्यवस्था कायम राख्न तथा राज्यको काम कारबाहीमा कुनै कानूनी बाधा, अड्काउ वा द्विविधा उत्पन्न भएमा कानूनी राय उपलब्ध गराउने उद्देश्यले संविधानको भाग १६ मा नेपाल सरकारको मुख्य कानूनी सल्लाहकार र मुख्य अभियोजनकर्ताको रूपमा महान्यायाधिवक्ताको व्यवस्था गरिएको छ ।

नेपाल सरकारको हक हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा मातहत अधिकृतहरूबाट सरकारको प्रतिनिधित्व गर्ने, संविधानमा अन्यथा लेखिएदेखि बाहेक कुनै अदालत वा न्यायिक अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने, नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा नेपाल सरकारको तर्फबाट प्रतिरक्षा गर्ने, मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने गराउने र हिरासतमा रहेको व्यक्तिलाई संविधानको अधीनमा रही मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा छानविन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई निर्देशन दिने काम, कर्तव्य र अधिकार महान्यायाधिवक्तालाई तोकिएको छ ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३५ को उपधारा (६) मा महान्यायाधिवक्ताले उक्त धारा बमोजिम आफ्नो काम, कर्तव्य र अधिकार तोकिएको शर्तको अधीनमा रही प्रयोग र पालन गर्ने गरी

DO NOT COPY
Property of OAG

मातहतका अधिकृतलाई सुम्पन सक्ने व्यवस्था छ । उक्त संवैधानिक प्रावधान अनुरूप मिति २०६३/१०/०१ को राजपत्रमा प्रकाशित सूचना अनुसार महान्यायाधिवक्ताबाट मातहत सरकारी वकीलहरूलाई आफूमा निहित मुद्दा चलाउने वा नचलाउने अधिकार सुम्पेको पाइन्छ । त्यस्तै संविधानको धारा १३५ को उपधारा (३) को खण्ड (ग) बमोजिम महान्यायाधिवक्तामा निहित हिरासतमा रहेको व्यक्तिलाई संविधानको अधीनमा रही मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा छानविन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई निर्देशन दिने अधिकार मिति २०६८/०१/०१ को राजपत्रमा प्रकाशित सूचना अनुसार सोही मितिदेखि लागू हुने गरी पुनरावेदन सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता वा निजको अनुपस्थितिमा सहन्यायाधिवक्ताको हैसियतले काम गर्ने कर्मचारीले प्रयोग गर्ने गरी सुम्पिएको छ । संविधानको धारा १३७ अनुसार महान्यायाधिवक्तालाई व्यवस्थापिका-संसद, संविधान सभा वा त्यसको कुनै समितिको बैठकमा उपस्थित भई कुनै कानूनी प्रश्नको सम्बन्धमा राय व्यक्त गर्ने अधिकार समेत छ ।

सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा उल्लेखित फौजदारी मुद्दाहरूको अनुसन्धान प्रहरीबाट हुन्छ । प्रहरीबाट अनुसन्धानको कार्य सम्पन्न भए पश्चात अभियोजन सम्बन्धी निर्णयका लागि सरकारी वकील कार्यालयमा राय सहितको प्रतिवेदन पठाउने, सरकारी वकीलले महान्यायाधिवक्ताबाट प्रत्यायोजित अधिकारको अधीनमा रही मुद्दा चल्ने वा नचल्ने सम्बन्धी निर्णय गर्ने र मुद्दा चल्ने निर्णय भएमा कानूनद्वारा तोकिएको अदालत वा न्यायिक निकायमा मुद्दा दायर गर्ने कानूनी व्यवस्था छ । उक्त ऐनको अनुसूची-२ मा उल्लेखित देवानी मुद्दा र प्रचलित कानूनमा सरकार वादी भनिएका देवानी मुद्दाहरू तोकिएको अधिकारीले जाँचबुझ गरी रायसहित मुद्दा चल्ने वा नचल्ने निर्णयका लागि जिल्ला सरकारी वकील समक्ष पठाउने र सरकारी वकीलहरूले महान्यायाधिवक्ताबाट तोकिएको शर्तको अधीनमा रही मुद्दा चल्ने वा नचल्ने सम्बन्धी निर्णय गर्ने र सो बमोजिम मुद्दा चल्ने निर्णय भएमा सम्बन्धित अदालत वा न्यायिक निकायमा मुद्दा दायर गर्ने कानूनी व्यवस्था छ ।

यसैगरी सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ वा २ मा लेखिएका मुद्दा बाहेक नेपाल सरकारको तर्फबाट चलाइने अन्य मुद्दाका सम्बन्धमा सम्बन्धित कानूनमा वा नेपाल सरकारले मुद्दा चलाउने वा सबूद प्रमाण संकलन गर्ने कुनै अधिकारी तोकिदिएको भए त्यस्तो अधिकारीबाट र नतोकिएमा सम्बन्धित कार्यालय प्रमुखले सबूद प्रमाण संकलन गरी मिसिल एवं सबूद प्रमाण मुद्दा चल्ने वा नचल्ने निर्णयका लागि सम्बन्धित सरकारी वकील समक्ष मिसिल पठाउने र सरकारी वकीलले महान्यायाधिवक्ताबाट प्रत्यायोजित अधिकारको अधीनमा रही मुद्दा चल्ने वा नचल्ने सम्बन्धी निर्णय गर्ने र मुद्दा चल्ने निर्णय गरेकोमा मुद्दा दायर गर्ने मिसिल फिर्ता पठाउने कानूनी व्यवस्था छ ।

सरकारी वकीलले सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची भित्र तथा बाहिरका मुद्दा नचल्ने निर्णय गरेकोमा निकासार्थ पुनरावेदन तहको सरकारी वकील समक्ष पठाउनु पर्छ । यसरी प्राप्त कागजात अध्ययन गरी पुनरावेदन सरकारी वकील कार्यालयबाट मुद्दा चल्ने निर्णय भएमा सम्बन्धित अदालत वा न्यायिक निकायमा मुद्दा दायर गर्ने र पुनरावेदन सरकारी वकील कार्यालयबाट समेत मुद्दा नचल्ने निर्णय भएमा महान्यायाधिवक्ता समक्ष पेश गर्ने र महान्यायाधिवक्ताको निर्णय अन्तिम हुने व्यवस्था छ ।

सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ वा २ मा लेखिएको मुद्दा र कुनै ऐनमा नेपाल सरकार वादी हुने भनी लेखिएको मुद्दामा पुनरावेदन वा पुनरावलोकन वा तत्सम्बन्धी कुनै निवेदन दिनु पर्दा सम्बन्धित सरकारी वकीलले दिने र सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ वा २ मा लेखिएको मुद्दा तथा नेपाल सरकारलाई सरोकार पर्ने अन्य जुनसुकै मुद्दामा साक्षी बकाउने तथा प्रमाण पेश गर्ने काम सरकारी वकीलले गर्ने कानूनी व्यवस्था छ ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३६ बमोजिम महान्यायाधिवक्ताले प्रत्येक वर्ष संविधान र अन्य कानून बमोजिम आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन तयार गरी राष्ट्रपति समक्ष पेश गर्ने र राष्ट्रपतिले प्रधानमन्त्रीमार्फत त्यस्तो प्रतिवेदन व्यवस्थापिका-संसद समक्ष पेश गर्ने व्यवस्था गर्ने उल्लेख छ । सो प्रतिवेदनमा अन्य कुराको अतिरिक्त महान्यायाधिवक्ताले वर्षभरिमा संवैधानिक एवं कानूनी

DO NOT COPY
Property of OAG

विषयमा दिएको राय सल्लाहको संख्या, सरकार वादी भई चलेका मुद्दा सम्बन्धी विवरण, नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा बहस पैरवी एवं प्रतिरक्षा गरेको विवरण, अपराधसम्बन्धी विवरण तथा सरकार वादी भई चल्ने मुद्दामा भविष्यमा गरिनु पर्ने सुधारको विवरण उल्लेख गर्नु पर्ने व्यवस्था भएकोले मातहतका सबै जिल्ला तथा पुनरावेदन सरकारी वकील कार्यालयहरू र अन्य सम्बन्धित कार्यालय तथा निकायहरूबाट प्राप्त तथ्याङ्कहरूको आधारमा सो बमोजिमका विवरणहरू तथा सरकार वादी भई चल्ने मुद्दामा देखा परेका समस्याहरू र समाधानका लागि गरिनुपर्ने सुधारहरूका सम्बन्धमा प्रस्तावित सुझावहरूसहित आर्थिक वर्ष २०६९/०७० को वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको छ ।

२. संगठनात्मक स्वरूप

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३४ ले नेपालमा एक महान्यायाधिवक्ता रहने र निजको नियुक्ति प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिबाट हुने व्यवस्था गरेको छ । संविधानमा अन्यथा लेखिएदेखि बाहेक कुनै अदालत वा न्यायिक अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने र नेपाल सरकारको तर्फबाट चलाइने मुद्दाहरूका सन्दर्भमा सम्बन्धित अदालत वा न्यायिक अधिकारी समक्ष अभियोगपत्र वा फिरादपत्र दर्ता गर्ने, मुद्दाको अभियोजन तथा बहस पैरवी गर्ने, सरकार पक्ष भएको वा सरकारको हक हित वा सरोकार निहित रहेको मुद्दामा सरकारको तर्फबाट प्रतिरक्षा गर्ने, मुद्दाको पुनरावेदन गर्ने एवं सरकार वा सरकारले तोकेका अधिकारीलाई कानूनी राय प्रदान गर्ने लगायतका काम, कर्तव्य र अधिकार महान्यायाधिवक्तामा निहित छन् । महान्यायाधिवक्तामा निहित उल्लेखित अधिकारहरू मातहत अधिकृतहरूलाई सुम्पन सक्ने संवैधानिक व्यवस्था अनुसार महान्यायाधिवक्ताबाट प्रत्यायोजित अधिकार महान्यायाधिवक्ताको कार्यालय मातहतका पुनरावेदन, विशेष तथा जिल्ला सरकारी वकील कार्यालयहरूमा कार्यरत सरकारी वकीलहरूबाट प्रयोग भई आएको छ । महान्यायाधिवक्ताको कार्यालयको संगठनात्मक स्वरूप र मातहतका पुनरावेदन, विशेष तथा जिल्ला सरकारी वकील कार्यालयहरूको संगठनात्मक स्वरूपलाई प्रस्तुत प्रतिवेदनको **अनुसूची १.१** मा प्रस्तुत गरिएको छ ।

३. व्यवस्थापन तथा प्रशासनिक संरचना

कुनैपनि संगठनको स्थापना निश्चित उद्देश्य हासिल गर्नको निमित्त गरिन्छ । जस भित्र मानवीय तथा भौतिक स्रोत साधन, प्रविधि, संरचना र क्रियाकलापहरूको समन्वय र एकीकरण जस्ता कुराहरू पर्दछन् । संगठनको उद्देश्य प्राप्तिमा फरक फरक ज्ञान, सीप, दक्षता र क्षमता भएका बहुआयामिक जनशक्तिको व्यवस्था र त्यस्तो जनशक्तिको समन्वय र स्रोत साधनको कुशल व्यवस्थापन गरिनु पर्दछ । संगठन भित्र भएका विविध क्षमता र सीपयुक्त जनशक्तिको उचित पहिचान र व्यवस्थापन गर्न सकेमा मात्र संगठनको कार्यसम्पादनमा सहजता आई लक्ष्य प्राप्तिमा मद्दत पुग्दछ । यसको लागि संगठनका सदस्यहरू बीचमा कार्य, अधिकार र दायित्वको स्पष्ट विभाजन आवश्यक हुन्छ ।

कुनै पनि संगठन त्यसले समेटेको कार्यक्षेत्रको दायरा अनुरूप फैलिएको हुन्छ । संगठनलाई प्रभावकारीरूपले सञ्चालन गर्न कुशल व्यवस्थापन र दक्ष प्रशासनको आवश्यकता पर्दछ । संगठनको संरचनामा कुशल र दक्ष जनशक्तिको चयन र आर्थिक तथा भौतिक पूर्वाधारको व्यवस्था पनि त्यतिकै महत्वपूर्ण रहन्छ । कार्य वातावरणमा भौतिक साधन र सुविधाको पूर्तिले जनशक्ति उत्प्रेरित भई संगठनात्मक कार्य कुशलताको विकास गराउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । नेपालको अन्तरिम संविधान, २०६३ ले महान्यायाधिवक्तालाई सुम्पेको जिम्मेवारी अनुरूप कार्यसम्पादन गर्न स्थापित महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरूको वर्तमान अवस्था, भौतिक स्थिति र आवश्यकताहरूलाई समेत यस प्रतिवेदनमा प्रस्तुत गरिएको छ ।

३.१. सरकारी वकील तथा अन्य कर्मचारीहरूको दरबन्दीको अवस्था

संगठनको लक्ष्य प्राप्तिको निमित्त यसले सम्पादन गर्नुपर्ने काम अनुरूपको योग्यता प्राप्त दक्ष जनशक्तिको आवश्यकता पर्छ । विज्ञान र प्रविधिको विकासको कारण न्यायक्षेत्रमा थपिएका चुनौतीहरूको सामना गर्न तथा संगठनको लक्ष्य तथा उद्देश्यमा भएको विस्तार अनुरूप कुशलतापूर्वक

DO NOT COPY Property of OAG

कार्यसम्पादन गर्न मानव स्रोतको संख्यात्मक विस्तार सँगै ज्ञान, सीप, क्षमता र दक्षता समेत विकास गर्नु आवश्यक हुन्छ । महान्यायाधिवक्ताले अदालत तथा न्यायिक अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने, त्यस्ता मुद्दाहरू र नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेका जुनसुकै मुद्दाहरूमा बहस पैरवी र प्रतिरक्षा गर्ने, सरकारको तर्फबाट पुनरावेदन, पुनरावलोकन वा मुद्दा दोहोऱ्याई पाउन निवेदन गर्ने र नेपाल सरकार र नेपाल सरकारले तोकिदिएको अन्य अधिकारीलाई कानूनी राय सल्लाह प्रदान गर्ने लगायतका आफूलाई संविधानले तोकेको काम, कर्तव्य, अधिकार र जिम्मेवारी स्वयं वा मातहतका सरकारी वकीलहरूमार्फत सम्पादन गर्दछन् । सरकारी वकीललाई संविधान एवं कानूनले तोकेको जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्न महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरूमा सरकारी वकील तथा सहायक कर्मचारीहरूको दरबन्दी वृद्धि हुँदै गएकोमा कार्यबोझ र कार्य प्रकृतिको आधारमा हेर्दा विद्यमान जनशक्ति अझै अपर्याप्त देखिन्छ । यसले गर्दा कार्यको गुणस्तरमा आम अपेक्षा अनुरूप वृद्धि हुन सकेको छैन । मुद्दाको संख्यात्मक वृद्धि र थपिएको जटिलतासँगै महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरूमा कार्यबोझका आधारमा कर्मचारी दरबन्दी थप गर्दै लग्नु पर्ने आवश्यकता देखिन्छ ।

विज्ञान र प्रविधिको विकाससँगै अपराधको प्रकृति र अपराधीको अपराध गर्ने शैलीमा आएको परिवर्तनले सरकारी वकीलको व्यवसायलाई थप चुनौतीपूर्ण बनाएको छ । परम्परागत अपराधमा पनि नयाँ प्रविधि र विद्युतीय माध्यम प्रयोग हुन थालेको छ । एक ठाउँमा बसेर अर्को ठाउँमा हुने अपराधमा सहयोग गर्ने र भौतिक रूपमा उपस्थित नभइकन पनि अपराधमा संलग्न हुन सक्ने अवस्थाले त्यस्ता व्यक्तिको अपराधमा संलग्नता पुष्टि गर्न कठिन बनाउनुको साथै फौजदारी कानूनमा आएको जटिलताको सामना गर्न सरकारी वकीलको व्यावसायिक दक्षता र व्यावसायीकरणमा अभिवृद्धि गर्न आवश्यक छ । विशेष प्रकृतिका मुद्दाहरू थपिनाले सरकारी वकीलको जिम्मेवारी बढाएको, नयाँ समस्याको सामना गर्न विशेष दक्षता र व्यावसायिकता आवश्यक पर्ने तथा न्यायपालिकामा न्यायसम्पादनको कार्यमा पनि विशेषज्ञताको अवधारणालाई अवलम्बन गर्न लागेको सन्दर्भमा सरकारी वकीलको सेवामा पनि कार्य विशिष्टीकरण अपनाउनु अनिवार्य भएको छ ।

महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयको कर्मचारी दरबन्दी तथा पदपूर्तिको स्थिति हेर्दा मानव संसाधन योजनामा समुचित ध्यान पुग्न सकेको छैन । माथि उल्लेखित चुनौतीको सामना गर्न मानव संसाधन योजना निर्माण गरी त्यस अनुरूप कार्य सञ्चालन गर्नु आवश्यक छ । मानव संसाधन योजनाले संगठनमा आवश्यक पर्ने सामान्य तथा विशिष्ट योग्यता भएको मानव स्रोत र त्यसलाई वाञ्छित लक्ष्य प्राप्तिको लागि उपयोग गर्ने प्रक्रियालाई संकेत गर्दछ । यसले संगठनमा उचित ठाउँमा, उचित समयमा, उचित संख्यामा योग्य कर्मचारीहरू कार्यरत छन् भन्ने विषयलाई सुनिश्चित गरी संगठनमा कार्यरत कर्मचारीहरूसँग सम्बद्ध संस्कृति, औपचारिक, अनौपचारिक संगठनहरू र प्रणालीहरूमा समेत समुचित ध्यान पुऱ्याउँछ । महान्यायाधिवक्तालाई संविधानले दिएको जिम्मेवारी प्रभावकारीरूपले निर्वाह गर्न मानव संसाधन योजना निर्माण गरी लागू गर्न जरुरी छ ।

विशेष अदालत ऐन, २०५९ बमोजिम विशेष अदालत गठन भई सो अदालतले हेर्ने मुद्दाको प्रकृतिसमेत तोकिएको सन्दर्भमा उक्त अदालतमा दायर भई कारबाही हुने मुद्दाहरूमा वादी नेपाल सरकारको तर्फबाट बहस पैरवी समेतको कार्य गर्न छुट्टै सरकारी वकील कार्यालय, सरकारी वकील एवं आवश्यक कर्मचारीहरूको व्यवस्था तत्काल हुन नसकेको हुँदा महान्यायाधिवक्ताको कार्यालयमा विशेष शाखा गठन गरी यस कार्यालयमा कार्यरत सरकारी वकील तथा कर्मचारीहरू खटाई विद्यमान दरबन्दीबाटै कार्यसम्पादन हुँदै आएको कारण जनशक्तिको अपर्याप्तता महसुस गरिएको थियो । विशेष अदालतको गठन भई त्यहाँ कार्यरत न्यायाधीश तथा अन्य कर्मचारीहरूको दरबन्दी नेपाल सरकारबाट स्वीकृत समेत भई लागू भइसकेकोले विशेष अदालत तर्फको मुद्दा हेर्नको लागि महान्यायाधिवक्ताको कार्यालय मातहत छुट्टै सरकारी वकील कार्यालयको स्थापना गरी आवश्यक सरकारी वकील तथा अन्य कर्मचारीहरूको दरबन्दी एवं भौतिक पूर्वाधारको व्यवस्था हुनु आवश्यक भएको महसुस गरी २०५९ साल देखि नै छुट्टै सरकारी वकील कार्यालयको स्थापना गर्न महान्यायाधिवक्ताको कार्यालयबाट प्रयास

DO NOT COPY
Property of OAG

भएकोमा सो कार्यान्वयन हुन सकेको थिएन । नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७०।०७।२५ को निर्णय अनुसार महान्यायाधिवक्ताको कार्यालय अन्तर्गत काठमाडौं उपत्यकामा रहने गरी विशेष सरकारी वकील कार्यालयको स्थापना भएको छ । उक्त कार्यालयबाट विशेष अदालत काठमाडौं, राजश्व न्यायाधिकरण काठमाडौं, वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौं, श्रम अदालत, प्रशासकीय अदालत तथा पुनरावेदन अदालत पाटनमा रहेका वाणिज्य इजलासबाट सुनुवाइ हुने सरकार वादी मुद्दाहरूमा बहस पैरवी तथा प्रतिरक्षा गर्न सहन्यायाधिवक्ताको नेतृत्वमा सरकारी वकील तथा कर्मचारी रहने व्यवस्था गरिएको छ । हाल महान्यायाधिवक्ताको कार्यालय, मातहतका पुनरावेदन, विशेष तथा जिल्ला सरकारी वकील कार्यालहरू तथा अन्य सरकारी निकाय एवं कार्यालयहरूमा रहेका सरकारी वकील तथा अन्य कर्मचारीहरूको मौजुदा दरबन्दी देहायको तालिकामा प्रस्तुत गरिएको छ :-

तालिका नं. १

कार्यालय	संवैधानिक पद	नेपाल सरकारका निजामती कर्मचारीहरु											कूल जम्मा
		राजपत्राङ्कित					राजपत्र अनङ्कित			श्रेणी विहीन			
		विशिष्ट	प्रथम	द्वितीय	तृतीय	जम्मा	प्रथम	द्वितीय	क.अ.,टे.अ., टा., स.क.अ.	ह.स. चा.	का.स.	जम्मा	
महान्यायाधिवक्ताको कार्यालय	१	४	९	११	२२	४७	२४	६	१०	२	१८	६०	१०७
पुनरावेदन सरकारी वकील कार्यालयहरु			१६	३१	३५	८२	५९	४५	३३	१६	७२	२२५	३०७
विशेष सरकारी वकील कार्यालय			१	९	६	१६	८		१			९	२५
जिल्ला सरकारी वकील कार्यालयहरु				७५	१०३	१७८	११०	१०१	९९	१	२४८	५५९	७३७
अख्तियार दुरुपयोग अनुसन्धान आयोग			५	८	१५	२८							२८
निर्वाचन आयोग				१	१	२							२
आन्तरिक राजश्व विभाग				१	१	२							२
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग					१	१							१
राजश्व अनुसन्धान विभाग					१	१	४					४	५
सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग				१	२	३	१					१	४
अध्यागमन विभाग					१	१							१
वैदेशिक रोजगार विभाग				१	२	३	३					३	६
जिल्ला प्रशासन कार्यालयहरू					१२	१२							१२
ठूला करदाता कार्यालय					१	१							१
जम्मा	१	४	३१	१३८	२०३	३७७	२०९	१५२	१४३	१९	३३८	८६१	१२३८

सरकारी वकील एवं अन्य कर्मचारीहरूको दरबन्दी विवरण ।

संवैधानिक अंगको रूपमा रहेको महान्यायाधिवक्ताको कार्यालय र मातहत पुनरावेदन, विशेष तथा जिल्ला सरकारी वकील कार्यालयहरूमा हाल विद्यमान कर्मचारी दरबन्दी संख्यालाई तालिका नं. १ मा प्रस्तुत गरिएको छ । सरकारी वकील तथा अन्य कर्मचारीहरूको महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरूको दरबन्दी र पदपूर्तिको अवस्थालाई क्रमशः **अनुसूची ९, २० र २९** मा प्रस्तुत गरिएको छ । सरकारी वकील कार्यालयहरूको कार्यबोझमा क्रमशः वृद्धि हुँदै गएको र सरकारी वकीलहरूले नेपाल सरकारका विभिन्न मन्त्रालय, विभाग, कार्यालय तथा छानविन समितिहरूमा रही कार्यसम्पादन गर्दै आएका छन् । कार्यबोझ र जिम्मेवारीमा आएको विस्तार अनुरूप संगठन संरचना र जनशक्ति थप गर्नका लागि २०६७ सालमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी चरणबद्ध रूपमा कार्यान्वयन भए पनि बढ्दो कार्यबोझ र कार्यप्रकृतिलाई हेर्दा मौजुदा दरबन्दीमा पुनरावलोकन गर्नु पर्ने देखिन्छ । नेपाल न्याय सेवा अन्तर्गत सरकारी वकील समूहमा रही महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरू एवं विभिन्न सरकारी निकायहरूमा कार्यरत सरकारी वकीलहरूको नामावली सहितको विवरण **अनुसूची ३०** मा समावेश गरिएको छ ।

DO NOT COPY
Property of OAG

३.२. कार्यालय भवन तथा भौतिक स्रोत साधनको वर्तमान अवस्था

संगठनको लक्ष्य अनुरूप प्रभावकारी कार्यसम्पादनको लागि उपयुक्त वातावरण निर्माणमा कार्यालय भवन तथा भौतिक स्रोत साधनको भूमिका महत्वपूर्ण हुन्छ । यसको लागि कार्यालय भवन, आवास, फर्निचर, कार्यालय सञ्चालन सम्बन्धी सामग्रीहरू लगायतका भौतिक साधन र पूर्वाधारहरूको साथै सुरक्षा संयन्त्रहरूको समुचित व्यवस्थापन अपरिहार्य छ । न्यायपालिकाको संरचना अनुरूप महान्यायाधिवक्ताको कार्यालय मातहत १६ पुनरावेदन सरकारी वकील कार्यालय, १ विशेष सरकारी वकील कार्यालय र ७५ जिल्ला सरकारी वकील कार्यालयबाट सरकारी वकीलहरूको कार्यसम्पादन हुँदै आएको छ । कार्यालय भवन निर्माण नभएका र भवनहरू पुराना र अपर्याप्त भएका स्थानमा सरकारी वकील कार्यालयहरूको आफ्नै कार्यालय भवन निर्माण गर्ने कार्यलाई निरन्तरता दिनु पर्ने देखिन्छ । भएका कार्यालय भवनहरू मध्ये पनि कतिपय भवनहरू वर्तमान दरबन्दीको अनुपातमा साँघुरा, अपर्याप्त तथा पुराना भएकाले दैनिक रूपमा कार्यसम्पादनमा कठिनाई महसुस भएको छ । महान्यायाधिवक्ताको कार्यालय, पुनरावेदन तथा जिल्ला सरकारी वकील कार्यालयहरूको वर्तमान भौतिक अवस्थालाई क्रमशः प्रस्तुत प्रतिवेदनको **अनुसूची ८, १९ र २७** मा प्रस्तुत गरिएको छ । मौजुदा भवनहरूमा तला थप गर्न र कर्मचारी आवास भवनको अभाव हुँदा आवास भवन बनाउनेतर्फ पनि प्राथमिकता दिनुपर्ने देखिएको छ । कार्यालय भवनहरूको विद्यमान अवस्था हेर्दा परिवर्तित सन्दर्भ र कार्यबोझको विस्तारको कारण पुनरावेदन तथा जिल्ला सरकारी वकील कार्यालयहरूका अधिकांश भवनहरू मर्मत संभार एवं नयाँ निर्माण गर्नुपर्ने अवस्थामा छन् । महान्यायाधिवक्ताको कार्यालय, पुनरावेदन तथा जिल्ला सरकारी वकील कार्यालयहरूको भौतिक अवस्थालाई देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. २

महान्यायाधिवक्ताको कार्यालय	कार्यालय	कम्प्युटर संख्या	प्रिन्टर संख्या	टेलिभिजन	फोटोकपि संख्या	टेलिफोन संख्या	फ्याक्स संख्या	सवारी साधन संख्या		
								कार	जीप	मोटरसाइकल
	छ	४४	२५	७	७	१८	४	१४	३	१२

क्र.स.	कार्यालय		कम्प्युटर संख्या	प्रिन्टर संख्या	इन्भर्टर	फोटोकपि संख्या	टेलिफोन संख्या	फ्याक्स संख्या	सवारी साधन संख्या		
	भएको संख्या	नभएको संख्या							कार	जीप	मोटरसाइकल
१५	१ निर्माणाधीन		७४	३८	१६	२१	२३	१६	१२	३	२१

क्र.स.	कार्यालय		कम्प्युटर संख्या	प्रिन्टर संख्या	इन्भर्टर	फोटोकपि संख्या	टेलिफोन संख्या	फ्याक्स संख्या	सवारी साधन संख्या		
	भएको संख्या	नभएको संख्या							कार	जीप	मोटरसाइकल
५२	२३		१६७	१०८	२६	३१	७८	७५	१२	४	५७

महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरूको भौतिक स्थिति ।

३.३. महान्यायाधिवक्ताको कार्यालय तथा मातहत कार्यालयहरूको बजेट वितरण

महान्यायाधिवक्ताको कार्यालय एवं मातहतका पुनरावेदन तथा जिल्ला सरकारी वकील कार्यालयहरूमा रहेका मुद्दाको संख्या र कार्यबोझको अनुपातमा भौतिक स्रोतसाधनहरूको उपलब्धतालाई समयानुकूल बनाउने कुरा महान्यायाधिवक्ताको कार्यालयका लागि विनियोजन गरिने रकमको अनुपात समय सापेक्ष रूपमा वृद्धि भएमा मात्र संभव हुन्छ । आर्थिक वर्ष २०६९/०७० मा नेपाल सरकारले महान्यायाधिवक्ताको कार्यालय तथा मातहत सरकारी वकील कार्यालयहरूको लागि विनियोजन गरेको बजेट रकम रु. ३४ करोड २५ लाख ९६ हजारलाई देशको कुल बजेट विनियोजित रकम रु. ४ खर्ब, ४ अर्ब, ८२ करोडलाई अनुपातमा विभाजन गरी हेर्दा कुल चालु खर्च तर्फ विनियोजित रकमको ०.०८ प्रतिशत मात्र यस कार्यालयलाई विनियोजन भएको देखिन्छ । केन्द्रमा महान्यायाधिवक्ताको कार्यालय, १६ पुनरावेदन सरकारी वकील कार्यालय तथा ७५ जिल्ला सरकारी वकील कार्यालय समेत गरी देशव्यापी रूपमा फैलिएको कार्यालयको संरचना तथा कार्यरत जनशक्तिको दृष्टिकोणबाट हेर्दा यो रकम अनुपात सन्तोषजनक मान्न सकिदैन । महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील

DO NOT COPY Property of OAG

कार्यालयहरूका लागि आर्थिक वर्ष २०६९/०७० का लागि विनियोजन गरिएको रकम र खर्च विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ३

कार्यालयको नाम		म.न्या.का.	पु.स.व.का.	जि.स.व.का.	जम्मा
विनियोजन	चालु	४८०३३०००.००	७४७९२५००.००	१५३०३६४२५.००	२७५८६१९२५.००
	पुँजिगत	२०५९०००.००	२८९३१०००.००	३४३४४०००.००	६५३३४०००.००
	सं.सृ.चालु	१४०१०००.००			१४०१०००.००
	जम्मा	**५१४९३०००.००**	**१०३७२३५००.००**	**१८७३८०४२५.००**	**३४२५९६९२५.००**
निकासा	चालु	४७९४१७८२.१५	६८९५०३०१.९०	१४३७७९८११.८५	२६०६७१८९५.९०
	पुँजिगत	१९७७०७९.३२	२३७०२३६१.६६	३२८३४९२२.०६	५८५१४३६३.०४
	सं.सृ.चालु	१३३२५९३.९३			१३३२५९३.९३
	जम्मा	**४९९१८८६१.४७**	**९२६५२६६३.५६**	**१७६६१४७३३.९१**	**३१९१८६२५८.९४**
खर्च	चालु	४७९४१७८२.१५	६८९५०३०१.९०	१४३७७९८११.८५	२६०६७१८९५.९०
	पुँजिगत	१९७७०७९.३२	२३७०२३६१.६६	३२८३४९२२.०६	५८५१४३६३.०४
	सं.सृ.चालु	१३३२५९३.९३			१३३२५९३.९३
	जम्मा	**४९९१८८६१.४७**	**९२६५२६६३.५६**	**१७६६१४७३३.९१**	**३१९१८६२५८.९४**

महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरूका लागि विनियोजन, निकासा एवं खर्च भएको रकमको विवरण ।

यसरी महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरूलाई स्रोतसाधन सम्पन्न बनाउनको लागि यस कार्यालयलाई प्रदान गरिने बजेट अपेक्षा अनुरूप वृद्धि हुन नसकेको देखिन्छ । अदालत र सरकारी वकील कार्यालय भवनहरू फरक-फरक ठाउँमा रहेको कारण मुद्दासम्बन्धी काम कारबाही तथा बहस पैरवीको लागि अदालत आउन जान र मिसिल लगायतका महत्वपूर्ण कागजातहरू समेतको सुरक्षाको संवेदनशीलता समेतको दृष्टिकोणले पुनरावेदन तथा जिल्ला सरकारी वकील कार्यालयहरूमा सवारी साधन उपलब्ध हुनुपर्ने महसुस गरी सवारी साधन नभएका वा नपुग भएका सरकारी वकील कार्यालयहरूलाई क्रमसः सवारी साधन उपलब्ध गराउने कार्यको सुरुवात गरिएको छ । साथै कार्यालयको लागि अत्यावश्यक कम्प्युटर, प्रिन्टर, फोटोकपि मेसिन, फ्याक्स मेसिन लगायतका साधन र तिनको मर्मत सम्भार समेतको लागि प्रत्येक सरकारी वकील कार्यालयमा आवश्यक रकम वार्षिक रूपमा उपलब्ध गराउने सुरुवात गरिएको छ । यसलाई समयानुकूल वृद्धि गरी नियमितता दिनु जरुरी छ ।

महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयमा बहस पैरवी र प्रतिरक्षा गर्ने जम्मा २८५ जना सरकारी वकीलहरू (महान्यायाधिवक्ता समेत) बाट वर्तमान मुद्दाको संख्याको प्रभावकारी र गुणात्मक वहस पैरवी र प्रतिरक्षा गर्न कठिनाई भएको यथार्थ हो । संगठित अपराधमा भएको संख्यात्मक वृद्धि, विद्युतीय कारोबार (साइवर), सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) जस्ता अपराध र राजश्व सम्बन्धी अपराधको अभियोजन र बहस पैरवी गर्ने कार्य एवं रिटहरूको प्रभावकारी प्रतिरक्षा जस्ता कुराहरू परम्परागत अध्ययन र अभ्यासमा आधारित जनशक्तिबाट संभव छैन । यस्ता अपराधमा राज्यको हक हित र सरोकारको प्रभावकारी प्रतिरक्षाका लागि सरकारी वकीलको क्षमता वृद्धि तथा महान्यायाधिवक्ताको कार्यालय मातहतका कार्यालयहरूको आधुनिकीकरण हुनु आवश्यक छ । सक्षमता एवं प्रभावकारिताको अभिवृद्धिले राजश्वको ठूलो रकम संरक्षण हुने मात्र होइन अपराध नियन्त्रण गर्न समेत महान्यायाधिवक्ताको कार्यालय सफल हुने कुराको अपेक्षा गर्न सकिन्छ । अतः विशिष्टिकृत ज्ञान एवं सीपयुक्त जनशक्तिको प्रवर्द्धन, वृद्धि र विकासका अतिरिक्त यसका भौतिक संरचना र प्रविधिको आधुनिकीकरण हुनु आवश्यक देखिएको छ ।

DO NOT COPY Property of OAG

३.४ सरकारी वकीलहरूको वार्षिक कार्य समीक्षा तथा अनुशिक्षण, अध्ययन, भ्रमण तथा तालिमको विवरण

समयको परिवर्तनसँगै सरकारी वकीलको कार्यमा आएका नयाँ चुनौतीको सामना गर्न र पदीय जिम्मेवारी प्रभावकारी रूपमा बहन गर्न सरकारी वकीलहरूको व्यावसायीकरणका लागि उच्च अध्ययन र तालिमको अवसर प्रदान गरी ज्ञान, क्षमता, अनुभव र रुची अनुरूप कार्यमा विशिष्टीकरण अपनाउनु अनिवार्य छ । सरकारी वकीलहरूलाई समयसापेक्ष व्यावसायिक बनाई राख्न विदेश तथा स्वदेशमा उच्च अध्ययन एवं सेवा समूहसँग सम्बन्धित तालिमको अवसर उपलब्ध गराउन पहल भईरहेको छ । हाल सरकारी वकीललाई उपलब्ध अवसर अति न्यून रहेकोले यस कार्यलाई नियमित बनाउन निश्चित कार्यक्रम तर्जुमा गरी सोही अनुसार सरकारी वकीलहरूको ज्ञान, क्षमता, दक्षता, सीप आदिको विकास गर्न पहल गरिनु पर्ने देखिन्छ । बिशेष गरी फौजदारी न्याय प्रणाली र फौजदारी कानूनमा आएका नवीनतम् अवधारणासँग सम्बन्धित विषयमा अध्ययन, तालिम, गोष्ठी, कार्यशाला, सेमिनार आदिमा सरकारी वकीललाई बढी अवसर उपलब्ध गराउने तर्फ विशेष ध्यान दिइएको छ । तर यो अझै पर्याप्त भने हुन सकेको छैन ।

संविधान र प्रचलित कानूनले तोकेका काम, कर्तव्य तथा अधिकार प्रयोग गरी समाज र राष्ट्रलाई गम्भीर असर पार्ने तथा शान्ति सुव्यवस्थामा खलल पार्ने किसिमका अपराधको अनुसन्धानमा निर्देशन दिने, त्यस्ता मुद्दामा संकलित प्रमाणको मूल्यांकन गरी अभियोजन गर्ने, बहस पैरवी गर्ने एवं सरकार र सरकारले तोकिदिएको अन्य अधिकारीलाई आवश्यक कानूनी राय परामर्श प्रदान गर्ने गहन जिम्मेवारी बहन गर्नुपर्ने सरकारी वकीलहरूले आफ्नो पदीय कर्तव्य निर्वाह गर्दा विविध कठिनाई र समस्याहरूको सामना गर्नु परेको छ । फौजदारी मुद्दाको अनुसन्धानलाई राज्यको प्राथमिकतामा पार्न नसकिएको, कानूनको अभाव र अपर्याप्तता रहेको, अदालती कार्यविधिमा जटिलता रहेको तथा मुद्दाको बस्तुनिष्ठ र प्रभावकारी अभियोजन गर्न नसकिएको, न्याय सम्पादनमा सरोकार रहने निकायहरूसंग उचितरूपमा सहयोग र समन्वय गर्न नसकिएको यथार्थलाई आत्मसात गरी यसमा संलग्न सबैले आ आफ्नो भूमिकाको आत्मसमीक्षा गरी पहल गर्न सकिएमा नेपालको फौजदारी न्याय प्रणालीलाई अझै प्रभावकारी बनाउन सकिने कुराको अपेक्षा गर्न सकिन्छ ।

फौजदारी मुद्दाको अनुसन्धान तथा अभियोजनलाई प्रभावकारी बनाउन सरकारी वकीलहरू तथा सहायक कर्मचारीहरूलाई सरकारी वकील कार्यालयबाट सम्पादन हुने काम कारबाहीका सम्बन्धमा आधारभूत प्रशिक्षण प्रदान गर्ने क्रममा यस आर्थिक वर्षमा सरकारी वकीलको व्यावसायिक दक्षता र सीप विकासका लागि अध्ययन, भ्रमण, तालिम, गोष्ठी र ती कार्यक्रममा सम्लग्न सरकारी वकीलहरूको सहभागिता देहाय बमोजिम रहेको थियो :

(क) अन्तर्राष्ट्रिय अध्ययन, भ्रमण, तालिम, गोष्ठी

चीनका महान्यायाधिवक्ता Cao Jianming को निमन्त्रणामा तत्कालीन महान्यायाधिवक्ता श्री मुक्तिनारायण प्रधान, तत्कालीन नायब महान्यायाधिवक्ता श्री पुष्पराज कोइराला, उपन्यायाधिवक्ता श्री मदनबहादुर धामी र शाखा अधिकृत श्री निर्मला योङ्या सहितको सरकारी वकीलहरू मिति २०६९।०४।३१ देखि २०६९।०५।०५ सम्म चीनको बेइजिङ र छेन्दु प्रान्तको भ्रमणमा सहभागी हुनु भयो । भ्रमण सम्बन्धी प्रतिवेदन अनुसूची -१ मा समावेश गरिएको छ ।

Public Security, Ministry of People's Republic of China को आमन्त्रणमा चीनको Kunming City मा २०१२, ३० अगष्ट देखि १३ सेप्टेम्बर सम्म सम्पन्न भएको Law Enforcement Training Course for Police of Nepal विषयक तालिममा तत्कालीन सहन्यायाधिवक्ता श्री शंकरराज बराल र जिल्ला न्यायाधिवक्ता श्री नरेन्द्रबहादुर चन्द सहभागी हुन भयो ।

फौजदारी कानून उच्चस्तरीय कार्यदलका पदाधिकारीहरूका लागि न्यायमा पहुँच अभिवृद्धि परियोजनाको आयोजनामा २५-३० नोभेम्बर २०१२ सम्म संघीय गणतन्त्र जर्मनीको फौजदारी न्याय प्रशासनको अध्ययन भ्रमणको कार्यक्रममा तत्कालीन महान्यायाधिवक्ता श्री मुक्तिनारायण प्रधान सहभागी हुनु भयो । भारतीय Central Bureau of Investigation (CBI) र इन्टरपोलको सहआयोजनामा २७-३०

DO NOT COPY Property of OAG

नोभेम्बर २०१२ मा भारतको मुम्बईमा आयोजना भएको International Capacity Building and training seminar on trafficking in illicit goods crime कार्यक्रममा उपन्यायाधिवक्ता श्री चन्द्रकान्त खनाल सहभागी हुनु भयो ।

भारतीय Central Bureau of Investigation (CBI) र इन्टरपोलको सहआयोजनामा १९-२४ नोभेम्बर २०१२ मा भारतको नयाँ दिल्लीमा आयोजना भएको Interpol Global Programme on Anti Corruption and Asset Recovery in Asia Region Training Workshop मा जिल्ला न्यायाधिवक्ता श्री कृष्णजंग शाह सहभागी हुनु भयो ।

१० - १२ मार्च सन् २०१३ मा थाइलैण्डको बैङ्ककमा आयोजना भएको Symposium on Combating Wildlife Crime (Securing Enforcement, Ensuring Justice, and Upholding the Rule of Law) सम्मेलनमा तत्कालीन महान्यायाधिवक्ता श्री मुक्तिनारायण प्रधान र शाखा अधिकृत श्री सन्तोषकुमार गिरी सहभागी हुनु भयो ।

Japan International Cooperation Agency (JICA) को सहयोगमा सन् २०१३ जनवरी ६ देखि फ्रेबुअरी ८ सम्म जापानमा संचालन भएको Crime Prevention and Criminal Justice (Senior Seminar) कार्यक्रममा सहन्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डे र उपन्यायाधिवक्ता श्री उद्धवप्रसाद पुडासैनी सहभागी हुनु भयो ।

The Asia Foundation र कोरिया सरकारको आयोजनामा ७ जुलाई देखि १३ जुलाई, २०१३ सम्म महान्यायाधिवक्ताको कार्यालयका उपन्यायाधिवक्ता श्री हरिप्रसाद रेग्मी दक्षिण कोरियामा भएको कार्यक्रममा सहभागी हुनु भयो ।

(ख) राष्ट्रिय अध्ययन, भ्रमण, तालिम, गोष्ठी

महान्यायाधिवक्ताको कार्यालय अभियोजन प्रशिक्षण केन्द्रद्वारा मिति २०६९।०६।१९ देखि २०६८।०६।२३ गतेसम्म न्याय सेवा सरकारी वकील समूहमा लोक सेवा आयोगबाट २०६९ भाद्रमा सिफारिस भई सेवा प्रवेश गरेका २२ (बाइस) जना राजपत्रांकित तृतीय श्रेणीका सरकारी वकीलहरूलाई आधारभूत प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको थियो । पाँच दिन सम्म संचालन भएको प्रशिक्षण कार्यक्रममा व्यावहारिक अभ्यास समेत गराइएको थियो ।

अमेरिकन एम्बेसीको आयोजनामा मिति २०६९।०४।२२ देखि ३० गतेसम्म काठमाडौंमा आयोजित Major Case Management (MCM) विषयक कार्यक्रममा सहायक जिल्ला न्यायाधिवक्ता श्री अच्युत कुइकेल र शाखा अधिकृत श्री संगिता न्यौपाने सहभागी हुनु भयो ।

राष्ट्रिय स्वास्थ्य, शिक्षा, सूचना तथा सञ्चार केन्द्रको आयोजनामा मिति २०६९।०४।१७ गते सूर्तिजन्य पदार्थ रणनीति विषयक एक दिने राष्ट्रिय कार्यशालामा शाखा अधिकृत श्री पदमप्रसाद आचार्य सहभागी हुनु भयो ।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागद्वारा सञ्चालित मिति २०६९।०४।३० देखि भाद्र १ गतेसम्म सम्पत्ति शुद्धीकरण सम्बन्धी अनुसन्धानमूलक तालिममा उपन्यायाधिवक्ता श्री चन्द्रकान्त खनाल र श्री यादवप्रसाद पौडेल सहभागी हुनु भयो ।

वकालत मञ्चद्वारा मिति २०६९।०५।०८ देखि १० गतेसम्म धनकुटामा संचालित मेडिको लिगल सम्बन्धी तालिममा जिल्ला न्यायाधिवक्ता श्री चिरिञ्जीवी पराजुली, श्री रामबहादुर थापा र सहायक जिल्ला न्यायाधिवक्ता श्री हरिकुमार पोखरेल र गोकुलबहादुर निरौंला सहभागी हुनु भयो । मिति २०६९।०६।०७ देखि ९ गतेसम्म भैरहवामा संचालित कार्यक्रममा जिल्ला न्यायाधिवक्ता श्री खड्गबहादुर खड्का, श्री तोयनाथ पौडेल, श्री आनन्दप्रसाद शर्मा र सहायक जिल्ला न्यायाधिवक्ता श्री जीवनिधि पौडेल सहभागी हुनु भयो । यसैगरी मिति २०६९।०८।१६ देखि १९ गतेसम्म काठमाडौंमा संचालित कार्यक्रममा तत्कालीन जिल्ला न्यायाधिवक्ता श्री शारदाप्रसाद कोइराला, श्री सुरेन्द्रबहादुर थापा, श्री देवकुमार गिरी सहभागी हुनु भयो ।

DO NOT COPY Property of OAG

काठमाडौं स्कूल अफ लद्वारा मिति २०६९।०४।२९ देखि ३१ गतेसम्म काठमाडौंमा सञ्चालित मानव बेचबिखन सम्बन्धी तालिममा जिल्ला न्यायाधिवक्ता श्री कृष्णजंग शाह, श्री केशवप्रसाद गौतम, शाखा अधिकृत श्री देवेन्द्रराज आचार्य र कृष्णचन्द्र पाण्डे सहभागी हुनु भयो । मिति २०६९।०५।१३ देखि १५ गतेसम्म पाल्पामा संचालित कार्यक्रममा जिल्ला न्यायाधिवक्ता श्री भरतमणि खनाल, श्री तोयनाथ पौडेल, श्री मोहनसागर बस्याल तथा सहायक जिल्ला न्यायाधिवक्ता श्री खिमानन्द गौतम र श्री श्यामसुन्दर चौधरी सहभागी हुनु भयो । मिति २०६९।०५।१७ देखि १९ गते सम्म सुर्खेतमा संचालित कार्यक्रममा जिल्ला न्यायाधिवक्ताहरू बद्रीप्रसाद नेपाल, श्री गोपिकृष्ण श्रेष्ठ, सहायक जिल्ला न्यायाधिवक्ताहरू श्री यामबहादुर बानियाँ, श्री खगराज भट्ट, श्री लक्ष्मिनारायण दाहाल, श्री रत्नप्रकाश गिरी सहभागी हुनु भयो । यसैगरी मिति २०६९।०५।२५ देखि २७ गतेसम्म उदयपुरमा सञ्चालित कार्यक्रममा जिल्ला न्यायाधिवक्ता श्री टेकेन्द्र सुवेदी, श्री लोकराज पराजुली, श्री नारायणबहादुर थापा तथा शाखा अधिकृत श्री कृष्णप्रसाद बराल र सहायक जिल्ला न्यायाधिवक्ता श्री मुहम्मद मुन्ना सहभागी हुनु भयो भने मिति २०६९।०५।०२ देखि ४ गतेसम्म मकवानपुरमा सञ्चालित कार्यक्रममा जिल्ला न्यायाधिवक्ता श्री संजीवराज रेग्मी, श्री ओमप्रसाद अर्याल, श्री रोशनकुमार गजुरेल, श्री गोविन्दप्रसाद उपाध्याय तथा सहायक जिल्ला न्यायाधिवक्ता श्री अनिलकुमार कार्की सहभागी हुनु भयो ।

विश्व वौद्धिक सम्पत्ति संगठन (WIPO) र उद्योग विभागको संयुक्त आयोजनमा मिति २०६९।०८।२० देखि २२ गतेसम्म काठमाडौंमा सञ्चालन भएको Workshop on Building Respect for Intellectual Property Rights for Law Enforcement Officials विषयक गोष्ठीमा सहन्यायाधिवक्ता श्री ठोकप्रसाद शिवाकोटी, तत्कालीन उपन्यायाधिवक्ता श्री सूर्यनाथ प्रकाश अधिकारी सहभागी हुनु भयो ।

अमेरिकन वार एशोसियशन, रुल अफ ल इनिसियटिभ्ससँगको सहकार्यमा काठमाडौं स्कूल अफ लले मिति २०६९।०६।२१ र २२ गते काठमाडौंमा सञ्चालन गरेको Integrate and Harmonize Initiatives to Fight Human Trafficking विषयक कार्यक्रममा उपन्यायाधिवक्ता श्री गंगाप्रसाद पौडेल, शाखा अधिकृत श्री तिलकबहादुर कार्की, श्री अशोककुमार क्षेत्री, श्री युवराज महत सहभागी हुनु भयो ।

कर्मचारी प्रशिक्षण प्रतिष्ठानद्वारा मिति २०६९।०८।२७ देखि एक हप्तासम्म सञ्चालन भएको पदीय दायित्व सम्बन्धी अभिमुखीकरण कार्यक्रममा हलुका सवारी चालक श्री रामकृष्ण घिमिरे सहभागी हुनु भयो ।

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयद्वारा मिति २०६९।०९ र १० गते काठमाडौंमा संचालन भएको UN Asia-Pacific Regional Seminar on Human Rights, Sexual Orientation and Gender Identity सेमिनारमा उपन्यायाधिवक्ता श्री हरिप्रसाद रेग्मी सहभागी हुनु भयो ।

कानून, न्याय, संविधान सभा तथा संसदीय मामिला मन्त्रालयद्वारा मिति २०६९।१२।२० मा काठमाडौंमा सञ्चालन भएको कसूरसँग सम्बन्धित सम्पत्ति (रोक्का, नियन्त्रण तथा जफत) ऐन, २०६९ विधेयकको अन्तरक्रियामा सहन्यायाधिवक्ता श्री महेश शर्मा पौडेल र उपन्यायाधिवक्ता श्री हरिप्रसाद रेग्मी सहभागी हुनु भयो ।

महान्यायाधिवक्ताको कार्यालय र युनाइटेड स्टेट्स इन्स्टिच्युट (यु.एस.आइ.पी.) द्वारा अपराध अनुसन्धान र अभियोजन कार्यमा संलग्न अधिकारीको क्षमता विकास सम्बन्धी मिति २०६९।१२।२३ देखि २४ सम्म पाल्पामा सञ्चालन भएको कार्यक्रममा जिल्ला न्यायाधिवक्ता श्री खड्गबहादुर खड्का, उपन्यायाधिवक्ता श्री यदुनाथ शर्मा, शाखा अधिकृत श्री दिनानाथ अधिकारी, सहायक जिल्ला न्यायाधिवक्ता श्री खिमानन्द गौतम सहभागी हुनु भयो ।

पूर्व प्रहरी परिषद् तथा सौगात लिगल रिसर्च एण्ड कन्सलटेन्सीको संयुक्त आयोजनामा मिति २०७०।०१।०७ गते काठमाडौंमा भएको National Seminar on Strengthening Community security Through State-people Partnership गोष्ठीमा सहायक जिल्ला न्यायाधिवक्ता श्री अच्युत कुइकेल र शाखा अधिकृत श्री सुशीला ज्ञवाली सहभागी हुनु भयो ।

DO NOT COPY
Property of OAG

सूचना अधिकारी समाज तथा राष्ट्रिय सूचना आयोगको सहकार्यमा फ्रिडम फोरमले मिति २०७०।०१।२४ देखि २६ सम्म काठमाडौंमा सञ्चालन भएको सूचनाको हक सम्बन्धी ऐनको प्रभावकारी कार्यान्वयनका लागि सूचना अधिकारीको क्षमता अभिवृद्धि कार्यक्रममा सहन्यायाधिवक्ता श्री महेश शर्मा पौडेल सहभागी हुनु भयो ।

राष्ट्रिय योजना आयोगको सचिवालयद्वारा मिति २०७०।०२।२० गते काठमाडौंमा सञ्चालन भएको मध्यकालीन खर्च संरचना सम्बन्धी MTEF Sectoral Paper तर्जुमा सम्बन्धी कार्यशालामा लेखा अधिकृत श्री टिकाराम शर्मा सहभागी हुनु भयो ।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको आयोजनामा मिति २०७०।०३।२१ देखि २२ गते सम्म धुलिखेलमा सञ्चालन भएको सम्पत्ति शुद्धीकरण सम्बन्धी विषयमा अनुसन्धान तथा अभियोजनपत्र सम्बन्धमा ध्यान दिनु पर्ने कुराहरू तथा अनुसन्धान प्रविधि सम्बन्धमा सम्पन्न भएको अन्तरक्रिया कार्यक्रममा उपन्यायाधिवक्ता श्री चन्द्रकान्त खनाल सहभागी हुनु भयो ।

जागरण मिडिया सेन्टर, दलित महिला संघ र नेपाल राष्ट्रिय दलित समाज कल्याण संघको संयुक्त पहल तथा युरोपियन युनियनको सहयोगमा जातीय भेदभाव तथा छुवाछुत र महिला हिंसा सम्बन्धमा मिति २०७०।०३।२३ देखि २५ गते सम्म काठमाडौंमा सञ्चालन भएको कार्यशालामा शाखा अधिकृत श्री शिवशंकर प्रसाद चौधरी सहभागी हुनु भयो ।

राष्ट्रिय न्यायिक प्रतिष्ठानद्वारा मिति २०६९।०९।१६ गतेदेखि माघ २३ गतेसम्म हरिहरभवन, ललितपुरमा संचालित राजपत्रांकित तृतीय श्रेणीका अधिकृत कर्मचरीहरूको लागि संचालित पाँच हप्ते सेवाकालीन सम्बन्धी तालिम कार्यक्रममा जिल्ला न्यायाधिवक्ता श्री आनन्दप्रसाद शर्मा, श्री विमलकुमार थापा, श्री प्रतिमाकुमारी पोखरेल, श्री सीता शर्मा अधिकारी, श्री रत्नप्रकाश गिरी, श्री देवेन्द्रराज आचार्य र शाखा अधिकृत श्री सोमकान्त भण्डारी सहभागी हुनु भयो ।

Association for the Prevention of Torture, Geneva र राष्ट्रिय न्यायिक प्रतिष्ठानद्वारा मिति २०६९।०४।१९ देखि २० गतेसम्म धुलिखेलमा संचालित The Role of the Criminal Justice Actors in Preventing Torture in Nepal विषयक प्रशिक्षण कार्यक्रममा सहन्यायाधिवक्ता श्री ठोकप्रसाद शिवाकोटी, श्री सूर्यप्रसाद पोखरेल, श्री नारायणप्रसाद पौडेल, तत्कालीन सहन्यायाधिवक्ता श्री धर्मराज पौडेल र सहन्यायाधिवक्ता श्री विश्वराज कोइराला सहभागी हुनु भयो ।

दि एसिया फाउण्डेसनको सहकार्यमा राष्ट्रिय न्यायिक प्रतिष्ठानद्वारा मिति २०६९।०४।०७ देखि १० गतेसम्म हरिहरभवन, ललितपुरमा संचालित मानव बेचबिखन तथा ओसारपसार मुद्दाको अभियोजन तथा अदालती कारबाही सम्बन्धी कार्यसञ्चालन निर्देशिका, २०६८ सम्बन्धी प्रशिक्षण कार्यक्रममा सहन्यायाधिवक्ताहरू श्री खगराज पौडेल, श्री राजनप्रसाद भट्टराई, श्री पदमप्रसाद पाण्डेय, उपन्यायाधिवक्ता श्री प्रकाश ढुङ्गाना, श्री उद्धवप्रसाद पुडासैनी, जिल्ला न्यायाधिवक्ता श्री संजीवराज रेग्मी, श्री ध्रुवकुमार चौहान र शाखा अधिकृत श्री सरिता रायमाझी सहभागी हुनु भयो । यसैगरी मिति २०६९।०४।२२ देखि २४ गतेसम्म हरिहरभवन, ललितपुरमा संचालित मानव बेचबिखन तथा ओसारपसार मुद्दाको अभियोजन तथा अदालती कारबाही सम्बन्धी कार्यसञ्चालन निर्देशिका, २०६८ सम्बन्धी प्रशिक्षण कार्यक्रममा सहन्यायाधिवक्ताहरू श्री रमेशकुमार पोखरेल, श्री समीर सिलवाल, उपन्यायाधिवक्ता श्री हरिप्रसाद रेग्मी, जिल्ला न्यायाधिवक्ता श्री शारदाप्रसाद कोइराला, सहायक जिल्ला न्यायाधिवक्ता श्री भरतमणि रिजाल, श्री प्रकाश कोइराला र शाखा अधिकृत श्री खडिन्द्र कटुवाल सहभागी हुनु भयो भने मिति २०६९।०५।१७ देखि १९ गतेसम्म नेपालञ्जमा संचालित मानव बेचबिखन तथा ओसारपसार मुद्दाको अभियोजन तथा अदालती कारबाही सम्बन्धी कार्यसञ्चालन निर्देशिका, २०६८ सम्बन्धी प्रशिक्षण कार्यक्रममा उपन्यायाधिवक्ताहरू श्री भुवनेश्वर पौडेल, गोविन्दराज गौली, जिल्ला न्यायाधिवक्ताहरू श्री गोपालप्रसाद रिजाल, श्री ध्रुवमणि ज्ञवाली, श्री दमनसिंह विष्ट र श्री पाराश्वर ढुङ्गाना सहभागी हुनु भयो । मिति २०६९।०६।०८ देखि १० गतेसम्म हरिहरभवन, ललितपुरमा संचालित कार्यक्रममा जिल्ला न्यायाधिवक्ताहरू श्री चन्द्रबहादुर सापकोटा, श्री सुरेन्द्रबहादुर थापा, श्री ईश्वरीप्रसाद बञ्जाडे, श्री सुदर्शन लामिछाने, श्री देवकुमार गिरी, श्री कृष्णजंग शाह सहभागी हुनु भयो ।

DO NOT COPY
Property of OAG

UN Woman को सहकार्यमा राष्ट्रिय न्यायिक प्रतिष्ठानद्वारा मिति २०६९।०६।१० मा हरिहरभवन, ललितपुरमा संचालित गोपनीयता कायम राख्ने सम्बन्धी कार्यविधि निर्देशिका सम्बन्धी अनुशिक्षण तथा संप्रेषण कार्यक्रममा सहायक जिल्ला न्यायाधिवक्ताहरू श्री सीता शर्मा अधिकारी, श्री फटिकराज मुडभरी, शाखा अधिकृतहरू श्री शम्भु गौतम र बुद्धिलाल श्रेष्ठ सहभागी हुनु भयो ।

UN Woman को सहकार्यमा राष्ट्रिय न्यायिक प्रतिष्ठानद्वारा मिति २०६९।०६।२३ गते विराटनगरमा सञ्चालित लिंगका आधारमा हिंसा सम्बन्धी अन्तरक्रियात्मक कार्यक्रममा उपन्यायाधिवक्ता श्री हिमालयकुमार त्रिताल, जिल्ला न्यायाधिवक्ता श्री कोषहरि निरौंला सहभागी हुनु भयो । यसैगरी मिति २०६९।०६।२६ गते सुनसरीमा सञ्चालित कार्यक्रममा सहायक जिल्ला न्यायाधिवक्ता श्री हरिकुमार पोखरेल सहभागी हुनु भयो । मिति २०६९।०७।२२ गते नेपालगञ्जमा सञ्चालित कार्यक्रममा सहायक जिल्ला न्यायाधिवक्ता श्री यामबहादुर बानियाँ सहभागी हुनु भयो । मिति २०६९।०७।२४ गते जनकपुरमा सञ्चालित कार्यक्रममा जिल्ला न्यायाधिवक्ता श्री परमेश्वर पराजुली सहभागी हुनु भयो भने मिति २०६९।०७।२५ गते रौतहटमा सञ्चालित कार्यक्रममा जिल्ला न्यायाधिवक्ता श्री रोशन गजुरेल सहभागी हुनु भयो । मिति २०६९।०९।०५ गते स्याङ्जामा सञ्चालित कार्यक्रममा सहायक जिल्ला न्यायाधिवक्ता श्री जयप्रसाद श्रेष्ठ सहभागी हुनु भयो । यसैगरी मिति २०६९।११।२४ गते राजविराजमा सञ्चालित कार्यक्रममा जिल्ला न्यायाधिवक्ता श्री लोकराज पराजुली र उपन्यायाधिवक्ता श्री भरतमणि रिजाल सहभागी हुनु भयो भने मिति २०६९।११।२३ गते सिराहामा संचालित कार्यक्रममा जिल्ला न्यायाधिवक्ता श्री गोपीचन्द्र भट्टराई सहभागी हुनु भयो । यसैगरी मिति २०६९।१२।१६ गते ललितपुरमा सञ्चालित कार्यक्रममा सहायक जिल्ला न्यायाधिवक्ता श्री पदमबहादुर कार्की, श्री प्रतिमाकुमारी पोखरेल, शाखा अधिकृतहरू श्री सरिता रायमाझी र सीता सुवेदी सहभागी हुनु भयो । कञ्चनपुरमा मिति २०६९।१२।२० देखि २१ गतेसम्म सञ्चालन भएको कार्यक्रममा उपन्यायाधिवक्ता श्री भुवनेश्वर पौडेल र जिल्ला न्यायाधिवक्ता श्री दमनसिंह विष्ट सहभागी हुनु भयो । सुर्खेतमा मिति २०७०।०१।०८ देखि ९ गतेसम्म सञ्चालन भएको कार्यक्रममा जिल्ला न्यायाधिवक्ता श्री पाराश्वर ढुङ्गाना र शाखा अधिकृत लक्ष्मनारायण दाहाल सहभागी हुनु भयो । कपिलवस्तुमा मिति २०७०।०१।१२ देखि १३ गतेसम्म सञ्चालन भएको कार्यक्रममा सहायक जिल्ला न्यायाधिवक्ता श्री खिमानन्द गौतम सहभागी हुनु भयो ।

UN Woman को सहकार्यमा राष्ट्रिय न्यायिक प्रतिष्ठानद्वारा मिति २०६९।०६।२४ गते विराटनगरमा सञ्चालित विशेष प्रकृतिका मुद्दाहरूको कारवाहीमा गोपनीयता कायम गर्ने कार्यविधि दिग्दर्शनको अनुशिक्षण तथा संप्रेषण कार्यक्रममा सहायक जिल्ला न्यायाधिवक्ता श्री गोकुलबहादुर निरौंला, शाखा अधिकृत श्री केशवप्रसाद पन्त तथा नायब सुब्बा श्री अविकेशर कट्टेल र श्री उमेश अधिकारी सहभागी हुनु भयो भने मिति २०६९।०६।२५ गते सुनसरीमा सञ्चालित कार्यक्रममा सहायक जिल्ला न्यायाधिवक्ता श्री हरिकुमार पोखरेल तथा नायब सुब्बा श्री रोहितकुमार पोखरेल र श्री सुदर्शन निरौंला सहभागी हुनु भयो । यसैगरी मिति २०६९।०६।२८ गते हरिहरभवन, ललितपुरमा संचालित कार्यक्रममा शाखा अधिकृत श्री संगीता न्यौपाने, श्री शान्ति न्यौपाने तथा नायब सुब्बा श्री राधाकृष्ण आचार्य, श्री रामकेशर बोगटी र श्री सीता धमला सहभागी हुनु भयो । मिति २०६९।०७।२२ गते नेपालगञ्जममा संचालित कार्यक्रममा जिल्ला न्यायाधिवक्ता श्री नरेन्द्रबहादुर चन्द, शाखा अधिकृत श्री देवराज भारती तथा खरिदार श्री ऋषिराम खनाल र श्री शिव पौडेल सहभागी हुनु भयो । मिति २०६९।०७।२४ गते जनकपुरमा संचालित कार्यक्रममा उपन्यायाधिवक्ता श्री टेकबहादुर कार्की, सहायक जिल्ला न्यायाधिवक्ता श्री रामप्रसाद अधिकारी, नायब सुब्बा श्री अजितकुमार लालकर्ण र खरिदार श्री रविन गुरागाई सहभागी हुनु भयो । यसैगरी मिति २०७०।०७।२४ गते रौतहटमा संचालित कार्यक्रममा जिल्ला न्यायाधिवक्ता श्री रोशनकुमार गजेरेल, सहायक जिल्ला न्यायाधिवक्ता श्री मनोजप्रसाद गुप्ता, खरिदार श्री आशाराउत कुर्मी र टाइपिष्ट श्री चुनचुन शाह सहभागी हुनु भयो । मिति २०६९।०९।०५ गते स्याङ्जामा सञ्चालित कार्यक्रममा सहायक जिल्ला न्यायाधिवक्ता श्री जयप्रसाद श्रेष्ठ, नायब सुब्बाहरू श्री विजयकुमार वाग्ले र श्री जयप्रसाद रेग्मी सहभागी हुनु भयो । यसैगरी मिति २०६९।११।२४ गते राजविराजमा सञ्चालित कार्यक्रममा सहायक जिल्ला न्यायाधिवक्ता श्री रामहरि भट्टराई, शाखा अधिकृत श्री विजयकुमार श्रेष्ठ, नायब सुब्बाहरू श्री मनिषबाबु पोखरेल, श्री गणेश सापकोटा सहभागी हुनु भयो भने मिति २०६९।११।२३ गते सिराहामा संचालित कार्यक्रममा सहायक जिल्ला न्यायाधिवक्ता श्री मोहम्मद मुन्ना, शाखा अधिकृत श्री रमेश कटुवाल र खरिदार श्री खड्गबहादुर बस्नेत सहभागी हुनु भयो ।

DO NOT COPY
Property of OAG

राष्ट्रिय न्यायिक प्रतिष्ठानद्वारा मिति २०६९।०६।२१ देखि २८ गतेसम्म हरिहरभवन, ललितपुरमा संचालित विधि विज्ञान सम्बन्धी आधारभूत जानकारी सम्बन्धी प्रशिक्षण कार्यक्रममा २५ जना सरकारी वकील सहभागी हुनु भयो भने मिति २०७०।०२।०२ देखि ९ गतेसम्म यस्तै कार्यक्रममा २२ जना सरकारी वकील सहभागी हुनु भयो

राष्ट्रिय न्यायिक प्रतिष्ठान र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सहकार्यमा मिति २०६८।०८।०८ देखि ९ गतेसम्म नगरकोटमा संचालित लैङ्गिक हिंसा निवारणका लागि कानून कार्यान्वयन निकायको भूमिका विषयक कार्यक्रममा उपन्यायाधिवक्ता श्री राजकुमार कोइराला, शाखा अधिकृतहरू श्री सुरेन्द्र श्रेष्ठ, सीता शर्मा अधिकारी, श्री प्रतिमाकुमारी पोखरेल र श्री सन्तोषकुमार गिरी सहभागी हुनु भयो ।

राष्ट्रिय न्यायिक प्रतिष्ठान र अन्तर्राष्ट्रिय श्रम संगठन, नेपालको सहकार्यमा मिति २०६८।०८।२७ देखि २८ गतेसम्म काठमाडौंमा संचालित Consultative Workshop on Application of International Labour Standards कार्यक्रममा तत्कालीन उपन्यायाधिवक्ता श्री शिवबहादुर रानाभाट र सहायक जिल्ला न्यायाधिवक्ता श्री जुद्धबहादुर आले सहभागी हुनु भयो ।

राष्ट्रिय न्यायिक प्रतिष्ठान र काठमाडौं स्कूल अफ ल को सहकार्यमा मिति २०६८।०९।०७ देखि ०८ गतेसम्म काठमाडौंमा संचालित South Asian Sub regional Workshop on Equal Access to Justice through Human Rights Based Approach : Strengthening the Capacity of Justice Sector विषयक कार्यक्रममा तत्कालीन उपन्यायाधिवक्ता द्वय श्री सूर्यनाथप्रकाश अधिकारी र श्री तेजनारायण पौडेल सहभागी हुनु भयो ।

केन्द्रीय बाल कल्याण समितिद्वारा Inter Agency Working Group को सहयोगमा ललितपुरमा मिति २०६९।०४।३१ देखि भाद्र १ गतेसम्म सञ्चालित बालअधिकार प्रवद्धनको लागि Child Proction System Mapping and Assessment सम्बन्धी Child Proction and Child Welfare System मा केन्द्रित कार्यशाला गोष्ठीबाट प्राप्त प्रतिवेदनको प्रस्तुति तथा छलफल कार्यक्रममा सहन्यायाधिवक्ता श्री समीर सिलवाल सहभागी हुनु भयो ।

विश्व बैंकको प्राविधिक सहयोगमा मिति २०७०।०३।२४ देखि २६ गतेसम्म काठमाडौंमा सञ्चालित नेपाल राष्ट्र बैंक, जोखिम मूल्यांकन समितिको गोष्ठिमा शाखा अधिकृत श्री राजेन्द्रसिंह भण्डारी सहभागी हुनु भयो ।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागद्वारा धुलिखेलमा मिति २०७०।०३।२१ देखि २४ गतेसम्म सञ्चालित अनुसन्धान, अभियोजन सम्बन्धमा ध्यान दिनु पर्ने कुराहरू, रोक्का तथा नियन्त्रण र विशेष अनुसन्धान प्रविधि सम्बन्धी अन्तरक्रिया कार्यक्रममा उपन्यायाधिवक्ता श्री चन्द्रकान्त खनाल सहभागी हुनु भयो ।

जागरण मिडिया सेन्टर, दलित महिला संघ र नेपाल राष्ट्रिय दलित समाज कल्याण संघको पहल तथा युरोपियन युनियनको सहयोगमा काठमाडौंमा मिति २०७०।०३।२३ देखि २५ सम्म सञ्चालित जातीय भेदभाव तथा छुवाछुत र महिला हिंसाका सवाल सम्बन्धी रेडियो कार्यक्रम उत्पादन र प्रशारण सम्बन्धी कार्यशालामा शाखा अधिकृत श्री शिवशंकरप्रसाद चौधरी सहभागी हुनु भयो ।

यसैगरी महान्यायाधवित्ताको कार्यालय तथा मातहत सरकारी वकील कार्यालयहरूमा कार्यरत सरकारी वकीलहरूलाई बिगत केही वर्षदेखि मुलुक भित्रै कानूनको उच्च शिक्षा (एलएल.एम.) को अध्ययन गर्ने अवसर उपलव्ध गराइएको छ । सरकारी वकीलहरूको दक्षता अभिवृद्धि गराउने उद्देश्यले त्रिभुवन विश्वविद्यालय अन्तर्गत नेपाल ल क्याम्पसबाट सञ्चालित कानूनको स्नातकोत्तर प्रवेश परीक्षामा उत्कृष्ट स्थान हांसिल गर्ने कम्तीमा पाँचजना सरकारी वकीलहरूलाई कानूनको उच्च शिक्षा अध्ययन गर्न तलब सहितको अध्ययन बिदा उपलव्ध गराउने गरिएको छ । यसैगरी सरकारी वकीलहरूको व्यावसायिक क्षमता अभिवृद्धि गर्न कानूनको उच्च शिक्षा (एलएल. एम.) तथा अन्य वैदेशिक अध्ययनको लागि मित्र राष्ट्रहरूमा छात्रवृत्तिको लागि संस्थागत प्रयास गरिएको छ । यस अनुरूप विगत वर्षदेखि केही सरकारी वकीलहरूले मित्र राष्ट्र भारतमा कानूनमा स्नातकोत्तर (एलएल. एम.) अध्ययन गरिरहेका छन् ।

DO NOT COPY
Property of OAG

सरकारी वकीलहरूको व्यावसायिक क्षमता अभिवृद्धि गर्न तथा विशिष्टीकृत गर्ने संस्थागत प्रयासहरू सीमित स्रोत साधन र न्यून जनशक्तिको कारणले संभव नभएकोले छात्रवृत्तिमा सरकारी वकीलहरूलाई कानूनको उच्च शिक्षा अध्ययन गराउन नसकिरहेको सन्दर्भमा निजी प्रयासमा अध्ययन गर्न चाहने सरकारी वकीलहरूलाई कार्यालयको काममा बाधा नपुग्ने गरी कानूनको स्नातकोत्तर अध्ययन अध्यापन हुने विश्वविद्यालयमा अध्ययन गर्न अनुमति प्रदान गरिने कार्यलाई लचिलो रूपमा अवलम्बन गरिएको छ। साथै विद्यावारिधीको उपाधी हाँसिल गर्न चाहने सरकारी वकीलहरूलाई पनि यस्तो अवसर उपलब्ध गराउँदै आइएको छ।

४. सम्पादित कार्यहरूको विवरण

महान्यायाधिवक्ताको कार्यालय र मातहतका पुनरावेदन तथा जिल्ला सरकारी वकील कार्यालयहरूबाट आर्थिक वर्ष २०६९/०७० मा संवैधानिक तथा कानूनी विषयमा दिएको राय सल्लाहको संख्या, मुद्दा तथा रिट निवेदनहरूमा बहस, पैरवी, प्रतिरक्षा एवं न्यायिक कार्यको सिलसिलामा सम्पादित कार्यहरूको कार्यालयगत तथा एकमुष्ठ लगत फछ्यौंट विवरणलाई तल उल्लेखित तालिकाहरूमा प्रस्तुत गरी विश्लेषण गरिएको छ।

४.१ संवैधानिक तथा कानूनी विषयमा दिएको राय सल्लाहको संख्या

महान्यायाधिवक्ताको कार्यालय, मातहतका पुनरावेदन तथा जिल्ला सरकारी वकील कार्यालयहरूबाट यस आर्थिक वर्षमा संवैधानिक तथा कानूनी विषयमा १७९ वटा राय माग गरेकोमा सबै राय सल्लाह प्रदान गरिएको छ। कार्यालयगत रूपमा संवैधानिक एवं कानूनी विषयमा राय सल्लाह माग भएको र दिएको संख्या देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ४

कार्यालयहरु	राय सल्लाह माग भएको संख्या	राय सल्लाह दिएको संख्या	बाँकी संख्या	कैफियत
महान्यायाधिवक्ताको कार्यालय	४६	४६	०	
पुनरावेदन सरकारी वकील कार्यालय	४१	४१	०	
जिल्ला सरकारी वकील कार्यालय	९२	९२	०	
जम्मा	१७९	१७९	०	

महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयबाट संवैधानिक एवं कानूनी विषयमा राय सल्लाह प्रदान गरेको विवरण।

४.२ सरकार वादी भई चलेका मुद्दा सम्बन्धी विवरण

नेपालको अन्तरिम संविधानको धारा १३५ को उपधारा (२) मा कुनै अदालत वा न्यायिक अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई हुने व्यवस्था गरेको छ। नेपालको अन्तरिम संविधानको धारा १३५ को उपधारा (६) मा महान्यायाधिवक्ताले उक्त धारा बमोजिम आफ्नो काम, कर्तव्य र अधिकार तोकिएको शर्तको अधीनमा रही प्रयोग र पालन गर्ने गरी मातहतका अधिकृतलाई सुम्पन सक्ने व्यवस्था छ। उक्त संवैधानिक प्रावधान बमोजिम महान्यायाधिवक्ताबाट मातहतका सरकारी वकीलहरूलाई मुद्दा चलाउने नचलाउने अधिकार सुम्पिए अनुसार जिल्ला सरकारी वकील कार्यालयमा कार्यरत सरकारी वकीलहरूले सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ र अनुसूची-२ मा उल्लेखित मुद्दा र नेपाल सरकारको तर्फबाट चलाइने अन्य मुद्दामा मुद्दा चल्ने वा नचल्ने सम्बन्धी निर्णय गर्ने गर्दछन्। सो अनुसार यस आर्थिक वर्षमा सरकार वादी भई चलेका मुद्दाहरूको संख्या १८,३०३ र प्रतिवादी संख्या ४४,३४३ रहेको छ। सो मध्ये अनुसूची भित्रका मुद्दा संख्या १६,६३६ र प्रतिवादी संख्या ४०,४२७ र अनुसूची बाहिरका मुद्दा संख्या १,६६७ र प्रतिवादी संख्या ३,९१६ रहेको देखिन्छ। यस सम्बन्धी विस्तृत विवरण **अनुसूची २२** मा समावेश गरिएको छ।

DO NOT COPY
Property of OAG

तालिका नं. ५

यस आर्थिक वर्षमा सरकार वादी भई चलेका मुद्दा संख्या

अनुसूची भित्रका मुद्दा

सि.नं.	मुद्दाको विषयगत विवरण	मुद्दा	प्रतिवादी
१	अपहरण	१५६	६०६
२	कुटपिट अंगभंग	७०	२८९
३	आगलागी	५२	१५१
४	आर्थिक	६३५	१०८६
५	करणी	१०३८	१३२९
६	किर्ते	१४०	३२५
७	चोरी	१२७२	२७९५
८	ज्यान	१४०३	४११४
९	देवानी	३२	५१
१०	नागरिकता	१११	४५२
११	प्रतिलिपि अधिकार	७	१२
१२	प्रविधि सम्बन्धी	४१	९५
१३	मानव बेचविखन	१६५	३७६
१४	राहदानी	२९	५१
१५	लागू औषध	१७५७	३१८९
१६	विवाह	३५६	७४९
१७	सवारी ज्यान	१८२७	२५२६
१८	सार्वजनिक अपराध	६८८२	१९६८५
१९	हात हतियार खरखजाना	२७३	७००
२०	विविध	३९०१	१८५८
	जम्मा	१६६३६	४०४२७

अनुसूची बाहिरका मुद्दा

सि.नं.	मुद्दाको विषयगत विवरण	मुद्दा	प्रतिवादी
१	अध्यागमन	२८३	२०९
२	उपभोक्ता संरक्षण	६	१०
३	औषधि	०	०
४	खाद्य ऐन अन्तर्गतका	११४	११६
५	गुणस्तर (प्रमाण चिन्ह)	४६	५२
६	नाप तौल सम्बन्धी	०	०
७	निर्वाचन सम्बन्धी	०	०
८	वैदेशिक रोजगार	२०३	२३७
९	राजश्व चुहावट	०	०
१०	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु	१४७	४६१
११	विदेशी विनिमय	४४	५९
१२	वन	७७९	२७०२
१३	विद्युत चोरी	१	१
१४	शिक्षा ऐन दफा १७(१)	२	३
१५	सम्पत्ति शुद्धीकरण	०	०
१६	सामाजिक सुधार ऐन	०	०
१७	स्वास्थ्य व्यवसायी परिषद्	०	०
१८	अन्य	४२	६६
	जम्मा	१६६७	३९१६

सरकार वादी भई चलेका अनुसूची भित्र/बाहिरका मुद्दाहरूको विषयगत विवरण ।

४.३ नेपाल सरकार वादी भई दायर भएका मुद्दा मामिलामा प्रतिरक्षा गरेको विवरण

महान्यायाधिवक्ताको कार्यालय, मातहतका पुनरावेदन तथा जिल्ला सरकारी वकील कार्यालयहरूबाट यस आर्थिक वर्षमा नेपाल सरकार वादी भई दायर भएका एवं गत सालबाट जिम्मेवारी सरी आएका मुद्दाहरूको कुल लगत ४२,६७६ थान मध्ये जम्मा १८,९१७ थान अर्थात ४४.३३ प्रतिशत मुद्दाहरू फछ्यौंट भएको देखिन्छ । फछ्यौंट भएका मुद्दाहरू मध्ये १४,१६२ थान अर्थात ७४.८६ प्रतिशत कसूर ठहर भएको र ४,६११ थान अर्थात २४.३७ प्रतिशत कसूरमा सफाइ भएको र १४४ थान अर्थात ०.७६ प्रतिशत मुद्दा मुल्तवी, मुद्दा फिर्ता वा अन्य तवरबाट फछ्यौंट भएको तथ्याङ्कबाट देखिन्छ । मुद्दाहरूको फछ्यौंट स्थितिलाई विश्लेषण गर्दा महान्यायाधिवक्ताको कार्यालयमा रहेका मुद्दाहरू मध्ये १५.२३ प्रतिशत, पुनरावेदन सरकारी वकील कार्यालयहरूमा रहेका मुद्दाहरू मध्ये ४८.४१ प्रतिशत र जिल्ला सरकारी वकील कार्यालयहरूमा रहेका मुद्दाहरू मध्ये ४५.३३ प्रतिशत मुद्दाहरू फछ्यौंट भएको देखिन्छ । फछ्यौंट भएका मुद्दाहरू मध्ये महान्यायाधिवक्ताको कार्यालयमा १८९ अर्थात ५४.४७ प्रतिशत, पुनरावेदन सरकारी वकील कार्यालयमा १,८०४ अर्थात ४४.६२ प्रतिशत, जिल्ला सरकारी वकील कार्यालयमा १२,१६९ अर्थात ८३.७७ प्रतिशत कसूर कायम भएको र सबै कार्यालयहरूको एकीकृत कसूर कायम भएको प्रतिशत ७४.८६ रहेको देखिन्छ ।

तालिका नं. ६

बहस पैरवी/प्रतिरक्षा		लगत			फछ्यौंट				बाँकी	कसूर ठहर प्रतिशत
		गतवर्षको	यसवर्षको	जम्मा	कसूर ठहर	सफाइ	अन्य	जम्मा		
महान्यायाधिवक्ताको कार्यालय	सर्वोच्च अदालत	१४००	६१३	२०१३	८८	१२२	८	२१८	१७९५	४०.३७
	विशेष अदालत	१४९	११८	२६७	१०१	२२	६	१२९	१३८	७८.२९
	जम्मा	१५४९	७३१	२२८०	१८९	१४४	१४	३४७	१९३३	५४.४७
पुनरावेदन सरकारी वकील कार्यालय		३३६८	४९८४	८३५२	१८०४	२२२७	१२	४०४३	४३०९	४४.६२
जिल्ला सरकारी वकील कार्यालय		१३७४१	१८३०३	३२०४४	१२१६९	२२४०	११८	१४५२७	१७५१७	८३.७७
कुल जम्मा		१८६५८	२४०१८	४२६७६	१४१६२	४६११	१४४	१८९१७	२३७५९	७४.८६

महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिएका सरकार वादी भई चलेका मुद्दा र कारबाहीको विवरण ।

DO NOT COPY
Property of OAG

४.४ नेपाल सरकार प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा प्रतिरक्षा गरेको विवरण

महान्यायाधिवक्ताको कार्यालय, मातहतका पुनरावेदन तथा जिल्ला सरकारी वकील कार्यालयहरूबाट यस आर्थिक वर्षमा नेपाल सरकार प्रतिवादी भई दायर भएका एवं गत सालबाट जिम्मेवारी सरी आएका मुद्दा तथा रिट निवेदनहरूको कुल लगत ७,८२० थान मध्ये ३,५९८ थान अर्थात ४६.०१ प्रतिशत फछ्यौंट भएको देखिन्छ । फछ्यौंट भएका मुद्दा, रिट निवेदनहरू मध्ये २,०९६ थान अर्थात ५८.२५ प्रतिशत रिट खारेज भएको र १,०८२ थान अर्थात ३०.०७ प्रतिशत कसूरमा सफाइ भएको र ४२० थान अर्थात ११.६७ प्रतिशत अन्य तवरबाट फछ्यौंट भएको तथ्याङ्कबाट देखिन्छ । मुद्दाहरूको फछ्यौंट स्थितिलाई विश्लेषण गर्दा फछ्यौंट भएका मुद्दा तथा निवेदनहरू मध्ये महान्यायाधिवक्ताको कार्यालयमा २२.८९ प्रतिशत, पुनरावेदन सरकारी वकील कार्यालयमा ७४.५६ प्रतिशत र जिल्ला सरकारी वकील कार्यालयमा ५४.४६ प्रतिशत मुद्दाहरू फछ्यौंट भएको देखिन्छ । फछ्यौंट भएका मुद्दा तथा रिट निवेदनहरू मध्ये महान्यायाधिवक्ताको कार्यालयमा ५१३ अर्थात ५४.४० प्रतिशत, पुनरावेदन सरकारी वकील कार्यालयमा १,३१६ अर्थात ५५.४३ प्रतिशत, जिल्ला सरकारी वकील कार्यालयमा २६७ अर्थात ९५.०२ प्रतिशत खारेज भएको र सबै कार्यालयहरूको एकीकृत रूपमा दावी खारेज भएको प्रतिशत ५८.२५ रहेको देखिन्छ ।

तालिका नं. ७

बहस पैरवी/प्रतिरक्षा		लगत			फछ्यौंट				बाँकी	रिट खारेज प्रतिशत
		गतवर्ष	यसवर्ष	जम्मा	खारेज	जारी	अन्य	जम्मा		
महान्यायाधिवक्ताको कार्यालय	प्रशासकीय अदालतमा	६	५७	२३	१६	४	०	२०	३	८०.००
	रिट निवेदनमा	२६६६	१४३१	४०९७	४९७	२५२	१७४	९२३	३१७४	५३.८५
जम्मा		२६७२	१४४८	४१२०	५१३	२५८	१७४	९४३	३१७७	५४.४०
पुनरावेदन सरकारी वकील कार्यालय		५६५	२६१९	३१८४	१३१६	८१३	२४५	२३७४	८१०	५५.४३
जिल्ला सरकारी वकील कार्यालय		१३३	३८४	५१६	२६७	१३	१	२८१	२३५	९५.०२
कुल जम्मा		३३६९	४४५१	७८२०	२०९६	१०८२	४२०	३५९८	४२२२	५८.२५

महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिएका रिट निवेदनको विवरण ।

४.५ अपराध सम्बन्धी विवरण

(क) आर्थिक वर्ष २०६९/७० मा नेपाल प्रहरीका कार्यालयहरूमा दर्ता भएका अनुसूची भित्रका अपराधहरूको तथ्यांक देहायको तालिकामा प्रस्तुत गरिएको छ । (स्रोतः नेपाल प्रहरी प्रधान कार्यालय)

तालिका नं. ८

आर्थिक वर्ष ०६९।७० को क्षेत्रगत अपराध तथ्यांक								
	अपराध शीर्षक	पूर्वाञ्चल	मध्यमाञ्चल	उपत्यका	पश्चिमाञ्चल	मध्यपश्चिमाञ्चल	सुदूरपश्चिमाञ्चल	जम्मा
ज्यान सम्बन्धी	खुन डाका	५	१	१				७
	कर्तव्य ज्यान	१८१	१६८	५८	१०२	११५	५५	६७९
	ज्यान मार्ने उद्योग	१४९	१४४	१०२	५७	७१	२८	५५१
	भवितव्य ज्यान	५०३	३९०	३५७	३६८	३१८	१२८	२०६४
	फुटकर ज्यान	३६	१८६	१९५	१८८	८२	७१	७५८
	गोबध	१६	२	१	१०	१		३०
	गर्भपतन	६	१४	१	२	३	२	२८
	जम्मा	८९६	९०५	७१५	७२७	५९०	२८४	४११७
आत्महत्या	विष खाएर	२५०	२८०	१०४	१९६	१८३	१३७	११५०
	आगो लगाएर	६	८	४	८	०	१	२७
	झुण्डिएर	५९७	४३२	२८४	६२४	४५५	२७३	२६६५
	हाम फालेर	१४	११	७	३०	६	२	७०
	करेन्ट लागेर		७					७
	औजारहतियार वाट	२	५	४	३	३	३	२०
	तातोपानी खन्याएर आत्म हत्या		१					१
	डुवेर	३	१४	१	१३	१	३	३५
	जम्मा	८७२	७५८	४०४	८७४	६४८	४१९	३९७५

DO NOT COPY Property of OAG

चोरी सम्बन्धी	डांका चोरी	२६	२५	२२	१२	२०	८	१२३
	रहजनी चोरी			४	४	१	३	१२
	नकवजनी चोरी	२	२	२७	११		९	५१
	जवरजस्ती चोरी	४	२	४४	७	२	४	६३
	साधारण चोरी	१६८	२०६	१७३	९८	६९	३८	७४२
	सवारी चोरी	१	२	३२	१	२		३८
	चौपाया चोरी	१०			१	१	१	१३
	जम्मा	२११	२३७	३०२	१३४	९५	६३	१०४२
संगठित तथा आर्थिक अपराध सम्बन्धी	जुवा	१५	३०	७८	३७	२२	६	१८८
	खोटा चलन	०	११	५	२	६		२४
	ठगी	७४	३९	२१४	३७	२३	१३	४००
	लागु औषध	३४६	६१६	२७७	४४१	१४२	२५	१८४७
	कालो बजार	४	१४	९	३	२		३२
	प्राचीन स्मारक	१	१	५		२		९
	चंदा संकलन सम्बन्धी	५	२	२	१	२	१	१३
	सरकारी छाप दस्तखत किर्ते	३२	२०	५६	१४	८	५	१३५
	राहदानी	१	१	१०				१२
	व्यक्ति अपहरण	२०	२७	२०	६	१३	२	८८
	हातहतियार तथा खरखजाना	७२	६९	३७	३८	४१	१४	२७१
	जम्मा	५७०	८३०	७१३	५७९	२९१	६६	३०१९
सामाजिक अपराध	केही सार्वजनिक अपराध	१३२०	९९६	२६३६	१४११	३७०	१८२	६९१५
	नागरिकता सम्बन्धी	३०	६०	८	९	१०	३	१२०
	कुटपिट अंगभग	१५	३२	३	३	५	२	६०
	आ.व.संरक्षण ऐन				१	१		२
	जातीय छुवाछुत	१	४		२	३	२	१२
	जम्मा	१३६६	१०९२	२६४७	१४२६	३८९	१८९	७१०९
महिला तथा बालबालिका सम्बन्धि अपराध	मानव वेचविखन (जि.मा.वे.)	३५	३४	२२	२६	२०	७	१४४
	बहुविवाह	१०५	५४	४६	७२	५२	२१	३५०
	बालविवाह	१	८	०	३	७		१९
	जवरजस्ती करणी	२१७	१२९	८९	१०५	९७	४०	६७७
	जवरजस्ती करणी उद्योग	७८	५४	२३	३२	३९	१९	२४५
	वोक्सिको आरोप	४	८		३	३		१८
	अप्राकृतिक मैथुन	३	२			४	२	११
	घरेलु हिंसा	१			२	१		४
	जम्मा	४४४	२८९	१८०	२४३	२२३	८९	१४६८
सवारी सम्बन्धी	सवारीबाट अङ्गभङ्ग	१६	९	१९	२	२	३	५१
	सवारी दुर्घटना	४०४	४०६	१६७	३७०	१८२	९८	१६२७
	जम्मा	४२०	४१५	१८६	३७२	१८४	१०१	१६७८
	आगलागी सम्बन्धी	१६	१४	२	११	२	१	४६
विविध	विष्फोटक पदार्थ	७	४	४		३		१८
	वम विस्फोटन				१	२		३
	बैंकिङ कसुर		५	२४	३			३२
	दुर संचार ऐन	२	८	७				१७
	परीक्षा अनियमितता	१५	६	९	१	४	२	३७
	विद्युतीय कसुर, साईवर अपराध	१	१	१६	१			१९
	अपहरण उद्योग	१०	४	१६	६	३		३९
	प्रहरी हिरासत वाट भागेको	१						१
	अन्य	३	४	१	२	१	१	१२
	विविध जम्मा	५५	४६	७९	२५	१५	४	२२४
कुल जम्मा		४८३४	४५७२	५२२६	४३८०	२४०५	१२१५	२२६३२

DO NOT COPY Property of OAG

(ख) आर्थिक वर्ष २०६९/७० मा नेपाल भरमा अनुसूची बाहिरका अपराधको तथ्यांक (जिल्ला सरकारी वकील कार्यालयबाट अभियोजन गर्ने वा नगर्ने गरी भएका निर्णयहरूको संख्या) देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ९

अपराध शिर्षक	पूर्वाञ्चल	मध्यमाञ्चल	पश्चिमाञ्चल	मध्यपश्चिमाञ्चल	सुदूरपश्चिमाञ्चल	जम्मा
अध्यागमन		२८३				२८३
उपभोक्ता संरक्षण		६				६
औषधि						०
खाद्य ऐन अन्तर्गतका	४७	२३	२	१२	३०	११४
गुणस्तर (प्रमाण चिन्ह)		५			४१	४६
नाप तौल सम्बन्धी						०
निर्वाचन सम्बन्धी						०
बैदेशिक रोजगार		२०३				२०३
राजश्व चुहावट						०
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु		९३		३८	१६	१४७
विदेशी विनिमय		३९	१	४		४४
वन	१४९	२२६	१५३	९९	१५२	७७९
विद्युत चोरी		१				१
शिक्षा ऐन दफा १७(१)	१		१			२
सम्पत्ति शुद्धीकरण						०
सामाजिक सुधार ऐन						०
स्वास्थ्य व्यवसायी परिषद्						०
अन्य	१५	४	१५	८		४२
जम्मा	२१२	८८३	१७२	१६१	२३९	१६६७

DO NOT COPY Property of OAG

४.६ महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरूबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दा, रिट तथा निवेदनहरूको विवरण

यस आर्थिक वर्षमा बहस पैरवी गरिएका मुद्दा तथा रिटहरूको एकमुष्ठ फछ्यौंट विवरणलाई गत वर्षको विवरणसँग तुलना गरी हेर्दा आर्थिक वर्ष २०६८/०६९ मा महान्यायाधिवक्ताको कार्यालयबाट सर्वोच्च अदालतमा बहस पैरवी तथा प्रतिरक्षा गरिएका १,४०० थान मुद्दाहरू मध्ये २१९ थान फछ्यौंट भएको र सो मध्ये ८१ थान अर्थात ३६.९९ प्रतिशत मुद्दामा कसूर कायम भएको थियो । यस आ.व.मा फछ्यौंट भएका २१८ थान मुद्दामा ८८ थान अर्थात ४०.३७ प्रतिशत मुद्दामा कसूर कायम भएको देखिन्छ । त्यस्तै रिट निवेदन तर्फ आर्थिक वर्ष २०६८/०६९ मा फछ्यौंट भएका रिट संख्या १,१६४ मध्ये ६८७ थान अर्थात ५९.०२ प्रतिशत रिट निवेदन खारेज भएको थियो । यस आ.व.मा ९२३ थान फछ्यौंट भएकोमा ४९७ थान अर्थात ५३.८५ प्रतिशत रिट निवेदन खारेज भएको देखिन्छ । यसैगरी अन्य निवदेनतर्फ आ.व. २०६८/०६९ मा जम्मा ५४३ थान निवेदन फछ्यौंट भएकोमा १४७ थान अर्थात २७.०७ निवेदन खारेज भएको थियो । यस आ.व. मा २६१ थान निवेदन फछ्यौंट भएकोमा ५० थान अर्थात १९.१६ प्रतिशत निवेदन खारेज भएको देखिन्छ । विशेष तथा प्रशासकीय अदालत तर्फ आर्थिक वर्ष २०६८/०६९ मा बहस पैरवी तथा प्रतिरक्षा गरी फछ्यौंट भएका मुद्दाहरू ९३ थान मध्ये ७१ थान अर्थात ७६.७१ प्रतिशत मुद्दामा कसूर वा दाबी कायम भएको थियो भने यस आ.व.मा फछ्यौंट भएका १४९ थान मध्ये ११७ थान अर्थात ७८.५२ प्रतिशत मुद्दामा कसूर वा दाबी कायम भएको देखिन्छ ।

पुनरावेदन सरकारी वकील कार्यालयहरूमा आर्थिक वर्ष २०६८/०६९ मा बहस पैरवी गरी फछ्यौंट भएका ३,५५४ थान मुद्दाहरू मध्ये १,५७१ थान अर्थात ४४.२० प्रतिशत मुद्दाहरूमा कसूर ठहर भएको

थियो । यस आ.व. मा फछ्यौंट भएका ४,०४३ थान मुद्दाहरू मध्ये १,८०४ थान अर्थात ४४.६२ प्रतिशत मुद्दाहरूमा कसूर ठहर भएको देखिन्छ । त्यस्तै रिट निवेदन तर्फ आर्थिक वर्ष २०६८/०६९ मा २,३६२ थान फछ्यौंट भएकोमा १,५५० थान अर्थात ६५.६२ प्रतिशत रिट निवेदनहरू खारेज भएको थियो । यस आ.व.मा जम्मा २,३७४ थान फछ्यौंट भएकोमा १,३१६ थान अर्थात ५५.४३ प्रतिशत रिट निवेदनहरू खारेज भएको देखिन्छ । यसैगरी अन्य निवदेनतर्फ आ.व. २०६८/०६९ मा१,६५७ थान फछ्यौंट भएकोमा १,०८८ थान अर्थात ६५.६६ प्रतिशत रिट निवेदनहरू खारेज भएका थियो । यस आ.व.मा जम्मा१,२६३ थान फछ्यौंट भएकोमा ८६४ थान अर्थात ६८.४१ प्रतिशत निवेदनहरू खारेज भएको देखिन्छ ।

जिल्ला सरकारी वकील कार्यालयहरूबाट जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय एवं अन्य निकायहरूमा आर्थिक वर्ष २०६८/०६९ मा बहस पैरवी र प्रतिरक्षा गरी फछ्यौंट भएका मुद्दाहरू १५,४८७ थान मध्ये १२,४०९ अर्थात ८०.१३ प्रतिशत मुद्दामा कसूर ठहर भएको तथा फछ्यौंट भएका १९७ थान रिट निवेदनहरूमा १७७ थान अर्थात ८९.८५ प्रतिशत निवेदनमा जिकिर कायम भएको थियो । यस आ.व.मा फछ्यौंट भएका मुद्दाहरू १४,५२७ थान मध्ये १२,१६९ अर्थात ८३.७७ प्रतिशत मुद्दामा कसूर ठहर भएको तथा फछ्यौंट भएका २८१ थान रिट निवेदनहरूमा २६७ थान अर्थात ९५.०२ प्रतिशत निवेदनमा जिकिर कायम भएको तथ्याङ्कबाट देखिन्छ ।

महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी एवं प्रतिरक्षा गरिएका मुद्दा तथा रिटहरू समेतको छुट्टाछुट्टै लगत, फछ्यौंट र बाँकीको सूचक



DO NOT COPY
Property of OAG

महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरूको विगत पाँच वर्षको लगतको विवरणलाई विश्लेषण गर्दा महान्यायाधिवक्ताको कार्यालयको लगत संख्यामा घटबढ भएको देखिन्छ भने पुनरावेदन सरकारी वकील कार्यालयहरू र जिल्ला सरकारी वकील कार्यालयहरूमा मुद्दाको लगत संख्यामा निरन्तर वृद्धि भएको देखिन्छ । यसैगरी विगत पाँच वर्षको लगत तथ्यांकलाई विश्लेषण गर्दा महान्यायाधिवक्ताको कार्यालयमा सबैभन्दा बढी लगत संख्या आ. व. २०६९/०७० मा लगत ७,९९२ रहेको देखिन्छ भने सबैभन्दा कम लगत आ. व. २०६५/०६६ मा ६,७१४ रहेको देखिन्छ । पुनरावेदन सरकारी वकील कार्यालयमा सबैभन्दा बढी लगत संख्या आ. व. २०६९/०७० मा १३,०६६ रहेको देखिन्छ भने सबैभन्दा कम लगत आ. व. २०६५/०६६ मा ५,२९५ रहेको देखिन्छ । साथै जिल्ला सरकारी वकील कार्यालयमा सबैभन्दा बढी लगत संख्या आ. व. २०६९/०७० मा ३२,५६० रहेको देखिन्छ भने सबैभन्दा कम लगत आ. व. २०६५/०६६ मा १८,९६५ रहेको देखिन्छ । सबै कार्यालयहरूको छुट्टाछुट्टै तुलनात्मक विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १०

कार्यालय	आर्थिक वर्ष	लगत			फछ्र्यौट				बाँकी	कसूर ठहर प्रतिशत
		गत वर्षको	यस वर्षको	जम्मा	कसूर ठहर, रिट खारेज	कसूर सफाई, रिट	अन्य	जम्मा		
महान्यायाधिवक्ता कार्यालय	२०६५/०६६	४७८२	१९३२	६७१४	१०२८	९३६	३	१९६७	४७४७	५२.२६
	२०६६/०६७	४७७३	२२३३	७००६	१०८९	१०१७	२४१	२३४७	४६५९	४६.४०
	२०६७/०६८	४८५१	२१८०	७०३१	१२०५	९५७	१२९५	३४५७	३५७४	३४.८६
	२०६८/०६९	३७१७	३१३४	६८५१	९८६	६६८	३६५	२०१९	४८३२	४८.८४
	२०६९/०७०	४८५५	३१३७	७९९२	७५२	६०९	१९०	१५५१	६४४१	४८.४८
पुनरावेदन सरकारी वकील	२०६५/०६६	१७१३	३५८२	५२९५	१३६५	१५५८	०	२९२३	२३७२	४६.७०
	२०६६/०६७	२२७२	५६११	७८८३	२१७२	२०७१	८२	४३२५	३५५८	५०.२२
	२०६७/०६८	३५२२	५६६३	९१८५	३१३१	२७६४	११६	६०११	३१७४	५२.०९
	२०६८/०६९	३१७५	८५६६	११७४१	४२०९	३२६२	१०२	७५७३	४१६८	५५.५८
	२०६९/०७०	४०७७	८९८९	१३०६६	३९८४	३४३९	२५७	७६८०	५३८६	५१.८८
जिल्ला सरकारी वकील कार्यालय	२०६५/०६६	९३१६	९६४९	१८९६५	७३२१	१६१५	१९	८९५५	१००१०	८१.७५
	२०६६/०६७	९६८२	११७९६	२१४७८	८५९४	१७९५	१५७	१०५४६	१०९३२	८१.४९
	२०६७/०६८	११४६०	१३२६०	२४७२०	१०२६९	२२८३	१३८	१२६९०	१२०३०	८०.९२
	२०६८/०६९	१२०५९	१७९७२	३००३१	१२५८६	२८६५	२३३	१५६८४	१४३४७	८०.२५
	२०६९/०७०	१३८७३	१८६८७	३२५६०	१२४३६	२२५३	११९	१४८०८	१७७५२	८३.९८
सबै कार्यालयहरुको	२०६५/०६६	१५८११	१५१६३	३०९७४	९७१४	४१०९	२२	१३८४५	१७१२९	७०.१६
	२०६६/०६७	१६७२७	१९६४०	३६३६७	११८५५	४८८३	४८०	१७२१८	१९१४९	६८.८५
	२०६७/०६८	१९८३३	२१५०३	४०९३६	१४६०५	६००४	१५४९	२२१५८	१८७७८	६५.९१
	२०६८/०६९	१८९५१	२९६७२	४८६२३	१७७८१	६७९५	७००	२५२७६	२३३४७	७०.३५
	२०६९/०७०	२२८०५	३०८१३	५३६१८	१७१७२	६३०१	५६६	२४०३९	२९५७९	७१.४३

विगत पाँच वर्षको मुद्दाहरूको एकमुष्ठ र तुलनात्मक विवरण ।

विगत पाँच वर्षको मुद्दा तथा रिटहरूको लगत तथा कारबाहीको एकीकृत सूचक



DO NOT COPY. Property of OAG

४.७ महान्यायाधिवक्तको कार्यालय तथा मातहतका कार्यालयहरूबाट सम्पादित मुद्दा तथा अन्य कार्यहरूको एकमुष्ठ विवरण

महान्यायाधिवक्ताको कार्यालय र मातहतका पुनरावेदन तथा जिल्ला सरकारी वकील कार्यालयहरूबाट यस आर्थिक वर्षमा सुरु मुद्दा दायरी, निवेदन दायरी, पुनरावेदन दायरी, मुद्दा मामिलामा निर्णय निकासा, बहस पैरवी, प्रतिरक्षा, निवेदन सम्बन्धी तथा कानूनी राय प्रदान गर्ने सम्बन्धमा सम्पादित कार्यहरूको

एकमुष्ठ जिम्मेवारी विवरणलाई हेर्दा अदालत तथा न्यायिक निकायहरूमा बहस पैरवी, प्रतिरक्षा गरिएका मुद्दाहरूको संख्या ४२,६९९ थान, रिट निवेदनहरू ७,७९७ थान र अन्य निवेदन सम्बन्धी ३,१२२ थान गरी जम्मा सम्पादित भएका मुद्दा, रिट र अन्य निवेदन समेतको कुल लगत संख्या ५३,६१८ थान, मुद्दा चलाउने नचलाउने निर्णय संख्या १८,५३१, पुनरावेदन, दोहोऱ्याउने निवेदन, अभियोगपत्र तथा फिराद मस्यौदा संख्या १९,२९५, मातहतका कार्यालयहरूबाट पुनरावेदन गर्ने नगर्ने, मुद्दा दोहोऱ्याई पाउन निवेदन गर्ने नगर्ने प्रस्तावित मिसिल कागजात अध्ययन गरी निर्णय एवं निकासा प्रदान गर्नु पर्ने संख्या ४,४६१ एवं तामेलीमा राख्ने सम्बन्धी सम्पादित काम संख्या १२,०८५ थान, पुनरावेदन वा दोहोऱ्याउने प्रस्ताव संख्या ८,४४५, बयान तथा बकपत्र गराएको संख्या ४४,९०९ कानूनी राय प्रदान गरेको संख्या १७९ गरी कुल जिम्मेवारी १,६१,५२३ थान रहेको तथ्याङ्कबाट देखिन्छ ।

तालिका नं. ११

कार्यालय	मुद्दा तथा रिट निवेदनको लगत				मुद्दा चल्ने नचल्ने निर्णय	पुनरावेदन/ दो.पा. निवेदन, अभियोगपत्र/ फिराद मस्यौदा	निकासा निर्णय सम्बन्धी	तामेली निर्णय	प्रस्ताव पेश	बयान/ बकपत्र गराएको संख्या	कानूनी राय	सम्पादित कार्यहरुको जम्मा
	मुद्दाहरु	रिटहरु	अन्य निवेदनहरु	कुल मुद्दाहरू								
म.न्या.का.	२३०३	४०९७	१५९२	७९९२	१०५	९६६	४४६१	०	०	०	४६	१३५७३
पु.स.व.का.	८३५२	३१८४	१५३०	१३०६६	९२	१६९०	०	६०७९	३६४४	४२	४१	२४६५४
जि.स.व.का.	३२०४४	५१६	०	३२५६०	१३३३४	१६६३६	०	६००६	४८०१	४४८६७	९२	१२३२९६
जम्मा	४२६९९	७७९७	३१२२	५३६१८	१८५३१	१९२९५	४४६१	१२०८५	८४४५	४४९०९	१७९	१६१५२३

महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरूबाट मुद्दा, रिट निवेदन, कानूनी राय, निर्णय निकासा तथा निवेदनको सम्पादित कार्य-विवरण ।

महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरूबाट सम्पादित कार्यहरूको एकमुष्ठ विवरण सम्बन्धी सूचक



माथि तालिकामा प्रस्तुत मुद्दा तथा अन्य कार्यहरूको लगत विवरणसँग सम्बन्धित कार्यालयमा रहेका सरकारी वकीलहरूको कुल दरबन्दी संख्याको अनुपातमा हेर्दा प्रति सरकारी वकील पर्न आउने कार्य-बोझ देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

DO NOT COPY Property of OAG

तालिका नं. १२

कार्यालय	सरकारी वकील संख्या	सम्पादित कार्य	प्रति सरकारी वकील कार्य बोझ	कैफियत
म. न्या. का.	२५	१३५७३	५४२.९२	
पु.स.व.का. - १६	८२	२४६५४	३००.६६	
जि.स.व.का. - ७५	१७८	१२३२९६	६९२.६७	
जम्मा	२८५	१६१५२३	५६६.७५	

नेपाल राज्यभित्रका विभिन्न तहका सरकारी वकील कार्यालयहरूका सरकारी वकीलहरूबाट सम्पादित कार्य र प्रति सरकारी वकीलको कार्य बोझ ।

आर्थिक वर्ष २०६९/०७० मा महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका पुनरावेदन सरकारी वकील कार्यालय तथा जिल्ला सरकारी वकील कार्यालयहरूबाट मुद्दा सम्बन्धमा भएको कामको कुल लगतमा कर्मचारीहरूको तलब तथा भत्तामा खर्च भएको एकमुष्ठ रकमलाई विभाजन गर्दा प्रति मुद्दामा तलब तथा भत्तामा खर्च भएको रकमको विवरण निम्न अनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तलिका नं. १३

कार्यालय	मुद्दा, रिटको तथा निवेदनको कुल लगत	तलब तथा भत्तामा खर्च भएको रकम रु.	प्रति मुद्दा खर्च रकम रु.	कैफियत
म. न्या. का.	७९९२	२२,४८८,४५०.००	२,८१३.८७	
पु.स.व.का. - १६	१३०६६	४३८,७४५,५१३.७२	३३,५७९.१८	
जि.स.व.का. - ७५	३२५६०	९१,५५६,९१६.४५	२,८११.९४	
जम्मा	**५३६१८**	**५५२,७९०,८८०.१७**	**१०,३०९.८०**	

नेपाल राज्यभित्रका विभिन्न सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी प्रतिरक्षा गरिएका मुद्दा तथा रिटको अनुपातमा प्रति मुद्दामा तलब र भत्तामा खर्च भएको रकम ।

यसैगरी यस आर्थिक वर्षमा मुद्दा र अन्य सम्पादित कार्यहरू समेतको लगतमा कर्मचारी तलब भत्ता लगायत कार्यालय सञ्चालनको लागि खर्च भएको सम्पूर्ण रकमलाई कार्यालयगत रूपमा विभाजन गर्दा प्रति सम्पादित कार्यमा खर्च भएको चालुतर्फको विनियोजित रकमको विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १४

कार्यालय	जम्मा सम्पादित कार्य	कुल खर्च रकम रु.	प्रति सम्पादित कार्यमा भएको खर्च अनुपात	कैफियत
म. न्या. का.	१३५७३	**४७९४१७८२.१५**	३,५३२.१४	
पु.स.व.का. - १६	२४६५४	**६८९५०३०१.९०**	२,७९६.७२	
जि.स.व.का. - ७५	१२३२९६	**१४३७७९८११.६५**	१,१६६.१४	
जम्मा	**१६१५२३**	**२६०६७१८९५.७०**	**१,६१३.८४**	

नेपाल राज्यभित्रका विभिन्न सरकारी वकील कार्यालयहरूमा मुद्दाको लगतको अनुपातमा सम्पादित कार्यमा भएको खर्चको विवरण ।

माथि विभिन्न तालिकाहरूमा उल्लेख भएका तथ्याङ्कहरूबाट सरकार पक्ष भएको वा वादी भएको मुद्दाहरूमा कसूर ठहर प्रतिशत अपेक्षाकृत रूपमा सन्तोषजनक रहेको देखिदैन । सरकारी मुद्दाको अनुसन्धानको जिम्मेवार निकाय प्रहरी रहेको वर्तमान संरचनाको कारण अपराध अनुसन्धानको कार्य प्राथमिकतामा पर्न सकेको छैन । अनुसन्धानमा स्तरीयता ल्याउन अनुसन्धान कार्यमा मात्र खटिने विशेषज्ञ तालिम प्राप्त प्रहरी इकाइको व्यवस्था गरी त्यहाँ कार्यरत जनशक्तिलाई अन्यत्र सरुवा नगर्ने व्यवस्था हुनु अत्यावश्यक देखिन्छ । त्यसैगरी सरकारी वकीलहरूलाई सेवा सम्बन्धी आधारभूत तालिम विना नै काममा लगाउनु पर्ने अवस्था रहेकोले कतिपय अवस्थामा अभियोजनमा कमजोरी हुन जानु, साक्षी संरक्षण सम्बन्धी कानूनी व्यवस्थाको अभाव, अदालती कारबाहीमा ढिलासुस्तीको कारण साक्षी

DO NOT COPY Property of OAG

उपस्थित गराउन कठिनाई रहनु र कतिपय कानूनमा रहेका अपर्याप्ततासे गर्दा सरकार वादी मुद्दामा कसूर ठहरको प्रतिशतमा वृद्धि हुन सकेको छैन । यस कुरालाई दृष्टिगत गरी महान्यायाधिवक्ताको कार्यालय अन्तर्गत अभियोजन प्रशिक्षण केन्द्रको स्थापना गरी सरकारी वकील तथा सहायक कर्मचारीहरूलाई प्रशिक्षण दिने कार्यको प्रारम्भ गरिएको छ ।

सरकार वादी मुद्दामा कसूर ठहर वा सफाइको कारणको सम्बन्धमा अपराधको प्रकृति, अनुसन्धान पद्धति, प्रचलित कानून एवं न्याय सम्पादन पद्धतिको सन्दर्भमा छुट्टाछुट्टै रूपमा अध्ययन गरेपछि मात्र भन्न सकिने अवस्था रहन्छ । सरकार वादी मुद्दाको सफलताको वर्तमान अवस्थामा सुधार ल्याउन अनुसन्धान एवं अभियोजन तथा विद्यमान कानूनमा गर्नुपर्ने सुधारका सम्बन्धमा प्रतिवेदनको परिच्छेद-५ मा संक्षेपमा विवेचना गरिएको छ । महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका पुनरावेदन एवं जिल्ला सरकारी वकील कार्यालयहरूको कार्यसम्पादन विवरण तथा कार्य प्रगति विवरणलाई यस पछिका छुट्टाछुट्टै परिच्छेदहरूमा विगत वर्षहरूको तथ्याङ्कसँग तुलना गरी मुद्दामा कसूर ठहर वा सफाइ भएको र रिट जारी वा खारेज भएको अवस्थालाई समेत प्रस्तुत गरिएको छ ।

५. महान्यायाधिवक्ताको कार्यालयबाट संस्थागत सुदृढीकरणको लागि भएका कार्यहरू

५.१ महान्यायाधिवक्ताको कार्यालयको पञ्चवर्षीय रणनीतिक योजना, २०६८/०६९-२०७२/०७३

फौजदारी न्याय प्रशासनमा सरकारी वकीलहरूलाई सुम्पिएको महत्वपूर्ण जिम्मेवारी प्रभावकारी रूपमा समयमै पूरा गरी न्याय प्रशासनलाई गतिशील तुल्याउन तथा कानूनको शासनको अवधारणालाई व्यवहारमा उतार्न महान्यायाधिवक्ताको कार्यालयको पञ्चवर्षीय रणनीतिक योजना, २०६८/०६९-२०७२/०७३ तर्जुमा गरी लागू गरिएको छ ।

महान्यायाधिवक्ताको कार्यालयले आफ्नो संस्थागत सुदृढीकरण गरी आफूले सम्पादन गर्ने कार्यहरू प्रभावकारी र परिणाममुखी बनाई संविधान तथा कानूनद्वारा सुम्पिएका जिम्मेवारी राज्य, समाज र नागरिकको अपेक्षा अनुसार प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरूको विद्यमान वस्तुस्थितिको विश्लेषण गरी सबल र कमजोर (Strength and Weakness) पक्षहरू तथा अवसर र चुनौतीहरू (Opportunity and Threat) को पहिचान गरी संस्थागत सुदृढीकरणका लागि पञ्चवर्षीय रणनीतिक योजनाको तर्जुमा गरिएको हो । यसमा समस्याहरूको पहिचान र सुधार गर्नुपर्ने क्षेत्रहरू तथा त्यसका लागि चालिनु पर्ने रणनीतिक कार्यहरूको पहिचान समेत गरिएको छ ।

महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरूलाई संविधान र कानूनद्वारा सुम्पिएका जिम्मेवारीलाई पूरा गर्न परिवर्तित समय र सन्दर्भ अनुसार जनताका अपेक्षा र संवैधानिक तथा कानूनी जिम्मेवारी अनुरूपको कार्य निश्चित समय सीमा भित्र सम्पादन गर्न रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको हो । पञ्चवर्षीय रणनीतिक योजना महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकीलहरूको व्यावसायिक दक्षता अभिवृद्धि, महान्यायाधिवक्ताको कार्यालय र मातहत सरकारी वकील कार्यालयहरूको संरचनात्मक एवं संस्थागत सुदृढीकरण, फौजदारी अनुसन्धान तथा अभियोजन प्रणालीको आधुनिकीकरण, सुशासन र मानव अधिकारको संरक्षण तथा भ्रष्टाचार निवारणका कार्यहरूप्रति लक्षित रहेको छ । रणनीतिक योजनामा महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयको परिदृष्य, परिलक्ष्य, तात्कालिक लक्ष्यहरू, आधारभूत मूल्यमान्यता तथा रणनीतिक कार्य योजना देहाय अनुसार तय गरिएको छ ।

परिदृष्य (Vision)

कानूनी शासनको सुनिश्चितता एवं मानव अधिकारको प्रवर्द्धनका लागि फौजदारी न्याय प्रशासनलाई स्वच्छ, निष्पक्ष एवं प्रभावकारी बनाई दण्डहीनताको अन्त्य, भरपर्दो अभियोजन प्रणालीको स्थापना, सुशासन, मानव अधिकारको संरक्षण र सामाजिक सुव्यवस्था सुदृढीकरण यस रणनीतिक कार्य योजनाको परिदृष्य हुनेछ ।

परिलक्ष्य (Mission)

DO NOT COPY
Property of OAG

संविधान, कानून र न्यायका मान्य सिद्धान्तका आधारमा स्वतन्त्र, स्वच्छ एवं निष्पक्ष अभियोजन प्रणालीको सुदृढीकरण गर्नु, फौजदारी न्यायको प्रभावकारी कार्यान्वयन गर्नु र सोका लागि सरकारको तर्फबाट भरपर्दो प्रतिनिधित्व गरी सेवा उपलब्ध गराउनु, राज्यको हक, हित एवं सरोकार निहित रहेका सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरूको कार्यान्वयन गराउनु र पीडित र हिरासतमा रहेका व्यक्तिप्रति मानवोचित व्यवहार सुनिश्चित गर्नु यस रणनीतिक कार्य योजनाका परिलक्ष्य हुनेछन् ।

तात्कालिक लक्ष्यहरू (Goals)

निम्न लक्ष्यहरूलाई यस रणनीतिक कार्य योजनाका तात्कालिक लक्ष्य निर्धारण गरिएको छ :

- महान्यायाधिवक्ताको कार्यालय एवं मातहतका सरकारी वकील कार्यालयहरूको व्यावसायिक कार्यदक्षता सुदृढ गरी प्रभावकारी बनाउनु ।
- संविधानबाट महान्यायाधिवक्तालाई प्रदान गरिएका कार्यादेशहरूको प्रभावकारी सम्पादनका लागि आवश्यक संयन्त्रहरू, पद्धतिहरू र प्रक्रियाहरूलाई चुस्त दुरुस्त एवं प्रभावकारी बनाउनु ।
- महान्यायाधिवक्ताको कार्यालय एवं मातहतका सरकारी वकील कार्यालयहरूमा संस्थागत सुदृढीकरणका लागि स्मरणका संयन्त्रहरू एवं पद्धतिहरूको निर्माण गर्नु ।
- फौजदारी न्यायको सन्दर्भमा गरिने अभियोजनलाई व्यावसायिक, स्वच्छ र निष्पक्ष बनाउन आवश्यक ज्ञान र सीपको विकास गर्नु ।
- फौजदारी न्यायको सन्दर्भमा हिरासतमा रहेका र अपराधहरूबाट पीडित व्यक्तिहरूको मानव अधिकारको संरक्षण गर्दै मानव अधिकार संरक्षणको संस्कृति विकास गर्नु, र
- राज्यका काम कारबाहीमा कानूनी शासनको पद्धतिलाई सुदृढ पार्नु ।

आधारभूत मूल्य मान्यताहरू

महान्यायाधिवक्ताको कार्यालय तथा यस मातहत सबै सरकारी वकील कार्यालयहरू र कार्यरत सबै कर्मचारीहरूले आ-आफनो कार्यसम्पादन गर्दा निम्न मूल्यमान्यताहरूलाई आधारभूत मूल्य एवं मान्यताका रूपमा ग्रहण गर्ने संस्कृतिको विकास गर्नेछन् ।

- दण्डहीनताको अन्त्यका लागि स्वतन्त्र एवं स्वच्छ र निष्पक्ष अभियोजन प्रति प्रतिबद्ध रहने ।
- समाजमा शान्ति, सुव्यवस्था र सुशासन कायम गरी मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्दै सार्वजनिक हितको प्रवर्द्धन गर्ने कार्यमा प्रतिबद्ध रहने ।
- जनताको जीउ, धन, समानता र स्वतन्त्रताको संरक्षण गरी सामाजिक सद्भाव विकास गर्न सो कार्यप्रति प्रतिबद्ध रहने ।
- संविधानले सुनिश्चित गरेको फौजदारी न्यायको हकप्रति प्रतिबद्ध रहँदै हिरासतमा रहेका व्यक्ति उपर मानवोचित व्यवहार गरे नगरेको अनुगमन गर्ने ।
- हिरासतमा रहेको व्यक्तिलाई कानून व्यवसायी तथा आफन्तसँग भेटघाटको व्यवस्था सहज गराउने ।
- वस्तुनिष्ठ एवं वैज्ञानिक अनुसन्धान र निष्पक्ष अभियोजनको प्रवर्द्धन गर्ने ।
- संविधान, कानूनको आधारमा व्यावसायिक मूल्य मान्यता अनुरूप राज्यको तर्फबाट प्रतिरक्षाको लागि बहस पैरवीको कार्य गर्ने ।
- व्यक्तिका हकप्रति संवेदनशील रही अभियोजन एवं प्रतिरक्षाका कार्य गर्ने ।
- नेपाल सरकार र नेपाल सरकारका निर्णयबाट सम्पादित काम कम विवादित बनाउन सरकारी वकीलहरूले सक्रिय कानूनी सल्लाहकारको भूमिका निर्वाह गर्दै आवश्यक कानूनी राय दिने ।
- नेपाल सरकारको हक हित सरोकार निहित रहेका विषयहरूमा सरकारका विभिन्न तहका निकायहरूमा सक्रिय कानूनी सल्लाहकारको रूपमा कार्य गर्ने एवं आवश्यक कानूनी राय दिने ।
- मुद्दा चलाउने वा नचलाउने सम्बन्धमा अन्तिम निर्णय गर्दा उच्च नैतिक आचरण एवं वस्तुनिष्ठ प्रमाणको आधारमा गर्ने ।
- सरकारी वकीलहरूको व्यावसायिक आचार संहिता, २०५८ प्रति प्रतिबद्ध भै कार्य गर्ने ।

DO NOT COPY Property of OAG

रणनीतिक कार्य योजनाहरू

महान्यायाधिवक्ताको कार्यालयको रणनीतिक योजना कार्यान्वयनका लागि देहायका कार्य योजना निर्धारण गरिएको छ :

१. संविधान एवं कानूनद्वारा प्रदत्त कार्यादेशको कार्यान्वयनको लागि जनशक्ति परिपूर्ति गर्ने,
२. नेपाल सरकारको हक हित एवं सरोकार निहित रहेका मुद्दा मामिलाको प्रभावकारी प्रतिरक्षा गर्ने,
३. महान्यायाधिवक्ताको कार्यालय एवं मातहतका सरकारी वकीललाई संविधान एवं कानूनद्वारा निर्धारित जिम्मेवारी, कर्तव्य एवं अधिकारको नेपाल सरकारका निकायमा जानकारी अभिवृद्धि गर्ने,
४. नेपाल सरकारका विभिन्न निकायले निर्णय गर्दा सरकारी वकीलको कानूनी सल्लाह लिनुपर्ने परिपाटीको विकास गर्ने,
५. फौजदारी अपराधको अनुसन्धान एवं अभियोजनको वैज्ञानिकीकरण गर्ने,
६. सरकारी वकीलको व्यावसायिक सेवा सुदृढीकरण गर्ने,
७. महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयको बीचमा व्यावसायिक सम्पर्क तथा अनुगमन गर्ने,
८. सेवा विशिष्टीकरण प्रशिक्षण,
९. भौतिक संरचना एवं आधुनिक प्रविधि,
१०. महान्यायाधिवक्ताको कार्यालय एवं मातहतका सरकारी वकील कार्यालयका कार्य सम्पादन व्यवस्थापन तथा अनुगमन,
११. सरकारी वकीलको सेवा शर्त सम्बन्धी ऐनको व्यवस्था,
१२. पुस्तकालय एवं अन्य आधारभूत आवश्यकताको परिपूर्ति,
१३. कार्य सम्पादनका लागि पर्याप्त बजेट,
१४. कार्य सम्पादन मूल्याङ्कन सम्बन्धमा,
१५. सहायकस्तरका कर्मचारीको कानूनी दक्षता अभिवृद्धि,
१६. कर्मचारी कल्याण एवं सुविधा,
१७. फौजदारी न्याय सुधारको लागि आवश्यक कानूनको तर्जुमा,
१८. स्वच्छ एवं निष्पक्ष न्यायका लागि अर्धन्यायिक निकायको सुदृढीकरण,
१९. सरोकारवाला निकायहरूसँग सम्बन्ध र समन्वय,
२०. महान्यायाधिवक्ताको कार्यालय, मातहतका सरकारी वकील कार्यालयहरू र सरकारी वकीलहरूको सुरक्षा, ।

यस योजना कार्यान्वयनका लागि योजना कार्यान्वयनको पहिलो आर्थिक वर्ष २०६८/०६९ मा रु. १,७६,७८,९४,६२०।-, दोस्रो आर्थिक वर्ष २०६९/०७० मा रु. १,१५,३७,१६,७५०।-, तेस्रो आर्थिक वर्ष २०७०/०७१ मा रु. १,१६,२६,१८,७५०।-, चौथो आर्थिक वर्ष २०७१/०७२ मा रु. १,०३,९२,७१,७५०।- र योजनाको अन्तिम आर्थिक वर्ष २०७२/०७३ मा रु. ५८,२४,७१,७५०।- गरी जम्मा रु. ५,७०,५९,७३,६२०।- अक्षरेपी पाँच अर्ब सत्तरी करोड उनन्साठी लाख त्रिहत्तर हजार छ सय बीस रूपैयाँ आर्थिक लागत लाग्ने प्रक्षेपण गरिएको छ ।

५.२ अन्य गतिविधि

(क) महान्यायाधिवक्ता र विभिन्न देशका राजदूतहरू बीच शिष्टाचार भेटवार्ता

१. मिति २०६९।१२।२३ गते शुक्रबार नेपालका महान्यायाधिवक्ता श्री द्रोणराज रेग्मी र चीनका महामहिम राजदूत Wu Chuntai का बीच महान्यायाधिवक्ताको कार्यालयमा शिष्टाचार भेटवार्ता भयो । उक्त अवसरमा दुई देशका फौजदारी न्याय प्रणालीको बारेमा छलफल भएको थियो ।

२. मिति २०७०।०२।१४ गते मंगलबार नेपालका महान्यायाधिवक्ता श्री द्रोणराज रेग्मी र Embassy of the Rusian Federal in Nepal का महामहिम राजदूत Surgey V. Velichkin बीच

DO NOT COPY Property of OAG

महान्यायाधिवक्ताको कार्यालयमा शिष्टाचार भेटवार्ता भयो । उक्त अवसरमा दुई देशका अभियोजन गर्ने निकायहरू बीच सहयोग आदानप्रदान गर्ने विषयमा छलफल भयो ।

३. मिति २०७०।०३।२८ गते शुक्रबार नेपालका महान्यायाधिवक्ता श्री द्रोणराज रेग्मी र बेलायतका महामहिम राजदूत Andy Sparkes CMG बीच महान्यायाधिवक्ताको कार्यालयमा शिष्टाचार भेटवार्ता भयो । उक्त अवसरमा नेपालको न्याय र कानूनी शासनको सुधारका क्षेत्रमा बेलायत सरकारले गरेको सहयोगका विषयमा छलफल भएको थियो ।

४. मिति २०७०।०४।०८ गते मंगलबार नेपालका महान्यायाधिवक्ता श्री द्रोणराज रेग्मी र Australian Embassy In Nepal का महामहिम राजदूत Glenn White बीच महान्यायाधिवक्ताको कार्यालयमा शिष्टाचार भेटवार्ता भयो । उक्त कार्यक्रममा The Australian Federal Police (AFP) Liaison Office का Counsellor Richard Hoses पनि सहभागी हुनुहुन्थ्यो । शिष्टाचार भेटवार्ताको क्रममा अष्ट्रेलिया र नेपाल बीचको सहयोगात्मक सम्बन्ध र फौजदारी न्यायिक प्रक्रियामा पारस्परिक कानूनी सहयोग (Mutual Legal Assistance) का विषयमा पनि छलफल भयो । यसैगरी नेपालका महान्यायाधिवक्ता श्री द्रोणराज रेग्मी र Australian Embassy In Nepal का महामहिम राजदूत Glenn White बीच मिति २०७०।०६।१६ गते महान्यायाधिवक्ताको कार्यालयमा शिष्टाचार भेटवार्ता भयो । उक्त कार्यक्रममा The Australian Federal Police (AFP) Liaison Office का Counsellor Richard Hoses पनि सहभागी हुनुहुन्थ्यो । शिष्टाचार भेटवार्ताको क्रममा फौजदारी मुद्दाको अनुसन्धान, थप अनुसन्धान र अभियोजनका बारेमा छलफल भएको थियो ।

५. मिति २०७०।०६।९ गते नेपालका महान्यायाधित्तवक्ता श्री द्रोणराज रेग्मी र संयुक्त राज्य अमेरिका स्थित University of New Haven को Forensic Science Department का Chief Professer Timothy Palmbach बीच महान्यायाधिवक्ताको कार्यालयमा शिष्टाचार भेटवार्ता भयो । उक्त अवसरमा अपराध अनुसन्धानका क्रममा भौतिक प्रमाण संकलन र यसको विश्वसनियताका लागि Forensic Science महत्वपूर्ण हुने भएकाले अपराध अनुसन्धान र अभियोजन पक्षले यस सम्बन्धी आधारभूत जानकारी राख्न आवश्यक हुने कुरामा प्रकाश पार्नु भयो । यसैगरी Professer Timothy ले महान्यायाधिवक्ताको कार्यालयमा सरकारी वकीलहरूलाई Forensic Science विषयमा एक घण्टाको प्रस्तुती समेत गर्नु भएको थियो ।

(ख) महान्यायाधिवक्ताबाट पुनरावेदन सरकारी वकील कार्यालयको भवन उद्घाटन

महान्यायाधिवक्ता श्री द्रोणराज रेग्मीले मिति २०७० मार्ग १६ गते आइतबारका दिन पुनरावेदन सरकारी वकील कार्यालय, बाग्लुङको नवनिर्मित भवन उद्घाटन गर्नु भएको थियो ।

(ग) विशेष सरकारी वकील कार्यालय, काठमाडौंको स्थापना

महान्यायाधिवक्ताको कार्यालय अन्तर्गत काठमाडौं उपत्यकामा रहने गरी विशेष सरकारी वकील कार्यालयको स्थापना गर्ने सम्बन्धी नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७०।०७।२५ को निर्णयबाट उक्त कार्यालय स्थापना भई कार्य सञ्चालन भएको छ ।

५.३ अध्ययन प्रतिवेदन

महान्यायाधिवक्ताको कार्यालयको संस्थागत विकास र सबै तहका सरकारी वकीलहरूको दक्षता अभिवृद्धि गर्न रणनीतिक कार्य योजना तयार गरी लागू समेत गरिएको छ । सरकारी वकीलहरूको दैनिक कार्यसम्पादनमा एकरूपता एवं सहजता ल्याउने उद्देश्यले सरकारी वकील दिग्दर्शन, २०६३ तयार गरी त्यसको कार्यान्वयन गरिएको छ । सरकारी वकीलहरू तथा महान्यायाधिवक्ताको कार्यालय अन्तर्गतका कर्मचारीहरूको व्यावसायिक दक्षता अभिवृद्धिको लागि कार्यसँग सम्बन्धित तालिमको व्यवस्था गर्न तालिम आवश्यकता पहिचान र तालिमको प्रारूप (Training Need Assessment and Training Module) तयार गर्ने कार्य सम्पन्न भई सकेको छ ।

DO NOT COPY
Property of OAG

महान्यायाधिवक्ताको कार्यालयको मातहतमा रहने गरी काठमाडौं उपत्यकामा विशेष सरकारी वकील कार्यालयको नयाँ संगठन संरचना निर्माणका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी प्रतिवेदन पेश गर्न महान्यायाधिवक्ताको कार्यालयको मिति २०७०/०५/०९ को निर्णयानुसार महान्यायाधिवक्ताको कार्यालयका सहन्यायाधिवक्ता श्री कृष्णजीवी घिमिरेको संयोजकत्वमा कार्यदल गठन गरेको र कार्यदल कार्यदलले आफ्नो अध्ययन प्रतिवेदन अनुसार महान्यायाधिवक्ताको कार्यालय अन्तर्गत काठमाडौं उपत्यकामा रहने गरी विशेष सरकारी वकील कार्यालयको स्थापना गर्ने सम्बन्धी नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७०।०७।२५ को निर्णयबाट कार्यालय स्थापना भएको छ । उक्त कार्यालयमा सहन्यायाधिवक्ता १, उपन्यायाधिवक्ता ९, शाखा अधिकृत ५, सूचना प्रविधि अधिकृत १, लेखापाल १, नायब सुब्बा ७, कम्प्युटर अपरेटर १ गरी २५ जनाको कर्मचारी रहने व्यवस्था गरिएको छ ।

यसैगरी महान्यायाधिवक्ताको कार्यालयको मिति २०६६/१२/३१ को निर्णयानुसार महान्यायाधिवक्ताको कार्यालयका सहन्यायाधिवक्ता श्री कृष्णप्रसाद पौडेलको संयोजकत्वमा महान्यायाधिवक्ताको कार्यालय र मातहतका पुनरावेदन तथा जिल्ला सरकारी वकील कार्यालयहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी प्रतिवेदन दिने कार्यादेश रहेको थियो । सो बमोजिम समितिले गरेको अध्ययन प्रतिवेदनले सिफारिस गरे अनुसार प्रथम चरण र द्वितीय चरण अन्तर्गत महान्यायाधिवक्ताको कार्यालयमा २२ जना, पुनरावेदन सरकारी वकील कार्यालय पाटनमा १० जना र जिल्ला सरकारी वकील कार्यालय काठमाडौंका लागि १३ जनाको दरबन्दी थप भएको मध्ये सहन्यायाधिवक्ता ३ जना, उपन्यायाधिवक्ता ६ जना, शाखा अधिकृत वा सो सरहका १३ पद र अन्य सहायक कर्मचारी गरी ४५ जनाको दरबन्दी स्वीकृत भएको, द्वितीय चरण अन्तर्गत कार्यान्वयन हुने दरबन्दी र सो अनुसारको संगठन संरचना नेपाल सरकार (मन्त्रिपरिषद्) कार्यालयको मिति २०६९/०९/०६ को निर्णयानुसार ७ वटा पुनरावेदन तथा २१ वटा जिल्ला सरकारी वकील कार्यालयहरूमा राजपत्रांकित तृतीय श्रेणीको शाखा अधिकृत देखि कार्यालय सहयोगीको ११९ पद थप भएको छ । यस चरणमा कार्यान्वयनका लागि गरिएको सिफारिस अनुसार पुनरावेदन सरकारी वकील कार्यालयहरू विराटनगर, राजविराज, जनकपुर, हेटौंडा, पोखरा, बुटवल र नेपालगञ्ज तथा जिल्ला सरकारी वकील कार्यालयहरू झापा, मोरङ्ग, सुनसरी, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, वारा, पर्सा, चितवन, भक्तपुर, ललितपुर, पोखरा, नवलपसारी, रूपन्देही, कपिलवस्तु, बाँके, कैलाली र कञ्चनपुरमा सरकारी वकील तथा कर्मचारीहरूको दरबन्दी वृद्धि भएको हो । यस चरणमा सहायक जिल्ला न्यायाधिवक्ता २९ जना, नायब सुब्बा १६ जना, कम्प्युटर अपरेटर २३ जना र कार्यालय सहयोगी ५१ जना गरी ११९ जना सरकारी वकील तथा कर्मचारीहरूको दरबन्दी थप भएको, यसैगरी उक्त प्रतिवेदनले तेस्रो तथा चौथो चरणमा कार्यान्वयन गर्ने गरी सिफारिस गरेका बाँकी पुनरावेदन तथा जिल्ला सरकारी वकील कार्यालयहरूमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७०/०३/१३ को निर्णयानुसार राजत्रांकित द्वितीय श्रेणीको जिल्ला न्यायाधिवक्ता ३० जना, राजत्रांकित तृतीय श्रेणीको शाखा अधिकृत १३ जना, नायब सुब्बा ५० जना, कम्प्युटर अपरेटर ५ जना, हलुका सवारी चालक १ जना, कार्यालय सहयोगी ५७ जना गरी १५६ जना सरकारी वकील तथा कर्मचारीहरूको दरबन्दी सिर्जना र सो अनुरूप संगठन संरचना कायम भई सकेको अवस्था छ ।

महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरू समेतको मुद्दा सम्बन्धी काम कारवाहीको विवरण, गतिविधि, महत्वपूर्ण निर्णयहरू, अध्ययन प्रतिवेदन, बहस नोट, पुनरावेदन तथा निवेदन र विभिन्न कार्यक्रम समेतको विवरण संकलन गरी महान्यायाधिवक्ताको कार्यालयबाट महान्यायाधिवक्ताको कार्यालयको बुलेटिन पूर्णाङ्क ८, वर्ष २ अंक २ देखि पूर्णाङ्क १२ वर्ष ३ अंक १ अंक प्रकाशित भएको छ । महान्यायाधिवक्ताको कार्यालय, कार्यरत सरकारी वकील, र कर्मचारीको क्षमता अभिवृद्धि तथा फौजदारी न्याय प्रणालीको सुदृढीकरण समेतको उद्देश्यले डानीडा ह्युगोको आर्थिक सहयोग र कानून अन्वेषण तथा स्रोत व्यवस्थापन केन्द्रको व्यवस्थापनमा संचालित Tackling impunity by strengthening the institutional and prosecutorial capacity of office of the Attorney General कार्यक्रम अन्तर्गत सरकारी वकील दिग्दर्शन, २०६३ को परिमार्जन र प्रकाशन, २० जिल्लाका हिरासत तथा कारागारमा मानव अधिकार अवस्थाको अनुगमन, १० जना ट्रेनी अफिसर नियुक्त गरी ६ महिना काम लगाउने, १०० जना राजपत्रअनंकित स्तरका सहायक कर्मचारीहरूलाई तालिम र सरकारी वकीलको क्षमता विकासका लागि ३९ वटा ल्यापटप उपलब्ध गराउने कार्य सम्पन्न भएका छन् ।

DO NOT COPY
Property of OAG

नेपालमा नागरिक सुरक्षा तथा कानुनी शासनको सवलीकरणका लागि काम गरिरहेको युनाइटेड स्टेट्स इन्स्तिच्यूट अफ पिस र महान्यायाधिवक्ताको कार्यालयको सहभागितमा अपराध अनुसन्धान र अभियोजनमा प्रभावकारीता ल्याउन सरकारी वकील, प्रहरी, अर्धन्यायिक निकायका अधिकारीहरू र प्रतिरक्षी कानून व्यवसायिहरू समेतलाई सहभागी गराई छलफल र अन्तरक्रिया कार्यक्रम पाल्पा, जनकपुर, धनगढी र काठमाडौंमा सम्पन्न गरिएका छन् । यसरी नै महान्यायाधिवक्ताको कार्यालय र अन्तर्गत कार्यालयमा कार्यरत सरकारी वकीलको क्षमता अभिवृद्धि तथा फौजदारी न्याय प्रणालीको सुदृढीकरण समेतको उद्देश्यले मानव बेचबिखनको विषयमा केन्द्रित रही द एशिया फाउण्डेशनको सहयोग र कानून अन्वेषण तथा स्रोत व्यवस्थापन केन्द्रको व्यवस्थापनमा यस कार्यालयबाट १२० जना सरकारी वकीललाई तालिम दिने कार्य आरम्भ भएको छ भने युनिसेफ र यु.यन.डि.पि.को सहयोगमा सरकारी वकीलको क्षमता विकासका कार्यक्रम सुरु भएका छन् ।

६. समन्वय समितिको गतिविधि

सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५ को नियम २२ मा सरकार वादी मुद्दाको अनुसन्धान, तहकिकात एवं अभियोजनमा संलग्न निकायहरूका बीचमा आवश्यकता अनुसार समन्वय कायम गरी उल्लेखित कार्यमा प्रभावकारिता ल्याउन देहाय बमोजिमको एक समन्वय समिति रहने व्यवस्था रहेको छ ।

(क) महान्यायाधिवक्ता	अध्यक्ष
(ख) सचिव, कानून तथा न्याय मन्त्रालय	सदस्य
(ग) सचिव, गृह मन्त्रालय	सदस्य
(घ) प्रहरी महानिरीक्षक	सदस्य
(ङ) महान्यायाधिवक्ताले तोकेको महान्यायाधिवक्ताको कार्यालयको नायब महान्यायाधिवक्ता	सदस्य सचिव

समन्वय समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्न सक्ने प्रावधान अनुरूप समितिले आफ्नो कार्यविधि पारित गरी कार्यान्वयनमा ल्याएको छ । समितिले आवश्यकता अनुसार अनुसन्धान तहकिकातसँग सम्बन्धित विभिन्न निकायका प्रमुखहरूलाई बैठकमा आमन्त्रण गर्न सक्ने व्यवस्था अनुसार आमन्त्रण गरी सरकार वादी मुद्दाको अनुसन्धान, तहकिकात एवं अभियोजनमा देखिएका व्यावहारिक समस्याहरू समाधान गर्ने प्रयास गर्दै आएको छ ।

समितिले विभिन्न समयमा बैठक बसी सरकार वादी मुद्दाको अनुसन्धान, तहकिकात एवं अभियोजन सम्बन्धमा आवश्यक निर्णयहरू गरी अपराध अनुसन्धानमा संलग्न निकायहरू विशेष गरी नेपाल प्रहरी र अभियोजनमा संलग्न मातहतका सरकारी वकीलहरूलाई आवश्यक निर्देशनहरू जारी गर्दै आएको छ । अपराध अनुसन्धान र अभियोजनको कार्यलाई प्रभावकारी बनाउन क्षेत्रीयस्तरमा समेत सरकारी वकील, प्रहरी एवं प्रशासनको बीचमा समन्वय कायम गर्ने संयन्त्रहरू विकास गरिएका छन् । समितिले अपराध अनुसन्धान तथा अभियोजनमा देखिएका त्रुटिहरू सुधार गर्ने उद्देश्यले जिम्मेवार पदाधिकारीको पहिचान गरी सचेत गराउन सम्बन्धित निकायलाई अनुरोध गर्ने गरेको छ । यसका अतिरिक्त अपराध अनुसन्धान सम्बन्धी कानूनमा परिमार्जन र नयाँ कानूनको निर्माण गर्न सम्बन्धित निकायहरूलाई अनुरोध गर्ने गरेको छ । यस आर्थिक वर्षमा मिति २०६९ पौष २२ गते र २०७० साल जेष्ठ २२ गते समन्वय समितिको बैठक बसेको थियो । समन्वय बैठकबाट अपराध अनुसन्धान, अभियोजन गर्ने पदाधिकारीलाई अपराध अनुसन्धान र अभियोजन सम्बन्धमा, साक्षीलाई बकपत्रका लागि उपस्थित गराउने, साक्षीलाई नियमानुसारको सुविधा उपलब्ध गराउने, जाहेरी दरखास्तको दर्ता सम्बन्धमा देखिएका समस्या र ती विषयमा सम्बन्धित निकायलाई विभिन्न निर्देशन दिने निर्णय भएको छ ।

DO NOT COPY
Property of OAG

परिच्छेद – दुई

महान्यायाधिवक्ताको कार्यालय

१. गठन

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३४ देखि १३७ सम्म महान्यायाधिवक्ता सम्बन्धी व्यवस्था गरिएको छ । संवैधानिक व्यवस्था अनुसार सर्वोच्च अदालतको न्यायाधीश हुन योग्यता पुगेको व्यक्तिलाई प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिबाट महान्यायाधिवक्ताको पदमा नियुक्ति गरिने व्यवस्था छ । नेपालको अन्तरिम संविधान, २०६३ ले अदालतका तीन तहहरू सर्वोच्च अदालत, पुनरावेदन अदालत र जिल्ला अदालत रहने व्यवस्था गरे अनुरूप अदालतको तहगत संरचनासँग मेल खाने गरी महान्यायाधिवक्ताको कार्यालय र सो अन्तर्गत सरकारी वकील कार्यालयहरूको संरचना कायम गरिएको छ । महान्यायाधिवक्ताको कार्यालय मातहतमा हाल १६ वटा पुनरावेदन सरकारी वकील कार्यालयहरू तथा ७५ जिल्लामा जिल्ला सरकारी वकील कार्यालयहरू रहेका छन् । मातहतका सबै सरकारी वकील कार्यालयहरूको मुकाम अदालत रहेका तत्तत् स्थानमा स्थापना गरिएको छ । विशेष अदालत र प्रशासकीय अदालत लगायतका न्यायिक निकायमा बहस पैरवी तथा प्रतिरक्षाको लागि हाल छुट्टै विशेष सरकारी वकील कार्यालय स्थापना भएको हुँदा सोही कार्यालयबाट कार्य सम्पन्न गरिने गरी व्यवस्था गरिएको छ । महान्यायाधिवक्ताको कार्यालय तथा सो अन्तर्गतका पुनरावेदन सरकारी वकील कार्यालयहरू, विशेष सरकारी वकील कार्यालय, काठमाडौं तथा जिल्ला सरकारी वकील कार्यालयहरूको संगठनात्मक तालिका **अनुसूची १** मा प्रस्तुत गरिएको छ । यसैगरी अख्तियार दुरूपयोग अनुसन्धान आयोग, निर्वाचन आयोग, आन्तरिक राजश्व विभाग, राजश्व अनुसन्धान विभाग, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, अध्यागमन विभाग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, विभिन्न जिल्ला प्रशासन कार्यालयहरू र ठूला करदाता कार्यालय लगायतका निकायहरूमा सरकारी वकीलहरू कार्यरत रही व्यावसायिक सेवा प्रदान गर्दै आएका छन् । नेपाल सरकारबाट विभिन्न समयमा न्यायिक जाँचबुझ, छानबिन तथा अनुसन्धानका लागि गठन हुने विभिन्न आयोग, समिति, कार्यदलमा सरकारी वकीलहरू अध्यक्ष वा सदस्यको रूपमा तोकिई जिम्मेवारी बहन गर्नुपर्ने तथा त्यस्ता आयोग, समिति, कार्यदलमा सहयोग पुऱ्याउन अन्य सरकारी वकीलहरू र कर्मचारीहरू पनि सम्लग्न रहँदै आएका छन् ।

२. महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार

नेपालको अन्तरिम संविधान, २०६३, सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९, सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५ तथा सरकारी वकील सम्बन्धी नियमावली, २०५५ मा भएको संवैधानिक एवं कानूनी व्यवस्था अनुरूप महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार देहायबमोजिम रहेको छ :

१. संवैधानिक एवं कानूनी विषयमा नेपाल सरकार र नेपाल सरकारले तोकिदिएको अन्य अधिकारीलाई कानूनी राय सल्लाह प्रदान गर्ने ।

२. नेपाल सरकारको हक, हित र सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा निजको मातहतका अधिकृतहरूबाट नेपाल सरकारको प्रतिनिधित्व गर्ने ।

३. संविधानमा अन्यथा लेखिएदेखि बाहेक कुनै अदालत वा न्यायिक अधिकारीका समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने ।

४. नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा नेपाल सरकारको तर्फबाट प्रतिरक्षा गर्ने ।

५. आफ्नो पदीय कर्तव्यको पालना गर्दा महान्यायाधिवक्तालाई नेपालको जुनसुकै अदालत, कार्यालय र पदाधिकारी समक्ष उपस्थित हुने अधिकार रहने ।

६. मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने गराउने ।

DO NOT COPY
Property of OAG

७. हिरासतमा रहेको व्यक्तिलाई मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा छानवीन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने ।

८. संसदको कुनै पनि सदन वा त्यसको कुनै समितिको बैठकमा वा संसदको संयुक्त अधिवेशनमा उपस्थित भई कुनै कानूनी प्रश्नको सम्बन्धमा राय व्यक्त गर्ने ।

९. संविधान र अन्य कानून बमोजिम आफूले वर्ष भरिमा सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्ने ।

१०. नेपाल सरकारलाई सरोकार पर्ने वा कुनै जटिल कानूनी प्रश्न समावेश भएको वा सार्वजनिक महत्व भएको मुद्दामा सर्वोच्च अदालतमा नेपाल सरकार वा नेपाल सरकारको कर्मचारीको तर्फबाट उपस्थित भई बहस पैरवी गर्ने ।

११. संविधानको व्याख्या सम्बन्धी वा अन्य कुनै जटिल कानूनी प्रश्न समावेश भएको वा सार्वजनिक महत्वको प्रश्न निहित रहेको मुद्दामा सर्वोच्च अदालतमा उपस्थित भई बहस पैरवी गर्ने ।

१२. अदालतबाट भएका आदेश वा फैसलाहरूको प्रभावकारी कार्यान्वयन गर्न गराउन उपयुक्त देखेमा सम्बन्धित मन्त्रालय, सचिवालय, विभाग वा कार्यालयलाई ध्यानाकर्षण गराउने ।

१३. प्रचलित कानूनको कार्यान्वयनको क्रममा कुनै कठिनाई आई परेमा वा कुनै विषयमा तत्काल कानून बनाउनु पर्ने वा भइरहेको कानून संशोधन गर्न वा बन्दिरहेको कानून लागू गर्नुपर्ने देखिएमा कारण खुलाई नेपाल सरकार समक्ष सिफारिस गर्ने ।

१४. नेपाल सरकार वादी हुने मुद्दाको अनुसन्धान प्रकृया अपर्याप्त भएको वा अनुसन्धानमा कुनै खास तरिका वा विधि अपनाउनु पर्ने वा अनुसन्धान सम्बन्धमा अन्य निर्देशन दिन उपयुक्त देखेमा अनुसन्धान तहकिकात गर्ने अधिकारीको विभागीय प्रमुखलाई आवश्यक निर्देशन दिने ।

१५. मुद्दाको सिलसिलामा वा कानूनी रायको लागि प्राप्त भएका कागजात अध्ययन गर्दा कुनै निकायको मुख्य भई काम गर्ने व्यक्ति वा अधिकारीले कानून उल्लंघन गरेको वा हेलचक्रयाई वा बदनियतसाथ काम गरेको कारणबाट नेपाल सरकारलाई हानि नोक्सानी पुगेको वा सार्वजनिक हितमा असर परेको वा सर्वसाधारणमा क्षति पुऱ्याउने वा हैरानी दिने काम भएको देखेमा सो व्यहोरा उल्लेख गरी विभागीय कारबाहीका लागि सम्बन्धित अख्तियारवाला समक्ष पठाई दिने ।

१६. कुनै गम्भीर वा सार्वजनिक महत्वको वा नेपाल सरकारलाई सरोकार पर्ने कुनै मुद्दामा तोकिएको सरकारी वकीलको अतिरिक्त अन्य सरकारी वकील खटाई मुद्दाको अभियोजन एवं बहस पैरवी गर्नु आवश्यक छ भन्ने लागेमा सो बमोजिम गर्न कुनै सरकारी वकीललाई खटाउन सक्ने ।

१७. कुनै न्यायिक वा अर्ध न्यायिक निकायबाट भएको निर्णय वा आदेशबाट नेपाल सरकारको हक, हित वा सार्वजनिक हितमा असर पर्ने रहेछ र त्यस्तो निर्णय वा आदेश विरुद्ध मुद्दा दायर गर्न, पुनरावेदन गर्न, मुद्दा दोहोऱ्याई पाउन निवेदन गर्न, पुनरावलोकनको निवेदन दिन कानूनले कुनै अधिकारी तोकिएको रहेनछ भने महान्यायाधिवक्ता आफैले वा निजले तोकेको सरकारी वकीलले त्यस्तो निर्णय वा आदेश विरुद्ध कानून बमोजिम सम्बन्धित निकायमा उजुर गर्न सक्ने ।

१८. कानून बमोजिम गठित संस्था वा निकायले गरेको कुनै निर्णय वा काम कारबाहीबाट संविधान वा प्रचलित कानूनको उल्लङ्घन वा सार्वजनिक हित प्रतिकूल भएको छ भन्ने लागेमा र त्यस्तो निर्णय वा काम कारबाही विरुद्ध उजुर गर्न कानूनले कुनै अधिकारी तोकिएको रहेनछ भने महान्यायाधिवक्ता आफैले वा निजले तोकेको सरकारी वकीलले त्यस्तो निर्णय वा काम कारबाही विरुद्ध कानून बमोजिम सम्बन्धित निकायमा उजुर गर्ने ।

DO NOT COPY
Property of OAG

३. महान्यायाधिवक्ताको भूमिका

नेपालको अन्तरिम संविधान, २०६३, सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ र सरकारी वकील सम्बन्धी नियमावली, २०५५ ले निर्धारण गरेको काम, कर्तव्य तथा अधिकारका अतिरिक्त महान्यायाधिवक्ताको भूमिका तथा पदीय जिम्मेवारीहरू देहाय बमोजिम रहेका छन् :

१. **न्याय सेवा आयोगको सदस्य :** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११४ ले न्याय सेवाका राजपत्राङ्कित पदमा नियुक्ति, सरूवा, बढुवा (नयाँ भर्नाद्वारा स्थायी नियुक्ति गर्दा र राजपत्र अनङ्कितबाट राजपत्राङ्कित पदमा बढुवा गर्दा बाहेक) वा विभागीय सजाय गर्दा नेपाल सरकारले न्याय सेवा आयोगको सिफारिस अनुसार गर्नुपर्ने व्यवस्था गरेको छ । प्रधान न्यायाधीशको अध्यक्षतामा महान्यायाधिवक्ता समेत सदस्य रहने गरी न्याय सेवा आयोगको गठन हुने व्यवस्था संविधानले गरेको छ । वर्तमान न्याय सेवाको संरचनामा न्याय सेवालाई न्याय समूह, सरकारी वकील समूह र कानून समूह गरी तीन समूहमा विभाजन गरिएको भए पनि सबै समूहका राजपत्राङ्कित कर्मचारीहरूको नियुक्ति, सरूवा, बढुवा तथा विभागीय कारबाही गर्ने सम्बन्धमा न्याय सेवा आयोगको सदस्यको रूपमा महान्यायाधिवक्ताको समेत महत्वपूर्ण भूमिका रहेको छ ।

२. **नेपाल कानून व्यवसायी परिषद्को अध्यक्ष :** नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० को दफा ४ ले महान्यायाधिवक्ताको अध्यक्षतामा नेपाल कानून व्यवसायी परिषद्को गठन सम्बन्धी व्यवस्था गरेको छ । परिषद्ले परीक्षाद्वारा छनौट भएका योग्य व्यक्तिलाई कानून व्यवसायीमा दर्ता गर्ने र प्रमाण-पत्र दिने, कानून व्यवसायीले तोकिएको व्यावसायिक आचरण पालन गरे नगरेको अनुगमन गर्ने, कानून व्यवसायीले आचरण विरुद्ध गरेको कार्य सम्बन्धी उजुरी सुन्ने र कारबाहीका लागि अनुशासन समिति मार्फत कारबाही गरी प्रमाणपत्र रद्द गर्ने लगायतका कार्य गर्दछ ।

३. **नेपाल नोटरी पब्लिक परिषद्को अध्यक्ष :** नोटरी पब्लिक सम्बन्धी ऐन, २०६३ को दफा ५ ले महान्यायाधिवक्ताको अध्यक्षतामा नेपाल नोटरी पब्लिक परिषद्को गठनको व्यवस्था गरेको छ । परिषद्ले नोटरी पब्लिक सम्बन्धमा अबलम्बन गर्नुपर्ने नीति तर्जुमा गरी कार्यान्वयन गर्ने, परीक्षा सञ्चालन गर्ने, नोटरी पब्लिकको प्रमाणपत्र दिने, आचारसंहिता बमोजिम काम गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने र कारबाहीका लागि अनुशासन समितिमार्फत कारबाही गरी प्रमाणपत्र रद्द गर्ने लगायतका कार्य गर्दछ ।

४. **केन्द्रीय कानूनी सहायता समितिको सदस्य** : नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४ को उपधारा (१०) ले असमर्थ पक्षलाई कानूनमा व्यवस्था भए बमोजिम निःशुल्क कानूनी सेवा पाउने हक हुने व्यवस्था गरेको छ । कानूनी सहायता सम्बन्धी ऐन, २०५४ को दफा ६ ले माननीय कानून तथा न्याय मन्त्रीको अध्यक्षतामा पाँच सदस्यीय केन्द्रीय कानूनी सहायता समिति गठन हुने र सो समितिमा महान्यायाधिवक्ता पदेन सदस्य रहने व्यवस्था गरेको छ । असमर्थ पक्षको तर्फबाट कानूनी सहायता सम्बन्धी व्यवस्था गर्ने कार्यमा महान्यायाधिवक्ताको समेत महत्वपूर्ण भूमिका रहने व्यवस्था छ । जिल्लास्तरसम्म यस किसिमको सहायता प्रदान गर्ने सम्बन्धमा पुनरावेदन अदालत तथा जिल्ला अदालत रहेको स्थानमा क्रमशः पुनरावेदन सरकारी वकील कार्यालयका सह-न्यायाधिवक्ता र जिल्ला सरकारी वकील कार्यालयका जिल्ला न्यायाधिवक्ताको अध्यक्षतामा जिल्ला कानूनी सहायता समिति गठन गर्ने व्यवस्था उक्त ऐनको दफा ७ ले गरेको छ ।

५. **न्याय परिषद् अन्तर्गतको समन्वय समितिको सदस्य** : नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११३ मा न्यायाधीशहरूको नियुक्ति, सरूवा, अनुशासन सम्बन्धी कारबाही, बर्खासी र न्याय प्रशासन सम्बन्धी अन्य कुराहरूको सिफारिस गर्न वा परामर्श दिन प्रधान न्यायाधीशको अध्यक्षतामा न्याय परिषद्को गठन सम्बन्धी व्यवस्था छ । न्याय परिषद्ले संविधान बमोजिम गर्ने कार्यहरूका अतिरिक्त अन्य अधिकार र कर्तव्य कानूनद्वारा व्यवस्थित गरिने संवैधानिक व्यवस्था भए अनुसार न्याय परिषद् नियमावली, २०५६ को नियम १८ ले संविधान बमोजिम

DO NOT COPY
Property of OAG

न्यायाधीश हुन योग्यता पुगेका नेपाल न्याय सेवाका अधिकृत कर्मचारी एवं सेवा बाहिरका कानून व्यवसायी तथा प्राध्यापनमा संलग्न कानूनविद्को प्राप्त विवरण एवं सूचना सम्बन्धमा आवश्यक छानविन गरी निजहरू तथा सम्बन्धित निकायहरूसँग समन्वय समेत गर्न न्याय परिषद्ले तोकेको परिषद्को सदस्यको अध्यक्षतामा गठित समन्वय समितिमा महान्यायाधिवक्ता सदस्य रहने व्यवस्था गरेको छ ।

६. **समन्वय समितिको अध्यक्ष** : सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५ को नियम २२ ले नेपाल सरकार वादी हुने फौजदारी मुद्दाहरूको तहकिकात एवं अभियोजनमा संलग्न निकायहरू बीच समन्वय कायम गरी पारस्परिक सहयोग र समझदारीबाट अपराध तहकिकात तथा अभियोजन कार्य प्रभावकारी रूपले हुन सकोस् भन्ने उद्देश्यबाट महान्यायाधिवक्ताको अध्यक्षतामा गृह सचिव, कानून सचिव तथा प्रहरी महानिरीक्षक समेत सदस्य रहेको समन्वय समिति गठन गर्ने व्यवस्था गरेको छ ।

७. **राष्ट्रिय नागरिक उड्डयन सुरक्षा समितिको सदस्य** : नेपाल सरकारले नागरिक उड्डयनलाई पूर्ण सुरक्षित गराउने प्रयोजनको निम्ति गैर सैनिक हवाई उडान (सिभिल एभिएशन) ऐन, २०१५ को दफा ३ अनुसार निर्माण गरेको हवाई सुरक्षा (व्यवस्था) नियमावली, २०४६ को परिच्छेद २ नियम २ को उपनियम १ मा माननीय पर्यटन मन्त्री वा राज्य मन्त्रीको अध्यक्षतामा गठित राष्ट्रिय नागरिक उड्डयन सुरक्षा समितिमा महान्यायाधिवक्ता पदेन सदस्य रहने व्यवस्था गरिएको छ ।

८. **राष्ट्रिय न्यायिक प्रतिष्ठान परिषद्को सदस्य** : न्यायिक निकायमा कार्यरत न्यायाधीश, कर्मचारी तथा कानून व्यवसायीको कार्य क्षमता र व्यावसायिक दक्षतामा अभिवृद्धि गर्न तथा कानून र न्यायको क्षेत्रमा अध्ययन तथा अनुसन्धान गर्न राष्ट्रिय न्यायिक प्रतिष्ठानको स्थापना भएको र सो प्रतिष्ठानको परिषद्को सदस्यको रूपमा महान्यायाधिवक्ता सदस्य रहने व्यवस्था राष्ट्रिय न्यायिक प्रतिष्ठान ऐन, २०६३ को दफा ६ को खण्ड (ङ) मा गरिएको छ ।

९. **अपराध अनुसन्धान तथा अभियोजन पद्धतिको सुधारमा महान्यायाधिवक्ताको भूमिका** : वैज्ञानिक पद्धतिको अनुसरण गरी अनुसन्धानमा प्रभावकारिता तथा अभियोजनमा एकरूपता एवं गुणस्तर कायम गर्नको निमित्त अनुसन्धान अधिकारी र अभियोजनकर्ताको दक्षता अभिवृद्धि गराई फौजदारी न्याय प्रणालीमा प्रभावकारिता ल्याउन आवश्यक छ । त्यसको लागि वर्तमान अनुसन्धान तथा अभियोजन पद्धति, मौजुदा कानूनहरूको स्थिति, कार्यविधिमा रहेको जटिलता, विभिन्न निकायहरूसँग गरिनुपर्ने समन्वयको आवश्यकता पहिचान गरी सुधार प्रारम्भ गरिएको छ ।

४. महान्यायाधिवक्ताको कार्यालय अन्तर्गतका विभाग, महाशाखा तथा शाखाहरूको गठन र कार्य विभाजन

महान्यायाधिवक्ताको कार्यालयबाट सर्वोच्च अदालत समक्ष पुनरावेदन, पुनरावलोकन वा मुद्दा दोहोऱ्याई पाउन निवेदन लगायत अन्य निवेदन गर्ने, नेपाल सरकारको तर्फबाट बहस पैरवी र प्रतिरक्षा गर्ने तथा नेपाल सरकार वा नेपाल सरकारले तोकिदिएको अन्य अधिकारीलाई कानूनी राय परामर्श उपलब्ध गराउने, पुनरावेदन तथा जिल्लास्तरका कार्यालयहरूबाट मुद्दा मामिलामा सम्पादित कार्यहरूको प्रशासकीय रेखदेख, निरीक्षण, निर्देशन तथा नियन्त्रण गर्ने र अनुसन्धान तथा अनुगमन गर्ने र दैनिक प्रशासनिक कार्यहरू सञ्चालन गर्न देहाय बमोजिम विभाग, महाशाखा तथा शाखाहरू गठन गरी कार्य विभाजन समेत गरिएको छ । महान्यायाधिवक्ताको कार्यालयको संगठनात्मक संरचना **अनुसूची-१.२** मा प्रस्तुत गरिएको छ ।

(क) महान्यायाधिवक्ताको कार्यालयमा देहाय बमोजिमका विभागहरू रहेकाछन् :

१. **मुद्दा तथा बहस पैरवी व्यवस्थापन विभाग** : यस विभागबाट मातहत सरकारी वकील कार्यालयबाट मुद्दा नचलाउने गरी प्राप्त फाइलहरूमा निकासा दिने, मुद्दा चलाउने नचलाउने सम्बन्धी निकासा वा निर्णयमा एकरूपता कायम गर्ने, मुद्दा तथा रिट निवेदनहरूमा प्रभावकारी

DO NOT COPY Property of OAG

रूपमा बहस पैरवी गर्न चाल्नुपर्ने सामयिक कदमबारे आवश्यकतानुसार नीतिगत व्यवस्था र व्यावहारिक उपायको तर्जुमा गरी सुझाव दिने, बहस पैरवी र प्रतिरक्षाको व्यवस्थापन गर्ने, पेशी र सुनुवाइको सूचना व्यवस्थित गर्ने, मातहतका सरकारी वकीललाई अभियोजन सम्बन्धमा निकासा दिने, अभियोजनको स्तर निर्धारणका लागि निर्देशिकाको तर्जुमा गर्ने एवं त्यसको कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र परिमार्जन गर्ने तथा अदालतमा सरकारी वकीलले दायर गरेका अभियोगपत्र महान्यायाधिवक्ताको कार्यालयमा प्राप्त हुने व्यवस्था गरी त्यसको अध्ययन विश्लेषण गरी सुधारका लागि सम्बन्धित सरकारी वकीललाई सुझाव दिने, सर्वोच्च अदालतमा पुनरावेदन, पुनरावलोकन र निवेदन दर्ता गर्ने तथा मातहत सरकारी वकील कार्यालयबाट निकासाका लागि प्राप्त भएको मुद्दामा निकासा सम्बन्धी कार्य गर्ने, लिखित जवाफ, बहसनोट पेश गर्ने र त्यसको अभिलेख गर्ने, महत्वपूर्ण फैसलाहरूको संकलन गरी सबै सरकारी वकीललाई जानकारी गराउने, सर्वोच्च अदालतमा दर्ता भएका नेपाल सरकार वादी भएका मुद्दा वा नेपाल सरकारको हकहित समावेश भएको रिटको दर्ता, फैसला, फैसला प्राप्त मिति, फैसलाको संक्षिप्त व्यहोरा लगायत अन्य आवश्यक कुराहरूको अभिलेखीकरण गर्ने, मुद्दाको वर्गीकरण गरी विभिन्न विभागबाट के कुन वर्गीकरणका मुद्दाको बहस पैरवी गर्ने भन्ने निर्णयका लागि महान्यायाधिवक्ता समक्ष पेश गर्ने र तदनुरूप प्राप्त मुद्दा तथा रिट सम्बन्धी फाइल सम्बन्धित विभागमा पठाउने, मुद्दा र बहस व्यवस्थापन सम्बन्धमा अन्तरविभाग समन्वय र सम्पर्क कायम गर्ने, मुद्दा र बहस व्यवस्थापनसँग सम्बन्धित विषयमा सुधारका लागि महान्यायाधिवक्ता समक्ष सिफारिस र सुझाव दिने आदि कार्य सम्पादन गरिन्छ ।

२. **योजना, अनुसन्धान, अनुगमन तथा मानव अधिकार विभाग :** यस विभागबाट सरकारी वकील कार्यालयको संस्थागत विकास र सरकारी वकीलको व्यावसायिक दक्षता विकासका लागि अध्ययन, अनुसन्धान गर्ने, सरकारी वकीलको दक्षता अभिवृद्धिका लागि सेवा विशिष्टीकरण र पुनर्ताजगी लगायत विभिन्न प्रशिक्षण कार्यक्रमको पाठ्यक्रम निर्माण गर्ने, मुद्दामा अनुसन्धान गर्ने अनुसन्धानकर्तालाई प्रशिक्षण दिने प्रयोजनका लागि प्रहरी प्रधान कार्यालयसँग समन्वय गरी पाठ्यक्रम तर्जुमा गर्ने, सरकारी वकीलको सेवा विशिष्टीकरण र पुनर्ताजगी प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने, नेपाल सरकारको हक हित सरोकार निहित रहेको मुद्दामा अन्तर्राष्ट्रियस्तरमा महान्यायाधिवक्ताको कार्यालयले प्रतिनिधित्व गर्ने, नेपाल सरकारका विरुद्ध अन्तर्राष्ट्रिय संस्थामा परेका मुद्दा मामिलाको प्रतिरक्षा गर्ने वा गराउने प्रणालीको विकास गर्ने तथा अन्तर्राष्ट्रिय कानून र अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार सम्बन्धी कार्य गर्ने, सरकारी वकील कार्यालयको जग्गा, भवन, स्रोत साधन, सवारी साधन आदिको अवस्था र सुधारको आवश्यकता तथा सरकारी वकीलको कार्यसम्पादनको स्तर सम्बन्धमा सम्बन्धित विभागमा जानकारी दिने, अभियोजनको परिणामको मूल्याङ्कन गरी त्यसमा सुधार गर्ने चाल्नुपर्ने कदम बारे अध्ययन, अनुसन्धान र नीति निर्माण सम्बन्धी कार्य गर्ने, संस्थागत र व्यावसायिक दक्षता विकासका लागि दातृ निकायसँग सम्पर्क, छलफल र तत्सम्बन्धमा कार्यक्रम तथा प्रस्ताव तयार गरी सहयोग प्राप्त गर्ने विषयमा कार्य गर्ने, महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन तयार गर्ने, समन्वय समितिको बैठक बोलाउने, सञ्चालन गर्ने र निर्णयहरू कार्यान्वयन सम्बन्धी अन्य व्यवस्थापन गर्ने, सरकारी वकीलहरूको क्षेत्रीय र केन्द्रीय अनुशिक्षण गोष्ठीको कार्यक्रम तर्जुमा र सञ्चालन गर्ने, हिरासतमा रहेको व्यक्तिलाई मानवोचित व्यवहार गरे नगरेको सम्बन्धमा छानविन, अनुगमन गर्ने र आवश्यक निर्देशन दिने, सर्वोच्च अदालतबाट भएका अन्तिम निर्णय वा आदेशहरू तथा कानूनको व्याख्या वा प्रतिपादित कानूनी सिद्धान्तको कार्यान्वयन भए, नभएको सम्बन्धमा अनुगमन गर्ने, संस्थागत विकासका लागि रणनीतिक योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन तथा परिमार्जन सम्बन्धी कार्य गर्ने, सरोकारवाला निकायहरूसँग समन्वय गरी मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्ने आदि कार्य सम्पादन गरिन्छ ।

३. **कार्यालय तथा जनशक्ति व्यवस्थापन विभाग :** यस विभागबाट महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयको मानव संशाधन योजना निर्माण गर्ने, महान्यायाधिवक्ताको कार्यालय र अन्तर्गतका कार्यालयको संगठन तथा व्यवस्थापन सम्बन्धी कार्य गर्ने, आर्थिक व्यवस्थापन सम्बन्धी कार्य गर्ने, सरकारी वकीलहरू तथा अन्य

DO NOT COPY. Property of OAG

कर्मचारीहरूको सरुवा बढुवा, स्वदेश तथा विदेशमा सञ्चालन हुने अध्ययन, भ्रमण, तालिम, गोष्ठी, सेमिनार आदिमा मनोनयन लगायत कर्मचारी व्यवस्थापन सम्बन्धी कार्य गर्ने, भौतिक सम्पत्तिको व्यवस्थापन र संरक्षण सम्बन्धी कार्य गर्ने, महान्यायाधिवक्ताको कार्यालयको प्रवक्ता तथा नोडल अधिकृत सम्बन्धी कार्य गर्ने, सरकारी वकील तथा अन्य कर्मचारी विरुद्ध पर्ने उजुरी उपरको कारबाही तथा कर्मचारीहरूको गुनासो व्यवस्थापन सम्बन्धी कार्य गर्ने, न्याय सेवा आयोग सम्बन्धी काम गर्ने, सरकारी वकील र कर्मचारीको अभिलेख व्यवस्थापन सम्बन्धी कार्य गर्ने आदि कार्य सम्पादन गरिन्छ ।

४. **कानूनी राय परामर्श तथा सुशासन सुझाव विभाग :** यस विभागबाट संवैधानिक एवं कानूनी विषयमा राय परामर्श प्रदान गर्ने, नेपाल सरकार र नेपाल सरकारका विभिन्न निकायमा सुशासन कायम राख्ने सम्बन्धी काम कारबाहीको अध्ययन, अनुगमन गर्ने, कानूनमा सुधार गर्नुपर्ने भएमा नेपाल सरकार समक्ष सुझाव प्रस्तुत गर्ने, सुशासन अभिवृद्धि, पारदर्शिता र जनताले पाउनुपर्ने सेवा सुविधाको प्रत्याभूतिका लागि नेपाल सरकार र नेपाल सरकारका निकायहरूलाई सुझाव दिने, कानूनी राय तथा सुशासनका विषयमा नेपाल सरकारका निकाय वा पदाधिकारीहरूसँग छलफल, अन्तर्क्रिया र गोष्ठी आदि कार्यक्रमको व्यवस्थापन र सञ्चालन गर्ने, कानूनी रायको अभिलेखीकरण व्यवस्थित गर्ने जस्ता कार्यहरू सम्पादन गरिन्छ ।

(ख) महाशाखा तथा शाखाहरूको गठन

विज्ञान र प्रविधिको विकाससँगै घट्न थालिका नयाँ किसिमका अपराधहरू र अपराधीको अपराध गर्ने शैलीमा आएको परिवर्तन, विश्व व्यापार संगठनमा नेपालको प्रवेशसँगै सरकारी वकीलको व्यावसायीकरण र विशेषज्ञताको अभिवृद्धि गर्नुपर्ने आवश्यकता, विशेष प्रकृतिका मुद्दाहरूको विस्तारले सरकारी वकीलको जिम्मेवारी बढाएको र नयाँ समस्याको सामना गर्न सरकारी वकीलहरूमा दक्षता र व्यावसायिकताको विकास गर्न आवश्यक भएको छ । कुनै निश्चित विषयसँग सम्बन्धित मुद्दा वा कानूनी विवादहरूको सन्दर्भमा विशिष्टीकृत ज्ञान र अभ्यासको आवश्यकता महसुस गर्दै नेपाल सरकार वादी हुने फौजदारी मुद्दाहरू तथा नेपाल सरकारलाई विपक्षी बनाई दायर भएका मुद्दा तथा रिटहरूमा व्यावसायिक विशिष्टीकरण अनुरूप बहस पैरवी एवं प्रतिरक्षाको व्यवस्था गर्न मुद्दाको विषयगत प्रकृति अनुसार महान्यायाधिवक्ताको कार्यालयमा विशिष्टीकृत रूपमा संवैधानिक तथा फौजदारी मुद्दा महाशाखा, राजश्व, भ्रष्टाचार तथा फौजदारी मुद्दा महाशाखा, भूमि सम्बन्धी तथा फौजदारी मुद्दा महाशाखा, कर्मचारी, वन तथा फौजदारी मुद्दा महाशाखा गठन भई सोही अनुरूप कार्य सम्पादन हुँदै आएको छ । प्रत्येक महाशाखामा सम्बन्धित विषयमा भएको ज्ञान, योग्यता, रुची र अनुभवको आधारमा एक जना नायब महान्यायाधिवक्ता र आवश्यकता अनुसार सहन्यायाधिवक्ता, उपन्यायाधिवक्ता तथा अन्य कर्मचारीहरू रहने व्यवस्था गरिएको छ । यस बाहेक कार्यालय व्यवस्थापन तथा सञ्चालन र संस्थागत सुदृढीकरण समेतका लागि अन्य महाशाखा तथा शाखाहरू समेतको गठन गरिएको छ ।

५. महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादित कामको विवरण

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३५ एवं सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ र सरकारी वकील सम्बन्धी नियमावली, २०५५ ले प्रदान गरेको अधिकार प्रयोग गरी महान्यायाधिवक्ता र मातहतका सरकारी वकीलहरूबाट नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेका मुद्दामा नेपाल सरकारको प्रतिनिधिको रूपमा सम्बन्धित अड्डा अदालत समक्ष उपस्थित भई बहस पैरवी र प्रतिरक्षा गर्ने कार्य गरिन्छ । महान्यायाधिवक्ता नेपाल सरकारको मुख्य कानूनी सल्लाहकार समेत भएको हुँदा नेपाल सरकारको केन्द्रीयस्तरको विभिन्न निकायहरूलाई दिइने कानूनी राय सल्लाह एवं प्रस्तावित कानून मस्यौदाका सम्बन्धमा परामर्श दिने समेतका कार्यहरू महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादित हुँदै आएका छन् । महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादन हुने कार्यको प्रकृतिलाई मूल रूपमा निम्न अनुसार वर्गीकरण गर्न सकिन्छ :

१. मुद्दा तथा रिट निवेदन सम्बन्धी कार्यहरू,

२. कानूनी राय सल्लाह तथा परामर्श सम्बन्धी कार्यहरू,

DO NOT COPY Property of OAG

३. निरीक्षण, निर्देशन सम्बन्धी कार्यहरू,

४. प्रशासनिक रेखदेख तथा नियन्त्रण सम्बन्धी कार्यहरू

५. सर्वोच्च अदालतबाट भएका फैसला कार्यान्वयनको अनुगमन सम्बन्धी कार्यहरू,

५.१ मुद्दा सम्बन्धी कार्य

महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादन हुने मुद्दा सम्बन्धी कार्यहरू निम्नानुसार छन्:

(क) मुद्दामा बहस पैरवी एवं रिट निवेदन उपर प्रतिरक्षा सम्बन्धी कार्य

(ख) पुनरावेदन सम्बन्धी कार्य

(ग) मुद्दा दोहोऱ्याउने तथा पुनरावलोकन सम्बन्धी कार्य

(घ) अनुमतिका निवेदनमा बहस पैरवी

(ङ) मुद्दा चलाउने तथा नचलाउने सम्बन्धी निर्णयमा निकासा दिने कार्य

(च) सरकार वादी मुद्दा फिर्ता लिने वा मिलापत्र गर्ने सम्बन्धी कार्य

(क) मुद्दामा बहस पैरवी एवं रिट निवेदन उपर प्रतिरक्षा सम्बन्धी कार्य

नेपालको अन्तरिम संविधानको धारा १३५ एवं सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ तथा सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५ ले प्रदान गरेको अधिकारको प्रयोग गरी महान्यायाधिवक्ता तथा अन्य सरकारी वकीलहरू मार्फत सर्वोच्च अदालतमा नेपाल सरकारको तर्फबाट वा प्रतिवादी तर्फबाट दायर गरिएका नेपाल सरकारको हक हित वा सरोकार रहेको पुनरावेदन, पुनरावलोकन र रिट निवेदन लगायतका सबै प्रकारका निवेदनहरूमा बहस पैरवी एवं प्रतिरक्षा गर्ने गरिएको छ। यसरी बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दा, रिट तथा निवेदनहरूको छुट्टाछुट्टै विश्लेषण देहाय बमोजिम गरिएको छ :

१.मुद्दामा बहस पैरवी : सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ र २ मा उल्लेखित मुद्दाहरू एवं प्रचलित अन्य कानून बमोजिम नेपाल सरकार वादी हुने मुद्दाहरूमा महान्यायाधिवक्ताको कार्यालयका सरकारी वकीलहरूबाट यस आर्थिक वर्षमा सर्वोच्च अदालतमा बहस पैरवी गरेका मुद्दाहरूको लगत संख्या २,०१३ मध्ये २१८ मुद्दा फछ्यौंट भएको मध्ये ८८ मुद्दामा कसूर कायम भएको देखिन्छ। साथै विशेष अदालत तथा प्रशासकीय अदालतमा यस आर्थिक वर्षमा सरकारी वकीलबाट बहस पैरवी गरिएका २९० लगत मुद्दाहरू मध्ये १४९ मुद्दा फछ्यौंट भएकोमा ११७ थान मुद्दामा कसूर कायम तथा दाबी बमोजिम ठहर भएको देखिन्छ। सर्वोच्च अदालत, विशेष तथा प्रशासकीय अदालत समेतमा बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दाको जम्मा लगत २,३०३ मध्ये ३६७ अर्थात १५.९४ प्रतिशत मुद्दाहरू फछ्यौंट भएको देखिन्छ भने आर्थिक वर्ष २०६७/०६८ मा ५५.१४ प्रतिशत र २०६८/०६९ मा १६.७६ प्रतिशत प्रतिशत मुद्दाहरू फछ्यौंट भएको देखिन्छ। फछ्यौंट भएका मुद्दाहरू मध्ये २०६७/०६८ मा ४२४ थान अर्थात २८.५३ प्रतिशत, आ.व. २०६८/०६९ मा १५२ थान अर्थात ४८.७२ प्रतिशत र यस आर्थिक वर्षमा २०५ थान अर्थात ५५.८६ प्रतिशत कसूर ठहर भएको देखिन्छ। यस आर्थिक वर्षको मुद्दाको फछ्यौंट विवरणलाई विगत दुई आर्थिक वर्षको तथ्याङ्कसँग तुलनात्मक विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. १५

आर्थिक वर्ष	लगत			फछ्यौंट				बाँकी	कसूर ठहर प्रतिशत
	गत वर्षको	यस वर्षको	जम्मा	कसूर ठहर भएको	सफाइ भएको	अन्य	जम्मा		
२०६७/०६८	१८०५	८९०	२६९५	४२४	३९८	६६४	१४८६	१२०९	२८.५३
२०६८/०६९	११६४	७०३	१८६७	१५२	१२९	३१	३१२	१५५५	४८.७२
२०६९/०७०	१५५५	७४८	२३०३	२०५	१४८	१४	३६७	१९३६	५५.८६

महान्यायाधिवक्ताको कार्यालयबाट बहस पैरवी गरिएका मुद्दाहरूको तुलनात्मक विवरण।

DO NOT COPY Property of OAG

यस आर्थिक वर्षमा महान्यायाधिवक्ताको कार्यालयबाट अदालत समक्ष उपस्थित भई बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दाहरूको विषयगत लगत तथा फछ्यौंट र बाँकीको एकीकृत तथ्याङ्कलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १६

सि.नं.	मुद्दाको नाम	लगत मुद्दा			फछ्यौंट				बाँकी
		गत वर्षको	यस वर्षको	जम्मा	कसूर ठहर तथा दावी कायम	सफाई तथा दावी नपुग्ने	मुल्तवी, अन्य	जम्मा	
१	अपहरण	८	१६	२४	०	०	०	०	२४
२	अंगभंग (कुटपिट र सवारी समेत)	१३	५	१८	१	१	०	२	१६
३	आगलागी	११	०	११	०	०	०	०	११
४	आर्थिक	१९२	१६१	३५३	२३	१५	७	४५	३०८
५	करणी	११२	३१	१४३	७	१२	०	१९	१२४
६	किर्ते	३१	८	३९	३	४	०	७	३२
७	चोरी	१०८	१६	१२४	२	१२	०	१४	११०
८	ज्यान	४२०	१५३	५७३	१४	४५	०	५९	५१४
९	देवानी	११०	१३	१२३	२	०	०	२	१२१
१०	नागरिकता/राहदानी	२६	६	३२	२	४	०	६	२६
११	प्रतिलिपि अधिकार	५	०	५	०	०	०	०	५
१२	प्रविधि सम्बन्धी	२	१	३	०	०	०	०	३
१३	बैदेशिक रोजगार	४१	२२	६३	१	२	०	३	६०
१४	मानव बेचविखन	५२	२६	७८	४	८	०	१२	६६
१५	लागू औषध	८४	२४	१०८	२	८	०	१०	९८
१६	वन	३६	१०	४६	४	३	०	७	३९
१७	विवाह	२०	६	२६	१	१	०	२	२४
१८	सार्वजनिक अपराध	७	१	८	१	०	०	१	७
१९	हात हतियार	३७	६	४३	२	४	०	६	३७
२०	विविध	८५	१०८	१९३	१९	३	१	२३	१७०
२१	विशेष अदालततर्फ	१४९	११८	२६७	१०१	२२	६	१२९	१३८
२२	प्रशासकीय अदालततर्फ	६	१७	२३	१६	४	०	२०	३
	जम्मा	१५५५	७४८	२३०३	२०५	१४८	१४	३६७	१९३६

महान्यायाधिवक्ताको कार्यालयबाट बहस पैरवी गरिएका मुद्दाहरूको विषयगत विवरण ।

प्रस्तुत तालिकामा उल्लेख भए अनुसार महान्यायाधिवक्ताको कार्यालयबाट सर्वोच्च अदालतमा यस आर्थिक वर्षमा बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दाहरूको जम्मा लगत मुद्दा संख्या २,०१३ मध्ये कसूर ठहर वा दाबी कायम भएका मुद्दा संख्या ८८ र सफाइ वा दाबी नपुगेका मुद्दा संख्या १२२ एवं अन्य तवरले (मुल्तवी, तामेली, अन्य आदि) फछ्यौंट भएका मुद्दा संख्या ८ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या २१८ र बाँकी रहेका मुद्दा संख्या १,७९५ रहेको देखिन्छ । यसैगरी विशेष तथा प्रशासकीय अदालत तर्फको लगत मुद्दा संख्या २९० मध्ये कसूर ठहर वा दाबी कायम भएका मुद्दा संख्या ११७ र सफाइ वा दाबी नपुगेका मुद्दा संख्या २६ तथा अन्य तवरले फछ्यौंट भएका ६ गरी जम्मा मुद्दा फछ्यौंट संख्या १४९ भई १४१ मुद्दा बाँकी रहेको देखिन्छ ।

मुद्दाहरूको विषयगत वर्गीकृत विवरण र कारबाहीको स्थितिको छुट्टाछुट्टै विश्लेषण गरी हेर्दा अपहरण मुद्दाको जम्मा लगत संख्या २४ मध्ये कुनै पनि मुद्दा फछ्यौंट नभएको देखिन्छ ।

DO NOT COPY Property of OAG

अंगभंग (कुटपिट र सवारीबाट) मुद्दाको जम्मा लगत संख्या १८ मध्ये कसूर ठहर भएका मुद्दा संख्या १, सफाइ भएका मुद्दा संख्या १ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या २ भई बाँकी रहेका मुद्दा संख्या १६ रहेको देखिन्छ । आगलागी मुद्दाको जम्मा लगत संख्या ११ मध्ये कुनै पनि मुद्दा फछ्यौंट नभएको देखिन्छ । आर्थिक (खोटा चलन, चन्दा, चिट्ठा, ठगी, बैकिङ्ग कसूर, भ्रष्टाचार, विदेशी मुद्रा र आर्थिक अपराधसँग सम्बन्धित अन्य) मुद्दाको जम्मा लगत संख्या ३५३ मध्ये कसूर ठहर भएका मुद्दा संख्या २३, सफाइ भएका मुद्दा संख्या १५ र अन्य ७ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या ४५ र भई बाँकी रहेका मुद्दा संख्या ३०८ रहेको देखिन्छ ।

करणी (जबर्जस्ती करणी र जबर्जस्ती करणी उद्योग) मुद्दाको जम्मा लगत संख्या १४३ मध्ये कसूर ठहर भएका मुद्दा संख्या ७, सफाइ भएका मुद्दा संख्या १२ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या १९ भई बाँकी रहेका मुद्दा संख्या १२४ रहेको देखिन्छ । किर्ते मुद्दाको जम्मा लगत संख्या ३९ मध्ये कसूर ठहर भएका मुद्दा संख्या ३, सफाइ भएका मुद्दा संख्या ४ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या ७ भई बाँकी रहेका मुद्दा संख्या ३२ रहेको देखिन्छ । चोरी (साधारण, नकवजनी, जबर्जस्ती, रहजनी र डाँका) मुद्दाको जम्मा लगत संख्या १२४ मध्ये कसूर ठहर भएका मुद्दा संख्या २, सफाइ भएका मुद्दा संख्या १२ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या १४ भई बाँकी रहेका मुद्दा संख्या ११० रहेको देखिन्छ । ज्यान (आवेश प्रेरित हत्या, कर्तव्य ज्यान, गर्भपतन, ज्यान मार्ने उद्योग, भवितव्य ज्यान, सवारी ज्यान) मुद्दाको जम्मा लगत संख्या ५७३ मध्ये कसूर ठहर भएका मुद्दा संख्या १४, सफाइ भएका मुद्दा संख्या ४५ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या ५९ र बाँकी रहेका मुद्दा संख्या ५१४ रहेको देखिन्छ ।

यसैगरी देवानी मुद्दाको जम्मा लगत संख्या १२३ मध्ये दाबी कायम हुने गरी भएका मुद्दा २ थान मुद्दा फछ्यौंट भएको मुद्दा संख्या २ भई बाँकी रहेका मुद्दा संख्या १२१ रहेको देखिन्छ । नागरिकता/राहदानी मुद्दाको जम्मा लगत संख्या ३२ मध्ये कसूर ठहर भएका मुद्दा संख्या २, सफाइ भएका मुद्दा संख्या ४ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या ६ भई बाँकी रहेका मुद्दा संख्या २६ रहेको देखिन्छ । प्रतिलिपि अधिकार मुद्दाको जम्मा लगत संख्या ५ मध्ये कुनै पनि मुद्दा फछ्यौंट नभएको देखिन्छ । प्रविधि सम्बन्धी मुद्दाको जम्मा लगत संख्या ३ रहेकोमा कुनै पनि मुद्दा फछ्यौंट नभई ३ मुद्दा बाँकी रहेको देखिन्छ । वैदेशिक रोजगार मुद्दाको जम्मा लगत संख्या ६३ मध्ये कसूर ठहर भएका मुद्दा संख्या १, सफाइ भएका मुद्दा संख्या २ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या ३ भई बाँकी रहेका मुद्दा संख्या ६० रहेको देखिन्छ । । मानव बेचविखन मुद्दाको जम्मा लगत संख्या ७८ मध्ये कसूर ठहर भएका मुद्दा संख्या ४, सफाइ भएका मुद्दा संख्या ८ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या १२ भई बाँकी रहेका मुद्दा संख्या ६६ रहेको देखिन्छ ।

त्यस्तै लागू औषध मुद्दाको जम्मा लगत संख्या १०८ मध्ये कसूर ठहर भएका मुद्दा संख्या २, सफाइ भएका मुद्दा संख्या ८ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या १० भई बाँकी रहेका मुद्दा संख्या ९८ रहेको देखिन्छ । वन मुद्दाको जम्मा लगत संख्या ४६ मध्ये कसूर ठहर भएका मुद्दा संख्या ४, सफाइ भएका मुद्दा संख्या ३ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या ७ भई बाँकी रहेका मुद्दा संख्या ३९ रहेको देखिन्छ । विवाह (वहु विवाह र बाल विवाह) मुद्दाको जम्मा लगत संख्या २६ मध्ये कसूर ठहर भएका मुद्दा संख्या १, सफाइ भएका मुद्दा संख्या १ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या २ भई बाँकी रहेका मुद्दा संख्या २४ रहेको देखिन्छ ।

सार्वजनिक अपराध मुद्दाको जम्मा लगत संख्या ८ मध्ये १ थान मुद्दामा सफाइ हुने गरी फछ्यौंट भई बाँकी रहेका मुद्दा संख्या ७ रहेको देखिन्छ । हातहतियार मुद्दाको जम्मा लगत संख्या ४३ मध्ये मध्ये कसूर ठहर भएका मुद्दा संख्या २, सफाइ भएका मुद्दा संख्या ४ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या ६ भई बाँकी रहेका मुद्दा संख्या ३७ रहेको देखिन्छ ।

। विविध (कालो बजार, गोबध, छुवाछुत, जुवा, धर्म सम्बन्धी, पुरातात्विक वस्तु, राज्य विरुद्धको अपराध, विष्फोटक पदार्थ, शिक्षा र माथि विषयगत वर्गीकरणमा समावेश नभएका अन्य मुद्दाहरू समेत) मुद्दाको जम्मा लगत मुद्दा संख्या १९३ मध्ये कसूर ठहर भएका मुद्दा

DO NOT COPY Property of OAG

संख्या १९, सफाइ भएको मुद्दा संख्या ३, अन्य तवरले फछ्यौंट मुद्दा संख्या १ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या २३ भई बाँकी रहेका मुद्दा संख्या १७० रहेको देखिन्छ ।

महान्यायाधिवक्ताको कार्यालयबाटै विशेष अदालतमा दायर भएका मुद्दाहरूमा बहस पैरवी गरेका जम्मा लगत संख्या २६७ मध्ये कसूर ठहर भएका मुद्दा संख्या १०१, सफाइ भएका मुद्दा संख्या २३ अन्य तवरले फछ्यौंट मुद्दा संख्या ६ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या १२९ भई बाँकी रहेका मुद्दा संख्या १३८ रहेको देखिन्छ भने प्रशासकीय अदालतमा दायर भएका मुद्दाहरूमा बहस पैरवी गरेका जम्मा लगत मुद्दा संख्या २३ मध्ये दाबी कायम भएका मुद्दा संख्या १६, दाबी नपुगेका मुद्दा संख्या ४ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या २० भई बाँकी रहेका मुद्दा संख्या ३ रहेको देखिन्छ । यस सम्बन्धी विस्तृत विवरण **अनुसूची ३ मा** प्रस्तुत गरिएको छ ।

महान्यायाधिवक्ताको कार्यालयबाट बहस पैरवी गरिएका लगत मुद्दाहरूको सूचक



अपहरण	२४
अंगभंग	१८
आगलागी	११
आर्थिक	३५३
करणी	१४३
किर्ते	३९
चोरी	१२४
ज्यान	५७३
देवानी	१११
नागरिकता/राहदानी	३२
प्रतिलिपि अधिकार	५
प्रविधि सम्बन्धी	३
वैदेशिक रोजगार	६३
मानव बेचविखन	७८
लागू औषध	१०८
वन	४६
विवाह	२६
सार्वजनिक अपराध	८
हातहतियार	४३
विविध	१९३
विशेष अदालततर्फ	२०२
प्रशासकीय अदालतर्फ	४६

DO NOT COPY
Property of OAG

२. रिट निवेदन सम्बन्धी कार्य : लोकतान्त्रिक शासन पद्धतिमा आधारित लिखित संविधान देशको सर्वोच्च कानून हो । कानूनी राज्यमा संवैधानिक तथा कानूनी सर्वोच्चताको रक्षा र संविधानद्वारा प्रदान गरिएका नागरिकका मौलिक हकहरूको संरक्षणको लागि सर्वोच्च अदालतलाई असाधारण अधिकारक्षेत्र प्रदान गरिएको हुन्छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ ले संविधानसँग बाझिएको कानून बदर गर्न वा संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनको लागि वा अन्य उपचारको व्यवस्था नभएको वा भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनको लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरूपणको लागि आवश्यक र उपयुक्त आदेश जारी गरी त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुङ्गो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई प्रदान गरेको छ । सो प्रयोजनको लागि पूर्ण रूपमा न्याय गरी उचित उपचार प्रदान

गर्न सर्वोच्च अदालतलाई बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत जुनसुकै उपयुक्त आदेश जारी गर्न सक्ने असाधारण अधिकार क्षेत्र संविधानले प्रदान गरेको छ।

यस अन्तर्गत नेपाल सरकार, सरकारी वा सार्वजनिक निकाय वा कुनै न्यायिक, अर्धन्यायिक वा प्रशासकीय अधिकारीले गरेको निर्णयबाट कुनै व्यक्तिको संवैधानिक हक वा अन्य कानूनी हकको हनन भई सो कानूनी हकको उपचारका लागि अन्य वैकल्पिक कानूनी उपचार नभएको वा भए पनि प्रभावकारी नभएको अवस्थामा त्यस्ता निकाय वा पदाधिकारी समेतलाई विपक्षी बनाई सर्वोच्च अदालतमा दायर हुन आएका रिट निवेदनमा नेपाल सरकार, सरकारी पदाधिकारी र संवैधानिक निकायका तर्फबाट प्रतिरक्षा गर्ने कार्य महान्यायाधिवक्ताको कार्यालयबाट गरिन्छ।

यस आर्थिक वर्षमा सर्वोच्च अदालतमा परेका रिट निवेदनहरू १,४३१ थान र अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरी आएको संख्या २,६६६ थान समेत गरी जम्मा ४,०९७ थान रिट निवेदनहरूको लगत रहेको छ। सो मध्ये ९२३ थान अर्थात २२.५२ प्रतिशत रिट निवेदन फछ्यौंट भई ती मध्ये ४९७ थान अर्थात ५३.८५ प्रतिशत रिट निवेदन खारेज भएको र २५२ थान अर्थात २७.३० प्रतिशत रिट जारी भएका छन्। साथै १७४ थान अर्थात १८.८५ मुल्तवी, तामेली र अन्य तवरबाट फछ्यौंट भएको देखिन्छ। यस आर्थिक वर्षको कुल रिट संख्या ४,०९७ मध्ये ३,१७४ थान अर्थात ७७.४७ प्रतिशत रिटहरू फछ्यौंट हुन बाँकी रहेको तथ्याङ्कबाट देखिन्छ।

तालिका नं. १७

आर्थिक वर्ष	लगत			फछ्यौंट				बाँकी	रिट खारेज भएको प्रतिशत
	गत वर्षको	यस वर्षको	जम्मा	रिट खारेज भएको	रिट जारी भएको	अन्य	जम्मा		
२०६७/०६८	२५४८	९३०	३४७८	६०८	३२८	३५०	१२८६	२१९२	४७.२८
२०६८/०६९	२२५६	१५५१	३८०७	६८७	१४३	३३४	११६४	२६४३	५९.०२
२०६९/०७०	२६६६	१४३१	४०९७	४९७	२५२	१७४	९२३	३१७४	५३.८५

महान्यायाधिवक्ताको कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरेको रिट निवेदनहरूको विवरण।

रिट निवेदनहरूको लगत फछ्यौंट र बाँकीको सूचक



DO NOT COPY
Property of OAG

यस आर्थिक वर्षको रिट निवेदन सम्बन्धी लगत फछ्यौंटको विषयगत विवरण **अनुसूची २** मा प्रस्तुत गरिएको छ । रिट सम्बन्धी विषयगत विवरण हेर्दा सबैभन्दा बढी रिट निवेदन उत्प्रेषण सम्बन्धी र त्यसपछि क्रमशः परमादेश, निषेधाज्ञा/परमादेश, बन्दीप्रत्यक्षीकरण सम्बन्धी विषयमा परेको देखिन्छ भने त्यसपछि निषेधाज्ञा, प्रतिषेध र अधिकारपृच्छा विषयमा परेको देखिन्छ । जसलाई देहायको तालिकामा तथ्याङ्कमा प्रस्तुत गरिएको छ ।

तालिका १८

रिटको प्रकृति	लगत			फछ्यौंट				बाँकी
	गत वर्षको	यस वर्षको	जम्मा	रिट खारेज	रिट	अन्य	जम्मा	
बन्दीप्रत्यक्षीकरण	२०	७७	९७	४९	१९	१३	८१	१६
उत्प्रेषण	२४७६	१२६१	३७३७	४३०	२२१	१५८	८०९	२९२८
परमादेश	११५	७१	१८६	१२	९	१	२२	१६४
प्रतिषेध	६	१०	१६	१	२	२	५	११
अधिकारपृच्छा	०	१	१				०	१
निषेधाज्ञा	१८	५	२३	०	०	०	०	२३
निषेधाज्ञा, परमादेश	३१	६	३७	५	१		६	३१
जम्मा	**२६६६**	**१४३१**	**४०९७**	**४९७**	**२५२**	**१७४**	**९२३**	**३१७४**

महान्यायाधिवक्ताको कार्यालयबाट प्रतिरक्षा गरेका रिट निवेदनहरूको विवरण ।

कानूनी राज्यको सिद्धान्तमा आधारित लोकतान्त्रिक शासन व्यवस्थामा व्यक्तिको वैयक्तिक स्वतन्त्रताको सर्वाधिक महत्व हुन्छ । कानूनको शासनको स्थापनाको लागि संरचना गरिएका निकायहरू मध्ये महत्वपूर्ण निकायको रूपमा रहेको महान्यायाधिवक्ताको कार्यालय र मातहत पुनरावेदन सरकारी वकील कार्यालयहरू तथा जिल्ला सरकारी वकील कार्यालयहरूबाट पनि बन्दीप्रत्यक्षीकरण रिट निवेदनहरूमा अदालतमा उपस्थित भई जिम्मेवारीपूर्वक बहस पैरवी र प्रतिरक्षा हुँदै आएको छ । बन्दीप्रत्यक्षीकरण सम्बन्धी रिट निवेदनहरूको वर्तमान स्थिति एवं गत आर्थिक वर्षको लगत फछ्यौंटको तुलनात्मक अध्ययनलाई देहायको तालिकामा देखाइएको छ ।

तालिका नं. १९

आर्थिक वर्ष	लगत			फछ्यौंट				बाँकी	रिट खारेज भएको प्रतिशत
	गत वर्षको	यस वर्षको	जम्मा	रिट खारेज	रिट जारी	अन्य	जम्मा		
२०६७/०६८	१५	८०	९५	४३	१६	११	७०	२५	६१.४३
२०६८/०६९	२५	६४	८९	३८	९	९	५६	३३	६७.८६
२०६९/०७०	२०	७७	९७	४९	१९	१३	८१	१६	६०.४९

महान्यायाधिवक्ताको कार्यालयबाट बन्दीप्रत्यक्षीकरण निवेदनमा गरिएका प्रतिरक्षाको तुलनात्मक विवरण ।

माथि प्रस्तुत भएको तथ्याङ्कलाई विश्लेषण गर्दा बन्दीप्रत्यक्षीकरण सम्बन्धी निवेदनहरूको दायरी संख्या हेर्दा आर्थिक वर्ष २०६७/०६८ मा ८० थान, २०६८/०६९ मा ६४ थान र यस आर्थिक वर्षमा ७७ थान निवेदनहरू दायर भएको तथ्याङ्कबाट देखिन्छ । बन्दीप्रत्यक्षीकरण सम्बन्धी रिट निवेदनको फछ्यौंट स्थितिलाई हेर्ने हो भने आर्थिक वर्ष २०६७/०६८ मा कुल ९५ थान मध्ये ७० थान अर्थात ७३.६८ प्रतिशत, आर्थिक वर्ष २०६८/०६९ मा कुल ८९ थान मध्ये ५६ थान अर्थात ६२.९२ प्रतिशत र यस आर्थिक वर्षमा ९७ थान मध्ये ८१ थान अर्थात ८३.५१ प्रतिशत बन्दीप्रत्यक्षीकरण सम्बन्धी रिट निवेदनहरू फछ्यौंट भएको तथ्याङ्कबाट देखिन्छ ।

३. अन्य निवेदन सम्बन्धी कार्य : महान्यायाधिवक्ताको कार्यालयबाट मुलुकी ऐन अदालती वन्दोवस्तको १७ नं. तथा न्याय प्रशासन ऐन, २०४८ को दफा १६ अनुसारका निवेदनहरू एवं न्याय प्रशासन ऐन, २०४८ को दफा ११ बमोजिम पुनरावलोकनको निवेदन र दफा १२

DO NOT COPY Property of OAG

बमोजिम मुद्दा दोहोऱ्याई हेरी पाउन दिने निवेदन, र राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८ बमोजिम सर्वोच्च अदालतमा पुनरावेदन गर्न अनुमति माग गरी दिएका निवेदनहरूमा बहस पैरवी र प्रतिरक्षा समेत गरिन्छ । यस आर्थिक वर्षमा महान्यायाधिवक्ताको कार्यालयबाट प्रतिरक्षा गरिएका यस प्रकृतिका निवेदनहरूको लगत संख्या १,५९२ थान रहेको देखिन्छ । यी निवेदनहरू मध्ये २६१ थान अर्थात १६.३९ प्रतिशत फछ्यौंट भएको र बाँकी १,३३१ थान अर्थात ८३.६१ प्रतिशत आगामी आर्थिक वर्षको लागि लगत सरी गएको देखिन्छ । यस आर्थिक वर्षमा फछ्यौंट भएका २६१ थान निवेदनहरू मध्ये ५० थान निवेदनहरूमा जिकिर कायम भएको र २०९ थान निवेदनहरूमा जिकिर नपुगेको देखिन्छ । यस सम्बन्धी विस्तृत विवरण **अनुसूची २** मा समावेश गरिएको छ ।

तालिका नं. २०

आर्थिक वर्ष	लगत			फछ्यौंट				बाँकी	जिकिर पुगेको प्रतिशत
	गत वर्षको	यस वर्षको	जम्मा	जिकिर कायम	जिकिर नपुगेको	अन्य	जम्मा		
२०६७/०६८	४९८	३६०	८५८	१७३	२३१	२८१	६८५	१७३	२५.२६
२०६८/०६९	२९७	८८०	११७७	१४७	३९६	०	५४३	६३४	२७.०७
२०६९/०७०	६३४	९५८	१५९२	५०	२०९	२	२६१	१३३१	१९.१६

महान्यायाधिवक्ताको कार्यालयबाट प्रतिरक्षा गरिएका निवेदनहरूको विवरण ।

(ख) पुनरावेदन सम्बन्धी कार्य : न्याय प्रशासन ऐन, २०४८ को दफा ९ मा पुनरावेदन अदालतले सुरु कारबाही र किनारा गरेको मुद्दा, दस वर्ष वा सो भन्दा बढी कैदको सजाय भएको मुद्दा, तीन वर्ष वा सो भन्दा बढी कैदको सजाय, पच्चीस हजार रूपैयाँ वा सो भन्दा बढी जरिवाना, पचास हजार रूपैयाँ वा सो भन्दा बढी बिगो भएको वा बिगो नखुलेको मुद्दामा सुरु अदालत, निकाय वा अधिकारीले गरेको निर्णय उपर पुनरावेदन अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा केही वा पूरै उल्टी भएको मुद्दामा सर्वोच्च अदालतमा पुनरावेदन लाग्न सक्ने कानूनी व्यवस्था रहेको छ । कुनै मुद्दामा उल्लेखित अवस्थाहरू मध्ये कुनै अवस्था विद्यमान देखिएमा वादी नेपाल सरकारको तर्फबाट महान्यायाधिवक्ताको कार्यालयले सर्वोच्च अदालतमा पुनरावेदन दायर गर्दछ ।

मातहतका पुनरावेदन सरकारी वकील कार्यालयहरूबाट पुनरावेदन गर्ने वा नगर्ने प्रस्ताव सहित पठाइएको मिसिल संलग्न कागज प्रमाणहरू अध्ययन गर्दा मुद्दामा कसूर ठहर हुन सक्ने आधारहरू विद्यमान देखिएमा महान्यायाधिवक्ताको कार्यालयबाट अदालतमा पुनरावेदन दायर गरिन्छ । साथै पुनरावेदन तथा जिल्ला सरकारी वकील कार्यालयबाट पुनरावेदन नगर्ने प्रस्ताव सहित पठाइएका फाइलहरू अध्ययन गर्दा पुनरावेदन गर्नुपर्ने देखेमा सो बमोजिम गर्न निर्देशन सहित मिसिल सम्बन्धित कार्यालयमा पठाउने कार्य समेत महान्यायाधिवक्ताको कार्यालयबाट हुने गरेको छ । यस आर्थिक वर्षमा सर्वोच्च अदालतमा पुनरावेदन गर्ने, मुद्दा दोहोऱ्याउने सम्बन्धी निवेदन गर्ने र अ.वं. १७ नं. को निवेदन गर्ने कार्य गरिएका मुद्दाहरूको लगत देहायको तालिकामा प्रस्तुत तथ्याङ्कबाट देखाइएको र त्यसको विस्तृत विषयगत विवरणलाई **अनुसूची ४** मा समावेश गरिएको छ ।

तालिका नं.२१

लगत	फछ्यौंट						जम्मा	जम्मा फछ्यौंट							अ.व. १७ नं. निवेदन
	पुनरावेदन प्रस्ताव प्राप्त संख्या			निर्णय संख्या				दोहोऱ्याई पाउने निवेदन प्रस्ताव प्राप्त			दोहोऱ्याई पाउने निर्णय संख्या				
	पु.गर्ने	पु.नगर्ने	जम्मा	गर्न लेखी पठाउने	गर्ने	नगर्ने		गर्ने	नगर्ने	जम्मा	गर्ने	नगर्ने	जम्मा		बाँकी
४४८०	३१०	१४९०	१८००	१८२	३९९	१२११	१७९२	४२५	२१६४	२५८९	६३०	१९७७	२६०७	४३९९	८१	७२

महान्यायाधिवक्ताको कार्यालयबाट भएका पुनरावेदन गर्ने, मुद्दा दोहऱ्याउने र निवेदन गर्ने सम्बन्धी कार्यको लगत फछ्यौंट विवरण ।

DO NOT COPY
Property of OAG

महान्यायाधिवक्ताको कार्यालयमा प्रस्ताव प्राप्त भएका पुनरावेदन, मुद्दा दोहोऱ्याउने र निवेदनको सूचक



माथि तालिकामा प्रस्तुत तथ्याङ्क अनुसार यस आर्थिक वर्षमा निर्णय निकासाको लागि प्राप्त भएका जम्मा ४,४८० थान मुद्दाहरू रहेको र पुनरावेदन प्रस्ताव प्राप्त संख्या १,८०० मध्ये ३१० पुनरावेदन गर्ने एवं नगर्ने प्रस्ताव १,४९० रहेकोमा पुनरावेदन गर्न लेखी पठाएको संख्या १८२ र गर्ने ३९९ र नगर्ने १,२११ गरी जम्मा १,७९२ निर्णय भएको देखिन्छ । यसैगरी मुद्दा दोहोऱ्याउने गरी प्राप्त भएको प्रस्ताव संख्या २,५८९ मध्ये गर्ने प्रस्ताव ४२५ र नगर्ने प्रस्ताव प्रस्ताव २,१६४ रहेकोमा गर्ने ६३० र नगर्ने १,९७७ निर्णय गरी जम्मा निर्णय संख्या २,६०७ रहेको देखिन्छ । यस आर्थिक वर्षमा फछ्यौंट भएको संख्या ४,३६९ र बाँकी ८१ निर्णय हुन बाँकी रहेको देखिन्छ । अदालती बन्दोबस्तको महलको १७ नं. बमोजिमका निवेदन ७२ रहेको छ ।

(ग) मुद्दा दोहोऱ्याउने तथा पुनरावलोकन सम्बन्धी कार्य : न्याय प्रशासन ऐन, २०४८ को दफा १२ मा यस ऐन वा प्रचलित कानून बमोजिम सर्वोच्च अदालतमा पुनरावेदन नलाग्ने मुद्दाहरूमा पुनरावेदन अदालतले गरेको फैसला वा अन्तिम आदेश देहायका अवस्थामा सर्वोच्च अदालतले दोहोऱ्याई हेर्न सक्ने व्यवस्था गरेको छ :

१) पुनरावेदन अदालतको फैसला वा अन्तिम आदेशमा गम्भीर कानूनी त्रुटि भएको,

२) सर्वोच्च अदालतबाट स्थापित कानूनी सिद्धान्त वा नजिरको पालन नगरेको वा गलत किसिमले व्याख्या गरेको,

३) सार्वजनिक सम्पत्ति सम्बन्धी विवाद समावेश भएको मुद्दामा मिसिल संलग्न प्रमाणको उचित मूल्याङ्कन नभएको कारणले सार्वजनिक सम्पत्ति हिनामिना भएको वा त्यस्तो सम्पत्तिमा क्षति पुगेको, वा

४) बालक, महिला, वृद्ध, अपाङ्ग वा मानसिक रोगबाट पीडित व्यक्तिको उचित प्रतिनिधित्व हुन नसकी इन्साफमा तात्विक असर परेको ।

पुनरावेदन अदालतबाट भएको फैसला वा अन्तिम आदेशमा न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१) मा उल्लेखित अवस्था विद्यमान देखिएमा महान्यायाधिवक्ताको कार्यालयबाट सो फैसला वा आदेश उपर मुद्दा दोहोऱ्याई हेरी पाउन सर्वोच्च अदालतमा निवेदन दायर गरिन्छ । मुद्दा दोहोऱ्याउने सम्बन्धी निवेदनहरूको संख्यात्मक विवरण **अनुसूची ५** मा प्रस्तुत गरिएको छ । सर्वोच्च अदालतले गरेको फैसला वा अन्तिम आदेशमा भएको इन्साफमा तात्विक असर पर्ने किसिमको कुनै प्रमाण रहेको तथ्य मुद्दा किनारा भएपछि मात्र सम्बन्धित पक्षलाई थाहा भएको देखिएमा वा सर्वोच्च अदालतबाट स्थापित नजिर वा कानूनी सिद्धान्त प्रतिकूल निर्णय भएको देखिएमा न्याय प्रशासन ऐन, २०४८ को दफा ११ को उपदफा (१) बमोजिम नेपाल सरकारको हकहित वा सरोकार निहित रहेको

DO NOT COPY Property of OAG

मुद्दामा पुनरावलोकनको लागि निवेदन दिन सकिने कानूनी व्यवस्था अनुसार निवेदन गर्ने गरिएको छ ।

यस आर्थिक वर्षमा पुनरावलोकनको निवेदन गरेको २ थान रहेको छ । मुद्दा दोहोऱ्याउने निवेदन गर्ने नगर्ने गरी कुल १९१२ थान मुद्दाका प्रस्ताव यस कार्यालयमा प्राप्त भएकोमा सर्वोच्च अदालतमा मुद्दा दोहोऱ्याई हेरी पाउन निवेदन गर्ने गरी ५७१ थन निर्णय निकासा भएको र १,३१७ थान मुद्दामा दोहोऱ्याउने निवेदन नगर्ने गरी निकासा भएको देखिन्छ । यसबाट कुल १८८८ थान मुद्दा फछ्यौंट भएको देखिन्छ ।

(घ) मुद्दा चलाउने/नचलाउने सम्बन्धी निर्णय निकासा दिने कार्य : नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३५ को उपधारा (२) मा संविधानमा अन्यथा लेखिए बाहेक कुनै अदालत वा न्यायिक निकाय वा अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई भएकोमा उक्त अधिकार धारा १३५ को उपधारा (६) बमोजिम मातहतका अधिकृतलाई मिति २०६३/१०/०१ को राजपत्रमा प्रकाशित सूचनाबाट सुम्पिए बमोजिम संकलित सबूद प्रमाणको आधारमा मुद्दा चलाउने वा नचलाउने निर्णय गर्ने अधिकार सरकारी वकीललाई प्राप्त छ । जिल्ला सरकारी वकील कार्यालयका सरकारी वकीलले पर्याप्त प्रमाणको अभावमा कुनै मुद्दा नचलाउने गरी निर्णय गरेमा निर्णय सहितको मिसिल पुनरावेदन सरकारी वकील कार्यालयमा पठाउने र पुनरावेदन सरकारी वकीलले मिसिल अध्ययन गर्दा नचलाउने गरी भएको निर्णय उपयुक्त देखेमा आफूले निर्णय गरी सोको अन्तिम निकासाको लागि महान्यायाधिवक्ताको कार्यालयमा पठाउनु पर्ने र मुद्दा चलाउनु पर्ने देखेमा निर्णय गरी मुद्दा दायर गर्न सम्बन्धित जिल्ला सरकारी वकील कार्यालयमा फिर्ता पठाउने व्यवस्था रहेको छ ।

मुद्दा नचलाउने गरी पुनरावेदन सरकारी वकील कार्यालयबाट प्रस्तुत भएको मिसिल अध्ययन गरी महान्यायाधिवक्ताबाट मुद्दा चल्ने देखेमा मुद्दा दायर गर्न र मुद्दा नचल्ने राय मनासिव देखेमा नचलाउने अन्तिम निकासा गरिन्छ । आंशिक रूपमा मुद्दा नचलाउने गरी गरिएको निर्णयको उपयुक्तता र कानूनी आधारहरू समेत परीक्षण गर्ने उद्देश्यले अनुसन्धान अधिकारीको प्रतिवेदन र सरकारी वकीलको निर्णय समेत पुनरावेदन सरकारी वकील कार्यालय तथा महान्यायाधिवक्ताको कार्यालय समक्ष प्रस्तुत गर्नुपर्ने व्यवस्था गरिएको छ । यस आर्थिक वर्षमा महान्यायाधिवक्ताको कार्यालय समक्ष मुद्दा चलाउने वा नचलाउने सम्बन्धी निर्णय निकासाको लागि लगत कायम भएका १०५ थान मुद्दाहरू मध्ये जम्मा ४ थान मुद्दा चलाउने निर्णय गरी फिर्ता पठाइएको देखिन्छ भने ७९ थान मुद्दा नचलाउने र १३ थान मुद्दामा पुनः अनुसन्धान गर्न फिर्ता पठाउने गरी जम्मा ९६ थान फछ्यौंट भएको देखिन्छ । गत आ.व. २०६८/०६९ मा १४६ थान मुद्दाहरू मध्ये जम्मा ३ थान मुद्दा चलाउने निर्णय गरी फिर्ता पठाइएको देखिन्छ भने १२१ थान मुद्दा नचलाउने र १३ थान मुद्दामा पुनः अनुसन्धान गर्न फिर्ता पठाउने गरी जम्मा १३७ थान फछ्यौंट भएको थियो भने आ.व. २०६७/०६८ मा १४० थान मुद्दाहरू मध्ये जम्मा २२ थान मुद्दा चलाउने निर्णय गरी फिर्ता पठाइएको, ८८ थान मुद्दा नचलाउने निर्णय भएको थियो ।

तालिका नं. २२

आर्थिक वर्ष	लगत			फछ्यौंट				बाँकी
	गत वर्षको	यस वर्षको	जम्मा	चलाउने	नचलाउने	पुनः अनुसन्धान गर्न पठाउने	जम्मा	
२०६७/०६८	१०	१३०	१४०	२२	८८	१५	१२५	१५
२०६८/०६९	१५	१३१	१४६	३	१२१	१३	१३७	९
२०६९/०७०	९	९६	१०५	४	७९	१३	९६	९

महान्यायाधिवक्ताको कार्यालयबाट भएका मुद्दा चलाउने तथा नचलाउने निर्णय निकासाको विवरण ।

(ङ) विशेष अदालतमा बहस पैरवी गर्ने कार्य : विशेष अदालत ऐन, २०५९ बमोजिम स्थापित विशेष अदालतले नेपाल सरकारद्वारा तोकेका मुद्दाहरू हेर्ने व्यवस्था भएकोले यसको क्षेत्राधिकारमा समय समयमा थपघट भइरहेको देखिन्छ । नेपाल सरकारले विशेष अदालत ऐन, २०३१ वमोजिम २०५७ साल पुष १० गते विशेष अदालत गठन गरी विदेशी विनिमय, लागू औषध, जीउ मास्ने बेच्ने तथा राज्य विरुद्धको अपराध गरी चार प्रकारका मुद्दाहरू हेर्ने गरी क्षेत्राधिकार तोकेको थियो । २०५९ साल असार ५ मा विशेष अदालत ऐन, २०३१ लाई प्रतिस्थापन गरी विशेष अदालत ऐन, २०५९ जारी गरियो जसले विशेष अदालत

DO NOT COPY
Property of OAG

ऐन, २०३१ अन्तर्गत दायर भएका मुद्दाहरू यस ऐन अन्तर्गत गठित विशेष अदालतमा सर्ने व्यवस्था गरेको छ । विशेष अदालत ऐन, २०५९ को दफा ३ को अधिकार प्रयोग गरी नेपाल सरकारले विशेष अदालतको गठन गऱ्यो । उक्त मितिमा राजपत्रमा प्रकाशित सूचनाले राज्य विरुद्धको अपराध र सजाय ऐन, २०४६ अन्तर्गतका मुद्दाहरू र अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ अन्तर्गतका मुद्दाको कारवाई र किनारा गर्ने अधिकार क्षेत्र तोकेकोमा २०६२ साल जेष्ठ २३ को राजपत्रको सूचनाबाट अख्तियार दुरूपयोग अनुसन्धान आयोगले गरेको निर्णय उपर पुनरावेदन सुन्ने अधिकारसमेत विशेष अदालतलाई प्रदान गऱ्यो । यसै गरी मिति २०६६/०२/२३ को राजपत्रको सूचनाले सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ अर्न्तगतको मुद्दा पनि विशेष अदालतबाट हेर्ने गरी तोकेको छ । वर्तमान व्यवस्था अनुसार विशेष अदालतमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ अन्तर्गतका मुद्दा र सोही ऐन अन्तर्गत आयोगले गरेका निर्णय उपरको पुनरावेदन तथा सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ अर्न्तगतको मुद्दा विशेष अदालतको क्षेत्राधिकार अन्तर्गत पर्दछन् । यस आर्थिक वर्षमा गत आर्थिक वर्षबाट जिम्मेवारी सरी आएको १४९ तथा यस आर्थिक वर्षमा दायर भएका ११८ समेत गरी कुल लगत २६७ थान मुद्दा मध्ये १२९ थान फछ्यौंट भएकोमा सो मध्ये १०१ थान अर्थात ७८.२९ प्रतिशत मुद्दामा कसूर ठहर भएको देखिन्छ । आर्थिक वर्ष २०६७/०६८ जम्मा लगत १८७ मध्ये १११ थान फछ्यौंट मुद्दा मध्ये ६४ थान अर्थात ५७.६६ प्रतिशत मुद्दामा कसूर ठहर भएको र आर्थिक वर्ष २०६८/०६९ मा जम्मा लगत २०२ थान मुद्दा मध्ये ५३ थान फछ्यौंट भएकोमा सो मध्ये ४४ थान अर्थात ८३.०२ प्रतिशत मुद्दामा कसूर ठहर भएको तथ्याङ्क देहायको तालिकाबाट देखिन्छ ।

तालिका नं. २३

आर्थिक वर्ष	जिम्मेवारी सरेको	यो वर्ष परेको	लगत	फछ्यौंट				बाँकी	कसूर ठहर प्रतिशत
				कसूर ठहर भएको	सफाइ भएको	अन्य	जम्मा		
२०६७/०६८	७७	११०	१८७	६४	३०	१७	१११	७६	५७.६६
२०६८/०६९	७१	१३१	२०२	४४	७	२	५३	१४९	८३.०२
२०६९/०७०	१४९	११८	२६७	१०१	२२	६	१२९	१३८	७८.२९

महान्यायाधिवक्ताको कार्यालय विशेष शाखाद्वारा विशेष अदालतमा गरेको बहस पैरवीको विवरण ।

(च) प्रशासकीय अदालतमा बहस पैरवी सम्बन्धी कार्य : निजामती सेवा ऐन, नेपाल स्वास्थ सेवा ऐन तथा संसद सचिवालय सम्बन्धी ऐन अनुसार कर्मचारीहरूको सजाय उपरको पुनरावेदन प्रशासकीय अदालतबाट हुने कानूनी व्यवस्था छ । निजामती कर्मचारी उपर गरिएको विभागीय कारबाही वा सजाय उपर चित्त नबुझी सम्बन्धित कर्मचारीले नेपाल सरकार, सम्बन्धित निकाय, कार्यालय वा सरकारी कर्मचारीलाई विपक्षी बनाई दायर गरेका पुनरावेदनमा महान्यायाधिवक्ताबाट तोकिएको सरकारी वकीलले प्रशासकीय अदालतमा उपस्थित भई नेपाल सरकारको तर्फबाट प्रतिरक्षा गर्ने कार्य हुँदै आएको छ । जसको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. २४

आर्थिक वर्ष	लगत			फछ्यौंट				बाँकी	पुनरावेदन खारेज प्रतिशत
	गत वर्षको	यस वर्षको	जम्मा	पुनरावेदन खारेज भएको	पुनरावेदन ठहर भएको	अन्य	जम्मा		
२०६७/०६८	१०	३५	४५	१३	६	८	२७	१८	४८.१५
२०६८/०६९	१९	२७	४६	२७	३	१०	४०	६	६७.५०
२०६९/०७०	६	१७	२३	१६	४	०	२०	३	८०.००

महान्यायाधिवक्ताको कार्यालय विशेष शाखाद्वारा प्रशासकीय अदालतमा गरेका बहस पैरवीको विवरण ।

यस आर्थिक वर्षमा प्रशासकीय अदालतमा गतसालको जिम्मेवारी समेत जम्मा २३ थान मुद्दाहरू मध्ये २० थान मुद्दाहरू अन्तिम टुङ्गो लागी फछ्यौंट भएकोमा १६ थान अर्थात ८०.०० प्रतिशत मुद्दामा पुनरावेदन दाबी खारेज भएको तथा ४ थान अर्थात २०.०० प्रतिशत मुद्दामा दाबी कायम भएको देखिन्छ । आर्थिक वर्ष ०६८/०६९ मा जम्मा लगत ४६ थान मध्ये ४० थान मुद्दा फछ्यौंट भएकोमा २७ थान मुद्दा अर्थात ६७.५० प्रतिशत मुद्दामा सफलता प्राप्त भएको थियो भने आर्थिक वर्ष ०६७/०६८ मा जम्मा लगत ४५ थान मध्ये २७ थान मुद्दा फछ्यौंट भएकोमा १३ थान मुद्दा अर्थात

DO NOT COPY Property of OAG

४८.१३ प्रतिशत मुद्दामा सफलता प्राप्त भएको थियो । विगत तीन वर्षको सफलताको प्रतिशतलाई तुलना गरी हेर्दा प्रशासकीय अदालतमा दायर भएका पुनरावेदन/निवेदनहरूमा सफलताको प्रतिशत बढेको देखिन्छ ।

(छ) राजश्व न्यायाधिकरण, काठमाडौंमा बहस पैरवी सम्बन्धी कार्य : आयकर, भन्सार, मूल्य अभिवृद्धि कर, अन्त शुल्क आदि आर्थिक विवादसँग सम्बन्धित मुद्दाहरूको पुनरावेदन राजश्व न्यायाधिकरणहरूबाट निरोपण गरिने कानूनी व्यवस्था छ । हाल राजश्व न्यायाधिकरणहरू विराटनगर, काठमाडौं, पोखरा र नेपालगञ्जमा स्थापना गरिएको छ । काठमाडौं बाहेक अन्य न्यायाधिकरणहरूमा सम्बन्धित पुनरावेदन सरकारी वकील कार्यालयका सरकारी वकीलहरूबाट मुद्दामा प्रतिनिधित्व गरिने व्यवस्था मिलाइएको छ भने राजश्व न्यायाधिकरण काठमाडौंमा आन्तरिक राजश्व विभागमा अन्तर्गत उपन्यायाधिवक्ता एक जना र शाखा अधिकृत एक जना गरी दुई जना सरकारी वकीलको दरबन्दी कायम गरी त्यहीबाट न्यायाधिकरणमा उपस्थित भई नेपाल सरकारको तर्फबाट प्रतिरक्षा गर्ने कार्य हुँदै आएको छ । यस आर्थिक वर्षमा राजश्व न्यायाधिकरण काठमाडौंमा गत सालको जिम्मेवारी समेत जम्मा १,५२७ थान मुद्दाहरू मध्ये ३५७ थान मुद्दा फछ्यौंट भएकोमा २४६ थान अर्थात ६८.९१ प्रतिशत मुद्दामा दाबी कायम भएको देखिन्छ भने आर्थिक वर्ष २०६८/०६९ मा १,१७० थान मुद्दाहरू मध्ये ४२५ थान मुद्दा फछ्यौंट भएकोमा १७० थान अर्थात ४०.०० प्रतिशत मुद्दामा दाबी कायम भएको थियो भने आ.व. २०६७/०६८ मा ७६० थान मुद्दाहरू मध्ये ८४ थान मुद्दा फछ्यौंट भएकोमा ६३ थान अर्थात ७५.०० प्रतिशत मुद्दामा दाबी कायम भएको देखिन्छ । राजश्व न्यायाधिकरण काठमाडौंमा बहस पैरवी, प्रतिरक्षा गरिएका मुद्दाहरूको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. २५

आर्थिक वर्ष	लगत			फछ्यौंट				बाँकी	दाबी ठहर प्रतिशत
	गत वर्षको	यस वर्षको	जम्मा	दाबी ठहर भएको	दाबी नपुगेको	अन्य	जम्मा		
२०६७/०६८	४२१	३३९	७६०	६३	१०	११	८४	६७६	७५.००
२०६८/०६९	६७६	४९४	११७०	१७०	१६३	९२	४२५	७४५	४०.००
२०६९/०७०	७४५	७८२	१५२७	२४६	५९	५२	३५७	११७०	६८.९१

सरकारी वकीलद्वारा राजश्व न्यायाधिकरण काठमाडौंमा गरेका बहस पैरवीको विवरण ।

(च) मुद्दा फिर्ता लिने वा मिलापत्र गर्ने सम्बन्धी कार्य : सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २९ मा नेपाल सरकारले प्रचलित कानून बमोजिम सरकार वादी भई हेरिने वा सरकारको तर्फबाट चलाइएको वा सरकार उपर परेको मुद्दा सरकारी वकील मार्फत अन्य पक्षहरूको सहमतिले मिलापत्र गर्न वा अदालतको मञ्जुरीले सरकार वादी भएको फौजदारी मुद्दा फिर्ता लिन सक्ने कानूनी व्यवस्था रहेको छ । मुद्दा फिर्ता लिने सम्बन्धमा भएको नेपाल सरकारको निर्णयलाई अदालत समक्ष मञ्जुरीका लागि प्रस्तुत गरी कार्य रूपमा ल्याउने काम सरकारी वकीलको हो । सम्बन्धित अड्डा अदालतहरूबाट मुद्दा फिर्ता लिन सहमति भए पछि मात्र विधिवत रूपमा ती मुद्दाहरू फिर्ता हुने हुन्छ । संविधानको अधीनमा रही महान्यायाधिवक्ताबाट प्राप्त अधिकार प्रयोग गरी सरकारी वकीलले दायर गरेको मुद्दा फिर्ता लिने सम्बन्धमा नेपाल सरकारबाट निर्णय गर्नु अघि महान्यायाधिवक्ताको राय लिनु उपयुक्त हुनेमा सो बमोजिम राय लिने प्रकृया नभएकोमा सम्मानित सर्वोच्च अदालतबाट अधिवक्ता गोपीबहादुर भण्डारी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय भएको उत्प्रेषण प्रतिषेध परमादेशको रिट निवेदन, ने.का.प. २०६९, अंक ३, नि.नं ८७८९, पृष्ठ ४४२ मा "फौजदारी मुद्दामा अभियोजन लगाउने वा नलगाउने अन्तिम अधिकार वर्तमान अन्तरिम संविधानले महान्यायाधिवक्तालाई सुम्पेको भए पनि सरकारले मुद्दा फिर्ता लिने निर्णय गरेमा सो अभियोजनले सार्थकता गुमाउने र कार्यपालिकाको निर्णयले प्रधानता प्राप्त गर्नसक्ने स्थिति आउने । ...अभियोक्ताको संवैधानिक अधिकारलाई नै संकुचन वा परास्त हुने गरी फिर्ता लिने निर्णयलाई प्रधानता दिन नमिल्ने हुनाले मुद्दा फिर्ता लिने निर्णय प्रक्रियामा महान्यायाधिवक्ताको रायलाई समुचित स्थान दिनुपर्ने हुन्छ त्यो नै संवैधानिक हुने" भन्ने व्याख्या भएको छ । महान्यायाधिवक्ता वा अन्तर्गतको न्यायाधिवक्तासँग परामर्श गरी मुद्दा फिर्ता गर्ने परिपाटी विकास हुनु पर्ने देखिन्छ । मुद्दा फिर्ता सम्बन्धी तीन आर्थिक वर्षको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

DO NOT COPY Property of OAG

तालिका नं.२६

आर्थिक वर्ष	२०६७/०६८	२०६८/०६९	२०६९/०७०	कैफियत
मुद्दा संख्या	३	१०	६	

नेपाल सरकारद्वारा विभिन्न अड्डा अदालतमा दायर भएका विभिन्न प्रकृतिका मुद्दाहरू फिर्ताको विवरण ।

५.२ संवैधानिक एवं कानूनी विषयमा दिएको राय सल्लाह

महान्यायाधिवक्ता नेपाल सरकारको मुख्य कानूनी सल्लाहकार भएकोले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३५ को उपधारा (१) अनुसार नेपाल सरकार, अन्य संवैधानिक निकाय तथा नेपाल सरकारका पदाधिकारीहरूलाई संवैधानिक एवं कानूनी विषयमा राय सल्लाह प्रदान गर्ने कार्य महान्यायाधिवक्ताबाट गरिन्छ । यस आर्थिक वर्षमा महान्यायाधिवक्ताको कार्यालयमा नेपाल सरकारका विभिन्न निकायहरूबाट ४६ वटा कानूनी राय माग गरिएकोमा सबै कानूनी राय प्रदान गरेको देखिन्छ । महान्यायाधिवक्ताको कार्यालयबाट प्रदान गरिएको कानूनी राय विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. २७

आर्थिक वर्ष	राय माग गरेको संख्या	राय दिएको संख्या	रीत नपुगेको	बाँकी संख्या	कैफियत
२०६७/०६८	१६	८	३	५	
२०६८/०६९	५३	४६	१	६	
२०६९/०७०	४६	४६	०	०	

महान्यायाधिवक्ताको कार्यालयबाट प्रदान गरिएका कानूनी रायको विवरण ।

५.३ निरीक्षण, निर्देशन सम्बन्धी कार्य

कार्यालय स्थापना गर्ने, कर्मचारी खटाउने र कार्यक्षेत्र अनुसार कामको जिम्मेवारी तोक्ने कार्यले मात्र संगठनको उद्देश्य प्राप्त हुँदैन । के कस्तो ढङ्गबाट कार्यालय सञ्चालन भएको छ र संविधान, ऐन कानून, दिग्दर्शन र विभागीय निर्देशन बमोजिम काम कारबाही भएको छ छैन, कार्यालय तथा जनशक्ति व्यवस्थापन एवं दैनिक प्रशासनको कार्य चुस्त दुरुस्त छ छैन भन्ने कुराको जानकारी राख्नु पनि त्यत्तिकै महत्वपूर्ण हुन्छ । सरकारी वकील सम्बन्धी नियमावली, २०५५ को नियम ८ को उपनियम (२) अनुसार महान्यायाधिवक्ताको कार्यालयले सरकारी वकील कार्यालयको र पुनरावेदन सरकारी वकील कार्यालयहरूले आफ्नो प्रादेशिक अधिकारक्षेत्रभित्र पर्ने जिल्ला सरकारी वकील कार्यालयहरूको वर्षको कम्तीमा एक पटक निरीक्षण गर्ने गराउने व्यवस्था छ । सो अनुसार महान्यायाधिवक्ता तथा अन्य अधिकृतबाट मातहतका सरकारी वकील कार्यालयहरूको निरीक्षण र सम्बन्धित पुनरावेदन सरकारी वकील कार्यालयबाट मातहतका जिल्ला सरकारी वकील कार्यालयहरूको निरीक्षण गर्ने कार्य हुँदै आएको छ । यसरी समय समयमा गरिने मातहत कार्यालयहरूको निरीक्षण, सम्पादित कार्यको अनुगमन एवं मूल्याङ्कनबाट कार्य सम्पादनमा सुधार र स्तरीयता ल्याउन मद्दत पुग्दछ । कार्यालयको सु-सञ्चालनको लागि अनुगमन तथा निरीक्षण गर्ने कार्यलाई नियमित रूपमा सञ्चालन गरिनु पर्दछ । यस आर्थिक वर्षमा महान्यायाधिवक्ताको कार्यालय तथा पुनरावेदन सरकारी वकील कार्यालयहरूबाट मातहतका सरकारी वकील कार्यालयहरूमा गरिएको निरीक्षण सम्बन्धी विवरण **अनुसूची ७ र १८** मा दिइएको छ ।

५.४ प्रशासनिक रेखदेख तथा नियन्त्रण सम्बन्धी कार्य

सरकारी वकील सम्बन्धी नियमावली, २०५५ को नियम ८ को उपनियम (१) अनुसार जिल्ला सरकारी वकील कार्यालय तथा पुनरावेदन सरकारी वकील कार्यालय, सम्बन्धित पुनरावेदन सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ताको र सबै सरकारी वकील कार्यालय महान्यायाधिवक्ताको सामान्य रेखदेख, नियन्त्रण र निर्देशनमा रहने व्यवस्था छ । सो अनुसार महान्यायाधिवक्ताको कार्यालयले महान्यायाधिवक्ताले मातहतका पुनरावेदन तथा जिल्ला सरकारी वकील कार्यालयहरू उपर प्रशासनिक रेखदेख एवं आवश्यक नियन्त्रण राख्ने कार्य समेत गर्दै आएको छ भने सम्बन्धित पुनरावेदन सरकारी वकील कार्यालयले मातहतका जिल्ला सरकारी वकील कार्यालयहरूको कार्य उपर आवश्यक रेखदेख, नियन्त्रण र निर्देशन गर्दै आएको छ । महान्यायाधिवक्ताको कार्यालयबाट मुद्दा मामिला सम्बन्धी कार्य सम्पादनमा कुनै अनियमितता भएको, म्याद नघाएको वा वेरीतपूर्वक कार्य गरेको मिसिलबाट वा अन्य

DO NOT COPY Property of OAG

कुनै व्यहोराबाट खुल्न आएमा त्यस्तो काम कारबाही गर्ने कर्मचारीहरू उपर आवश्यक कारबाही गर्ने सम्बन्धमा अवस्था अनुसार ध्यानाकर्षण गराउने, सचेत गराउने आदि कार्य हुँदै आएको छ । यसका अतिरिक्त मातहतका कार्यालयहरूलाई आवश्यक पर्ने प्रशासनिक नीति निर्देशन दिने तथा भौतिक सुविधा र पूर्वाधार जुटाउने जस्ता कार्यहरू पनि हुँदै आएका छन् ।

६. महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादित मुद्दा तथा अन्य कार्यहरूको एकमुष्ठ लगत फछ्यौंट विवरण

माथि विभिन्न तालिकाहरूमा महान्यायाधिवक्ताको कार्यालयबाट यस आर्थिक वर्षमा बहस पैरवी एवं प्रतिरक्षा गरिएका मुद्दा, रिट तथा निवेदनहरूको छुट्टाछुट्टै लगत फछ्यौंट विवरण प्रस्तुत गरिएको छ । उक्त विषयहरूको एकमुष्ठ विवरणलाई निम्न अनुसार तालिकामा प्रस्तुत गरिएको छ । यस आर्थिक वर्षमा महान्यायाधिवक्ताको कार्यालयबाट सर्वोच्च अदालतमा बहस पैरवी तथा प्रतिरक्षा गरिएका कुल लगत ७,७०२ थान मुद्दा, रिट तथा निवेदनहरू मध्ये १,४०२ थान अर्थात १८.२० प्रतिशत फछ्यौंट भएको पाइन्छ । फछ्यौंट भएका मुद्दा, रिट तथा निवेदनहरू मध्ये ६३५ थान अर्थात ४५.२९ प्रतिशत रिट, निवेदन खारेज तथा मुद्दामा कसूर ठहर भएको, ५८३ थान अर्थात ४१.५८ प्रतिशत रिट, निवेदन जारी तथा मुद्दामा सफाइ भएको र १८४ थान अर्थात १३.१२ प्रतिशत मुद्दा, रिट तथा निवेदन तामेली, मुल्तवी तथा अन्य तवरबाट फछ्यौंट भएको तथ्याङ्कबाट देखिन्छ । यसैगरी विशेष अदालत र प्रशासकीय अदालतमा रहेका कुल लगत २९० थान मुद्दाहरू मध्ये १४९ थान मुद्दाहरू फछ्यौंट भएका र ती मध्ये २६ थान अर्थात ७८.५२ प्रतिशत मुद्दामा दावी कायम भएको देखिन्छ । यसरी एकीकृत रूपमा हेर्दा ७,९९२ थान मुद्दा, रिट तथा निवेदनहरू मध्ये १,५५१ थान अर्थात १९.४१ प्रतिशत फछ्यौंट भएको र फछ्यौंट मुद्दा मध्ये ७५२ थान अर्थात ४८.४८ प्रतिशत रिट, निवेदन खारेज तथा मुद्दामा कसूर ठहर भएको, ६०९ थान अर्थात ३९.२६ प्रतिशत रिट, निवेदन जारी तथा मुद्दामा सफाइ भएको र १९० थान अर्थात १२.२५ प्रतिशत मुद्दा, रिट तथा निवेदन तामेली, मुल्तवी तथा अन्य तवरबाट फछ्यौंट भएको तथ्याङ्कबाट देखिन्छ । महान्यायाधिवक्ताको कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दा तथा रिट निवेदनहरूको विवरण देहायको तालिकामा दिइएको छ ।

तालिका नं. २८

कार्यको प्रकृति	लगत			फछ्यौंट				बाँकी	रिट खारेज तथा कसूर ठहर प्रतिशत
	गतवर्ष	यसवर्ष	जम्मा	रिट खारेज, कसूर ठहर	रिट जारी, कसूरमा सफाइ	अन्य	जम्मा		
सर्वोच्च अदालतको मुद्दामा बहस पैरवी	१४००	६१३	२०१३	८८	१२२	८	२१८	१७९५	४०.३७
रिट निवेदन उपर प्रतिरक्षा	२६६६	१४३१	४०९७	४९७	२५२	१७४	९२३	३१७४	५३.८५
अन्य निवेदन	६३४	९५८	१५९२	५०	२०९	२	२६१	१३३१	१९.१६
जम्मा	**४७००**	**३००२**	**७७०२**	**६३५**	**५८३**	**१८४**	**१४०२**	**६३००**	**४५.२९**
विशेष अदालतमा बहस पैरवी	१४९	११८	२६७	१०१	२२	६	१२९	१३८	७८.२९
प्रशासकीय अदालतमा बहस पैरवी	६	१७	२३	१६	४	०	२०	३	८०.००
कुल जम्मा	**४८५५**	**३१३७**	**७९९२**	**७५२**	**६०९**	**१९०**	**१५५१**	**६४४१**	**४८.४८**

महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादित मुद्दामा बहस पैरवी एवं प्रतिरक्षा सम्बन्धी कार्य ।

महान्यायाधिवक्ताको कार्यालयको मुद्दा, रिट, निवेदन सम्बन्धी कामको लगत फछ्यौंट सम्बन्धी सूचक





DO NOT COPY Property of OAG

महान्यायाधिवक्ताको कार्यालयमा कार्यरत सरकारी वकीलहरूबाट मुद्दा तथा रिट निवेदनहरूमा बहस पैरवी एवं प्रतिरक्षा गर्नेदेखि बाहेक अन्य कार्य पनि सम्पादन हुन्छन् । महान्यायाधिवक्ताको कार्यालयबाट मातहतका पुनरावेदन तथा जिल्ला सरकारी वकील कार्यालयहरूबाट निर्णय निकासाको लागि प्रस्तुत गरिएका मुद्दाका मिसिलहरूमा आवश्यक निकासा प्रदान गर्ने, मुद्दा दोहोऱ्याई हेरी पाउन निवेदन तथा र अ.वं. १७ नं. बमोजिमको निवेदन गर्ने र जिल्ला सरकारी वकील कार्यालयहरूबाट मुद्दा नचलाउने गरी गरेको निर्णयको अन्तिम निकासा प्रदान गर्ने कामहरू, नेपाल सरकार तथा तोकिएका निकाय र पदाधिकारीहरूलाई कानूनी राय प्रदान गर्ने कार्य समेत सम्पादन गरिन्छ । ती सबै कामहरूको एकमुष्ठ विवरणलाई देहायको तालिकामा निम्न अनुसार प्रस्तुत गरिएको छ ।

तालिका नं. २९

सि.नं.	कार्यको प्रकृति		लगत			निकासा /फछ्यौंट	फछ्यौंट प्रतिशत	बाँकी
			गत वर्ष	यस वर्ष	जम्मा			
१	मुद्दामा बहस पैरवी प्रतिरक्षा		१५५५	७४८	२३०३	३६७	१५.९४	१९३६
२	रिट निवेदनमा बहस पैरवी र प्रतिरक्षा		२६६६	१४३१	४०९७	९२३	२२.५३	३१७४
३	अन्य निवेदनमा बहस पैरवी र प्रतिरक्षा		६३४	९५८	१५९२	२६२	१६.४६	१३३०
४	निकासा	मुद्दा चलाउने वा नचलाउने सम्बन्धी	९	९६	१०५	९६	९१.४३	९
		पुनरावेदन गर्ने, गर्न पठाउने वा नगर्ने	२८	१७७२	१८००	१७९२	९९.५६	८
		मुद्दा दोहोऱ्याउने तथा नदोहोऱ्याउने	२४	२५६५	२५८९	२६०७	१००.७०	
		अ.व. १७ नं. को निवेदन गर्ने वा नगर्ने	०	७२	७२	७२	१००.००	०
	जम्मा		**४९१६**	**७६४२**	**१२५५८**	**६११९**	**४८.७३**	**६४३९**
५	कानूनी राय सम्बन्धी		६	४०	**४६**	४६	१००.००	**०**
कुल जम्मा			**४९२२**	**७६८२**	**१२६०४**	**६१६५**	**४८.९१**	**६४३९**

महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादित मुद्दा तथा निर्णय निकासा सम्बन्धी कार्यहरूको एकमुष्ठ विवरण ।

महान्यायाधिवक्ताको कार्यालयबाट यस आर्थिक वर्षमा मुद्दा, रिट, कानूनी राय तथा अन्य निर्णय निकासा सम्बन्धी सम्पादित कार्यहरूको एकमुष्ठ लगत संख्या १२,६०४ मध्ये जम्मा ६,१६५ थान अर्थात ४८.९१ प्रतिशत फछ्यौंट भएको देखिन्छ भने फछ्यौंट हुन बाँकी संख्या ६,४३९ थान अर्थात ५१.०९ प्रतिशत रहेको देखिन्छ ।

७. महान्यायाधिवक्ताको कार्यालयमा रहेका सरकारी वकीलको कार्य बोझ तथा प्रति मुद्दा व्यय भार

महान्यायाधिवक्ताको कार्यालयमा बहस पैरवीमा संलग्न हुने सरकारी वकीलहरूको दरबन्दी संख्यामा मुद्दा तथा अन्य सम्पादित कार्य समेतको लगत संख्यालाई विभाजन गर्दा यस आर्थिक वर्षमा प्रति सरकारी वकील कार्यबोझको परिमाण देहायको तालिकामा प्रस्तुत गरिएको छ । उक्त तथ्याङ्कलाई हेर्दा महान्यायाधिवक्ताको कार्यालयमा सरकारी वकीलको दरबन्दी संख्या (महान्यायाधिवक्ता समेत) २५ र कार्य संख्या १३,५७३ लाई अनुपात मिलाउँदा एक सरकारी वकीललाई ५४२.९२ कार्यबोझ रहेको देखिन्छ ।

तालिका नं. ३०

कार्यालय	सरकारी वकीलको संख्या	सम्पादित कार्य संख्या	प्रति सरकारी वकीललाई परेको कार्य-बोझ	कैफियत
म. न्या. का.	२५	१३५७३	५४२.९२	

महान्यायाधिवक्ताको कार्यालयमा प्रति सरकारी वकील कार्य बोझ ।

DO NOT COPY
Property of OAG

यस अर्थिक वर्षमा महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादित मुद्दा सम्बन्धी कामको कुल लगतमा कर्मचारीहरूको तलब तथा भत्तामा खर्च भएको एकमुष्ठ रकमलाई विभाजन गर्दा प्रति मुद्दामा खर्च भएको रकमको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ । यस तालिका अनुसार यस कार्यालयमा लगत रहेको मुद्दा सम्बन्धी कार्य र तलब भत्तामा भएको खर्च अनुपात हेर्दा प्रति कार्य खर्च रु. २८१३.८७ पर्ने देखिन्छ ।

तालिका नं. ३१

कार्यालय	कुल मुद्दाको लगत	तलब तथा भत्तामा खर्च भएको रकम रु.	प्रति मुद्दा खर्च रकम रु.	कैफियत
म.न्या.का.	७९९२	२२,४८८,४५०.००	२८१३.८७	

महान्यायाधिवक्ताको कार्यालयमा मुद्दाको लगतको अनुपातमा प्रति-मुद्दामा तलब भत्तामा खर्च भएको रकमको विवरण ।

त्यसैगरी यस आर्थिक वर्षमा मुद्दा लगायत अन्य सम्पादित कार्यहरू समेतको लगतमा कर्मचारी तलब भत्ता लगायत कार्यालय सञ्चालनको लागि खर्च भएको सम्पूर्ण रकमलाई विभाजन गर्दा प्रति सम्पादित कार्यमा खर्च भएको रकमको विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ । यस तालिका अनुसार यस कार्यालयमा लगत रहेको मुद्दा सम्बन्धी कार्य र सम्पूर्ण कार्यालय सञ्चालनमा भएको खर्च अनुपात हेर्दा प्रति कार्य खर्च रु. ३५३२.१४ पर्ने देखिन्छ ।

तालिका नं. ३२

कार्यालय	जम्मा सम्पादित कार्य	कुल खर्च रकम रु.	प्रति सम्पादित कार्यमा भएको खर्च अनुपात	कैफियत
महान्यायाधिवक्ताको कार्यालय	१३५७३	४७९४१७८२.१५	३५३२.१४	

महान्यायाधिवक्ताको कार्यालयमा प्रति-सम्पादित कार्यमा भएको खर्चको विवरण ।

८. सर्वोच्च अदालतबाट भएका फैसला कार्यान्वयनको अनुगमन सम्बन्धी कार्यहरू

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३५ को उपधारा (३) को खण्ड (ख) बमोजिम मुद्दा मामिलाको रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए नभएको अनुगमन गर्ने गराउने जिम्मेवारी महान्यायाधिवक्तालाई तोकिएको छ । उक्त व्यवस्थालाई कार्यान्वयन गर्न महान्यायाधिवक्ताको कार्यालय अन्तर्गत अनुगमन महाशाखाको गठन भएको छ । महाशाखालाई सर्वोच्च अदालतबाट मुद्दा मामिलाको रोहमा कानूनी सिद्धान्तहरू प्रतिपादन भएका फैसला वा आदेशहरूको जानकारी लिन, फैसला वा आदेशहरूको प्रतिलिपी प्राप्त गर्ने र फैसला वा आदेश बमोजिम कार्य गर्न सम्बन्धित निकायमा पत्राचार गर्ने, सोको कार्यान्वयन भए नभएको जानकारी प्राप्त गरी लगत फाराममा जनाई राख्ने र कार्यान्वयनका सम्बन्धमा नियमित रूपमा अनुगमन गर्ने समेतको कार्यादेश तोकिएको छ । अनुगमन महाशाखाबाट विभिन्न निकायहरूसँग समन्वय गरी सर्वोच्च अदालतबाट भएका निर्देशनात्मक आदेशयुक्त फैसलाहरू प्राप्त गरी आदेश कार्यान्वयनका लागि जिम्मेवार निकायहरूको पहिचान गरी कार्यान्वयनको लागि पत्राचार गरिएको र कतिपय आदेशहरू कार्यान्वयन भइसकेका र कतिपय कार्यान्वयनको क्रममा रहेका छन् ।

सर्वोच्च अदालतबाट भएका फैसलाहरूको कार्यान्वयन प्रक्रियालाई छिटो छरितो र प्रभावकारी बनाउन सम्मानित सर्वोच्च अदालतबाट मुद्दा मामिलाको रोहमा गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको प्रातिलिपि महान्यायाधिवक्ताको कार्यालयमा अदालतबाट वा अन्य कुनै माध्यमबाट प्राप्त हुनासाथ फैसलाको अध्ययन गरी रिट शाखाबाटै सम्बन्धित निकायहरूमा फैसला कार्यान्वयनका लागि पत्राचार गर्ने र बोधार्थ तथा फैसला/आदेशको एक प्रति नक्कल समेत तत्काल यस कार्यालयको अनुगमन महाशाखामा दिने व्यवस्था मिलाइएको छ ।

९. हिरासतमा रहेका व्यक्तिलाई मानवोचित व्यवहार गरे नगरेको अनुगमन सम्बन्धी कार्यहरू

वर्तमान संविधानको धारा १३५ को उपधारा (६) मा महान्यायाधिवक्ताले उक्त धारा बमोजिम आफ्नो काम, कर्तव्य र अधिकार तोकिएको शर्तको अधीनमा रही प्रयोग र पालन गर्ने गरी मातहतका अधिकृतलाई सुम्पन सक्ने व्यवस्था छ । संविधानको धारा १३५ को उपधारा (३) को देहाय (ग) बमोजिम

DO NOT COPY Property of OAG

महान्यायाधिवक्तामा निहित हिरासतमा रहेको व्यक्तिलाई संविधानको अधीनमा रही मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा छानविन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई निर्देशन दिने अधिकार मिति २०६८/०१/०१ को राजपत्रमा प्रकाशित सूचना अनुसार सोही मितिदेखि लागू हुने गरी पुनरावेदन सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता वा निजको अनुपस्थितिमा सहन्यायाधिवक्ताको हैसियतले काम गर्ने कर्मचारीले प्रयोग गर्ने गरी सुम्पिएको छ । सो बमोजिम महान्यायाधिवक्ताबाट मिति २०७०।०२।१९ र २०७०।०४।०४ मा देहाय जिल्लाहरूमा देहायका सहन्यायाधिवक्ताहरूबाट कारागार तथा हिरासत अनुगमन गर्ने कार्य सम्पन्न भयो । उक्त निर्णय बमोजिम तोकिएको जिल्लामा अनुगमन सम्पन्न गरी महान्यायाधिवक्ता समक्ष प्रतिवेदन पेश गरिएको र उक्त अनुगमन प्रतिवेदनहरूबाट कारागारमा रहेका कैदीहरूको मानव अधिकार उल्लंघन भएको भन्ने देखिदैन ।

सि.नं.	अनुगमन गर्ने पदाधिकारी	जिल्ला
१.	सहन्यायाधिवक्ता श्री रमेशकुमार पोखरेल	नेपालगञ्ज
२.	सहन्यायाधिवक्ता श्री राजेन्द्र सुवेदी	काभ्रेपलाञ्चोक, कंचनपुर
३.	सहन्यायाधिवक्ता श्री बलराम शर्मा	नवलपरासी, रूपन्देही, तेह्रथुम
४.	सहन्यायाधिवक्ता श्री खगराज पौडेल	बाग्लुङ, धादिङ्ग, चितवन, उदयपुर
५.	सहन्यायाधिवक्ता श्री महेश शर्मा पौडेल	पर्वत
६.	सहन्यायाधिवक्ता श्री राजनप्रसाद भट्टराई	सुनसरी, भक्तपुर
७.	सहन्यायाधिवक्ता श्री शंकरप्रसाद बराल	रोल्पा
८.	सहन्यायाधिवक्ता श्री नारायणप्रसाद पौडेल	म्याग्दी
९.	सहन्यायाधिवक्ता श्री विश्वराज कोइराला	पर्सा
१०.	सहन्यायाधिवक्ता डा. टेकबहादुर घिमिरे	पाँचथर, संखुवासभा
११.	सहन्यायाधिवक्ता श्री रेवतीराज त्रिपाठी	तनहुँ र लमजुङ्ग

यसैगरी महानगरीय प्रहरी परिसर, हनुमानढोकामा हिरासतमा रहेका प्रेमसागर पौड्याललाई भेटघाट गर्न नदिएको हुँदा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३५ को उपधारा (३) को खण्ड (ग) बमोजिम प्रहरी परिसरलाई निर्देशन गरी पाउँ भनी मिति २०७०।०२।२८ मा श्रीमान् महान्यायाधिवक्ताज्यू समक्ष परेको निवेदन उपर के कसो भएको हो ? तुरुन्त खुलाई पठाउनु हुन तथा हिरासतमा रहेको प्रेमसागर पौड्याललाई भेटघाट गर्न चाहने व्यक्तिलाई भेटघाटको प्रबन्ध मिलाउन महान्यायाधिवक्ताको निर्देशन बमोजिम हुन अनुरोध गरी पठाइएको र सो अनुसार कार्यान्वयन भएको थियो ।

DO NOT COPY
Property of OAG

परिच्छेद - तीन

पुनरावेदन सरकारी वकील कार्यालय

१. गठन

न्याय प्रशासन ऐन, २०४८ को परिच्छेद २ मा पुनरावेदन अदालतहरूको स्थापना सम्बन्धी व्यवस्था छ । नेपाल सरकार वादी हुने वा नेपाल सरकारको हक हित वा सरोकार रहेको मुद्दामा नेपाल सरकारको तर्फबाट प्रतिनिधित्व गर्न तथा तोकिए बमोजिमको कार्य सम्पादन गर्न पुनरावेदन अदालतहरू रहेका स्थानहरूमा पुनरावेदन सरकारी वकील कार्यालयहरू स्थापना भई कार्य सम्पादन हुँदै आएको छ । हाल पुनरावेदन सरकारी वकील कार्यालयहरूको संख्या १६ रहेको छ र ती कार्यालयहरूको संगठनको स्वरूप **अनुसूची १.३** मा प्रस्तुत गरिएको छ ।

पुनरावेदन सरकारी वकील कार्यालय नेपाल न्याय सेवा सरकारी वकील समूहका राजपत्राङ्कित प्रथम श्रेणीका सह-न्यायाधिवक्ताको नेतृत्वमा रहने व्यवस्था छ । उक्त कार्यालयहरूमा आवश्यकता अनुसार राजपत्राङ्कित द्वितीय तथा तृतीय श्रेणीका सरकारी वकीलहरू तथा अन्य कर्मचारीहरू रहने व्यवस्था रहेको छ । पुनरावेदन सरकारी वकील कार्यालयहरूमा रहने सरकारी वकील तथा कर्मचारीहरूको दरबन्दी स्थिति **अनुसूची २०** मा प्रस्तुत गरिएको छ ।

२. पुनरावेदन सरकारी वकील कार्यालयमा कार्यरत सरकारी वकीलहरूको काम, कर्तव्य र अधिकार

सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ एवं सरकारी वकील सम्बन्धी नियमावली, २०५५ मा व्यवस्था भए बमोजिम पुनरावेदन सरकारी वकील कार्यालयका सरकारी वकीलहरूको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ :

१. पुनरावेदन अदालतमा सुरु मुद्दा दायर गर्नुपर्ने विषयमा प्राप्त मिसिल कागजात अध्ययन गरी मुद्दा चलाउन आवश्यक देखेमा मुद्दा दायर गर्ने, प्रमाणको अभावमा मुद्दा दायर गर्न आवश्यक नदेखिएमा आफ्नो राय सहित अन्तिम निर्णयको लागि मिसिल कागजात महान्यायाधिवक्ताको कार्यालयमा पठाउने र अन्तिम निकासा भई आए बमोजिम गर्ने, गराउने ।

२. जिल्ला सरकारी वकील कार्यालयबाट मुद्दा नचलाउने गरी गरेको निर्णय सहितको प्राप्त मिसिल कागजात अध्ययन गरी मुद्दा चलाउन आवश्यक देखेमा सोही बमोजिम निर्णय गरी फिर्ता पठाउने र मुद्दा चलाउन आवश्यक नदेखिएमा आफ्नो राय सहितको मिसिल कागजात अन्तिम निर्णयको लागि महान्यायाधिवक्ताको कार्यालयमा पठाउने र अन्तिम निकासा भई आए बमोजिम गर्ने, गराउने ।

३. जिल्ला अदालतले गरेको निर्णय उपर पुनरावेदन अदालतमा पुनरावेदन गर्ने वा नगर्ने भन्ने सम्बन्धमा जिल्ला सरकारी वकील कार्यालयबाट प्राप्त मिसिल कागजात अध्ययन गरी पुनरावेदन गर्नुपर्ने देखिएमा सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन दायर गर्ने, पुनरावेदन गर्न आवश्यक नदेखेमा आफ्नो राय सहित मिसिल कागजात महान्यायाधिवक्ताको कार्यालयमा पठाउने र अन्तिम निकासा भई आए बमोजिम गर्ने ।

४. पुनरावेदन अदालतमा नेपाल सरकार वादी भई दायर गरिएका सुरु मुद्दाहरू, पुनरावेदनहरू र नेपाल सरकारलाई विपक्षी बनाई दायर गरिएका मुद्दाहरू एवं रिट निवेदनहरूमा नेपाल सरकारको प्रतिनिधित्व गरी अड्डा अदालत समक्ष उपस्थित भई बहस पैरवी र प्रतिरक्षा गर्ने ।

५. क्षेत्रीयस्तरका सरकारी निकाय वा अधिकारीबाट माग भए बमोजिमको कानूनी प्रश्नमा राय प्रदान गर्ने ।

६. प्रचलित नेपाल कानूनले पुनरावेदन सरकारी वकील कार्यालयका सरकारी वकीलले गर्ने भनी तोकेको अन्य कार्यहरू सम्पादन गर्ने ।

DO NOT COPY Property of OAG

३. पुनरावेदन सरकारी वकील कार्यालयबाट सम्पादित कामको विवरण

यस परिच्छेदमा पुनरावेदन सरकारी वकील कार्यालयहरूबाट आर्थिक वर्ष २०६९/०७० मा सम्पादित कामको विवरणलाई एकमुष्ठ रूपमा मुद्दा तथा रिटको विषय, प्रकृति, भौगोलिक तथा प्रादेशिक र क्षेत्रगत आधारमा वर्गीकरण गरिएको छ । साथै यस आर्थिक वर्षमा सबै पुनरावेदन सरकारी वकील कार्यालयहरूको कार्यबोझ, कार्यरत सरकारी वकील र त्यस कामका लागि भएको सरकारी लागत खर्च समेत आदिलाई तालिका, चार्ट र वृत्त चित्र समेतको प्रयोग गरी स्पष्ट र बोधगम्य पार्ने प्रयास गरिएको छ ।

पुनरावेदन सरकारी वकील कार्यालयहरूबाट नेपाल सरकारको तर्फबाट अड्डा अदालतमा उपस्थित भई मुद्दा तथा रिट निवेदनहरूमा बहस पैरवी एवं प्रतिरक्षा गरिएका मुद्दाहरूको छुट्टाछुट्टै विवरण र फछ्यौंट भएका मुद्दामा भएको कसूर कायम तथा रिट निवेदन खारेज भएको संख्या र प्रतिशतलाई विगत वर्षहरूको तथ्याङ्कहरू समेत समावेस गरी तुलनात्मक रूपमा देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ३३

आर्थिक वर्ष	विषय	लगत			फछ्यौंट				बाँकी	रिट खारेज तथा कसूर ठहर प्रतिशत
		गत वर्षको	यस वर्षको	जम्मा	रिट खारेज तथा कसूर ठहर	रिट जारी तथा कसूरमा सफाई	अन्य	जम्मा		
२०६७/०६८	मुद्दा	२०१७	३०१४	५०३१	१२५८	१५६६	२५	२८४९	२१८२	४४.१६
	रिट	१४२९	१४९३	२९२२	११३०	८४१	९१	२०६२	८६०	५४.८०
	अन्य निवेदन	७६	११५६	१२३२	७४३	३५७	०	११००	१३२	६७.५५
	जम्मा	**३५२२**	**५६६३**	**९१८५**	**३१३१**	**२७६४**	**११६**	**६०११**	**३१७४**	५२.०९
२०६८/०६९	मुद्दा	२१९१	४७३४	६९२५	१५७१	१९६९	१४	३५५४	३३७१	४४.२०
	रिट	८६४	२१२३	२९८७	१५५०	७३५	७७	२३६२	६२५	६५.६२
	अन्य निवेदन	१२०	१७०९	१८२९	१०८८	५५८	११	१६५७	१७२	६५.६६
	जम्मा	**३९७५**	**८५६६**	**११७४१**	**४२०९**	**३२६२**	**१०२**	**७५७३**	**४१६८**	५५.५८
२०६९/०७०	मुद्दा	३३६८	४९८४	८३५२	१८०४	२२२७	१२	४०४३	४३०९	४४.६२
	रिट	५६५	२६१९	३१८४	१३१६	८१३	२४५	२३७४	८१०	५५.४३
	अन्य निवेदन	१४४	१३८६	१५३०	८६४	३९९	०	१२६३	२६७	६८.४१
	जम्मा	**४०७७**	**८९८९**	**१३०६६**	**३९८४**	**३४३९**	**२५७**	**७६८०**	**५३८६**	५१.८८

पुनरावेदन सरकारी वकील कार्यालयहरूबाट मुद्दा तथा रिट निवेदन सम्बन्धी सम्पादित कार्यको तुलनात्मक विवरण ।

पुनरावेदन सरकारी वकील कार्यालयबाट बहस पैरवी एवं प्रतिरक्षा गरिएका मुद्दा, रिट तथा अन्य निवेदनहरूको एकमुष्ठ लगत फछ्यौंटको विवरणले सो कार्यालयबाट सम्पादित मुद्दा सम्बन्धी कामको विवरणलाई प्रस्तुत गर्दछ । पुनरावेदन सरकारी वकील कार्यालयमा आर्थिक वर्ष २०६७/०६८ को कुल लगत मुद्दा संख्या ९,१८५, आर्थिक वर्ष २०६८/०६९ को कुल लगत मुद्दा संख्या ११,७४१ लाई यस आर्थिक वर्षको कुल लगत मुद्दा संख्या १३,०६६ सँग तुलना गर्दा मुद्दाको संख्यामा वृद्धि हुँदै आएको देखिन्छ । यसैगरी फछ्यौंटलाई हेर्दा आर्थिक वर्ष २०६७/०६८ मा ६५.४४ प्रतिशत र आर्थिक वर्ष २०६८/०६९ मा ६४.५० प्रतिशत र यस आर्थिक वर्षमा ५८.७८ प्रतिशत मुद्दा, रिट तथा निवेदनहरू फछ्यौंट भएको देखिन्छ । फछ्यौंट भएका मुद्दा, रिट तथा निवेदनहरू मध्ये आर्थिक वर्ष २०६७/०६८ मा ५२.०९ प्रतिशत, आर्थिक वर्ष २०६८/०६९ मा ५५.५८ प्रतिशत र यस आर्थिक वर्षमा ५१.८८ प्रतिशत मुद्दामा कसूर ठहर तथा रिट खारेज भएको तथ्याङ्कबाट देखिन्छ ।

DO NOT COPY Property of OAG

यस आर्थिक वर्षमा बहस पैरवी एवं प्रतिरक्षा गरिएका मुद्दा, रिट तथा निवेदनहरूको सूचक



पुनरावेदन सरकारी वकील कार्यालयहरूबाट यस आर्थिक वर्षमा बहस पैरवी एवं प्रतिरक्षा गरिएको मुद्दा, रिट तथा निवेदनको एकमुष्ठ लगत १३,०६६ मध्ये जम्मा ७,६८० थान फछ्यौंट भएको तथ्याङ्क देखिन्छ । यस आर्थिक वर्षमा मुद्दा तर्फ कुल लगत ८,३५२ मध्ये ४,०४३ अर्थात ४८.४१ प्रतिशत मुद्दा फछ्यौंट भएको र फछ्यौंट मुद्दा मध्ये १,८०४ मुद्दामा कसूर ठहर भएको देखिन्छ । यसैगरी २,२२७ मुद्दामा सफाइ र १२ मुद्दा अन्य (मुल्तवी, तामेली समेत) तवरले फछ्यौंट भएको देखिन्छ । रिट तर्फ कुल लगत ३,१८४ मध्ये कुल फछ्यौंट संख्या २,३७४ अर्थात ७४.५६ प्रतिशत रिट फछ्यौंट भएको देखिन्छ । फछ्यौंट भएका रिट निवेदनहरू मध्ये १,३१६ थान रिट खारेज भएको देखिन्छ । यसैगरी ८१३ थान रिट निवेदनहरू जारी भएको र २४५ रिट अन्य तवरले फछ्यौंट भएको तथ्याङ्कबाट देखिन्छ । यसैगरी अन्य निवेदन तर्फ कुल लगत १,५३० मध्ये कुल फछ्यौंट संख्या १,२६३ अर्थात ८२.५५ प्रतिशत निवेदनहरू फछ्यौंट भएको देखिन्छ । फछ्यौंट भएका निवेदनहरू मध्ये ८६४ थान निवेदनमा जिकिर कायम भएको देखिन्छ । यसैगरी ३९९ थान निवेदनहरूमा जिकिर पुग्न नसकेको तथ्याङ्कबाट देखिन्छ । यस आर्थिक वर्षमा पुनरावेदन सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी एवं प्रतिरक्षा गरिएका मुद्दा, रिट तथा निवेदनहरूको विस्तृत विवरण **अनुसूची १२** मा प्रस्तुत गरिएको छ ।

यस आर्थिक वर्षको मुद्दा तथा रिट निवेदनहरूको एकमुष्ठ फछ्यौंट सम्बन्धी सूचक



DO NOT COPY
Property of OAG

यस आर्थिक वर्षमा पुनरावेदन सरकारी वकील कार्यालयहरूबाट मुद्दा, रिट तथा निवेदनहरूमा बहस पैरवी एवं प्रतिरक्षा गरिएका मुद्दाहरूको विवरणलाई छुट्टाछुट्टै शीर्षकमा तुलनात्मक रूपमा निम्न अनुसार विवेचना गरिएको छ ।

३.१ मुद्दा, रिट तथा निवेदन सम्बन्धी कार्य

प्रचलित कानून र सरकारी वकील सम्बन्धी नियमावलीको व्यवस्था बमोजिम सरकार वादी मुद्दाहरूमा जिल्लास्तरका अड्डा अदालतबाट भएको आदेश, निर्णय वा फैसलामा चित्त नबुझेमा नेपाल सरकारको तर्फबाट पुनरावेदन अदालतमा पुनरावेदन दायर गर्ने, नेपाल सरकारको तर्फबाट वा प्रतिवादी/विपक्षीको तर्फबाट दायर गरिएका पुनरावेदन सम्बन्धमा अदालत समक्ष उपस्थित भई बहस पैरवी गर्ने, नेपाल सरकारको हकहित वा सरोकार निहित भएको विषयमा वा नेपाल सरकारलाई विपक्षी बनाई दायर गरिएका सुरु मुद्दा वा पुनरावेदनहरूमा अदालत समक्ष उपस्थित भई बहस पैरवी एवं प्रतिरक्षा गर्ने कार्य पुनरावेदन सरकारी वकील कार्यालयबाट गरिन्छ । पुनरावेदन सरकारी वकील कर्यालयहरूबाट यस आर्थिक वर्षमा दायर भएका सुरु मुद्दा, पुनरावेदन समेतको संख्या ४,९८४ र गत आर्थिक वर्षमा फछ्यौंट हुन बाँकी मुद्दा ३,३६८ समेत गरी यस आर्थिक वर्षको जम्मा लगत ८,३५२ थान मध्ये ४,०४३ थान अर्थात ४८.४१ प्रतिशत फछ्यौंट भएको तथ्याङ्कबाट देखिन्छ । मुद्दामा कसूर ठहर तथा सफाइ भएको स्थिति हेर्दा फछ्यौंट भएको मुद्दा संख्या ४,०४३ मध्ये १,८०४ थान अर्थात ४४.६२ प्रतिशत कसूर ठहर भएको, २,२२७ थान अर्थात ५५.०८ प्रतिशत मुद्दामा सफाइ भएको र १२ थान अर्थात ०.३० प्रतिशत मुद्दा अन्य तवरले फछ्यौंट भएको तथ्याङ्कबाट देखिन्छ । अघिल्ला आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा कसूर ठहरको प्रतिशत केही बढेको तथ्याङ्कबाट देखिन्छ । तीन आर्थिक वर्षमा पुनरावेदन सरकारी वकील कार्यालयहरूबाट मुद्दामा गरिएको बहस पैरवी सम्बन्धी विवरणलाई तुलनात्मक तथ्याङ्क देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ३४

आर्थिक वर्ष	लगत			फछ्यौंट				बाँकी	कसूर ठहर भएको प्रतिशत
	गत वर्षको	यस वर्षको	जम्मा	कसूर ठहर भएको	सफाइ भएको	अन्य	जम्मा		
२०६७/०६८	२०१७	३०१४	५०३१	१२५८	१५६६	२५	२८४९	२१८२	४४.१६
२०६८/०६९	२१९१	४७३४	६९२५	५५७१	१९६९	१४	३५५४	३३७१	४४.२०
२०६९/०७०	३३६८	४९८४	८३५२	१८०४	२२२७	१२	४०४३	४३०९	४४.६२

पुनरावेदन सरकारी वकील कार्यालयहरूबाट पुनरावेदन तथा बहस पैरवी गरेको मुद्दाको तुलनात्मक विवरण ।

यस आर्थिक वर्षमा पुनरावेदन सरकारी वकील कार्यालयबाट मुद्दामा भएको कार्य सम्पादनको सूचक



DO NOT COPY
Property of OAG

पुनरावेदन सरकारी वकील कार्यालयहरूबाट सम्पादित मुद्दा सम्बन्धी कार्यको लगत, फछ्यौंट र बाँकीको विषयगत विवरणलाई देहायको तालिकामा एकीकृत रूपमा प्रस्तुत गरिएको छ ।

(क) मुद्दाहरूको विषयगत वर्गीकरण र लगत संख्या

तालिका नं. ३५

सि.नं.	विषय	लगत			फछ्यौंट						बाँकी
		गत वर्षको	यस वर्षको	जम्मा	सुरु सदर		उल्टी		फिर्ता, मुल्तवी, तामेली	जम्मा	
					कसूर कायम	सफाई	कसूर कायम	सफाई			
१	अपहरण	१२१	१६७	२८८	३७	८३	१०	११	१	१४२	१४६
२	अंगभंग (कुटपिट र सवारी समेत)	२७	९८	१२५	१६	३७	६	८	०	६७	५८
३	आगलागी	२०	६१	८१	१०	३१	७	५	०	५३	२८
४	आर्थिक	३७२	४२२	७९४	१९०	१२३	३५	१७	०	३६५	४२९
५	करणी	२३०	४०२	६३२	९५	१५९	३०	३७	०	३२१	३११
६	किर्ते	६७	९०	१५७	३४	२६	९	१४	०	८३	७४
७	चोरी	५३६	७७१	१३०७	२०४	३११	८३	५८	०	६५६	६५१
८	ज्यान	६८५	१२४३	१९२८	२९४	५३९	६७	१०३	५	१००८	९२०
९	देवानी	७८	३६	११४	२६	१२	०	१	०	३९	७५
१०	नागरिकता/राहदानी	२३	४२	६५	१३	१४	४	८	०	३९	२६
११	प्रतिलिपि अधिकार	२	५	७	१	१	०	०	०	२	५
१२	प्रविधि सम्बन्धी	१७	१७	३४	४	४	०	१	०	९	२५
१३	बैदेशिक रोजगार	६	३	९	५	१	१	०	०	७	२
१४	मानव बेचविखन	९०	११८	२०८	३६	४५	१३	१३	२	१०८	१००
१५	लागू औषध	३२१	६३४	९५५	२१५	१६८	४०	४२	०	४६५	४९०
१६	वन	८२	१६१	२४३	४०	५०	८	८	०	१०६	१३७
१७	विवाह	७३	१६०	२३३	३६	५६	१३	८	०	११३	१२०
१८	सार्वजनिक अपराध	८०	१०५	१८५	१६	४६	७	६	०	७५	११०
१९	हात हतियार	१२६	९०	२१६	३५	३०	१८	१९	१	१०३	११३
२०	विविध	४१२	३५९	७७१	१३५	११९	१२	१३	३	२८२	४८९
	जम्मा	३३६८	४९८४	८३५२	१४४२	१८५५	३६२	३७२	१२	४०४३	४३०९

पुनरावेदन सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी गरिएका विषयगत मुद्दाहरूको कारबाही विवरण ।

प्रस्तुत तालिकामा उल्लेख भए अनुसार पुनरावेदन सरकारी वकील कार्यालयहरूबाट यस आर्थिक वर्षमा बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दाहरूको जम्मा लगत मुद्दा संख्या ८,३५२ मध्ये कसूर ठहर वा दाबी कायम भएका मुद्दा संख्या १,८०४ र सफाइ वा दाबी नपुगेका मुद्दा संख्या २,२२७ एवं अन्य तवरले (मुद्दा फिर्ता, मुल्तवी, तामेली आदि) फछ्यौंट मुद्दा संख्या १२ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या ४,०४३ र बाँकी रहेका मुद्दा संख्या ४,३०९ रहेको छ । मुद्दाहरूको विषयगत वर्गीकृत विवरण र कारबाहीको स्थितिको छुट्टाछुट्टै विश्लेषण गरी हेर्दा अपहरण तथा शरीर बन्धक मुद्दाको जम्मा लगत मुद्दा संख्या २८८ मध्ये कसूर ठहर भएका मुद्दा संख्या ४७, सफाइ भएका मुद्दा संख्या ९४ र अन्य तवरले १ थान गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या १४२ भई बाँकी रहेका मुद्दा संख्या १४६ रहेको देखिन्छ । अंगभंग (कुटपिट र सवारीबाट) मुद्दाको जम्मा लगत संख्या १२५ मध्ये कसूर ठहर भएका मुद्दा संख्या २२, सफाइ भएका मुद्दा संख्या ४५ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या ६७ भई बाँकी रहेका मुद्दा संख्या ५८ रहेको देखिन्छ ।

आगलागी मुद्दाको जम्मा लगत संख्या ८१ मध्ये कसूर ठहर भएका मुद्दा संख्या १७, सफाइ भएका मुद्दा संख्या ३६ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या ५३ भई बाँकी रहेका मुद्दा संख्या २८ रहेको देखिन्छ । आर्थिक (खोटा चलन, चन्दा, चिट्ठा, ठगी, बैकिङ्ग कसूर, विदेशी मुद्रा र आर्थिक अपराधसँग सम्बन्धित अन्य) मुद्दाको जम्मा लगत संख्या ७९४ मध्ये कसूर ठहर भएका मुद्दा संख्या २२५, सफाइ भएका मुद्दा संख्या १४० गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या ३६५ र भई बाँकी रहेका मुद्दा संख्या ४२९ रहेको देखिन्छ ।

DO NOT COPY
Property of OAG

करणी (जबर्जस्ती करणी र जबर्जस्ती करणी उद्योग) मुद्दाको जम्मा लगत संख्या ६३२ मध्ये कसूर ठहर भएका मुद्दा संख्या १२५, सफाइ भएका मुद्दा संख्या १९६ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या ३२१ भई बाँकी रहेका मुद्दा संख्या ३११ रहेको देखिन्छ । किर्ते मुद्दाको जम्मा लगत संख्या १५७ मध्ये कसूर ठहर भएका मुद्दा संख्या ४३, सफाइ भएका मुद्दा संख्या ४० गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या ८३ भई बाँकी रहेका मुद्दा संख्या ७४ रहेको देखिन्छ । चोरी (साधारण, नकवजनी, जबर्जस्ती, रहजनी र डाँका) मुद्दाको जम्मा लगत संख्या १,३०७ मध्ये कसूर ठहर भएका मुद्दा संख्या २८७, सफाइ भएका मुद्दा संख्या ३६९ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या ६५६ भई बाँकी रहेका मुद्दा संख्या ६५१ रहेको देखिन्छ । ज्यान (आवेश प्रेरित हत्या, कर्तव्य ज्यान, गर्भपतन, ज्यान मार्ने उद्योग, भवितव्य ज्यान, सवारी ज्यान) मुद्दाको जम्मा लगत संख्या १,९२८ मध्ये कसूर ठहर भएका मुद्दा संख्या ३६१ सफाइ भएका मुद्दा संख्या ६४२ एवं अन्य तवरले फछ्यौंट मुद्दा संख्या ५ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या १,००८ भई बाँकी रहेका मुद्दा संख्या ९२० रहेको देखिन्छ ।

आर्थिक (खोटो चलन, चन्दा, चिट्ठा, ठगी, बेकिङ्ग कसूर, विदेशी मुद्रा, नेपाल राष्ट्र बैंक सम्बन्धी र आर्थिक अपराधसँग सम्बन्धित अन्य) मुद्दाको जम्मा लगत संख्या १,०६८ र प्रतिवादी संख्या २,३६४ मध्ये कसूर ठहर भएका मुद्दा संख्या १०२ र प्रतिवादी संख्या ३००, सफाइ भएका मुद्दा संख्या ९६ र प्रतिवादी संख्या १९७ एवं अन्य तवरले फछ्यौंट मुद्दा संख्या ४ र प्रतिवादी संख्या ६४ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या २०२ र प्रतिवादी संख्या ५६१ भई बाँकी रहेका मुद्दा संख्या ८६६ र प्रतिवादी संख्या १,८०३ रहेको देखिन्छ ।

५. करणी

करणी (जबर्जस्ती करणी, जबर्जस्ती करणी उद्योग, अप्राकृतिक मैथुन र अन्य) मुद्दाको जम्मा लगत संख्या १,६४८ र प्रतिवादी संख्या २,१९६ मध्ये कसूर ठहर भएका मुद्दा संख्या ४०२ र प्रतिवादी संख्या ५२२, सफाइ भएका मुद्दा संख्या ३२६ र प्रतिवादी संख्या ४५२ एवं अन्य तवरले फछ्यौंट मुद्दा संख्या ४१ र प्रतिवादी संख्या ५९ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या ७६९ र प्रतिवादी संख्या १,०३३ भई बाँकी रहेका मुद्दा संख्या ८७९ र प्रतिवादी संख्या १,१६३ रहेको देखिन्छ ।

६. किर्ते

किर्ते मुद्दाको जम्मा लगत संख्या २७४ र प्रतिवादी संख्या ८०४ मध्ये कसूर ठहर भएका मुद्दा संख्या ३९ र प्रतिवादी संख्या १२०, सफाइ भएका मुद्दा संख्या २७ र प्रतिवादी संख्या ८८ एवं

DO NOT COPY
Property of OAG

अन्य तवरले फछ्यौंट प्रतिवादी संख्या ३ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या ६६ र प्रतिवादी संख्या २११ भई बाँकी रहेका मुद्दा संख्या २०८ र प्रतिवादी संख्या ५९३ रहेको देखिन्छ ।

७. चोरी

चेरी (साधारण, नकवजनी, जबर्जस्ती, रहजनी, डाँका) मुद्दाको जम्मा लगत संख्या २,२१५ र प्रतिवादी संख्या ५,८८२ मध्ये कसूर ठहर भएका मुद्दा संख्या ५५६ र प्रतिवादी संख्या १,३२०, सफाइ भएका मुद्दा संख्या ३६१ र प्रतिवादी संख्या १,१०९ एवं अन्य तवरले फछ्यौंट मुद्दा संख्या २५ र प्रतिवादी संख्या ११८ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या ९४२ र प्रतिवादी संख्या २,५४७ भई बाँकी रहेका मुद्दा संख्या १,२७३ र प्रतिवादी संख्या ३,३३५ रहेको देखिन्छ ।

८.ज्यान

ज्यान (आवेश प्रेरित हत्या, कर्तव्य ज्यान, गर्भपतन, ज्यान मार्ने उद्योग, भवितव्य ज्यान, सवारी ज्यान) मुद्दाको जम्मा लगत संख्या २,७३० र प्रतिवादी संख्या ९,०५८ मध्ये कसूर ठहर भएका मुद्दा संख्या ५०२ र प्रतिवादी संख्या १,१९१, सफाइ भएका मुद्दा संख्या ६२५ र प्रतिवादी संख्या २,१५९ एवं अन्य तवरले फछ्यौंट मुद्दा संख्या २३ र प्रतिवादी संख्या २०३ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या १,१५० र प्रतिवादी संख्या ३,५५३ भई बाँकी रहेका मुद्दा संख्या १,५८० र प्रतिवादी संख्या ५,५०५ रहेको देखिन्छ ।

९. देवानी

देवानी मुद्दाको जम्मा लगत संख्या १६३ र प्रतिवादी संख्या ३०६ मध्ये दावी कायम भएका मुद्दा संख्या ६४ र प्रतिवादी संख्या १०५, दावी नपुगेका मुद्दा संख्या १५ र प्रतिवादी संख्या ३७ एवं अन्य तवरले फछ्यौंट प्रतिवादी संख्या २ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या ७९ र प्रतिवादी संख्या १४४ भई बाँकी रहेका मुद्दा संख्या ८४ र प्रतिवादी संख्या १६२ रहेको देखिन्छ ।

१०. नागरिकता

नागरिकता मुद्दाको जम्मा लगत संख्या १८३ र प्रतिवादी संख्या ६५० मध्ये कसूर ठहर भएका मुद्दा संख्या ३३ र प्रतिवादी संख्या १०६, सफाइ भएका मुद्दा संख्या १२ र प्रतिवादी संख्या ४६, एवं अन्य तवरले फछ्यौंट प्रतिवादी संख्या १ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या ४५ र प्रतिवादी संख्या १५३ भई बाँकी रहेका मुद्दा संख्या १३८ र प्रतिवादी संख्या ४९७ रहेको देखिन्छ ।

१२. प्रतिलिपि अधिकार

प्रतिलिपि अधिकार मुद्दाको जम्मा लगत संख्या ९ र प्रतिवादी संख्या २२ मध्ये कसूर ठहर भएका मुद्दा संख्या ५ र प्रतिवादी संख्या ११, सफाइ भएका मुद्दा संख्या १ र प्रतिवादी संख्या ४ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या ६ र प्रतिवादी संख्या १५ भई बाँकी रहेका मुद्दा संख्या ३ र प्रतिवादी संख्या ७ रहेको देखिन्छ ।

१३. प्रविधि सम्बन्धी

प्रविधि सम्बन्धी (दूर सञ्चार, विद्युतीय कारोबार र अन्य) मुद्दाको जम्मा लगत संख्या ८४ र प्रतिवादी संख्या १९८ मध्ये कसूर ठहर भएका मुद्दा संख्या २० र प्रतिवादी संख्या ७१, सफाइ भएका मुद्दा संख्या ४ र प्रतिवादी संख्या १४ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या २४ र प्रतिवादी संख्या ८५ भई बाँकी रहेका मुद्दा संख्या ६० र प्रतिवादी संख्या ११३ रहेको देखिन्छ ।

१४. मानव बेचविखन

मानव बेचविखन मुद्दाको जम्मा लगत संख्या ३१२ र प्रतिवादी संख्या ७६७ मध्ये कसूर ठहर भएका मुद्दा संख्या ५८ र प्रतिवादी संख्या १२०, सफाइ भएका मुद्दा संख्या ५६ र प्रतिवादी संख्या १३० एवं अन्य तवरले फछ्यौंट मुद्दा संख्या १ र प्रतिवादी संख्या २३ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या ११५ र प्रतिवादी संख्या २७३ भई बाँकी रहेका मुद्दा संख्या १९७ र प्रतिवादी संख्या ४९४ रहेको देखिन्छ ।

१५. राहदानी

DO NOT COPY Property of OAG

राहदानी मुद्दाको जम्मा लगत संख्या २९ र प्रतिवादी संख्या ५१ मध्ये कुनै पनि मुद्दा फछ्यौंट नभएको देखिन्छ ।

१६. लागू औषध

लागू औषध मुद्दाको जम्मा लगत संख्या २,७२८ र प्रतिवादी संख्या ५,६३९ मध्ये कसूर ठहर भएका मुद्दा संख्या १,२११ र प्रतिवादी संख्या २,२१०, सफाइ भएका मुद्दा संख्या १८२ र प्रतिवादी संख्या ४८९ एवं अन्य तवरले फछ्यौंट मुद्दा संख्या २ र प्रतिवादी संख्या ३१ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या १,३९५ र प्रतिवादी संख्या २,७३० भई बाँकी रहेका मुद्दा संख्या १,३३३ र प्रतिवादी संख्या २,९०९ रहेको देखिन्छ ।

१७. विवाह

विवाह (बहु विवाह र बाल विवाह) मुद्दाको जम्मा लगत संख्या ५६० र प्रतिवादी संख्या १,१८१ मध्ये कसूर ठहर भएका मुद्दा संख्या १५७ र प्रतिवादी संख्या २९५, सफाइ भएका मुद्दा संख्या ७१ र प्रतिवादी संख्या १७५ एवं अन्य तवरले फछ्यौंट मुद्दा संख्या ३ र प्रतिवादी संख्या ११ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या २३१ र प्रतिवादी संख्या ४८१ भई बाँकी रहेका मुद्दा संख्या ३२९ र प्रतिवादी संख्या ७०० रहेको देखिन्छ ।

१८. सवारी ज्यान

सवारी ज्यान (सवारीबाट अंगभंग, सवारीबाट कर्तव्य, लापरबाही, भवितव्य र क्षतिपूर्ति) मुद्दाको जम्मा लगत संख्या २,६५५ र प्रतिवादी संख्या ३,८७७ मध्ये कसूर ठहर भएका मुद्दा संख्या १,५३० र प्रतिवादी संख्या २,०२८, सफाइ भएका मुद्दा संख्या ४१ र प्रतिवादी संख्या ५० एवं अन्य तवरले फछ्यौंट मुद्दा संख्या ३ र प्रतिवादी संख्या ३ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या १,५७४ र प्रतिवादी संख्या २,०८१ भई बाँकी रहेका मुद्दा संख्या १,०८१ र प्रतिवादी संख्या १,७९६ रहेको देखिन्छ ।

१९. सार्वजनिक अपराध

सार्वजनिक अपराध मुद्दाको जम्मा लगत संख्या ११,९१० र प्रतिवादी संख्या ३१,१४४ मध्ये कसूर ठहर भएका मुद्दा संख्या ५,५५२ र प्रतिवादी संख्या १७,२६९, सफाइ भएका मुद्दा संख्या ११३ र प्रतिवादी संख्या २७८ एवं अन्य तवरले फछ्यौंट मुद्दा संख्या ५ र प्रतिवादी संख्या १४ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या ५,६७० र प्रतिवादी संख्या १७,५६१ भई बाँकी रहेका मुद्दा संख्या ६,२४० र प्रतिवादी संख्या १३,५८३ रहेको देखिन्छ ।

२०. हातहतियार तथा खरखजना

हातहतियार तथा खरखजना मुद्दाको जम्मा लगत संख्या ९१४ र प्रतिवादी संख्या २,२२४ मध्ये कसूर ठहर भएका मुद्दा संख्या ३२३ र प्रतिवादी संख्या ७०७, सफाइ भएका मुद्दा संख्या १६ र प्रतिवादी संख्या ६९ एवं अन्य तवरले फछ्यौंट प्रतिवादी संख्या ४ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या ३३९ र प्रतिवादी संख्या ७८० भई बाँकी रहेका मुद्दा संख्या ५७५ र प्रतिवादी संख्या १,४४४ रहेको देखिन्छ ।

२१ . विविध

विविध (अंग प्रत्यारोपण, आवश्यक वस्तु संरक्षण, कालो बजार, गोबध, छुवाछुत, जुवा, धर्म सम्बन्धी, प्राचीन स्मारक, राज्य विरुद्धको अपराध, विष्फोटक पदार्थ, शिक्षा ऐनको दफा १७(क), स्वास्थ्यकर्मी र संस्थाको सुरक्षा र अन्य) मुद्दाको जम्मा लगत मुद्दा संख्या ६६२ र प्रतिवादी संख्या २,८९१ मध्ये कसूर ठहर भएका मुद्दा संख्या २३७ र प्रतिवादी संख्या १,१८४, सफाइ भएका मुद्दा संख्या ६५ र प्रतिवादी संख्या २३७ एवं अन्य तवरले फछ्यौंट प्रतिवादी संख्या १ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या ३०२ र प्रतिवादी संख्या १,४२२ भई बाँकी रहेका मुद्दा संख्या ३६० र प्रतिवादी संख्या १,४६९ रहेको देखिन्छ । यस सम्बन्धी विस्तृत विवरण **अनुसूची २२** मा प्रस्तुत गरिएको छ ।

DO NOT COPY Property of OAG

सरकार वादी तथा सरकारको तर्फबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दाहरूको विषयगत मुद्दाको लगत सूचक

विषय	लगतसंख्या
अपहरण	४०२
अंगभंग	१३१
आगलागी	१२७
आर्थिक	१०६८
करणी	१६४८
किर्ते	२७४
चोरी	२२१५
ज्यान	२७३०
देवानी	१६३
नागरिकता	१८३
प्रतिलिपि अधिकार	९
प्रविधि सम्बन्धी	८४
मानव बेचविखन	३१२
राहदानी	२९
लागू औषध	२७२८
विवाह	५६०
सवारी ज्यान	२६५५
सार्वजनिक अपराध	११९१०
हातहतियार	९१४
विविध	६६२



(क) अनुसूची बाहिरका मुद्दाको लगत र कारबाही विवरण

तालिका नं. ५५

विषय	लगत		फछ्यौट								बाँकी	
			कसूर ठहर वा		सफाई वा दावी		फिर्ता, मुल्तवी,		जम्मा			
	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी
अध्यागमन	५२६	५७०	५०४	५१०	०	०	०	०	५०४	५१०	२२	६०
उपभोक्ता संरक्षण	७	११	४	६	०	०	०	०	४	६	३	५
खाद्य ऐन अन्तर्गतका	१५९	१६३	७१	७३	०	०	५	५	७६	७८	८३	८५
गुणस्तर (प्रमाण चिन्ह)	५७	६५	११	११	०	०	०	०	११	११	४६	५४
बैदेशिक रोजगार	४६५	५१०	५	५	४	५	०	०	९	१०	४५६	५००
राजश्व चुहावट	२	२०	०	०	०	०	०	०	०	०	२	२०
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु	२२३	७५५	६३	१९३	०	०	०	०	६३	१९३	१६०	५६२
विदेशी विनिमय	६७	१००	२५	३२	०	०	०	०	२५	३२	४२	६८
वन	१६०८	५६५८	५५८	१८४५	७१	३४४	१	२७	६३०	२२१६	९७८	३४४२
विद्युत चोरी	१	१	०	०	०	०	०	०	०	०	१	१
शिक्षा ऐन दफा १७(१)	५	८	१	२	०	०	१	१	२	३	३	५
अन्य	१२०	१७३	३४	५४	२	२	०	०	३६	५६	८४	११७
जम्मा	३२४०	८०३४	१२७६	२७३१	७७	३५१	७	३३	१३६०	३११५	१८८०	४९१९

जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी र प्रतिरक्षा भएको अनुसूची बाहिरका मुद्दाहरूको विषयगत विवरण ।

प्रस्तुत तालिकामा उल्लेख भए अनुसार जिल्ला सरकारी वकील कार्यालयहरूबाट यस आर्थिक वर्षमा बहस पैरवी र प्रतिरक्षा गरिएका अनुसूची बाहिरका मुद्दाहरूको जम्मा लगत मुद्दा संख्या ३,२४० र प्रतिवादी संख्या ८,०३४ मध्ये कसूर ठहर वा दाबी कायम भएका मुद्दा संख्या १,२७६ र प्रतिवादी संख्या २,७३१, सफाइ वा दाबी नपुगेका मुद्दा संख्या ७७ र प्रतिवादी संख्या ३५१ एवं

DO NOT COPY Property of OAG

अन्य तवरले (मुद्दा फिर्ता, मुल्तवी आदि) फछ्यौंट मुद्दा संख्या ७ र प्रतिवादी संख्या ३३ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या १,३६० र प्रतिवादी संख्या ३,११५ भई बाँकी रहेका मुद्दा संख्या १,८८० र प्रतिवादी संख्या ४,९१९ रहेको देखिन्छ ।

१. अध्यागमन

अध्यागमन मुद्दाको जम्मा लगत संख्या ५२६ र प्रतिवादी संख्या ५७० मध्ये कसूर ठहर भएका मुद्दा संख्या ५०४ र प्रतिवादी संख्या ५१० गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या ५०४ र प्रतिवादी संख्या ५१० भई बाँकी रहेका मुद्दा संख्या २२ र प्रतिवादी संख्या ६० रहेको देखिन्छ ।

२. उपभोक्ता संरक्षण

उपभोक्ता संरक्षण मुद्दाको जम्मा लगत संख्या ७ र प्रतिवादी संख्या ११ मध्ये कसूर ठहर भएका मुद्दा संख्या ४ र प्रतिवादी संख्या ६ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या ४ र प्रतिवादी संख्या ६ भई बाँकी रहेका मुद्दा संख्या ३ र प्रतिवादी संख्या ५ रहेको देखिन्छ ।

३. खाद्य ऐन

खाद्य ऐन अन्तर्गतका मुद्दाको जम्मा लगत संख्या १५९ र प्रतिवादी संख्या १६३ मध्ये कसूर ठहर भएका मुद्दा संख्या ७१ र प्रतिवादी संख्या ७३, अन्त तवरले फछ्यौंट भएका मुद्दा संख्या ५ र प्रतिवादी संख्या ५ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या ७६ र प्रतिवादी संख्या ७८ भई बाँकी रहेका मुद्दा संख्या ८३ र प्रतिवादी संख्या ८५ रहेको देखिन्छ ।

४. गुणस्तर

गुणस्तर (प्रमाण चिन्ह) सँग सम्बन्धित मुद्दाको जम्मा लगत संख्या ५७ र प्रतिवादी संख्या ६५ मध्ये कसूर ठहर भएका मुद्दा संख्या ११ र प्रतिवादी संख्या ११ भई फछ्यौंट भएको मुद्दा संख्या ११ र प्रतिवादी संख्या ११ भई बाँकी रहेका मुद्दा संख्या ४६ र प्रतिवादी संख्या ५४ रहेको देखिन्छ ।

५. वैदेशिक रोजगार

वैदेशिक रोजगार मुद्दाको जम्मा लगत संख्या ४६५ र प्रतिवादी संख्या ५१० मध्ये कसूर ठहर भएका मुद्दा संख्या ५ र प्रतिवादी संख्या ५, सफाइ भएका मुद्दा संख्या ४ र प्रतिवादी संख्या ५ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या ९ र प्रतिवादी संख्या १० भई बाँकी रहेका मुद्दा संख्या ४५६ र प्रतिवादी संख्या ५०० रहेको देखिन्छ ।

६. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु मुद्दाको जम्मा लगत संख्या २२३ र प्रतिवादी संख्या ७५५ मध्ये कसूर ठहर भएका मुद्दा संख्या ६३ र प्रतिवादी संख्या १९३ भई फछ्यौंट भएको मुद्दा संख्या ६३ र प्रतिवादी संख्या १९३ र बाँकी रहेका मुद्दा संख्या १६० र प्रतिवादी संख्या ५६२ रहेको देखिन्छ ।

७. विदेशी विनिमय

विदेशी विनिमय मुद्दाको जम्मा लगत संख्या ६७ र प्रतिवादी संख्या १०० मध्ये कसूर ठहर भएका मुद्दा संख्या २५ र प्रतिवादी संख्या ३२ भई फछ्यौंट भएको मुद्दा संख्या २५ र प्रतिवादी संख्या ३२ र बाँकी रहेका मुद्दा संख्या ४२ र प्रतिवादी संख्या ६८ रहेको देखिन्छ ।

८. वन

वन मुद्दाको जम्मा लगत संख्या १,६०८ र प्रतिवादी संख्या ५,६५८ मध्ये कसूर ठहर भएका मुद्दा संख्या ५५८ र प्रतिवादी संख्या १,८४५, सफाइ भएका मुद्दा संख्या ७१ र प्रतिवादी संख्या ३४४ एवं अन्य तवरले फछ्यौंट मुद्दा संख्या १ र प्रतिवादी संख्या २७ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या ६३० र प्रतिवादी संख्या २,२१६ भई बाँकी रहेका मुद्दा संख्या ९७८ र प्रतिवादी संख्या ३,४४२ रहेको देखिन्छ ।

९. विद्युत चोरी

विद्युत चोरी मुद्दाको जम्मा लगत संख्या १ र प्रतिवादी संख्या १ रहेकोमा कुनै पनि मुद्दा फछ्यौंट नभएको देखिन्छ ।

१०. शिक्षा ऐनको दफा १७(१)

DO NOT COPY
Property of OAG

शिक्षा ऐनको दफा १७(१) अन्तर्गतका मुद्दाको जम्मा लगत संख्या ५ र प्रतिवादी संख्या ८ मध्ये कसूर ठहर भएका मुद्दा संख्या १ र प्रतिवादी संख्या २, एवं अन्य तवरले फछ्यौंट मुद्दा संख्या १ र प्रतिवादी संख्या १ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या २ र प्रतिवादी संख्या ३ भई बाँकी रहेका मुद्दा संख्या ३ र प्रतिवादी संख्या ५ रहेको देखिन्छ ।

११. अन्य

अनुसूची बाहिरका अन्य मुद्दाको जम्मा लगत संख्या १२० र प्रतिवादी संख्या १७३ मध्ये कसूर ठहर भएका मुद्दा संख्या ३४ र प्रतिवादी संख्या ५४, सफाइ भएका मुद्दा संख्या २ र प्रतिवादी संख्या २ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या ३६ र प्रतिवादी संख्या ५६ भई बाँकी रहेका मुद्दा संख्या ८४ र प्रतिवादी संख्या ११७ रहेको देखिन्छ । यस सम्बन्धी विस्तृत विवरण **अनुसूची २२** मा प्रस्तुत गरिएको छ ।

३.३ मुद्दाहरूको क्षेत्रगत विभाजन तथा लगतको स्थिति

सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ भित्रका मुद्दा र सो अनुसूची अन्तर्गत पर्ने भनी तोकिएका फौजदारी मुद्दाहरू जिल्ला सरकारी वकीलले अभियोजन गर्ने नगर्ने निर्णय गरी सम्बन्धित अदालत वा न्यायिक निकायमा अभियोगपत्र दायर गर्ने गर्दछन् । सो बमोजिम यस आर्थिक वर्षमा अदालत, जिल्ला प्रशासन कार्यालय एवं अन्य न्यायिक निकाय समक्ष दायर भएका सरकार वादी हुने वा नेपाल सरकारको हक हित वा सरोकार भएका अनुसूची १ भित्रका मुद्दाहरूलाई क्षेत्रगत आधारमा विभाजन गरी प्रत्येक क्षेत्रमा विभाजित जनसंख्या (जनसंख्याको आधार राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्कको आधारमा गरिएको छ) को अनुपातमा प्रति दशहजार व्यक्तिमा पर्ने मुद्दाको वितरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ५६

विकास क्षेत्र	पुरुष	महिला	जम्मा	मुद्दा संख्या	मुद्दाको क्षेत्रगत प्रतिशत	प्रति दस हजार व्यक्तिमा मुद्दाको वितरण
पूर्वाञ्चल	२,७९०,४८३	३,०२१,०७२	५,८११,५५५	६५५१	२२.७६	११.२७
मध्यमाञ्चल	४,८४१,६२४	४,८१५,३६१	९,६५६,९८५	१३१९०	४५.८२	१३.६६
पश्चिमाञ्चल	२,२९२,५९७	२,६३४,१६८	४,९२६,७६५	५०३८	१७.५०	१०.२३
मध्य पश्चिमाञ्चल	१,७०६,४५०	१,८४०,२३२	३,५४६,६८२	३०४०	१०.५६	८.५७
सुदूर पश्चिमाञ्चल	१,२१७,८८७	१,३३४,६३०	२,५५२,५१७	९६७	३.३६	३.७९
जम्मा	१२,८४९,०४१	१३,६४५,४६३	२६,४९४,५०४	२८७८६	१००.००	१०.८६

विकास क्षेत्र अनुसार प्रति दसहजार व्यक्तिमा मुद्दाको विभाजन । * जनसंख्या स्रोतः केन्द्रीय तथ्याङ्क विभाग ।

सरकार वादी तथा सरकारको तर्फबाट बहस पैरवी, प्रतिरक्षा गरिएका मुद्दाहरूको विकास क्षेत्रगत वितरणको सूचक



कुल मुद्दाको क्षेत्रगत वितरण हेर्दा मध्यमाञ्चल विकास क्षेत्रमा सबै भन्दा बढी संख्या १३,१९० थान अर्थात ४५.८२ प्रतिशत र सबै भन्दा कम सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा ९६७ थान अर्थात ३.३६ प्रतिशत रहेको देखिन्छ । अन्य विकास क्षेत्रहरूमा पूर्वाञ्चल विकास क्षेत्रमा ६,५५१ थान अर्थात २२.७६

DO NOT COPY Property of OAG

प्रतिशत, पश्चिमाञ्चल विकास क्षेत्रमा ५,०३८ थान अर्थात १७.५० प्रतिशत र मध्य पश्चिमाञ्चल विकास क्षेत्रमा ३,०४० थान अर्थात १०.५६ प्रतिशत मुद्दा रहेको छ ।

विभिन्न विकास क्षेत्रमा रहेको जनसंख्याको वितरण र मुद्दाको विभाजनलाई तुलनात्मक रूपमा अध्ययन गर्दा यस आर्थिक वर्षमा मध्यमाञ्चल विकास क्षेत्रमा बढी अर्थात प्रति दश हजार व्यक्तिमा १३.६६ थान मुद्दाहरू छन् । सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा सबैभन्दा कम अर्थात प्रति दश हजारमा ३.७९ थान मुद्दाहरू रहेका छन् । यो स्थिति पूर्वाञ्चल, पश्चिमाञ्चल र मध्य पश्चिमाञ्चल विकास क्षेत्रमा प्रति दश हजार व्यक्तिमा क्रमशः ११.२७ थान, १०.३३ थान र ८.५७ थान मुद्दाहरू रहेको छ । साथै नेपालको जनसंख्याको अनुपातमा औषत प्रति दश हजार व्यक्तिमा अपराध संख्या १०.८६ रहेको तथ्याङ्क माथिको तालिकाबाट देखिन्छ । विकास क्षेत्र अनुसारको मुद्दाहरूको लगत, फछ्यौंट र बाँकीको विस्तृत विवरणलाई **अनुसूची २१** मा प्रस्तुत गरिएको छ ।

तालिका नं. ५७

विकास क्षेत्र	लगत			फछ्यौंट				बाँकी	कसूर ठहर भएको प्रतिशत
	गत वर्षको	यस वर्षको	जम्मा	कसूर ठहर भएको	सफाइ भएको	अन्य	जम्मा		
पूर्वाञ्चल	२८२६	३७२५	६५५१	२३७३	६७०	२६	३०६९	३४८२	७७.३२
मध्यमाञ्चल	५४०९	७७८१	१३१९०	५४८३	७७४	३३	६२९०	६९००	८७.१७
पश्चिमाञ्चल	१९९५	३०४३	५०३८	१७१८	३८०	१२	२११०	२९२८	८१.४२
मध्य पश्चिमाञ्चल	१५६४	१४७६	३०४०	९४२	२३८	३५	१२१५	१८२५	७७.५३
सुदूर पश्चिमाञ्चल	३६६	६०१	९६७	३६३	१००	५	४६८	४९९	७७.५६
जम्मा	**१२१६०**	**१६६२६**	**२८७८६**	**१०८७९**	**२१६२**	**१११**	**१३१५२**	**१५६३४**	**८२.७२**

जिल्ला सरकारी वकील कार्यालयबाट सम्पादित अनुसूची भित्रका मुद्दाहरूको क्षेत्रगत फछ्यौंट विवरण ।

अनुसूची १ भित्रका फौजदारी मुद्दाहरूको दायरी स्थितिलाई हेर्दा यस आर्थिक वर्षमा मध्यमाञ्चल विकास क्षेत्रमा सबै भन्दा बढी ७७८१ थान मुद्दाहरू परेको देखिन्छ भने सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा सबै भन्दा कम ६०१ थान मुद्दाहरू परेको देखिन्छ । मुद्दाको कुल लगत स्थितिलाई हेर्दा मध्यमाञ्चल विकास क्षेत्रमा सबै भन्दा बढी १३,१९० र सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा सबै भन्दा कम ९६७ थान रहेको देखिन्छ । मुद्दाको फछ्यौंट स्थितिलाई हेर्दा सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा सबैभन्दा बढी ४८.४० प्रतिशत मुद्दाहरू र मध्य पश्चिमाञ्चल विकास क्षेत्रमा सबैभन्दा कम ३९.९७ प्रतिशत र समग्रमा ४५.६९ प्रतिशत मुद्दाहरू फछ्यौंट भएको तथ्याङ्क माथिको तालिकाबाट देखिन्छ । फछ्यौंट भएका १३,१५२ मुद्दाहरू मध्ये सबैभन्दा बढी मध्यमाञ्चल विकास क्षेत्रमा ६,२९० थान र सबैभन्दा कम सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा ४६८ थान मुद्दा फछ्यौंट भएको देखिन्छ । कसूर ठहरको प्रतिशत हेर्दा सबैभन्दा बढी मध्यमाञ्चल विकास क्षेत्रमा ८७.१७ प्रतिशत र सबैभन्दा कम पूर्वाञ्चल विकास क्षेत्रमा ७७.३२ प्रतिशत भएको देखिन्छ भने समग्रमा यस आर्थिक वर्षमा ८२.७२ प्रतिशत मुद्दाहरूमा कसूर ठहर भएको देखिन्छ ।

जिल्ला सरकारी वकील कार्यालयहरूबाट सम्पादित अनुसूची १ भित्रका फौजदारी मुद्दाहरूको विकास क्षेत्रगत सूचक



DO NOT COPY. Property of OAG

जिल्ला सरकारी वकील कार्यालयहरूबाट जिल्ला अदालतमा दायर भएका सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ मा उल्लेखित र कुनै ऐनले सरकारी मुद्दा सम्बन्धी ऐनको अनुसूची १ भित्र पर्ने भनी तोकिदिएका नेपाल सरकार वादी हुने फौजदारी प्रकृतिका मुद्दाहरूको विगत पाँच वर्षको लगत फछ्यौंट विवरणलाई देहायको तालिकामा प्रस्तुत गरी लगत फछ्यौंट तथा मुद्दामा कसूर ठहर भएको वा कसूर ठहर हुन नसकेका मुद्दाहरूको तुलनात्मक स्थिति प्रस्तुत गरिएको छ । उल्लेखित तालिका अनुसार गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा फौजदारी मुद्दाहरूको दायरी लगत केही बढ्न गएको देखिन्छ । सो अनुसार यस आर्थिक वर्षमा जम्मा दायरी मुद्दा संख्या ८,८८६ थान रहेको छ । गत आर्थिक वर्षबाट जिम्मेवारी सरी आएको ६,०५८ र यस वर्ष परेको समेत मुद्दाको एकमुष्ठ लगतको संख्या १४,९४४ कायम भई विगत पाँच वर्षको मुद्दाको लगतको तुलनामा यस आर्थिक वर्षमा सबैभन्दा बढी मुद्दाको लगत देखिएको छ । लगत कायम रहेका मुद्दाको फछ्यौंट स्थितिलाई हेर्ने हो भने ६,९७० थान अर्थात ४६.६४ प्रतिशत मुद्दाहरू फछ्यौंट भएको देखिन्छ भने फछ्यौंट फौजदारी मुद्दाहरूमा कसूर ठहरको स्थितिलाई हेर्दा यस आर्थिक वर्षमा ६९.३१ प्रतिशत मुद्दाहरूमा कसूर ठहर भएको देखिन्छ ।

तालिका नं. ५८

आर्थिक वर्ष	लगत			फछ्यौंट				बाँकी	कसूर ठहर भएको प्रतिशत
	गत वर्षको	यस वर्षको	जम्मा	कसूर ठहर भएको	सफाइ भएको	अन्य	जम्मा		
२०६५/०६६	५०२४	५२५९	१०२८३	३३९६	१४०५	१८	५११९	५१६४	७२.२०
२०६६/०६७	५१६८	६३२९	११४९७	४१६९	१५८९	१४८	५९०६	५५९१	७०.५९
२०६७/०६८	५९१०	६८८४	१२७९४	४९९०	२०८८	१३३	७२११	५५८३	६९.२०
२०६८/०६९	५५५८	८८५५	१४४०९	५४०५	२५६४	२४	८१९३	६२१६	६५.९७
२०६९/०७०	६०५८	८८८६	१४९४४	४८३१	२०३२	१०७	६९७०	७९७४	६९.३१

जिल्ला सरकारी वकील कार्यालयबाट बहस पैरवी गरिएका अदालतमा दायर अनुसूची भित्रका फौजदारी मुद्दाहरूको पाँच वर्षको लगत फछ्यौंट विवरण ।

अदालतमा दायर अनुसूची भित्रका फौजदारी मुद्दाहरूको विगत पाँच आर्थिक वर्षको लगत फछ्यौंट सम्बन्धी सूचक



सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ मा उल्लेखित फौजदारी मुद्दाहरूको अभियोजन एवं सरकारको हक हित वा सरोकार निहित रहेको मुद्दामा बहस पैरवी गर्नु सरकारी वकीलहरूको मुख्य कार्य भएको हुँदा यस्ता मुद्दाको सफलताको प्रतिशतले फौजदारी न्याय प्रशासनको प्रभावकारिता एवं सरकारी वकीलको कार्य सम्पादनको स्तरलाई संकेत गर्दछ । आर्थिक वर्ष

DO NOT COPY
Property of OAG

२०६५/०६६ देखि आर्थिक वर्ष २०६९/०७० सम्म सरकारी वकीलबाट बहस पैरवी भएका अनुसूची भित्रका फौजदारी मुद्दामा कसूर ठहर भएको प्रतिशतलाई रेखा चित्रबाट देखाइएको छ ।

अदालतमा दायर भएका अनुसूची भित्रका फौजदारी मुद्दाहरूमा भएको कसूर ठहरको पाँच वर्षको तुलनात्मक सूचक



सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ अन्तर्गत सरकारी वकीलले गरेको अभियोजन, बहस पैरवी, प्रतिरक्षा लगायतका मुद्दा तथा रिट निवेदन (आर्थिक वर्ष २०६७/०६८ देखि) समेतको कार्य सम्पादनको तुलनात्मक अध्ययन गर्दा आर्थिक वर्ष २०६०/०६१ देखि २०६९/०७० सम्मको अवधिमा जिल्ला अदालत तथा जिल्ला प्रशासन कार्यालयमा सरकारी वकील कार्यालय मार्फत दायर भएका फौजदारी मुद्दाहरूको लगत, फछ्यौंट र बाँकी एवं कसूर ठहर वा सफाइ भएको मुद्दाहरूको संख्यात्मक विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ५९

आर्थिक वर्ष	लगत			फछ्यौंट				फछ्यौंट प्रतिशत	बाँकी	कसुर ठहर भएको प्रतिशत
	गत वर्षको	यस वर्षको	जम्मा	कसुर ठहर भएको	सफाई भएको	अन्य	जम्मा			
२०६०/०६१	७४४०	६०७२	१३५१२	५०८७	१५८३		६६७०	४९.३६	६८४२	७६.२७
२०६१/०६२	६८४२	६५१३	१३३५५	४८८३	८९८		५७८१	४३.२९	७५७४	८४.४७
२०६२/०६३	७५७४	५४९७	१३०७१	४६५८	८४७		५५०५	४२.१२	७५६६	८४.६१
२०६३/०६४	७२३९	७७४९	१४९८८	५४५९	११९८		६६५७	४४.४२	८३३१	८२.००
२०६४/०६५	८४०८	८०९३	१६५०१	५४६४	१०८१		६५४५	३९.६६	९९५६	८३.४८
२०६५/०६६	९३१६	९६४९	१८९६५	७३२१	१६१५	१९	८९५५	४७.२२	१००१०	८१.७५
२०६६/०६७	९६८२	११७९६	२१४७८	८५९४	१७९५	१५७	१०५४६	४९.१०	१०९३२	८१.४९
२०६७/०६८	११४६३	१३२५७	२४७२०	१०२६९	२२८३	१३८	१२६९०	५१.३३	१२०३०	८०.९२
२०६८/०६९	१२०५९	१७९७२	३००३१	१२५८६	२८७०	२३२	१५६८८	५२.२४	१४३४३	८०.२३
२०६९/०७०	१३८७३	१८६८७	३२५६०	१२४३६	२२५३	११९	१४८०८	४५.४८	१७७५२	८३.९८

जिल्ला सरकारी वकील कार्यालयहरूबाट जिल्ला अदालत तथा जिल्ला प्रशासन कार्यालयमा मुद्दा दायर तथा बहस पैरवी एवं प्रतिरक्षा गरिएका मुद्दाहरूको दश वर्षको लगत फछ्यौंट विवरण ।

उल्लेखित तालिकाबाट सबैभन्दा बढी यस आर्थिक वर्षमा १८,६८७ थान मुद्दा दर्ता भएको देखिन्छ । मुद्दा दायरी संख्या पछिल्ला वर्षमा भने क्रमशः वृद्धि भएको देखिए पनि विगत दश वर्षको संख्यात्मक विवरण हेर्दा घटबढ भएको देखिन्छ । विगत दश वर्षमा सबैभन्दा कम मुद्दाको लगत आर्थिक वर्ष २०६२/०६३ मा १३,०७१ रहेको थियो भने सबैभन्दा बढी यस आर्थिक वर्षमा जम्मा ३२,५६० रहेको

DO NOT COPY
Property of OAG

देखिन्छ । विगत दश वर्षको मुद्दाको फछ्यौंट तुलनात्मक अध्ययन गर्दा आर्थिक वर्ष २०६४/०६५ मा सबै भन्दा कम ३९.६६ प्रतिशत र आर्थिक वर्ष २०६८/०६९ मा सबैभन्दा बढी ५२.२४ प्रतिशत मुद्दाहरू फछ्यौंट भएको देखिन्छ । यसरी मुद्दाको दायरी संख्यामा वर्षेनी वृद्धि भैरहने र जिम्मेवारी थपिदै जादा सरकारी वकील कार्यालयको मौजुदा साधन, स्रोत र जनशक्तिले धान्न सक्ने अवस्था देखिदैन । फछ्यौंट भएका मुद्दाहरू मध्ये कसूर ठहर भएका मुद्दाहरूको विवरण हेर्दा विगत दश वर्षको अवधिमा सबैभन्दा बढी आर्थिक वर्ष २०६२/०६३ मा ८४.६१ प्रतिशत र आर्थिक वर्ष २०६१/०६२ मा ८४.४७ प्रतिशत मुद्दामा कसूर ठहर भएको पाइन्छ भने सबैभन्दा कम आर्थिक वर्ष २०६०/०६१ मा ७६.२७ प्रतिशत र यस आर्थिक वर्षमा ८३.९८ प्रतिशत मुद्दामा कसूर ठहर भएको देखिन्छ । यस सम्बन्धी संख्यात्मक विवरण सहितको सूचक देहायबमोजिम रहेको छ ।

जिल्ला सरकारी वकील कार्यालयहरूबाट दायर तथा बहस पैरवी गरिएका मुद्दाहरूको दश वर्षको लगत फछ्यौंट सम्बन्धी सूचक



DO NOT COPY
Property of OAG

उल्लेखित तालिका अनुसार प्रत्येक आर्थिक वर्षमा पर्ने गरेको मुद्दाहरूको संख्यात्मक दायरी अवस्थालाई हेर्दा आर्थिक वर्ष आर्थिक वर्ष २०६०/०६१ मा ६,०७२, आर्थिक वर्ष २०६१/०६२ मा ६,५१३, आर्थिक वर्ष २०६२/०६३ मा ५,४९७, आर्थिक वर्ष २०६३/०६४ मा ७,७४९, २०६४/०६५ मा ८,०९३, २०६५/०६६ मा ९,६४९, २०६६/०६७ मा ११,७९६, २०६७/०६८ मा १३,२५७, २०६८/०६९ मा १७,९७२ र यस आर्थिक वर्षमा १८,६८७ थान मुद्दा दायर भएको देखिन्छ । दश वर्षको अवधिमा सबै भन्दा बढी आर्थिक वर्ष २०६९/०७० मा र सबै भन्दा कम आर्थिक वर्ष २०६२/०६३ मा दायर भएको देखिन्छ ।

३.४ अनुसूची भित्र/बाहिरका मुद्दाहरूमा पक्राउ तथा फरार रहेका प्रतिवादी र थुनछेक सम्बन्धी विवरण

यस आर्थिक वर्षमा जिल्ला सरकारी वकील कार्यालयहरूबाट कार्य सम्पादन भएका जम्मा लगत ३२,०४४ मुद्दाहरूमा जम्मा प्रतिवादी संख्या ७९,७७६ रहेकोमा ३६,१४२ जना प्रतिवादी पक्राउ भएको र १६,७९६ जना प्रतिवादी फरार रहेको तथा पक्राउ प्रतिवादीहरू मध्ये १३,९१३ जना थुनामा रहेको, १८,२८० जना धरौटमा र ४,३१४ जना प्रतिवादी तारिखमा छुटेको देखिन्छ । यसैगरी अनुसूची भित्रका २८,८०४ मुद्दाहरूमा ७१,७४२ प्रतिवादी रहेका मध्ये ३२,९५८ जना पक्राउ भएको र १५,१५९ जना फरार रहेको तथा पक्राउ प्रतिवादीहरू मध्ये १३,६०५ जना थुनामा रहेको, १५,८०३ जना धरौटमा र ४,०४६ जना तारिखमा छुटेको देखिन्छ भने अनुसूची बाहिरका जम्मा ३,२४० मुद्दाहरूमा ८,०३४ प्रतिवादी रहेका मध्ये ३,१८४ जना पक्राउ भएको र १,६३७ जना फरार रहेको देखिन्छ । पक्राउ

प्रतिवादीहरू मध्ये ३०८ जना थुनामा रहेको, २,४७७ जना धरौटमा र २६८ जना तारिखमा छुटेको देखिन्छ। यस सम्बन्धी विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ भने जिल्लागत एवं एकमुष्ठ विवरण **अनुसूची २४** मा दिइएको छ।

तालिका नं. ६०

मुद्दाको प्रकृति	मुद्दा	पक्राउ प्रतिवादीको संख्या	फरार प्रतिवादीको संख्या	जम्मा	थुनछेक सम्बन्धी			
					थुनामा	धरौटमा	तारेखमा	जम्मा
अनुसूची भित्रका	२८८०४	३२९५८	१५१५९	४८११७	१३६०५	१५८०३	४०४६	३३४५४
अनुसूची बाहिरका	३२४०	३१८४	१६३७	४८२१	३०८	२४७७	२६८	३०५३
जम्मा	३२०४४	३६१४२	१६७९६	५२९३८	१३९१३	१८२८०	४३१४	३६५०७

जिल्ला सरकारी वकील कार्यालयहरूको अनुसूची भित्रका मुद्दाहरूको समष्टीगत कारबाही विवरण।

३.५ कानूनी राय सम्बन्धी कार्य

जिल्ला स्थित सरकारी निकाय तथा पदाधिकारीहरूलाई कानूनी राय प्रदान गर्ने कर्तव्य पनि जिल्ला सरकारी वकीलहरूलाई तोकिएको सन्दर्भमा सरकारी वकीलले प्रदान गरेको कानूनी रायको विवरण **अनुसूची २६** मा दिइएको छ। उक्त विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ। जिल्ला सरकारी वकील कार्यालयहरूले प्रदान गरेको कानूनी रायको सन्दर्भमा राय माग गर्ने कार्यालय वा अधिकारीको जम्मा संख्या, राय माग भएको जम्मा संख्या र राय दिइएको जम्मा संख्याको तीन आर्थिक वर्षको तुलनात्मक विवरण उक्त तालिकामा प्रस्तुत तथ्याङ्कबाट देखिन्छ। उक्त तथ्याङ्क अनुसार तीन आर्थिक वर्षको तुलना गर्दा राय माग गर्ने कार्यालय वा अधिकारीको संख्या, राय माग भएको संख्या र दिइएको रायको संख्या घटबढ रहेको देखिन्छ।

तालिका नं. ६१

आर्थिक वर्ष	राय माग गर्ने कार्यालय वा अधिकारीको संख्या	राय माग भएको संख्या	राय दिइएको संख्या	बाँकी	**कैफियत**
२०६७/०६८	८४	१०१	१००	१	१ रित नपुगेको।
२०६८/०६९	८०	९१	८४	७	
२०६९/०७०	८०	९२	९२	०	

जिल्ला सरकारी वकील कार्यालयहरूबाट प्रदान गरिएका कानूनी राय सम्बन्धी विवरण।

३.६ जिल्ला सरकारी वकील कार्यालयहरूबाट मुद्दा नचलाउने निर्णय भई निकासाको लागि पठाइएका वारदातको विवरण

यस आर्थिक वर्षमा जिल्ला सरकारी वकील कार्यालयहरूबाट मुद्दा नचलाउने निर्णय भई निकासाको लागि पुनरावेदन सरकारी वकील कार्यालयमा प्राप्त वारदातको विवरण **अनुसूची २५** मा दिइएको छ। उक्त विवरण अनुसार जिल्ला सरकारी वकील कार्यालयहरूबाट मुद्दा नचलाउने निर्णय भई निकासाको लागि निर्णय भएका ६,००६ वारदात मध्ये विष सेवनबाट १,४५५ आगलागीबाट ९९, झुण्डिएर २,१३६, हतियारबाट २३, करेण्ट लागेर १४८, भिरपहिरोबाट लडेर २५४, डुबेर ४९७, हाम फालेर ५८, र अन्य १,३३६ मुद्दा नचलाउने निर्णय भई पुनरावेदन सरकारी वकील कार्यालयमा निकासाको लागि पठाएको देखिन्छ।

तालिका नं. ६२

विष खाएर	आगलागीबाट	झुण्डिएर	हतियार बाट	करेन्ट लागेर	भिरपहिरोबाट लडेर	डुबेर	हाम फालेर	अन्य	जम्मा
१४५५	९९	२१३६	२३	१४८	२५४	४९७	५८	१३३६	६००६

जिल्ला सरकारी वकील कार्यालयबाट मुद्दा नचलाउने निर्णय भई निकासाको लागि पठाइएका वारदातको विवरण।

DO NOT COPY Property of OAG

३.७ जिल्ला सरकारी वकील कार्यालयहरूमा कार्यरत सरकारी वकीलहरूबाट सम्पादित कार्यको समष्टिगत विवरण

यस आर्थिक वर्षमा जिल्ला सरकारी वकील कार्यालयहरूमा कार्यरत सरकारी वकीलहरूबाट सम्पादित कार्यको समष्टिगत विवरण **अनुसूची २३** मा दिइएको छ । उक्त विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ । उक्त तालिका अनुसार जिल्ला सरकारी वकील कार्यालयहरूमा कार्यरत सरकारी वकीलहरूबाट सम्पादित कार्यको समष्टिगत विवरणको तथ्याङ्कलाई हेर्दा जिल्ला सरकारी वकील कार्यालयहरूबाट बयान गराएको संख्या २७,७४४ अनुसन्धान/पुनः अनुसन्धान गर्न दिएको निर्देशन संख्याा ४३६, मुद्दा नचलाउने गरेको निर्णय संख्या ३१, मुद्दा चलाउने गरेको निर्णय संख्या १८,२८८ आंशिक रूपमा मुद्दा चलाएको संख्या १५ देखिन्छ । यसैगरी तामेलीमा राख्ने ६,००६, अभियोजन/फिराद गरेको संख्या १६,६३६, बकपत्र गराएको संख्या १७,१२३, कानूनी राय प्रदान गरेको संख्या ९२, बहस पैरवी गरेको संख्या ४६,५३१, अदालती बन्दोबस्तको १७ नं. को निवेदन मस्यौदा प्रस्ताव ७४६ तथा पुनरावेदन गर्न नपर्ने ५,८१२, पुनरावेदन गर्ने २,९७२ र पुनरावेदन गर्ने मुद्दा संख्या १,८२९ रहेको देखिन्छ ।

तालिका नं. ६३

बयान गराएको संख्या	अनुसन्धान /पुनः अनुसन्धान गर्न निर्देशन	मुद्दा अभियोजन सम्बन्धी निर्णय संख्या				अभियोजन/ फिराद गरेको संख्या	बकपत्र गराएको संख्या	कानूनी राय प्रदान गरेको संख्या	बहस पैरवी संख्या	अ.व. १७ नं. को निवेदन प्रस्ताव	पुनरावेदन गर्नु नपर्ने	पुनरावेदन प्रस्ताव	
		मुद्दा नचलाउने	मुद्दा चलाउने	आंशिक मुद्दा	तामेली राख्ने निर्णय संख्या							पुनरावेदन गर्ने	पुनरावेदन नगर्ने
२७७४४	४३६	३१	१८२८८	१५	६००६	१६६३६	१७१२३	९२	४६५३१	७४६	५८१२	२९७२	१८२९

जिल्ला सरकारी वकील कार्यालयहरूमा कार्यरत सरकारी वकीलहरूबाट सम्पादित कार्यको समष्टिगत विवरण ।

३.८ जिल्ला सरकारी वकील कार्यालयहरूमा रहेका दुई वर्ष नाघेका मुद्दाहरूको विवरण

यस आर्थिक वर्षमा जिल्ला सरकारी वकील कार्यालयहरूमा रहेका दुई वर्ष नाघेका मुद्दाहरूको विवरण **अनुसूची २१** मा दिइएको छ । उक्त विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ । उक्त तालिका अनुसार जिल्ला सरकारी वकील कार्यालयहरूमा रहेका दुई वर्ष नाघेका मुद्दाहरूको संख्या १,४०९ रहेकोमा अनुसूची भित्रका मुद्दाहरूमा १,२८७ र अनुसूची बाहिरका मुद्दाहरूमा १२२ रहेको देखिन्छ ।

तालिका नं. ६४

मुद्दाको विवरण		अनुसूची भित्रका		अनुसूची बाहिरका जम्मा	
	फौजदारी	देवानी	जम्मा	फौजदारी/देवानी	कुलजम्मा
अदालत तर्फ	२९६	०	२९६	५८	३५४
जिल्ला प्र.का.तर्फ	९९१	०	९९१	९	१०००
अन्य निकाय तर्फ	०	०	०	५५	५५
कुलजमम्मा	१२८७	०	१२८७	१२२	१४०९

जिल्ला सरकारी वकील कार्यालयहरूमा रहेका दुई वर्ष नाघेका मुद्दाहरूको विवरण ।

३.९ महिला तथा बालबालिकाहरू पीडित एवं प्रतिवादी भएका अनुसूची भित्रका मुद्दाको विवरण

यस आर्थिक वर्षमा जिल्ला सरकारी वकील कार्यालयहरूबाट कार्य सम्पादन भएका अनुसूची-१ अन्तर्गतका मुद्दामा महिला तथा बालबालिकाहरू पीडित एवं प्रतिवादी भएका महिला तथा बालबालिकाहरूको विषयतगत रूपमा संख्यात्मक विवरण **अनुसूची २८** मा दिइएको छ । उक्त विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ । उक्त विवरण अनुसार जिल्ला सरकारी वकील कार्यालयहरूबाट दायर भएका गम्भीर प्रकृतिका मुद्दाहरूमा जम्मा पीडित महिलाहरूको संख्या २,२०१, प्रतिवादी महिलाहरूको संख्या १,८१७, तथा पीडित बालबालिकाहरूको संख्या ५८१ र प्रतिवादी बालबालिकाहरूको संख्या २०१ भएको देखिन्छ । ती मध्ये कर्तव्य ज्यान, सवारी ज्यान तथा ज्यान मार्ने उद्योग मुद्दामा पीडित महिला संख्या २२३, प्रतिवादी महिला संख्या २२४, पीडित बालबालिका संख्या ७४ र प्रतिवादी बालबालिका संख्या १९ रहेको देखिन्छ । जबर्जस्ती करणी तथा जबर्जस्ती करणी उद्योग

DO NOT COPY Property of OAG

मुद्दामा पीडित महिला संख्या ६७५, प्रतिवादी महिला संख्या ३७, पीडित बालबालिका संख्या ३९६ र प्रतिवादी बालबालिका संख्या ४१ रहेको देखिन्छ । मानव बेचविखन मुद्दामा पीडित महिला संख्या २०३, प्रतिवादी महिला संख्या १०९, पीडित बालबालिका संख्या ३४ र प्रतिवादी बालबालिका संख्या ५ रहेको देखिन्छ ।

चोरी मुद्दामा पीडित महिला संख्या २१९, प्रतिवादी महिला संख्या ६१, पीडित बालबालिका संख्या १ र प्रतिवादी बालबालिका संख्या ३३ रहेको देखिन्छ । अपहरण मुद्दामा पीडित महिला संख्या ६४, प्रतिवादी महिला संख्या ३५ र पीडित बालबालिका संख्या १६ र प्रतिवादी बालबालिका संख्या ५ रहेको देखिन्छ । लागू औषध मुद्दामा पीडित महिला संख्या ६, प्रतिवादी महिला संख्या १७५ रहेको देखिन्छ भने पीडित बालबालिका संख्या ५ र प्रतिवादी बालबालिका संख्या २१ रहेको देखिन्छ । अन्य मुद्दामा पीडित महिला संख्या ८११, प्रतिवादी महिला संख्या १,१७६, पीडित बालबालिका संख्या ५५ र प्रतिवादी बालबालिका संख्या ७७ रहेको देखिन्छ ।

तालिका नं. ६५

मुद्दा	कर्तव्य/ सवारी ज्यान/ज्या.मा. उद्योग		जबरजस्ती करणी/ उद्योग		मानव बेचविखन		चोरी		अपहरण		लागू औषध		अन्य		जम्मा	
महिला/ बालबालिका	पीडित	प्रतिवादी	पीडित	प्रतिवादी	पीडित	प्रतिवादी	पीडित	प्रतिवादी	पीडित	प्रतिवादी	पीडित	प्रतिवादी	पीडित	प्रतिवादी	पीडित	प्रतिवादी
महिला	२२३	२२४	६७५	३७	२०३	१०९	२१९	६१	६४	३५	६	१७५	८११	११७६	२२०१	१८१७
बालबालिका	७४	१९	३९६	४१	३४	५	१	३३	१६	५	५	२१	५५	७७	५८१	२०१

जिल्ला सरकारी वकील कार्यालयहरूमा महिला तथा बालबालिकाहरू पीडित एवं प्रतिवादी भएका अनुसूची भित्रका मुद्दाको विवरण ।

४. जिल्ला सरकारी वकील कार्यालयमा रहेका सरकारी वकीलको कार्य बोझ तथा प्रति मुद्दा व्ययभार

जिल्ला सरकारी वकील कार्यालयमा कार्यरत सरकारी वकीलहरूको संख्यामा मुद्दा तथा अन्य सम्पादित कार्य समेतको लगतलाई विभाजन गर्दा प्रति-सरकारी वकीलको कार्यबोझ देहायको तालिकामा प्रस्तुत गरिएको छ । प्रस्तुत तथ्याङ्कलाई हेर्दा देश भरीका जिल्ला सरकारी वकील कार्यालयहरूको यस आ.व.को कामको कुल लगत संख्या १,२३,२९६ मध्ये जम्मा मुद्दा तथा रिट संख्या ३२,५६०, जम्मा कानूनी राय संख्या ९२ र तामेली निर्णय संख्या ६,००६, बयान गराएको संख्या २७,७४४, बकपत्र गराएको संख्या १७,१२३, मुद्दा चलाउने निर्णय संख्या १८,२८८, मुद्दा नचलाउने निर्णय संख्या ३१, अभियोजन/फिराद गरेको संख्या १६,६३६, आंशिक निर्णय संख्या १५ र पुनरावेदन प्रस्ताव संख्या ४,८०१ रहेको देखिन्छ । जिल्ला सरकारी वकील कार्यालयहरूमा सरकारी वकीलको दरबन्दी संख्या १७८ लाई ती कार्यालयहरूबाट सम्पादन भएको कार्य संख्या १,२३,२९६ ले प्रति सरकारी वकील कार्यबोझ ६९२.६७ रहेको देखिन्छ ।

तालिका नं. ६६

मुद्दा तथा रिट	कानूनी राय	तामेली निर्णय	बयान गराएको संख्या	बकपत्र गराएको संख्या	मुद्दा चलाउने निर्णय	मुद्दा नचलाउने निर्णय	अभियोजन /फिराद गरको संख्या	आंशिक निर्णय	पुनरावेदन प्रस्ताव	जम्मा	सरकारी वकील संख्या	प्रति सरकारी वकील कार्य-बोझ
३२५६०	९२	६००६	२७७४४	१७१२३	१८२८८	३१	१६६३६	१५	४८०१	१२३२९६	१७८	६९२.६७

जिल्ला सरकारी वकील कार्यालयहरूमा प्रति-सरकारी वकील कार्य-बोझ ।

यस अर्थिक वर्षमा जिल्ला सरकारी वकील कार्यालयहरूबाट मुद्दा सम्बन्धमा भएको कामको कुल लगतमा कर्मचारीहरूको तलब तथा भत्तामा खर्च भएको एकमुष्ठ रकमलाई विभाजन गर्दा प्रति मुद्दामा तलब तथा भत्तामा खर्च भएको रकमको विवरण देहायको तालिकामा प्रस्तुत तथ्याङ्कलाई हेर्दा देश भरीका जिल्ला सरकारी वकील कार्यालयहरूको यस आ.व.को कुल मुद्दाको लगत संख्या ३२,५६० र ती

DO NOT COPY Property of OAG

कार्यालयहरूको लागि तलब तथा भत्तामा खर्च भएको रकम रु. ९,१५,५६,९१६.४५ एवं ती कार्यालयहरूको प्रति मुद्दा खर्च रकम रु. २८११.९४ रहेको देखिन्छ ।

तालिका नं. ६७

कार्यालय	कुल मुद्दाको लगत	तलब तथा भत्तामा खर्च भएको रकम रु.	प्रति मुद्दा खर्च रकम रु.	कैफियत
जि.स.व. कार्यालयहरु	३२५६०	९१,५५६,९१६.४५	२८११.९४	

जिल्ला सरकारी वकील कार्यालयहरूमा मुद्दाको लगतको अनुपातमा प्रति मुद्दामा तलब भत्तामा खर्च भएको रकमको विवरण ।

यस आर्थिक वर्षमा मुद्दा तथा अन्य सम्पादित कार्यहरू समेतको लगतमा कर्मचारी तलब भत्ता लगायत कार्यालय सञ्चालनको लागि खर्च भएको सम्पूर्ण रकमलाई विभाजन गर्दा प्रति सम्पादित कार्यमा खर्च भएको रकमको विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ । उल्लेखित तथ्याङ्कलाई हेर्दा देश भरीका जिल्ला सरकारी वकील कार्यालयहरूबाट यस आर्थिक वर्षमा भएको जम्मा सम्पादित काम १,१२३,२९६ र ती कार्यालयहरूका लागि तलब भत्ता लगायत कार्यालय सञ्चालनका लागि खर्च भएको रकम रु. **१४,३७,७९,८११.६५** एवं ती कार्यालयहरूको प्रति सम्पादित काममा भएको खर्च रकम रु. ११६६.१४ रहेको देखिन्छ ।

तालिका नं. ६८

कार्यालय	जम्मा सम्पादित काम	कुल खर्च रकम रु.	प्रति सम्पादित कार्यमा भएको खर्च रकम रु.	कैफियत
जि.स.व. कार्यालयहरु	१२३२९६	**१४३७७९८११.६५**	११६६.१४	

जिल्ला सरकारी वकील कार्यालयहरूमा प्रति-सम्पादित कार्यमा भएको खर्च विवरण ।

DO NOT COPY
Property of OAG

परिच्छेद - पाँच

सरकार वादी भई चल्ने मुद्दामा भविष्यमा गरिनु पर्ने सुधारहरू

लोकतान्त्रिक शासन व्यवस्थाको लागि कानूनी शासन अनिवार्य शर्त हो र यसका लागि स्वतन्त्र र सक्षम फौजदारी न्याय प्रशासन अपरिहार्य हुन्छ । नेपालको अन्तरिम संविधान, २०६३ ले आत्मसात गरेको स्वतन्त्र न्यायपालिका तथा कानूनी राज्यको अवधारणालाई व्यवहारमा कार्यान्वयन गर्न एवं नेपालको अन्तरिम संविधान तथा प्रचलित कानूनले नागरिकहरूलाई प्रत्याभूत गरेका मौलिक अधिकारहरूको संरक्षणको लागि संविधानले स्थापना गरेका निकायहरू मध्ये महत्वपूर्ण निकायको रूपमा महान्यायाधिवक्ताको व्यवस्था गरिएको छ । प्रभावकारी फौजदारी न्याय प्रशासन, कानूनको शासन तथा सुशासनको स्थापनामा महान्यायाधिवक्ताको कार्यालय एवं मातहतका सरकारी वकील कार्यालयहरूको महत्वपूर्ण भूमिका रहेको छ ।

लोकतान्त्रिक शासन पद्धति कानूनी शासनमा अडेको हुन्छ । जसमा सरकार तथा सार्वजनिक निकाय एवं पदाधिकारीहरूको कार्य कानूनसम्मत, विवेकपूर्ण, न्यायिक र पारदर्शी हुनु आवश्यक मानिन्छ । नागरिकहरूका मौलिक हक तथा नागरिक स्वतन्त्रताको संरक्षण गर्न तथा समाजको शान्ति सुरक्षामा खलल पार्ने आपराधिक गतिविधिहरूलाई नियन्त्रण गरी त्यस्ता गतिविधिमा संलग्न व्यक्तिहरू उपर कानून बमोजिम कारबाही चलाई समाजमा शान्ति र व्यवस्थाको प्रत्याभूति दिन फौजदारी कानूनको उल्लंघनकर्ता विरुद्ध राज्यको तर्फबाट अनुसन्धान तथा अभियोजन गरिन्छ । नेपालको अन्तरिम संविधान, २०६३ ले यस्तो अभियोजनको अधिकार तथा जिम्मेवारी महान्यायाधिवक्तालाई प्रदान गरेको छ । त्यस्तै राज्यको काम कारबाहीका सन्दर्भमा उत्पन्न कानूनी समस्या वा द्विविधामा नेपाल सरकार र सरकारी निकायलाई कानूनी राय उपलब्ध गराउने महत्वपूर्ण जिम्मेवारी पनि महान्यायाधिवक्तालाई रहेको छ । यी जिम्मेवारीहरू महान्यायाधिवक्ता तथा मातहतका सरकारी वकीलहरूले सम्पादन गर्दछन् ।

फौजदारी न्याय प्रशासनको महत्वपूर्ण अंगको रूपमा रहेको महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरूमा कार्यरत सरकारी वकीलहरूको कार्यक्षमता र दक्षताले नै फौजदारी न्याय प्रशासनलाई सफल बनाउँछ । सरकार वादी हुने फौजदारी मुद्दाको अनुसन्धानमा अनुसन्धान अधिकारीलाई निर्देशन दिने, मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने तथा अभियोजन गर्ने, नेपाल सरकारको हक हित वा सरोकार निहित भएका मुद्दाहरूमा अदालत वा न्यायिक निकायमा उपस्थित भई बहस पैरवी गर्ने र नेपाल सरकार र सरकारका निकायहरूलाई कानूनी राय दिने जस्ता व्यावसायिक कार्यहरूको कुशल सम्पादनको लागि सरकारी वकीलहरूमा व्यावसायिक दक्षता र क्षमता अनिवार्य छ । सरकारी वकीलले आफ्नो कार्य प्रभावकारी रूपमा सम्पादन गर्न कार्यालय समयको अलावा अतिरिक्त समय र सार्वजनिक बिदाको दिनमा पनि मुद्दाको बहस पैरवी र प्रतिरक्षाको तयारीमा लाग्नुपर्ने हुन्छ । यो कुरालाई हृदयंगम गरी सरकारी वकीलको सेवालाई व्यावसायिक सेवाको रूपमा समयानुकूल विकास गर्न पर्याप्त ध्यान नपुग्दा सरकारी वकीलबाट अपेक्षित भूमिका र उनीहरूको व्यावसायिक दक्षता तथा कार्यसम्पादनका बीच ठूलो अन्तर रहन गएको छ ।

व्यावसायिकताको मापन व्यक्तिमा रहेको विशिष्ट ज्ञान, खास कार्यलाई कुशलतापूर्वक सम्पादन गर्ने क्षमता, कार्यसँग सम्बन्धित नैतिक मापदण्डहरूको पालना, कार्यात्मक स्वतन्त्रता जस्ता कुराहरूबाट गरिन्छ । सरकारी वकीलले आफूले गर्नुपर्ने व्यावसायिक कार्यका लागि न्याय प्रणाली र न्याय प्रशासन सम्बन्धी व्यवस्थाको अतिरिक्त सम्बन्धित बिषयको आधारभूत कानूनको सैद्धान्तिक र व्यावहारिक ज्ञान, विधिविज्ञान सम्बन्धी ज्ञान र फौजदारी कार्यविधिमा कार्यगत निपूर्णता आवश्यक पर्दछ । यसको अतिरिक्त विद्युतीय कारोबार, अन्तर्राष्ट्रिय ठेक्कापट्टा, सम्पत्ति शुद्धीकरण निवारण, संगठित अपराध, बैंकिङ कसूर जस्ता विषयमा विशिष्टीकृत ज्ञान सहितको दक्ष सरकारी वकीलको आवश्यकता पर्दछ । यसका साथै विज्ञान र प्रविधिको हाँकलाई संबोधन गर्नसक्ने गरी सरकारी वकीलको क्षमता विकास पनि

DO NOT COPY
Property of OAG

अहिलेको आवश्यकता हो । कानूनको क्षेत्रमा आएको विशिष्टीकरणले सरकारी वकीललाई पनि विषयगत विशिष्टीकरण अनुरूप काममा लगाउन आवश्यक देखिन्छ ।

विशिष्टीकृत जनशक्तिको निर्माण र प्रवर्धन छोटो समयमा संभव छैन । यसको लागि दीर्घकालीन योजना र पूर्वाधारको आवश्यकता पर्दछ । विगत केही वर्षदेखि सरकारी छात्रवृत्तिमा विदेशी विश्वविद्यालय एवं त्रिभुवन विश्वविद्यालय लगायतमा कानून विषयमा स्नातकोत्तर अध्ययन गर्न तलबी अध्ययन बिदा प्राप्त गरी तथा पूर्वाञ्चल विश्वविद्यालयमा आफ्नै पहलमा अध्ययन गर्न चाहने सरकारी वकीलहरूलाई अध्ययनको अनुमति दिने कार्यले कानूनका विविध विषयमा स्नातकोत्तर उपाधि हासिल गरेका सरकारी वकीलहरूको संख्या उल्लेख्य रूपमा बढेको छ । यद्यपि संविधान र कानूनले तोकेको जिम्मेवारी कुशलतापूर्वक बहन गर्न, फौजदारी न्याय प्रशासनको क्षेत्रमा आएको परिवर्तन र समाजले गरेको अपेक्षा अनुरूपको भूमिका प्रभावकारी रूपमा निर्वाह गर्न आवश्यक पर्ने जनशक्तिको योजनाबद्ध विकास हुन आबश्यक छ ।

सरकारी वकीलले सामना गर्नु परेका चुनौती र समस्याहरू मध्ये कतिपय समस्याहरू वाह्य वातावरणले सिर्जना गरेका छन् भने कतिपय संस्थागत संरचनाबाट सिर्जित छन् । त्यस्तै कतिपय समस्याहरू नीतिगत तथा कानून पद्धतिसँग सम्बन्धित छन् । संगठनमा विद्यमान रहेका समस्या र चुनौतीहरूलाई समयमै पहिचान गरी संबोधन हुन सकेमा यसले संगठनको विकासमा महत्वपूर्ण भूमिका खेल्दछ । महान्यायाधिवक्ताबाट प्रत्येक वर्ष पेश हुने वार्षिक प्रतिवेदनहरूमा संस्थागत रूपमा ठम्याएका चुनौतीहरूलाई प्रस्तुत गर्ने गरिएकोमा तिनलाई समयमै यथोचित रूपमा सम्बोधन हुन भने नसकेको यथार्थ हाम्रो सामु छ । महान्यायाधिवक्ताको कार्यालयबाट तर्जुमा गरिएको पञ्चवर्षीय रणनीतिक योजनामा समस्याहरूको पहिचान र सुधारका क्षेत्र तथा चालिनु पर्ने कार्यहरू समेत पहिचान गरिएको छ । उक्त योजना र वार्षिक प्रतिवेदनमा उल्लेखित समस्या तथा चुनौतीहरू सम्बद्ध सबैको सहयोग र सहकार्यबाट समयमै संबोधन हुने अपेक्षा सहित महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरूले सामना गर्नुपरेका समस्या तथा भविष्यमा गरिनु पर्ने सुधार सम्बन्धी सुझावहरूलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

१. महान्यायाधिवक्ताको काम, कर्तव्य तथा अधिकार सम्बन्धमा

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३५ मा महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था भएको र धारा १३५ को उपधारा (४) मा यस धारामा लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त महान्यायाधिवक्ताको अन्य काम, कर्तव्य र अधिकार संविधान र अन्य कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ भन्ने उल्लेख रहेको छ । महान्यायाधिवक्ताको कार्यालयबाट पनि बिगतदेखि नै वार्षिक प्रतिवेदनहरूमा सो कुरा हालसम्म त्यस सम्बन्धी छुट्टै ऐन निर्माणको व्यवस्था हुन सुझाव प्रस्तुत गरिए पनि सो कानून निर्माण हुन सकेको छैन । नेपालको अन्तरिम संविधानको धारा १३५ मा व्यवस्था भए बाहेकका महान्यायाधिवक्ताका अन्य काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्थाहरू विभिन्न कानूनहरूमा छरिएर रहेकोले महान्यायाधिवक्ताको कार्यसम्पादनमा सरलता र सहजता ल्याउन महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार सम्बन्धी छुट्टै ऐन निर्माण गर्नु आवश्यक देखिन्छ ।

२. सरकारी वकीलको सेवा शर्त सम्बन्धी कानून तर्जुमा सम्बन्धमा

सरकारी वकीलहरूले सम्पादन गर्नुपर्ने कार्य व्यावसायिक, विशिष्ट र भिन्न प्रकृतिको भएकोमा विवाद छैन । सरकारी वकीलको कार्यको प्रभावकारिताका लागि सो कार्यलाई राज्यको तर्फबाट व्यावसायिक मान्यता दिई सोही अनुरूप व्यवहार गरिनु आवश्यक छ । यसो हुन सकेमा सरकारी वकील समूहमा कार्यरत जनशक्तिको मनोबल उच्च हुने, कार्यमा प्रभावकारिता आउने र अवसरको लागि अन्य संस्थामा पलायन हुने प्रवृत्तिलाई निरुत्साहित गर्न सकिन्छ । यसर्थ सरकारी वकीलहरूको व्यावसायिकतालाई स्थापित गर्न सरकारी वकीलको सेवा, शर्त र सुविधाको व्यवस्था छुट्टै कानूनबाट हुनु आवश्यक छ । महान्यायाधिवक्ताको कार्यालयबाट सरकारी वकीलको सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न छुट्टै ऐनको आवश्यकता महसुस गरी त्यसको प्रारम्भिक मसौदा समेत तयार गरिएको छ

DO NOT COPY Property of OAG

। त्यसमा आवश्यक र सामयिक परिमार्जन गरी व्यवस्थापिका संसदबाट पारित गरी लागू गरिनु आवश्यक छ ।

३. भौतिक स्रोत साधन तथा सवारी साधन सम्बन्धमा

प्रभावकारी कार्य सम्पादनको लागि समयानुकूल आधारभूत भौतिक स्रोत र साधन उपलब्ध हुनु आवश्यक छ । महान्यायाधिवक्ताको कार्यालय र मातहतका कतिपय पुनरावेदन तथा जिल्ला सरकारी वकील कार्यालयहरूका लागि आवश्यक भवन निर्माण गर्ने एवं पुराना भवनहरूको पुनर्निर्माणको कार्य निरन्तर चलिरहेको छ । उपलब्ध भौतिक स्रोतहरू परिवर्तित सन्दर्भमा तथा जनशक्ति र कार्यबोझको कारण अपर्याप्त हुने हुनाले समयानुकूल कार्यालय भवनको पुनर्निर्माणको कार्यले निरन्तरता पाउनु पर्छ । त्यस्तै जिल्ला सरकारी वकील कार्यालयहरूमा कार्यरत जिल्ला न्यायाधिवक्ताहरूको लागि अन्य सरकारी कार्यालयहरू सरह भौतिक साधन तथा अन्य स्रोतहरू उपलब्ध गराउने तथा कार्यालय र आवासका लागि भवन निर्माण गर्ने हालको प्रक्रियाको निरन्तरताका लागि आवश्यक वजेट विनियोजन गरिने कार्यले निरन्तरता पाउनु पर्दछ ।

४. प्रोत्साहन तथा व्यावसायिक भत्ता सम्बन्धमा

निजी कानून व्यवसायमा आएको व्यावसायिकता र त्यस्ता व्यावसायिक कानून व्यवसायीहरूसँग सरकारको हक हित सरोकार निहित मुद्दामा बहस पैरवी गर्नुपर्ने सरकारी वकीलहरूको व्यावसायिकताको कदर गर्न तथा मनोबल उच्च राख्नका लागि सरकारी वकीलहरूलाई प्रोत्साहन तथा व्यावसायिक भत्ता उपलब्ध गराउनु आवश्यक छ । सरकारी वकीलहरूले सुनुवाइको लागि पेश हुने मुद्दाहरूमा अदालतमा तोकिएको समयमा उपस्थित भई बहस पैरवी एवं प्रतिरक्षा गर्नु पर्ने र अनुसन्धान तहकिकात गर्ने निकायले अनुसन्धान तहकिकात पश्चात मुद्दा चलाउने नचलाउने निर्णयका लागि सरकारी वकील समक्ष पेश गर्ने मुद्दाहरू हदम्याद भित्र निर्णय गरी अभियोगपत्र तयार गरी सम्बन्धित अदालत वा मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नुपर्ने भएकोले नियमित कार्यालय समय बाहेक अतिरिक्त समयमा समेत मुद्दामा बहस पैरवीको तयारी र मुद्दा सम्बन्धी कार्य गर्नु पर्ने हुन्छ । कार्यालय समयको अतिरिक्त समयमा समेत कार्य गर्नु पर्ने सरकारी वकीलहरू तथा सरकारी वकीलको कार्यसम्पादनमा सहयोग पुऱ्याउने अन्य सहयोगी कर्मचारीलाई उपलब्ध गराउँदै आएको कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्तालाई सबै तहका सरकारी वकील र सहयोगी कर्मचारीहरूको मनोबल उच्च हुने गरी निश्चित मापदण्डका आधारमा नियमित रूपमा उपलब्ध गराउने व्यवस्था गरिनु पर्दछ । यसबाट सरकारी वकीलले सम्पादन गर्ने कार्य एवं बहस पैरवी र प्रतिरक्षामा प्रभावकारिता आउने देखिन्छ ।

५. एकीकृत फौजदारी कानून तथा फौजदारी कार्यविधि संहिताको निर्माण सम्बन्धमा

विज्ञान र प्रविधिको विकासको कारण अपराधको स्वरूप, प्रकृति, अपराधीले अपराध गर्न प्रयोग गर्ने प्रविधि र साधनमा आएको परिवर्तनको कारण सरकारी वकीलको कार्यमा देखा परेका चुनौतिको सामना गर्न वर्तमान मुलुकी ऐनको व्यवस्थाबाट मात्र संभव छैन । यसको लागि तत्कालीन व्यवस्थापिका-संसदमा विचाराधीन रहेका अपराध संहिता, २०६७, फौजदारी कार्यविधि संहिता, २०६७ समेतका विधेयकलाई आवश्यक परिमार्जन गरी जारी गर्नु आवश्यक छ । साथै यी कानून जारी भए पछि कार्यान्वयनका लागि सरकारी वकील कार्यालयहरूमा दक्ष जनशक्तिको आवश्यकता पर्ने हुँदा त्यस्तो जनशक्तिको लागि समेत योजनाबद्ध ढङ्गले अघि बढ्नु पर्ने देखिन्छ ।

६. हदम्याद सम्बन्धी छुट्टै कानून सम्बन्धमा

हालसम्म हदम्याद सम्बन्धी छुट्टै र एकीकृत कानूनी व्यवस्था छैन । हदम्याद सम्बन्धी व्यवस्था विभिन्न कानूनमा छरिएर रहेकोले सरकार वादी मुद्दा दायर गर्ने हदम्याद सम्बन्धमा द्विविधा र अन्यौल उत्पन्न भई कार्यसम्पादनमा कठिनाई उत्पन्न भएको छ । उक्त विषयको गम्भीरतालाई विचार गरी नेपाल कानून आयोगले छुट्टै हदम्याद सम्बन्धी कानूनको मसौदा तयार गरी विभिन्न चरणमा छलफल समेत गराएको भए पनि हालसम्म उक्त मसौदा व्यवस्थापिका-संसदबाट पारित भई लागू हुन सकेको छैन । हदम्याद सम्बन्धी विधेयकलाई समयानुकूल परिमार्जन गरी पारित गर्ने तथा लागू गराउने तर्फ ध्यान जानु जरुरी छ ।

DO NOT COPY
Property of OAG

७. विद्यमान कानूनमा सुधार

राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण ऐन, २०२९ अन्तर्गतको मुद्दामा कसुर ठहर भएमा पाँच वर्ष देखि पन्ध्र वर्षसम्म कैद हुन सक्ने कानूनी ब्यवस्था छ । यस्ता मुद्दामा मुद्दा हेर्ने अधिकार राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण कार्यालयका प्रमुख संरक्षण अधिकृतलाई रहेको छ भने त्यस्ता मुद्दामा अनुसन्धान गर्ने अधिकार पनि सोही कार्यालयका राजपत्रअनंकित प्रथम श्रेणी वा सो सरहको कर्मचारीलाई रहेको छ । सोही अनुसन्धान अधिकारीले नै सम्बन्धित सरकारी वकीलको निर्णय अनुसार अभियोगपत्र दायर गर्दछ । ब्यक्तिको स्वतन्त्रता अपहरण हुने यस्ता गंभीर प्रकृतिका मुद्दाको अनुसन्धानको क्रममा शंकितको मानव अधिकार र स्वच्छ सुनुवाइको सिद्धान्तको सम्मान हुनु आवश्यक हुन्छ । यस्ता मुद्दाको अनुसन्धान, अभियोजन तथा निर्णय गर्ने अधिकार एउटै निकाय अन्तर्गत रहने ब्यवस्थाले गर्दा कतिपय अवस्थामा ब्यक्तिको स्वच्छ सुनुवाइको अधिकारको सम्मान हुन नसक्ने भन्ने प्रश्न उठने गरेको पाइन्छ । तसर्थ यस्ता गम्भीर प्रकृतिका फौजदारी मुद्दा हेर्ने अधिकार सामान्य अदालतको दायरा भित्र ल्याउनु उपयुक्त देखिन्छ । साथै, हालसम्म पनि उक्त कानूनमा अनुसन्धानका समयमा शंकित व्यक्तिलाई हिरासतमा राख्नका लागि अनुमति माग्ने सम्बन्धमा व्यवस्था नरहेकोले तत्काल उक्त ऐनमा संशोधन गरी त्यस सम्बन्धी व्यवस्था थप गर्नु आवश्यक छ ।

८. साक्षी तथा अपराध पीडितको सुरक्षा र संरक्षण

फौजदारी न्याय प्रशासनलाई प्रभावकारी बनाउन अनुसन्धान र अभियोजनको कार्यदेखि न्यायसम्पादन तथा फैसला कार्यान्वयनको चरणसम्म अपराध पीडितको सहयोग र सहभागिता अपरिहार्य छ । अपराध पीडितलाई न्यायको अनुभूति गराउन उनीहरूको सुरक्षा, पुनर्स्थापना तथा क्षतिपूर्तिको उचित व्यवस्था र सम्बन्धित मुद्दाको अनुसन्धान अभियोजन र सुनुवाइको प्रक्रियामा सहभागी हुन पाउने र सो सम्बन्धी कारबाहीको जानकारी पाउने व्यवस्था गरिनु पर्दछ । यसो हुन सकेमा मात्र पीडितलाई फौजदारी न्याय पद्धतिमा विश्वास दिलाउन र न्याय प्राप्त गराउन संभव हुन्छ । यसका लागि पीडित साक्षी संरक्षण सम्बन्धी कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्नु अपरिहार्य भई सकेको छ । सरकार वादी हुने मुद्दाका साक्षीलाई अदालतले खोजेका बखत उपस्थित गराउने, पीडित र साक्षीको सुरक्षा र साक्षी र पीडितको संरक्षण सम्बन्धी विषयमा पर्याप्त ध्यान नपुग्दा फौजदारी न्याय प्रशासन प्रभावकारी हुन सकेको छैन । यो समस्याको समाधानको लागि साक्षी संरक्षण तथा पीडित सहयोग सम्बन्धी छुट्टै ऐन निर्माण गरी कार्यान्वयनमा ल्याउन आवश्यक छ ।

९. समयमै साक्षी उपस्थित गराउने र बकपत्र सम्बन्धमा

सरकार वादी फौजदारी मुद्दाका प्रत्यक्षदर्शी तथा सो घटनाबाट पीडित एवं अन्य साक्षीहरूको अदालतमा उपस्थिति र बकपत्रबाट अभियोग स्थापित गर्न संभव छ । लामो समयसम्म साक्षी र पीडितको बकपत्र हुन नसक्दा पीडित र साक्षीले आफूले देखे जानेका कुराहरू बिर्सन सक्ने, अपराधीप्रति क्षमाशील भावनाको विकास भई सत्य-तथ्य बकपत्र गर्न जागरुक नहुने तथा साक्षीहरू पछि फेला पार्न नसकिने र सामाजिक, आर्थिक र मनोवैज्ञानिक कारणबाट प्रतिकूल बकपत्र गर्ने जस्ता कारणले मुद्दामा प्रतिकूल असर पर्दछ । तसर्थ गम्भीर प्रकृतिका फौजदारी मुद्दामा बकपत्रका लागि पछि साक्षी गवाह उपस्थित हुन नसक्ने वा उपस्थित गराउन असहज हुने हुँदा महत्वपूर्ण देखिएका जाहेरवाला, पीडित लगायतका अन्य सरकारी साक्षीलाई अभियोगपत्र दायर गर्दाकै अवस्थामा अदालतमा बकपत्र गर्न उपस्थित गराउन सकिने र अभियोजन पक्षबाट सो कारण दर्शाई उपस्थित गराइएका साक्षीलाई तत्कालै बुझ्ने कानूनी व्यवस्था गरिनु पर्छ । सरकारी साक्षीहरूलाई तत्काल बुझ्ने सम्बन्धमा हाल सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५ को नियम १५ को उपनियम (१) मा भएको व्यवस्था प्रभावकारी नभएको र सो व्यवस्था अपर्याप्त रहेकाले यसको लागि कार्यविधि कानूनमा संशोधन गरी लागू गर्न आवश्यक छ ।

१०. संस्थागत विकास एवं मानव संसाधन विकास योजना सम्बन्धमा

संगठनले सम्पादन गर्नुपर्ने कार्यलाई प्रभावकारी रूपमा सम्पादन गर्न आवश्यक जनशक्तिको उचित समय र स्थानमा कसरी प्राप्त गर्ने र कसरी क्षमता एवं रुची अनुसारको जिम्मेवारी तोक्ने भन्ने व्यवस्थित योजना तयार गरी त्यसको प्रभावकारी कार्यान्वन हुन सकेमा मात्र वाञ्छित उपलब्धि

DO NOT COPY Property of OAG

हाँसिल हुन सक्छ । महान्यायाधिवक्ताको कार्यालयको संस्थागत विकासका लागि तर्जुमा गरिएको पञ्चवर्षीय रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनका लागि प्रक्षेपण गरिए अनुरूपको स्रोतसाधन र बजेट नियमित रूपमा विनियोजन भएमा भएमा मात्र व्यवस्थित रूपमा संस्थागत सुधार गर्न सकिने हुन्छ । यो रणनीतिक योजनाको कार्यान्वयन गर्न कार्ययोजना समेत तर्जुमा भई सकेको सन्दर्भमा त्यसमा आधारित रहेर नेपाल सरकारले स्रोत उपलब्ध गराई फौजदारी न्याय प्रणालीको महत्वपूर्ण संस्थाको रूपमा रहेको महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयहरूको संस्थागत विकासमा ध्यान दिनु जरुरी छ ।

११. व्यावसायिक दक्षता अभिवृद्धि सम्बन्धमा

सरकारी वकीलहरूलाई न्याय र कानूनको क्षेत्रमा विकसित नवीन मान्यताहरूसँग परिचित गराउन निश्चित मापदण्डको आधारमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा सञ्चालन हुने तालिम, गोष्ठी, सेमिनार, अध्ययन तथा अवलोकन भ्रमणमा सहभागी हुन पाउने थप अवसर उपलब्ध गराउनु पर्दछ । साथै त्यस्ता विषयमा उच्च अध्ययनको लागि प्राप्त छात्रवृत्तिमा अध्ययन गर्न पठाउने व्यवस्था समेत हुनु आवश्यक छ । यसको लागि सरकारी वकीलहरूको व्यावसायिक क्षमता अभिवृद्धिको विषय राष्ट्रिय योजनामा समावेश गरिनु पर्दछ । संगठित अपराध, विद्युतीय कारोबार सम्बन्धी अपराध, सम्पति शुद्धीकरण अपराध जस्ता आर्थिक एवं सीमा विहीन अपराध नियन्त्रणका क्रममा सरकारी वकीलको क्षमता विकास आवश्यक छ । विश्वका अन्य मुलुकले अपनाएको अनुसन्धान र अभियोजनका पद्धतिको जानकारी बिना यस्ता अपराधको अनुसन्धान र अभियोजनको हाँकलाई संबोधन गर्न नसकिने हुन्छ । यसैले नेपाल सरकारले यस बिषयलाई प्राथमिकता दिई सो अनुरूप वैदेशिक अनुभव हाँसिल गर्न लाग्ने बजेट विनियोजन गर्नु पर्छ । साथै द्वन्द्व पश्चात्को अवस्थामा रहेको हाम्रो देशमा संक्रमणकालीन न्याय संयन्त्रको निर्माण गरी द्वन्द्वको समयका घटना र मानवअधिकार उल्लंघनका गम्भीर घटनाको छानबिन, सत्य अन्वेषण, अभियोजन लगायतका कार्यमा पनि सरकारी वकीलको दक्षता र ज्ञान आवश्यक पर्ने नै हुन्छ । यसका लागि पनि सरकारी वकीलको दक्षता अभिवृद्धिमा जोड दिनुका साथै सरकारी वकील स्वयं पनि जागरुक र क्रियाशील हुन जरुरी छ।

१२. अनुसन्धान तथा अभियोजन कार्यको स्तर वृद्धि

